विश्वासीहरूका निम्ति लेखिएको
पवित्र बाइबलको टिप्पणी

# दोस्रो कोरिन्थीको पुस्तकको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:
**Believer's Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:
**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2015 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:

जीवन मार्ग प्रकाशन
पी.ओ. बोक्स नं. २३
पी.ओ. कालिम्पोङ्ग - ७३४३०१
दार्जीलिङ्ग, पश्चिम बंगाल
भारत

Printed at:

# कोरिन्थीहरूलाई लेखिएको प्रेरित पावलको दोस्रो पत्र

## भूमिका

*'मेरो विचारमा, सम्पूर्ण पवित्र धर्मशास्त्र बाइबलका अन्य पुस्तक-हरूको तुलनामा कोरिन्थीहरूलाई लेखिएको पावलको दोस्रो पत्रमा तिनले त्यसमा प्रस्तुत गरेको प्रकाश अद्वितीय, सुस्पष्ट छ।'*

*श्री साड्लर*

### १) कानुनमा त्यसको अद्वितीय स्थान

कोरिन्थीहरूलाई लेखिएको पावलको पहिलो पत्रबाट प्रशस्त मात्राले अध्ययन र प्रचार गरिन्छ; तर प्रचारकहरूले प्रायः कोरन्थीहरूलाई लेखिएको पावलको दोस्रो पत्र बेवास्ता गरेका हुन्छन्। तर यो पत्र धेरै महत्त्वपूर्ण पत्र हो। हुन सक्छ, यस पत्रको व्यङ्ग्यात्मक शैली यसको बेवास्ता गर्ने मुख्य कारण भयो होला, जुन प्रकारको शैलीचाहिँ अनुवाद गर्न गाह्रो पर्छ; यस कुरामा शङ्का नहोला। अङ्ग्रेजी के.जे.वी. र एन.के.जे.वी.-बाइबलहरूमा *इटालिक* टाइपमा लेखिएका धेरै शहब्दहरू थपिएका स्पष्ट देखिन्छ; यसबाट के बुझिन्छ भने, पावलको यो भावुक पत्र अरू कुनै भाषामा बुझ्ने गरी अनुवाद गर्नु हो भने, यी थप शब्दहरूको सहारा लिनुपरेको छ।

यो पत्र बुझ्न कठिन छ; किनभने यसका धेरै पदहरूको अर्थ के हो, सो बुझ्न गाह्रो पर्छ, कहिलेकाहीं असम्भव भएको देखिन्छ। यसका निम्ति निम्न तीनवटा स्पस्टीकरणहरू दिइएका छन्ः

**क)** पावलले यस पत्रमा धेरै मात्रामा व्यङ्ग्य प्रयोग गरेका छन्; तर कुनै-कुनै ठाउँमा व्यङ्ग्य हो कि होइन, सो कुरा निश्चित जान्न सकिँदैन।

**ख)** यस पत्रका कतिवटा खण्डहरू अझै राम्रोसँग बुझ्न हामीलाई बढ़ी जानकारी चाहिन्छ, जस्तैः पावलका यात्राहरूको विस्तृत विवरण, तिनका सहकर्मीहरूले गरेका यात्राहरूको विवरण र तिनले लेखेका अन्य पत्रहरूको विवरण आदि।

**ग)** यो पत्र एकदम व्यक्तिगत हो; अनि यस पत्रमा प्रयोग गरिएका शब्दहरू हृदयको भाषामा लेखिएका हुन्; अनि कतिपल्ट हृदयको आवेगले लेखिएका शब्दहरू पछिबाट बुझ्न कठिन हुन्छन्।

तर तपाईं निराश नहुनुहोला; किनकि यी समस्याहरू पार गर्न सकिन्छ। अनि धन्न, यस पत्रका आधारभूत तथ्यहरू बुझ्नुमा यी समस्याहरू केही सरोकार गर्दैनन्; किनकि यसरी केवल कुनै सानोतिनो बेहोरा बुझ्न सकिँदैन होला।

अन्तमा हामी यो पनि भनौंः कोरिन्थीहरूलाई लेखिएको पावलको दोस्रो पत्र खूबै प्रिय मानिएको पत्र हो, जसका खण्डहरूबाट धेरैभन्दा धेरै उद्धृत गरिन्छ। हामी यस पत्रको अध्ययन गरिसकेपछि तपाईंले यो पत्र किन अति प्रिय मानिन्छ र किन धेरै पल्ट यसबाट उद्धृत गरिन्छ, सो स्पष्टसँग बुझ्नुहुनेछ।

## २) त्यस पत्रको लेखकको विषयमा पाइने जानकारी

कोरिन्थीहरूलाई लेखिएको पावलको यो दोस्रो पत्र तिनको रचना होइन भन्ने कुरा गर्ने मानिस अहिलेसम्म कोही पनि निस्केको छैन। कतिजनाको विचारमा, यसमा कताकतै पछिबाट हालिएका थपनीहरू छन्

अरे। तर यो तिनीहरूको परिकल्पनाको फल हो; त्यसको निम्ति खास प्रमाण केही पनि छैन। किनभने यस पत्रको सुस्पष्ट एकता छँदैछ, अनि पावलको आदतअनुसार यसमा क्रमभङ्ग भएका कुराहरू छँदैछन्।

*बाहिरी प्रमाणहरू:* कोरिन्थीहरूलाई लेखिएको यो दोस्रो पत्रका बाहिरी प्रमाणहरू बलिया छन्; कोरिन्थीहरूलाई लेखिएको पहिलो पत्रका प्रमाणहरू यसका भन्दा पुराना छन्। अचम्म, रोमको क्लेमेन्टले यस पत्रबाट उद्धृत गरेको प्रमाण पाइँदैन। तर पोलिकार्प (इस्वी संवत् ६९-१५५), इरेनेयस (इस्वी संवत् १३०-२०२), अलेक्जान्द्रियाको क्लेमेन्ट (इस्वी संवत् १५०-२१५) र टेर्टुलियान (इस्वी संवत् १५५-२२०) र इस्वी संवत् २१०-२५८ सालमा जिएका कर्तागेका बिशप साइप्रियानले पनि यस पत्रबाट उद्धृत गरे। अँ, मार्सियोनले आफूले स्वीकार गरेका पावलका दसवटा पत्रहरूमा यो पत्र आफ्नो कानुनमा तेस्रो स्थानमा राखे भने, मुराटोरी कानुनमा पनि यो पत्र पावलको सक्कली पत्रको रूपमा समावेश गरिएको छ। अनि इस्वी संवत् १७५ सालदेखि यता कोरिन्थीहरूलाई लेखिएको पावलको दोस्रो पत्रका निम्ति प्रशस्त प्रमाणहरू उपलब्ध छन्।

*भित्री प्रमाणहरू:* यो पत्र पावलको रचना हो भन्ने कुरा प्रमाणित गर्ने कुराहरू अत्यधिक छन्। फिलेमोनलाई लेखिएको पावलको पत्र सबैभन्दा व्यक्तिगत मानिन्छ, अनि यस सम्बन्धमा कोरिन्थीहरूलाई लेखिएको तिनको दोस्रो पत्र दोस्रो स्थानमा आउँछ, जुन पत्रमा शिक्षाको खण्ड पनि सानो छ। प्रेरित पावलको व्यक्तिगत जीवनसित सम्बन्धित ससाना सङ्केतहरू र तिनको स्वभावका विशेषताहरू यस पत्रमा पाइन्छन्, साथै कोरिन्थीहरूलाई लेखिएको पहिलो पत्र, गलातीहरूलाई लेखिएको पत्र र रोमीहरूलाई लेखिएको पत्रसित, साथै प्रेरितको पुस्तकसित यस पत्रको सम्बन्ध नजिकै भएको देखिन्छ। यी विभिन्न प्रमाणहरूले पावल नै यस पत्रको लेखक हुनुपर्छ भन्ने परम्पराको राय पुष्टि गरेका छन्। कोरिन्थीहरूलाई लेखिएको पावलको पहिलो पत्रले सबैबाट मान्यता पाएको छ; यसैले यही मन्यताअनुसार कोरिन्थीहरूलाई लेखिएको दोस्रो पत्र पनि त्यही लेखकको मूल-रचना, अँ, त्यही एकै स्थानीय मण्डलीलाई लेखिएको पत्र ठहरिन्छ। यसका सुनिश्चित प्रमाणहरूको माग यही हो।

## ३) त्यस पत्रको लेख्ने मिति

पहिलो कोरिन्थीको पत्र लेखिएको एक वर्षभित्र यो दोस्रो पत्र म्यासिडोनियामा लेखिएको हुनुपर्ला, अर्थात् इस्वी संवत् ५७ सालमा। अरूले इस्वी संवत् पच्पन्न वा छपन्न सालको हो भन्छन्। अनि श्री एडोल्फ वोन हार्नकले इस्वी संवत् ५३ सालको हो भन्छन्। शुरुका कति अनुवाद-हरूको शीर्षकमा लेखिएको कुरा पत्याउनु हो भने, यो पत्र फिलिप्पीमा लेखिएको थियो।

## ४) सन्दर्भ र विषयवस्तु

कोरिन्थीहरूलाई लेखिएको पावलको दोस्रो पत्र हामीलाई किन यति प्रिय भएको छ? यो पत्र धेरै व्यक्तिगत पत्र हो; हामीले प्रिय मानेको मुख्य कारण यही हो। पावलको हृदयभित्र के-के थियो, सो कुरा तिनका अरू पत्रहरूबाट भन्दा बढ़ी यस पत्रबाट थाहा लाग्छ। प्रभुको कामका निम्ति तिनको जोश र उमङ्ग कत्रो थियो, सो कुरा यस पत्रमा चाम्न सकिन्छ। तिनको जीवनमा परमेश्वरको सर्वोच्च बोलावटको प्रताप कति महान् रहेछ, सो कुरा महसुस गरिन्छ। तिनले सहेका दुःखकष्टहरूको सूची पढ्दाखेरि हामी अवाक् भएर छक्क पर्दछौं। आफ्ना छिद्रान्वेसीहरूलाई जवाफ दिँदा तिनको तातो रिसको ताप नाप्न सकिन्छ। हामी छोटकारीमा भनौं: यस पत्रमा पावलले हामीलाई तिनको मनको हरेक गुप्त कुरा जान्न दिएका जस्तो लाग्छ।

कोरिन्थमा पावलको पहिलो भ्रमणको बयान हामी प्रेरितको पुस्तकको अठार अध्यायमा पढ्न पाउँछौं। एथेन्समा तिनले अरेसको डाँड़ामा स्मर्णीय भाषण दिएपछि त्यो पहिलो भ्रमण तिनको दोस्रो सुसमाचार-धावा हुँदा भएको थियो।

कोरिन्थमा पावलले केही समयसम्म अक्विला र प्रिस्किल्लासँग मिलेर तम्बू बनाउने काम गरे, अनि यहूदीहरूको सभाघरमा सुसमाचार प्रचार गरे। त्यसपछि म्यासिडोनियाबाट सिलास र तिमोथी तिनीकहाँ

आए, र यिनीहरूले तिनलाई सुसमाचारको काममा साथ दिए; पावल कम्तीमा डेढ़ वर्षसम्म त्यहाँ रहिरहे (प्रेरित १८:११)।

यहूदीहरूले प्रायः सुसमाचार इन्कार गरे; यसकारण पावल अन्य-जातिका मानिसहरूलाई सुसमाचार प्रचार गर्नेतिर लागे। यहूदी र अन्यजातिका मानिसहरूका आत्माहरू बाँचेका देखेर यहूदी धर्मनेता-हरू डाहाले भरिए, र तिनीहरूले प्रेरित पावललाई लगेर अखैयाको अञ्चलाधीश गाल्लियोको सामु पेश गरे। तर तिनीहरूले तिनको विरोधमा अदालतमा चलाउन खोजेको मुद्दाको दर्ता भएन।

त्यो मुद्दा छिनेपछि पावल कोरिन्थमा धेरै समय बसे; त्यसपछि तिनी केंख्रेयाबाट भएर एफेससमा पुगे, अनि त्यहाँबाट तिनले लामो यात्रा गरे, अर्थात् सिजरियासम्म समुद्र-यात्रा गरेर तिनी सिरियाको एन्टिओकमा फर्के।

पावलको तेस्रो सुसमाचार-धावामा तिनी एफेससमा फर्के र त्यहाँ दुई वर्ष बसे। अनि यस अवधिमा कोरिन्थबाट त्यसको मण्डलीको प्रतिनिधि-टोलीले तिनलाई एफेससमा भेट्यो, जुन टोलीका भाइहरूले धेरै भिन्न विषयहरूमा पावलको सल्लाह पाउन खोजे। अनि यी सल्लाह मागिएका विषयहरूको उत्तर दिने सिलसिलामा कोरिन्थीहरूलाई तिनको पहिलो पत्र लेखियो।

पछिबाट कोरिन्थका विश्वासीहरूले तिनको पहिलो पत्र पढ़ेर केकस्तो प्रतिक्रिया जनाए होलान्, र विशेष गरी पाप गर्ने भाइको अनुशासन गर्ने विषयमा लेखिएको खण्ड कसरी लिए होलान्, सो विषयमा प्रेरित पावललाई पूरा खुलदुली लागेको थियो। यसकारण तीतसलाई भेट्ने विचारले तिनी एफेससबाट हिँड़े र त्रोआसमा आए। तर तिनले तीतसलाई त्यहाँ भेट्न सकेनन्। यसकारण समुद्र पार गरेर तिनी म्यासिडोनियामा आए; अनि त्यहाँ तीतससँग तिनको भेट भयो, जसले तिनीकहाँ ताजा खबरहरू ल्याए – असल र खराब खबरहरू।

कोरिन्थका पवित्र जनहरूले त्यस पाप गर्ने भाइलाई अनुशासनमा राखे; अनि प्रभुलाई धन्यवाद होस्, यस अनुशासन-कार्यले त्यस भाइको

जीवनमा सुधार ल्यायो। तीतसले कोरिन्थबाट ल्याएको असल खबर यो थियो।

तर यी ख्रीष्ट-विश्वासीहरूले आफ्नो इच्छाअनुसार यरूशलेमका गरिब पवित्र जनहरूका निम्ति पठाउन चाहेको रकमको पठाउने कुरा परै जाओस्, त्यो रकम त सङ्कलन गरेका थिएनन्। यो खबर त्यति राम्रो थिएन।

अन्तमा तीतसले यी झूटा शिक्षकहरूको कुरा गरे, जो कोरिन्थमा सक्रिय थिए। तिनीहरूले प्रेरित पावलको काम बिगार्न खोजे र तिनले ख्रीष्टको सेवकको योग्य अधिकार कहाँबाट पाए भन्ने विषयमा शङ्काहरू उठाए र फैलाए। त्यो खराब खबर थियो।

यस्ता परिस्थितिहरूमा कोरिन्थीहरूलाई यो दोस्रो पत्र लेख्न तिनलाई दरकार पर्‍यो। तिनले यो दोस्रो पत्र म्यासिडोनियाबाट लेखेर पठाए।

कोरिन्थीहरूलाई लेखिएको पहिलो पत्रमा पावल एक शिक्षकको रूपमा देखा परे भने, आफ्नो दोस्रो पत्रमा तिनले पास्टरको भूमिका निर्वाह गर्छन्। ध्यानसित यस पत्रमा पढ्दै जानुहोस्, र तपाईंले परमेश्वरका जनहरूलाई साँचो प्रेमले प्रेम गर्ने एकजना मानिसको हृदयगति चाम्न पाउनुहुनेछ, जसले उनीहरूको भलाइका निम्ति आफूलाई अर्पण गरे।

यसकारण आउनुहोस्, हामी अघि बढौं, र महान् अपूर्व अनुभवमा पसिजाऔं ! किनभने यहाँ हामी विस्मयकारी विचारहरू र पवित्र जलन-युक्त शब्दहरू पढ्न पाउनेछौं। आउनुहोस्, परमेश्वरको पवित्र आत्माको प्रकाश पाउन हामी पहिले प्रार्थना गरौं !

## रूपरेखाः

### खण्ड १) २ कोरिन्थी १ः-७ः अध्यायः पावलको सेवकाइको विवरण

**क) २ कोरिन्थी १ः१-२ः** अभिवादन

**ख) २ कोरिन्थी १ः३-११ः** सङ्कष्टमा तिनको सान्त्वना दिने सेवकाइ

**ग) २ कोरिन्थी १ः१२-२ः१७ः** पावलले आफ्नो योजना किन बदले, सो सम्बन्धमा आफ्नो स्पष्टीकरण दिन्छन् ।

**घ) २ कोरिन्थी ३ः१-५ः** सेवकाइको निम्ति पावलको सिफारिस-पत्र के हो ?

**ङ) २ कोरिन्थी ३ः६-१८ः** पुरानो नियम र नयाँ नियमको बीचको तुलना

**च) २ कोरिन्थी ४ः१-६ः** सुसमाचार स्पष्टसँग प्रचार गर्नुपर्ने तिनको कर्तव्य थियो ।

**छ) २ कोरिन्थी ४ः७-१८ः** पावल माटोको भाँड़ा थिए, जसको स्वर्गीय भाग्य सुनिश्चित थियो ।

**ज) २ कोरिन्थी ५ः१-१०ः** एक दिन ख्रीष्टको न्यायआसनको सामु उभेर हामीले लेखा दिनुपर्छ भन्ने विचारले प्रेरित भएको जीवन जिउनुपर्छ ।

**झ) २ कोरिन्थी ५ः११-६ः२ः** सेवकाइको सम्बन्धमा पावलको सुविवेक थियो ।

**ञ) २ कोरिन्थी ६ः३-१०ः** सेवकाइमा पावलको व्यवहार कस्तो थियो ?

**ट) २ कोरिन्थी ६ः११-१३ः** खुला हृदय र प्रेमको व्यवहारका निम्ति पावलको आह्वान ।

ठ) **२ कोरिन्थी ६:१४-७:१:** बाइबलीय पृथक्करणको निम्ति पावलको आह्वान।

ड) **२ कोरिन्थी ७:२-१६:** कोरिन्थबाट असल खबर सुन्न पाएकोमा धन्यवाद! त्यसमा पावल हर्षित थिए।

## खण्ड २) २ कोरिन्थी ८:-९: अध्यायः यरूशलेमका पवित्र जनहरूका निम्ति अर्थ सङ्ग्रहको काम पूरा गर्ने पावलको अर्ती

क) **२ कोरिन्थी ८:१-९:** उदारचित्तले दिनेहरूका असल उदाहरणहरू

ख) **२ कोरिन्थी ८:१०-११:** अर्थ सङ्ग्रहको काम पूरा गर्ने सम्बन्धमा दिइएको पावलको असल सल्लाह।

ग) **२ कोरिन्थी ८:१२-१५:** उदारचित्तले दिने मानिसका निम्ति तीनवटा असल नियमहरू यस प्रकारका छन्।

घ) **२ कोरिन्थी ८:१६-२४:** अर्थ सङ्ग्रहको काम तयार गर्ने तीनजना सुयोग्य भाइहरूको सिफारिस गरिन्छ।

ङ) **२ कोरिन्थी ९:१-५:** पावलले कोरिन्थीहरूको विषयमा गर्व गर्थे; अब उनीहरूले यसको पक्का प्रमाण दिनुपरेको थियो। यस सम्बन्धमा तिनको आह्वान।

च) **२ कोरिन्थी ९:६-१५:** उदारचित्तले दिने मानिसका उत्तम इनामहरू के-के हुन्?

## खण्ड ३) २ कोरिन्थी १०:-१३: अध्यायः पावलले आफ्नो प्रेरितिक सेवकाइको प्रतिरक्षा गर्छन्।

क) **२ कोरिन्थी १०:१-१२:** पावलले आफ्ना दोष लाउनेहरूलाई दिएको जवाफ यस प्रकारको छ।

**ख) २ कोरिन्थी १०:१३-१६:** ख्रीष्टको निम्ति नयाँ-नयाँ ठाउँहरूमा पुग्नुपर्ने पावलको सिद्धान्त ।

**ग) २ कोरिन्थी १०:१७-१८:** प्रभुको स्याबासी पाउने पावलको उच्च लक्ष्य ।

**घ) २ कोरिन्थी ११:१-१५:** पावलले आफ्नो प्रेरितिक सेवकाइको पुष्टि गर्छन् ।

**ङ) २ कोरिन्थी ११:१६-३३:** पावलले ख्रीष्ट येशूका निम्ति सहेका दुःखकष्टहरूले तिनको प्रेरितिक सेवकाइ सिफारिस गर्छन् ।

**च) २ कोरिन्थी १२:१-१०:** पावलले पाएका दिव्य प्रकाशहरूले तिनको प्रेरितिक सेवकाइ सिफारिस गर्छन् ।

**छ) २ कोरिन्थी १२:११-१३:** पावलले देखाएका चिन्ह र आश्चर्य-कर्महरूले तिनको प्रेरितिक सेवकाइ सिफारिस गर्छन् ।

**ज) २ कोरिन्थी १२:१४-१३:१:** कोरिन्थमा आउने पावलको भ्रमण

**झ) २ कोरिन्थी १३:२-६:** कोरिन्थीहरू आफै पावलको प्रेरितिक सेवकाइ पुष्टि गर्ने प्रमाण थिए ।

**ञ) २ कोरिन्थी १३:७-१०:** कोरिन्थीहरूलाई भलाइ गर्ने पावलको इच्छा ।

**ट) २ कोरिन्थी १३:११-१४:** त्रिएक परमेश्वरको नाममा पावलको अनुग्रहले पूर्ण बिदाको अभिवादन ।

# कोरिन्थीहरूलाई लेखिएको प्रेरित पावलको दोस्रो पत्रको टिप्पणी

## खण्ड १) २ कोरिन्थी १ः-७ः अध्यायः पावलको सेवकाइको विस्तृत विवरण

### क) २ कोरिन्थी १ः१-२ः अभिवादन

**२ कोरिन्थी १ः१ः** पावलले यस पत्रको शुरुमा आफ्नो परिचय दिन्छन्। तिनी परमेश्वरको इच्छाअनुसार येशू ख्रीष्टको प्रेरित थिए। यसमा महत्त्व देखिन्छ; किनभने कोरिन्थमा कोही-कोही मानिसहरू थिए, जसले पावलको नियुक्ति र अधिकारको सम्बन्धमा आफ्ना शङ्काहरू व्यक्त गरे। के प्रभुले तिनलाई पठाउनुभएको थियो ? यस पत्रको शुरुमा आफ्नो परिचय दिँदा तिनले यसको जवाफ दिएका छन्। किनभने तिनको प्रेरितिक सेवकाइ तिनको इच्छाको फल थिएन। तिनी आफैले प्रेरित हुने

बोलावट छानेनन्। मानिसहरूले तिनलाई प्रेरितको रूपमा नियुक्त गरेनन्। तर प्रभु येशूले तिनलाई यस कामको निम्ति पठाउनुभएको हो; यो परमेश्वरको इच्छा थियो।

दमस्कस जाने बाटोमा तिनले प्रेरितको सेवकाइको निम्ति परमेश्वरको बोलावट पाए। तिनको जीवनमा योचाहिँ एउटा अविस्मरणीय घटना थियो। अनि प्रेरित पावलले तिक्त अनुभवहरू गर्नुपरेका बेलामा यही ईश्वरीय बोलावट पाएको सम्झनाले तिनलाई उत्साह दिन्थ्यो र तिनलाई सँभालिराख्थ्यो। किनकि ख्रीष्ट येशूका निम्ति गरेको तिनको सेवामा धेरै पल्ट तिनी हददेखि बाहिरको दबाउमा परेका थिए। परमेश्वरको बोलावटको विषयमा तिनी निश्चित नभएका भए तिनी हतोसाहित भएर अघिबाट घर फर्किसक्नेथिए होलान्।

यस पदमा तिमोथीको नाम पनि हालिएको छ। तर योचाहिँ उनी यस पत्रको सह-लेखक भएको अर्थमा नलेखिएको हुन सक्छ। मेरो विचारमा, पावलले यो पत्र लेख्ने बेलामा उनी तिनको साथमा थिए भन्ने जानकारी दिन खोजेका हुन्। यो कुराबाहेक हामी त्यस अवधिमा तिमोथीका आउजाउहरूको विषयमा निश्चित जानकारीहरू पाएका छैनौं।

यस पत्रका प्रापक को थिए? उनीहरू कोरिन्थमा भएको परमेश्वरको मण्डली थियो, साथै सारा अखैयामा भएका सबै पवित्र जनहरू थिए। परमेश्वरको मण्डली भनेको ख्रीष्ट-विश्वासीहरूको यो मण्डली परमेश्वरको सम्पत्ति थियो। मण्डलीहरू किसिम-किसिमका हुन्छन्, जस्तैः अइसाई मण्डली, अन्य धर्मको मण्डली, सामाजिक मण्डली आदि। तर यहाँ प्रस्तुत गरिएको मण्डलीका सदस्याहरू नयाँ जन्म पाएका ख्रीष्ट-विश्वासीहरू थिए, जसले संसारबाट निस्केर आउने र प्रभुका जन हुने बोलावट पाएका थिए।

जब पावलले प्रापकहरूको विषयमा यी शब्दहरू लेखे, तब पहिलो पल्ट कोरिन्थमा गएर त्यहाँ सुसमाचार प्रचार गरेको कुरा तिनको आलो सम्झनामा आएको हुनुपर्छ; यसमा शङ्का छैन। त्यस बेलामा मूर्तिपूजा र व्यभिचारमा लीन भएका र यी पापमा पूरा भिजेका पुरुष र स्त्रीहरूले येशू ख्रीष्टमाथि विश्वास गरेर उहाँलाई प्रभुको रूपमा अपनाए र परमेश्वरको

अपार अनुग्रहले गर्दा मुक्ति पाए। पछि कोरिन्थमा भएको मण्डलीमाथि धेरै समस्याहरू आइपरेका थिए; तर यी प्रियजनहरूको जीवनमा यत्रो परिवर्तन आएको देखेर प्ररित पावलको हृदय कति आनन्दित हुन्थ्यो ! यस पत्रका प्रापकहरू कोरिन्थका विश्वासीहरू मात्र थिएनन्, तर अखैयाभरि भएका सबै पवित्र जनहरू पनि थिए। अखैयाचाहिँ ग्रीस देशको दक्षिण भाग हो भने, म्यासिडोनियाचाहिँ त्यस देशको उत्तर भागमा पर्ने प्रदेश थियो। हामी यस पत्रमा म्यासिडोनियाको विषयमा फेरि र फेरि पढ्न पाउनेछौं।

**२ कोरिन्थी १ः२ः** *'तिमीहरूलाई अनुग्रह र शान्ति !'* प्रेरित पावलको न्यानो अभिवादन तिनलाई चिनाउने तिनको चिनारी हो। तिनको विचारमा परमेश्वरका जनहरूका निम्ति शुभ आशिष्को सर्वोच्च शुभकामना के हुन सक्थ्यो ? सुन-चाँदीजस्ता चाँड़ै बितिजाने भौतिक कुराहरू होइन, तर अनुग्रह र शान्ति जस्ता आत्मिक आशिषहरू थिए। यसकारण तिनले यहाँ उनीहरूलाई अनुग्रह र शान्तिको शुभेच्छा टक्राए; किनकि अनुग्रह र शान्ति भन्ने शब्दहरूमा कङ्गाली, पापी मानिसले यस लोकमा पाउन सक्ने हरेक असल कुरा समावेश हुन्छ। यस विषयमा श्री जेम्स डेन्नीले यसो भनेका छन्ः

> 'सुसमाचारको पहिले शब्द अनुग्रह हो र त्यसको अन्तिम शब्द पनि अनुग्रह नै हो। सुसमाचारले हामीलाई जे दिन सक्छ, त्योचाहिँ शुरुदेखि अन्तिमसम्म अनुग्रहको फल हो; अनि शान्तिचाहिँ – त्यो त यो आत्मिक स्वस्थ र सिद्ध अवस्था हो, जुन अवस्था मानिसको आत्मामा ख्रीष्ट येशूले पूरा गर्नुभएको कामको फल हुन्छ।' 1)

यी आशिषहरू परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट आउँछन्। परमेश्वर हाम्रा पिता यी आशिषहरूको मूल-स्रोत हुनुहुन्छ भने प्रभु येशू ख्रीष्टचाहिँ यी आशिषहरूको सोता र माध्यम हुनुहुन्छ। प्रभु येशू ख्रीष्टलाई परमेश्वर पितासित बराबर राख्न पावललाई यहाँ केही अप्ठ्यारो वा गाह्रो लाग्दैनथियो; किनभने त्रिएक परमेश्वरमा पिता, पुत्र र पवित्र आत्मा एकसमान हुनुहुन्छ।

## ख) २ कोरिन्थी १ः३-११ः सङ्कष्टमा तिनको सान्त्वना दिने सेवकाइ

**२ कोरिन्थी १ः३ः** प्रेरित पावलले आफ्नो पत्रको यस खण्डमा आफू सङ्कष्ट र विपत्तिमा परेको बेलामा आफूले पाएको सान्त्वनाका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउँछन् (२ कोरिन्थी १ः३-११)। अनि तिनलाई सान्त्वना कहाँबाट मिलेको थियो? तीतस म्यासिडोनियामा आएर तिनलाई असल खबर दिएकोबाट आएन र? अवश्य त्यो तिनलाई सान्त्वना दिइएको मुख्य कारण हुनुपर्छ।

परमेश्वरलाई धन्यवाद चढ़ाएपछि प्रेरित पावलले के बताउँछन् भने, चाहे तिनी सङ्कष्टमा परे, चाहे तिनले सान्त्वना पाए, जेजस्तो भए पनि त्यस सबका सबले अन्तमा यी ख्रीष्ट-विश्वासीहरूको भलाइ गर्दो रहेछ, जसको सेवा तिनले गरिरहेका थिए।

तिनले धन्यवादको प्रार्थनामा प्रभु येशू ख्रीष्टको परमेश्वर र पितालाई सम्बोधन गर्छन्। नयाँ नियममा परमेश्वरको पूरा नाम यो हो। अबदेखि उसो उहाँको नाम 'अब्राहामको परमेश्वर, इसहाकको परमेश्वर र याकूबको परमेश्वर' होइन। यस प्रकारको सम्बोधन नयाँ नियममा कहीं पनि पाइँदैन। अब त उहाँ प्रभु येशू ख्रीष्टको परमेश्वर र पिता पो हुनुहुन्छ। संयोगवश यस नामले प्रभु येशूको विषयमा एउटा महान् सत्यताको सङ्केत दिन्छ; किनभने उहाँ परमेश्वर र मानिस हुनुहुन्छ। परमेश्वर हाम्रा प्रभु येशू ख्रीष्टको परमेश्वर हुनुहुन्छ। यसो भनेर मानिसको पुत्र येशूसित परमेश्वरको सम्बन्ध कस्तो हुन्छ, सो बताइएको छ। तर परमेश्वरचाहिँ हाम्रा प्रभु येशू ख्रीष्टको पिता पनि हुनुहुन्छ। अनि यस वाक्यको सन्दर्भ परमेश्वरको पुत्र ख्रीष्टसित परमेश्वरको सम्बन्ध हो। अनि यहाँ परमेश्वरको थप नाम अरू के थियो? उहाँ त दयाहरूको पिता र सबै सान्त्वनाको परमेश्वर हुनुहुँदो रहेछ; किनकि उहाँबाट नै सबै दयाहरू र सबै सान्त्वना बगेर हामीकहाँ आउँछन्।

**२ कोरिन्थी १ः४ः** पावल जेजति सङ्कष्टहरूमा परेका थिए, ती सबै सङ्कष्टहरूमा तिनले परमेश्वरको ढाड़सपूर्ण उपस्थिति थाहा गर्थे।

परमेश्वरले तिनलाई सान्त्वना किन दिनुभयो, त्यसमा धेरै कारणहरू थिए, जसको एउटा कारणचाहिँ तिनले यहाँ पेश गर्छन्ः परमेश्वरले जुन सान्त्वनाद्वारा तिनलाई सान्त्वना दिनुभयो, त्यो सान्त्वना लिएर तिनले अरूलाई सान्त्वना दिनुपरेको थियो। शोकमा परेकाहरूलाई सहानुभूति र समवेदना देखाउने सीमित अर्थमा हामी सान्त्वनाको शब्द प्रयोग गर्छौं। तर नयाँ नियममा यस शब्दको अर्थ फराकिलो छ। हामीलाई साह्रो-गाह्रो पर्दा हामीलाई साथ दिने शुभचिन्तकबाट हामीलाई प्रोत्साहन, प्रेरणा र ढाड़स, साथै अर्ती र बुद्धि मिलेमा यो शब्द प्रयोग गरिन्छ। यसो हो भने, यस पदमा हामी सबैजनाको निम्ति हामीले सिक्नुपर्ने एउटा व्यावहारिक पाठ छः आफूले सान्त्वना पाएपछि हामीले अरूलाई सान्त्वना दिनुपर्ने कुरा भुल्नुहुँदैन; तर हामी आफूले पाएको सान्त्वनाद्वारा अरूलाई सान्त्वना दिने कोशिश गर्नुपर्छ। हामी रोगी-बिमारीहरूबाट तर्केर जानुहुँदैन; हामी मराउपराउ परेको घरदेखि पर-पर भएर हिँड्नुहुँदैन। बरु हाम्रो प्रोत्साहन र उत्साहको खाँचो परेकाहरूकहाँ जान हामी छिटो हुनुपर्छ, त्यसमा अरूलाई उछिनेर हामी बरु प्रथम हुनुपर्छ। आरामतलबी हुनलाई हामीले सान्त्वना पाएका छैनौं; होइन, हामी ढाड़स दिने हुनुपर्छ।

**२ कोरिन्थी १ः५ः** पावलले अरूलाई किन सान्त्वना दिन सके? किनभने तिनले ख्रीष्ट येशूबाट पाएका सान्त्वनाहरूको परिमाण तिनले ख्रीष्ट येशूका निम्ति सहेका दुःखकष्टहरूको नापअनुसार, बराबर भएको थियो। 'ख्रीष्टका कष्टहरू' भन्ने शब्दको अर्थ यहाँ मुक्तिदाता प्रभुका त्राणात्मक कष्टहरू हुनै सक्दैन। किनकि उहाँका ती कष्टहरू अद्वितीय थिए; कोही पनि ती कष्टहरूमा सहभागी हुन सक्दैन। तर प्रभु येशूसित ख्रीष्ट-विश्वासीहरूको नाता परेकोले गर्दा उनीहरूले उहाँको खातिर दुःख पाउँछन् र कष्ट भोग्नुपर्छ। उनीहरूको निन्दा गरिन्छ; उनीहरूलाई बहिष्कार गरिन्छ; उनीहरूले विरोध, घृणा, परित्याग र विश्वासघात आदि सहनुपर्छ। ख्रीष्टका कष्टहरू यी नै हुन्; किनभने उहाँ पृथ्वीमा हुनुहुँदा आफैले यस प्रकारका कुराहरू सहनुपरेको थियो, अनि उहाँको देहका अङ्गहरूले कष्टहरू सहनुपरेको बेलामा उहाँलाई उत्तिकै दुःख्छ। *'उनी-*

*हरूको सारा कष्टमा उहाँ पनि पीड़ित हुनुहुन्थ्यो'* (यशैया ६३:९)। तर पावलले यहाँ भन्न खोजेको कुरा यस्तो छः ख्रीष्टको सान्त्वना यी सबै कष्टहरूको निम्ति दिइने उचित प्रतिफल हो; किनभने उहाँका निम्ति सहेका कष्टहरूको नापअनुसार उहाँको सान्त्वना दिइन्छ, प्रशस्त सान्त्वना दिइन्छ।

**२ कोरिन्थी १:६:** प्रेरित पावलले आफ्ना कष्टहरूबाट र तिनले पाएको सान्त्वनाबाट असल नतिजा आएको देख्न सके। प्रभु येशूमा र उहाँको क्रूसको मृत्युद्वारा पावलले सकेका कष्टहरू र तिनले पाएको सान्त्वना पवित्र ठहरिएका थिए। तिनी सङ्कष्टमा परे कोरिन्थमा भएका पवित्र जनहरूको सान्त्वना र मुक्तिको निम्ति तिनी त्यसमा परेका हुन्। यहाँ, यस ठाउँमा 'मुक्ति' भन्नाले कोरिन्थीहरूका आत्माहरू बाँचेको अर्थमा लिनुहुँदैन, तर उनीहरू विभिन्न परीक्षाहरूमा परेको बेलामा परमेश्वरको शक्तिले उनीहरूलाई सँभालिदिन्छ र बचाइदिन्छ भन्ने अर्थमा लिनुपर्छ। पावलले कष्टहरूमा देखाएको धीरताले उनीहरूलाई उत्साह दिन्थ्यो र उनीहरूलाई चुनौती पनि दिन्थ्यो। पावललाई कष्ट सहने अनुग्रह दिनुहुने परमेश्वरले उनीहरूलाई पनि त्यही अनुग्रह दिन सक्नुहुन्छ; निचोड़ यही थियो। यहाँ श्री सामूएल रथरफोर्डको कुरा आयोः यिनलाई आफ्नो विश्वासका निम्ति घरिघरि तहखानामा हालिन्थ्यो, जुन तहखानाको नाम यिनले 'विपत्तिको कोठरी' राखे र त्यो तहखाना मधुशाला सम्झेर तिनले यस तिक्त अवस्थाबाट जस्तो भए पनि प्रभुका असलभन्दा असल 'मधु' चुस्ने चेष्टा गरे। हुन सक्छ, यिनले पावलको उदाहरणबाट सिकेर यसो गरे होलान्; किनकि पावलले आफ्ना आँसुहरूमा सधैं आशा दिलाउने इन्द्रेनी प्रतिबिम्बित भएको देख्न सके; तिनले आफूमाथि आइपरेका सबै खराबीमा सधैं केही न केही असल देख्न सके।

जुन सान्त्वना पावलले पाए, त्यो सान्त्वना कोरिन्थीहरूलाई सान्त्वना दिन प्रशस्त र पूरा पर्याप्त थियो। उनीहरूले सहनुपरेको सतावट पावलले सहिरहेको सतावटजस्तै थियो। अनि पावलद्वारा मिलेको सान्त्वनाबाट उनीहरूले यी कष्टहरू धैर्यसाथ सहने प्रेरणा पाए। घोर परीक्षाहरूबाट

भएर गएकाहरूले मात्र अरूका निम्ति सठीक शब्द पाएर तिनीहरूलाई सान्त्वना दिन सक्छन्, जो उस्तै किसिमको परीक्षामा परेका छन्। यसकारण जुन आमा आफ्नो एकमात्र छोरा वा आफ्नी एकमात्र छोरीलाई गुमाउनुपरेको थियो, त्यस आमाले मात्र उस्तै हृदय-विदारक अनुभव गरेकी अर्की आमालाई उचित सान्त्वना दिन सक्छे। अथवा परमेश्वर पिता, जसले आफ्नो एकमात्र पुत्रलाई गुमाउनुभयो, उहाँ सबैभन्दा असल प्रकारले तिनीहरूलाई सान्त्वना दिन सक्नुहुन्छ, जसले कुनै प्रियजनलाई गुमाएका छन्; किनभने सबै सान्त्वनाका पिता उहाँ हुनुहुन्छ।

**२ कोरिन्थी १:७ः** प्रेरित पावल यस कुरामा ढुक्कै र सुनिश्चित थिएः जब कोरिन्थीहरूले ख्रीष्ट येशूका निम्ति दुःखकष्ट सहने अनुभव गर्दै जानेछन्, तब उनीहरूले ख्रीष्ट येशूबाट ढाड़स र सहायता पनि पाउनेथिए। ख्रीष्ट-विश्वासीहरूलाई दुःखकष्टहरू मात्र कहाँ हुन्छन् र? तर दुःखकष्टहरूको साथमा ख्रीष्ट येशूबाटको सान्त्वना पनि आउँछ। कुरा सधैं यस्तो हुन्छ, अनिवार्य रूपले यस्तै हुन्छ। यसकारण यस कुराको विषयमा ढुक्कै हुनुहोस्, अँ, पावलजस्तो सुदृढ़ हुनुहोस्!

२ कोरिन्थी १:३-७ पदको खण्ड लिविङ बाइबलको अनुवाद-अनुसार यस प्रकारको छः 'हाम्रा परमेश्वर कति उदेकको हुनुहुन्छ! उहाँ हाम्रा प्रभु येशू ख्रीष्टको पिता हुनुहुन्छ। उहाँ दयाको खानी हुनुहुन्छ। उहाँ हामीलाई हाम्रा दुःख, कष्ट र परीक्षाहरूमा अद्भुत सान्त्वना र शक्ति दिनुहुन्छ। अनि उहाँ यसो किन गर्नुहुन्छ? किनकि कष्टमा परेकाहरूलाई अनि हाम्रो सहानुभूति र प्रोत्साहनको खाँचो परेकाहरूलाई हामीले त्यही सहायता र सान्त्वना दिन सक्नुपर्छ, जुन सहायता र सान्त्वना हामीले परमेश्वरबाट पाएका छौं। ... हो, हाम्रो सङ्कष्टमा परमेश्वरले हामीलाई सान्त्वना दिनुभएको छ, अनि त्यो पनि तिमीहरूलाई सहायता गर्नको निम्ति भएको हो। यसकारण तिमीहरू उस्तै किसिमका कष्टहरूमा परेको बेलामा ढुक्कै होओ! परमेश्वरले तिमीहरूलाई प्रेमपूर्वक सान्त्वना दिनुहुनेछ; उहाँले तिमीहरूलाई सहने शक्ति दिनुहुनेछ। यो कुरा हामी तिमीहरूलाई आफ्नो व्यक्तिगत अनुभवबाट देखाउँछौं।'

**२ कोरिन्थी १:८:** सामान्य तवरले कष्ट र सान्त्वनाको विषयमा कुरा गरेपछि पावलले यहाँ एउटा विशेष कठिन परीक्षाको कुरा गर्न थाल्छन्, जुन कठिन परीक्षाबाट भएर तिनी भर्खर गए। एशियामा हुँदा तिनीमाथि आइपरेको सङ्कष्टको विषयमा कोरिन्थका विश्वासीहरू अनजान भएका तिनले चाहना गरेनन्। याद रहोस्: यहाँ एशिया महादेशको कुरा होइन, तर एशिया माइनरको पश्चिम भागमा अवस्थित भएको एशिया नामक प्रान्तको कुरा पो गरिएको छ। प्रेरित पावलले यहाँ कुनचाहिँ सङ्कष्टको कुरा गरेका छन्? हुन सक्छ, तिनले एफेससमा मच्चिएको भयानक हूलदङ्गाको विषयमा कुरा गरे होलान् (प्रेरित १९:२३-४१)। अरूको विचारमा, तिनलाई कुनै घातक रोग लागेको थियो अरे। अनि फेरि अरूको रायअनुसार कोरिन्थबाट निराश पार्ने खबर सुनेको सन्दर्भमा तिनले यसो भनेका छन् रे। धन्न, यस खण्डले भन्न चाहेको महत्त्व बुझ्न र यसबाट आनन्द उठाउन यस घटनाको बेलीबिस्तार जान्ने आवश्यकता परेन।

तर त्यो सङ्कष्ट यति भयानक थियो, कि त्यस सङ्कष्टले पावललाई साह्रै गह्रौं भारीले झैं सहन नसक्ने गरी थिच्यो; त्यो तिनको शक्तिदेखि बाहिरको थियो। यसकारण तिनले 'नबाँच्ने रहेछौं' भनेर हरेश पनि खाए। श्री फिलिप्सले यस पदको उपयोगी भावात्मक अनुवाद यस प्रकारले गरे: 'त्यस बेलामा हामीले पूरा हार खाइसकेका थियौं; बोझ बोक्न नसकिने भएको थियो; हामीले मनमनै "अन्त यही रहेछ" भनेर भन्यौं।'

**२ कोरिन्थी १:९:** आफूमाथि आइपरेको त्यो परिस्थिति धेरै साह्रो थियो, यहाँसम्म कि मृत्युदण्डको आज्ञा पाएको मानिसलाई लागेजस्तै प्रेरित पावललाई लागेको थियो। कसैले तिनलाई 'के त्यसको परिणाम जीवन हुने हो कि मृत्यु हुने हो?' भनेर सोधेको भए तिनले 'त्यसको परिणाम पक्का पनि मृत्यु हुनेछ' भनेर जवाफ दिनेथिए। तिनले आफूमाथि होइन, तर मरेकाहरूलाई बौराएर उठाउनुहुने परमेश्वरमाथि भरोसा राखून् भन्ने हेतुले परमेश्वरले आफ्नो दासलाई त्यस साह्रो होच्याइएको ठाउँमा पुऱ्याउनुभएको रहेछ। मरेकाहरूलाई बौराएर उठाउनुहुने परमेश्वरको समान अर्थ सर्वशक्तिमान् परमेश्वर भन्नु हो। किनभने जसले मरेकाहरूलाई बौराएर उठाउन सक्नुहुन्छ, उहाँ

मृत्युदण्डको फैसला पाइसकेको मानिसको एकमात्र आशा हुनुहुन्छ। त्यस बेलामा प्रेरित पावलले आफूलाई यस प्रकारको असहाय मानिस ठानेका थिए।

**२ कोरिन्थी १:१०:** के. जे. वी. बाइबल र अधिक ग्रीक-पाण्डुलिपिहरूअनुसार पावलले यहाँ छुटकाराका तीनवटा कालहरूको कुरा गरेका छन्: भूतकाल, वर्तमानकाल र भविष्यत्काल। उहाँले छुटकारा दिनुभयो; उहाँ छुटकारा दिँदै हुनुहुन्छ; उहाँले छुटकारा दिनुहुनेछ।[2] यो भारी सङ्कष्टको सन्दर्भ एफेससमा मच्चिएको हूलदङ्गा हो भने, पावलले त्यो दङ्फसाद कसरी अचानक थामियो र तिनी कसरी उम्के, सो कुरा सङ्केत गरे होलान् (प्रेरित २०:१)। प्रेरित पावललाई निश्चित थाहा थियो: बितेको समयमा तिनलाई छुटकारा दिनुहुने परमेश्वर तिनलाई दिन प्रतिदिनको जीवनमा छुटकारा दिन सक्नुहुन्छ र तिनलाई त्यस अन्तिम, महान् क्षणसम्म छुटकारा दिँदै रहनुहुनेछ, जुन क्षणमा तिनी यस संसारका सङ्कष्टहरू र सतावटहरूबाट पूरा रूपले मुक्त हुनेथिए।

**२ कोरिन्थी १:११:** पावल घोर सङ्कष्टमा परेको बेलामा कोरिन्थका विश्वासीहरूले तिनका निम्ति अवश्य प्रार्थना गरे होलान् भन्ने उदारचित्तको अनुमान तिनले यहाँ लाएका छन्। वास्तवमा कोरिन्थका विश्वासीहरूमध्ये धेरैजना महान् प्रेरित पावललाई खोट लगाइदिने छिद्रान्वेषी भइसकेका थिए। यसकारण यस्ताहरूले तिनलाई अनुग्रहको सिंहासनको सामु सम्झना गरे भन्ने कुरामा हामीलाई ठूलो शङ्का लागेको छ। तर यस कुरामा तिनले उनीहरूलाई शङ्का गरेनन्। 'धेरै व्यक्तिहरूमार्फत हामीलाई दिइएको कृपा-दान' भन्ने वाक्यांशको सन्दर्भ पावलको कृपा-दानरूपी छुटकारा थियो, किनकि तिनको त्यो छुटकारा धेरै व्यक्तिहरूका प्रार्थनाको उत्तर थियो। पवित्र जनहरूले तिनका निम्ति अन्तर्विन्ती गरेका हुनाले त्यसको प्रतिउत्तरमा तिनले त्यस भारी सङ्कष्टबाट छुटकारा पाए। तिनले यहाँ के भन्छन्? धेरैजनाले प्रार्थना गरेका थिए; यसकारण अब धेरैजनाले यस प्रार्थनाको उत्तर पाएकोमा परमेश्वरलाई धन्यवाद चढ़ाउन पाए।

## ग) २ कोरिन्थी १ः१२-२ः१७ः पावलले आफ्नो योजना किन बदले, सो सम्बन्धमा आफ्नो स्पष्टीकरण दिन्छन् ।

**२ कोरिन्थी १ः१२ः** यी ख्रीष्ट-विश्वासीहरूका प्रार्थनाहरूको सहायताको विषयमा पावल ढुक्कै थियो; किनभने तिनले सधैं उनीहरूसित निष्कपट र सच्चा व्यवहार गर्थे । उनीहरूप्रति सदा इमानदार भएको तिनलाई गर्व हुन्थ्यो । अनि तिनको चालचलन पूरा सच्चाइ र ईश्वरीय निष्कपटताको साथ थियो; तिनको विवेकले तिनलाई त्यसको साक्षी दिन्थ्यो । ईश्वरीय निष्कपटता भनेको जाली, नकली, बनावटी केही पनि नभएको, तर पूरा कञ्चन, पूरा पारदर्शित हुनु हो; यस्तो सद्‌गुण केवल परमेश्वरबाट आउँछ । तिनी शारीरिक मानिसहरूका सांसारिक प्रणालीहरू अपनाउनुपट्टि झुकेनन्, तर परमेश्वरले तिनलाई प्रदान गर्नुभएको अनुग्रह र सित्तैंमा दिनुभएको शक्तिअनुसार तिनले सबै मानिसहरूसँग खुला व्यवहार गर्ने गर्थे । त्यो कुरा कोरिन्थीहरूको होशमा आउनुपर्थ्यो; किनभने तिनले देखाएको यो चाल विशेष थियो ।

**२ कोरिन्थी १ः१३ः** बितेको समयमा कोरिन्थीहरूसित तिनको व्यवहार जस्तो थियो, त्यस्तै तिनको पत्रको व्यवहार पनि निष्कपट थियो । तिनले जे लेखेका छन्, त्यसको मतलब पनि त्यही थियो, दूधको दूध, पानीको पानी थियो । उनीहरूले लेखिएको कुराको अर्थ टाढ़ाबाट खोजिनिकाल्नुपर्दैनथियो । तिनले भन्न चाहेको अर्थ गुप्त थिएन, तर प्रत्यक्ष, सरल र सुस्पष्ट थियो । उनीहरूले तिनको पत्रमा जे पढ्छन् वा यसबाट जे बुझ्छन्, तिनले लेख्न खोजेको अर्थ ठीक त्यही थियो । उनीहरूले तिनलाई अन्तसम्म स्वीकार गर्नेछन् भन्ने तिनको आशा थियो । 'अन्तसम्म' भनेको उनीहरूको जीवनको अन्तसम्म हो ।

**२ कोरिन्थी १ः१४ः** कोरिन्थको मण्डलीले पावललाई केही हदसम्म स्वीकार गरेको थियो । यसर्थ त्यहाँका सबै विश्वासीहरूले होइन, तर उनीहरूको केही भाग विश्वासीहरूले मात्र तिनलाई मान्दथिए । पावलप्रति निष्ठावान् भएकाहरूले एउटा कुरा सफासँग बुझेः प्रभु येशूको दिनमा

उनीहरूले पावलको विषयमा गर्व गर्नेथिए, र पावलले उनीहरूको विषयमा गर्व गर्नेथिए। प्रभु येशूको दिनको सन्दर्भ ख्रीष्टको न्याय-आसनको भावी समय हो, जुन न्यायआसनको सामु मुक्ति पाएकाहरूले आफ्नो सेवकाइको लेखा दिनुपर्नेछ र इनाम पाउनेछन्। जब पावलले त्यस भावी न्यायजाँचको सम्झना गर्थे, तब तिनले सधैं ती मानिसहरूका अनुहारहरू देख्न सक्थे, जुन मानिसहरूले तिनको सेवकाइद्वारा मुक्ति पाए। यी मुक्ति पाएकाहरू तिनको आनन्द र गर्वको मुकुट हुनेथिए; अनि पावल तिनीहरूलाई ख्रीष्ट येशूकहाँ ल्याउने परमेश्वरको माध्यम भएकोमा तिनीहरूले पनि तिनको विषयमा गर्व गर्नेथिए।

**२ कोरिन्थी १:१५:** उनीहरूले पावललाई ख्रीष्ट येशूको सच्चा प्रेरितको रूपमा चिन्दथिए, जसको इमानदारीको बारेमा कुनै शङ्का नै थिएन; यसकारण उनीहरूले तिनको विषयमा अवश्य गर्व गर्दथिए भन्ने भरोसा पावलको थियो। उनीहरूकहाँ जानुभन्दा अगाड़ि तिनले उनी-हरूबाट विश्वास र भरोसा, आदर र प्रेम पाउने कुरामा सुनिश्चित हुन चाहेका थिए। म्यासिडोनिया जाने बेलामा पहिले उनीहरूकहाँ आउने र म्यासिडोनियाबाट फर्कने बेलामा फेरि उनीहरूकहाँ निस्कने तिनको योजना थियो। यस प्रकारले तिनका दुईवटा भेटघाटबाट उनीहरूलाई एकै पल्ट मात्र होइन, तर दुई पल्ट फाइदा हुनेथियो।

**२ कोरिन्थी १:१६:** दोस्रो फाइदा भनेको के हो, सो कुरा यस पदबाट अझ स्पष्ट बुझिन्छ; किनभने यहाँ यसको स्पष्टीकरण दिइएको छ। पावलको योजना यस प्रकारको थियो: तिनले एफेससबाट यात्रा शुरु गरेर समुद्र पार अखैयामा आउन खोजेका थिए, जुन अखैया प्रान्तमा कोरिन्थ शहर अवस्थित थियो; अनि त्यहाँबाट तिनले म्यासिडोनियातर्फ अघि बढ्न चाहेका थिए। म्यासिडोनियामा प्रचारको काम सिद्ध्याएपछि तिनी फेरि दक्षिणपट्टि कोरिन्थतिर फर्केर आउनेथिए। यहाँ कुरा यसरी लेखिएको छ। अनि त्यसपछि कोरिन्थका विश्वासीहरूको सहायता पाएर तिनी यहूदिया जानेथिए; तिनको आशा यही थियो। तिनले उनीहरूको पैसा होइन, तर उनीहरूका प्रार्थनाहरूको सहयोग र अतिथि-सत्कार पाउने आशा गरेका थिए। किनकि २ कोरिन्थी ११:७-१० पदको खण्डमा तिनले

स्पष्टसँग बताउनेछन्, कि तिनले उनीहरूबाट कुनै अनुदान ग्रहण नगर्ने अठोट गरे।

**२ कोरिन्थी १:१७:** तर पावलको यो योजना कहिल्यै यसरी पूरा भएन। तिनी एफेससबाट यात्रा गरेर त्रोआसमा आए; अनि तीतसलाई त्यहाँ नभेट्टाउँदाखेरि कोरिन्थ जाने कुरा छोड़ेर तिनी सीधा म्यासिडोनियातर्फ अघि बढ़े। यसकारण तिनले *'यो सङ्कल्प गर्दा के मैले हल्कासँग यसो गरें'* भन्ने प्रश्न पेश गर्छन्। अनि सायद तिनको निन्दा गर्नेहरूले 'धत्, त्यो चञ्चल, फेरबदल हुने मान्छे! त्यसको कामको टुङ्गो हुँदैन; हेर, त्यसले एउटा कुरा भन्छ, तर अर्को कुरा गर्छ; त्यस्तो मानिस प्रभुको सच्चा प्रेरित हुनै सक्दैन' भनेर ठीक यसो भनेका थिए होलान्। के तिनी भरपर्दो मानिस हुँदैनथिए? प्रेरित पावलले यी कोरिन्थीहरूलाई यस सम्बन्धमा चुनौती दिएर प्रश्न तेर्स्याउँछन्। के तिनले योजना बनाउँदा आफ्ना शारीरिक अभिप्रायहरूअनुसार यसो गर्छन् त? के एकै क्षणमा तिनको 'हो' 'होइन' हुन जान्छ, घरि हो, घरि होइन हुन्छ? के तिनले आफ्नो सुविधा र स्वार्थ खोजेर योजना बनाउँछन्? के तिनको संकल्प यस्ता स्वार्थी विचारहरूको फल हुन्छ र? श्री फिलिप्सले यहाँ भन्न चाहिएको कुरा बुझेर यस पदको भावात्मक अनुवाद यस प्रकारले गरेका छन्: 'हाम्रो यस योजनामा परिवर्तन आएको मतलब हामी चञ्चल भएका हुनुपर्छ भन्ने अर्थ कहिले हुन्छ र? के तिमीहरूले मलाई मुखले हो, तर मनले होइन भन्ने छली मानिस ठान्छौ?'

**२ कोरिन्थी १:१८:** हामीलाई के लाग्छ भने यहाँ पावल आफ्नो यात्राको योजनाको कुरा राखेर आफ्नो प्रचारको सेवामा अघि बढ्छन्। हुन सक्छ, तिनको दोष खोजेर खोट लगाउनेहरूले यसो भने होलान्: 'त्यो पावल यस्ता सामान्य कामकुराहरूको सम्बन्धमा भरपर्दो मान्छे होइन भने, हामी त्यसको प्रचारमाथि कसरी भर पर्न सक्छौं त?'

**२ कोरिन्थी १:१९:** पावलको तर्क यस प्रकारको थियो: 'म त मुक्तिदाता प्रभुको प्रचार गर्छु, जो अपरिवर्तनशील परमेश्वर हुनुहुन्छ, जससँग कुनै अदलबदल वा परिवर्तनको छाया हुँदैन; तब मेरा काम-कुराहरूको विषयमा म कसरी भरपर्दो नहुने? यो असम्भव छ।' किनभने

जब तिनी, सिलवानस र तिमोथी पहिलो पल्ट कोरिन्थमा पुगे, तब तिनीहरूले चञ्चल ख्रीष्टको होइन, तर पूरा भरपर्दो परमेश्वरका पुत्रको प्रचार गरे (प्रेरित १८:५)। तिनले प्रचार गरेको सुसमाचार चञ्चल हुनै सक्दैन; किनभने परमेश्वरको पुत्र त्यसको सुदृढ़, कहिल्यै हल्लिन नसकिने जग हुनुहुन्छ। तिनको तर्क कहाँ पुग्यो ? जुन व्यक्तिले आत्माको शक्तिमा प्रभु येशूको प्रचार गर्छ, त्यो व्यक्ति चञ्चल, फेरबदल हुने मानिस हुनै सक्दैन, जसरी तिनको निन्दा गर्नेहरूले तिनलाई लाञ्छना लगाइरहेका थिए। तिनले विश्वासयोग्य परमेश्वरको प्रचार गर्थे; तब तिनले आफ्नो वचन कसरी उल्लङ्घन गर्न सक्नेथिए र आफ्नो वचनप्रति कसरी अविश्वासी हुन सक्नेथिए ?

श्री जेम्स डेन्नीले भनेअनुसार 'यसो गर्न तिनी कपटी मानिस हुनुपर्नेथियो; तर विश्वासयोग्य परमेश्वरको उद्घोषणा गर्ने प्रचारक आफ्नो वचनमा बिलकुल विश्वासयोग्य हुनुपर्छ – यो पावलको तर्क थियो, जुन तर्क पक्का पनि तिनको विरोध र निन्दा गर्नेहरूको रचना भएको थिएन; तिनीहरूले यस प्रकारको उच्च र पवित्र तर्क कहाँ रच्न सक्नेथिए र !'

**२ कोरिन्थी १:२०:** परमेश्वरका प्रतिज्ञाहरू जति धेरै किन नहोऊन्, उहाँका ती सबै प्रतिज्ञाहरू ख्रीष्ट येशूमा पूरा हुने नै छन्। अनि जस-जसले ख्रीष्ट येशूमा परमेश्वरका प्रतिज्ञाहरू पूरा भएको अनुभव गरेका छन्, तिनीहरू सबैले उक्त वचनमा 'आमन, यस्तो होस्' भनेर आफ्नो समर्थन दिन्छन्।

'पवित्र बाइबल पढ्दा हामीले परमेश्वरको कुनै प्रतिज्ञा भेट्टाएर त्यसलाई दाबी गर्न उहाँकहाँ आफ्ना आँखाहरू उठायौं भने, परमेश्वर हामीलाई यसो भन्नुहुन्छः "हो, मेरो छोरो, हो मेरी छोरी, ख्रीष्ट येशूद्वारा तिमी यो सबै कुरा पाउन सक्छौ।" अनि ख्रीष्ट येशूमाथि भरोसा गरेर हामी परमेश्वरलाई जवाफ दिएर "आमेन, यस्तो होस्" भन्छौं। परमेश्वर ख्रीष्ट येशूद्वारा हामीसँग बोल्नुहुन्छ, अनि हामी ख्रीष्ट येशूमाथि विश्वास गर्छौं; ख्रीष्ट येशू स्वर्गबाट तल हामीतिर झुक्नुहुन्छ र हाम्रो विश्वास

माथि उहाँतिर लम्किन्छ, अनि यसरी परमेश्वरको हरेक प्रतिज्ञा येशू ख्रीष्टमा पूरा हुनेछ। उहाँमा र उहाँद्वारा हामी परमेश्वरका प्रतिज्ञाहरू आफ्नै तुल्याउँछौं; हामी उहाँका प्रतिज्ञाहरू अपनाएर भन्छौंः "हो, प्रभु, यस कुराको विषयमा म तपाईंलाई पूरा विश्वास गर्छु।" हाम्रो विश्वासले उहाँले दिनुभएको प्रतिज्ञामा "आमेन", "यस्तो होस्" भन्छ।' 3)

यो सब कुरा किन ? हामीद्वारा परमेश्वरको महिमा भएको होस् ! यस विषयमा श्री जेम्स डेन्नीले यसो लेखेका छन्ः

'जब "परमेश्वरले हाम्रो विषयमा कति उत्तम, कल्पनातीत कुरा भन्नुभएको रहेछ" भन्ने कुराको विषयमा मानिसहरूको होश खोल्छ, र ती सबै उत्तम कुराहरू परमेश्वरको पुत्रमा सुनिश्चित र सुरक्षित हुन्छन् भन्ने कुरा तिनीहरू देख्न सक्छन् र त्यसको विषयमा ढुक्क हुन्छन्, तब परमेश्वरको महिमा हुन्छ।'

'हामीद्वारा' भन्ने शब्दले कोरिन्थीहरूलाई के याद दिलायो भने, पावल, सिलवानस र तिमोथीको प्रचारद्वारा उनीहरूले ख्रीष्ट येशूमा परमेश्वरका प्रतिज्ञाहरू दाबी गर्न पाए। अनि प्रेरित पावलका शत्रुहरूले आरोप लगाएअनुसार तिनी धोकेबाज भएका भए परमेश्वरले तिनलाई, एउटा झूट बोल्ने ठगलाई कसरी प्रयोग गर्न र उनीहरूको बीचमा यत्रो ठूलो काम गर्न सक्नुभयो ? परमेश्वरले कुनै धोकेबाजलाई यस प्रकारले प्रयोग गर्नुहुन्न; यो सुनिश्चित छ।

**२ कोरिन्थी १ः२१ः** अबचाहिँ पावलले कोरिन्थीहरूलाई स्पष्टसँग भन्छन्ः उनीहरू र तिनी आपसमा जीवनको सूत्रले बाँधिएका एकै बन्धुवर्गका मानिसहरू थिए। परमेश्वरले उनीहरूलाई विश्वासमा स्थापित गर्नुभयो र वचनको सेवकाइद्वारा उनीहरूलाई ख्रीष्टमा सुदृढ़ पार्नुभयो। उहाँले उनीहरूलाई पवित्र आत्माद्वारा अभिषेक गर्नुभयो, जुन पवित्र आत्माले उनीहरूलाई सुयोग्य तुल्याउनुभयो, उनीहरूलाई शक्ति दिनुहुन्थ्यो र उनीहरूलाई शिक्षा दिनुहुन्थ्यो।

**२ कोरिन्थी १ः२२ः** परमेश्वरले उनीहरूमाथि छाप पनि लगाउनुभयो र उनीहरूका हृदयहरूमा पवित्र आत्मारूपी बैना हाल्नुभयो। पवित्र

आत्माका उक्त सेवकाइहरूमा यहाँ अझै दुईवटा सेवकाइ थपिएका छन्ः पवित्र आत्माको छाप स्वामित्व र सुरक्षाको चिन्ह हो। एक-एक ख्रीष्ट-विश्वासीभित्र वास गर्नुभएको पवित्र आत्माचाहिँ उक्त विश्वासी परमेश्वरको सम्पत्ति हो र अनन्त-अनन्तसम्म सुरक्षित हुन्छ भन्ने चिन्ह हुनुहुन्छ। त्यो छाप आँखाले देखिँदैन। मानिसहरूले हामीमा लगाइएको ब्याच वा क्रूसको माला देखेर 'हेर, फलना भाइ, फलना बहिनी क्रिस्तान रहेछ' भनेर चाल पाउँदैनन्। तर पवित्र आत्माले भरिएको जीवनचाहिँ यसको एकमात्र साँचो प्रमाण र साँचो लक्षण हो।

परमेश्वरले उनीहरूका हृदयहरूमा पवित्र आत्मारूपी बैना हाल्नुभयो। बैनाचाहिँ अग्रिम मूल्यरूपी पेस्की हो। बैनाले 'हामी पूरा अधिकारको भाग पाउने नै छौं' भन्ने बन्धकको काम गर्छ। जब परमेश्वरले कुनै मानिसलाई बचाउनुहुन्छ, तब उहाँले त्यस मानिसभित्र पवित्र आत्मा, उहाँले उसभित्र वास गरून् भनेर हाल्नुहुन्छ। मुक्ति पाएको मानिसले पवित्र आत्मालाई पाउँछ-पाउँछ; यो अनिवार्य हो। ठीक त्यस्तै मुक्ति पाएको मानिस परमेश्वरको हकवाला हुन्छ-हुन्छ; उसले आफ्नो अधिकारको भाग पाउने नै छ; यो पनि सुनिश्चित हुन्छ। पवित्र आत्माले हाम्रो वर्तमान जीवनमा जुन आशिषहरू हामीलाई उपलब्ध गर्नुहुन्छ, ती आशिषहरूको परिपूर्णता भावी दिनमा हाम्रो हुने नै छ।

**२ कोरिन्थी १ः२३ः** यस पददेखि शुरु भएको खण्डमा पावल 'त्यो कति चञ्चल, फेरबदल हुने मान्छे रहेछ' भन्ने त्यस आरोपमा फर्कन्छन्, जुन आरोप तिनको विरोधमा उठाइएको थियो (२ कोरिन्थी १ः२३-२ः४); अनि यहाँ तिनी आफ्नो योजनाअनुसार कोरिन्थमा किन गएनन्, सो विषयमा सफा स्पष्टीकरण दिन्छन्। तर पावलले यस सम्बन्धमा परमेश्वरलाई साक्षी राख्छन्; किनभने तिनको मनभित्र लुकिएको अभिप्राय केकस्तो थियो, सो परमेश्वरबाहेक अरू कसैले जान्न सक्दैनथियो।

आफूले योजना गरेको समयमा प्रेरित पावल कोरिन्थमा गएका भए त्यहाँको परिस्थितिअनुसार तिनले उनीहरूसित कड़ाकड़ी गर्नुपर्नेथियो;

किनकि उनीहरूले मण्डलीमा पाप सहेर त्यससित उचित कारबाही गरेनन् । यस सम्बन्धमा पूरा लापरवाही गरेका यी पवित्र जनहरूले तिनको कड़ा हप्की खानुपर्नेथियो । उनीहरूलाई पीर, उदास र हताशबाट जोगाउने हिसाबले तिनले कोरिन्थको यात्रा स्थगित गरेका हुन् ।

**२ कोरिन्थी १ः२४ः** तर प्रेरित पावल कोरिन्थीहरूमाथि स्वेच्छाचारी शासक कहाँ थिए र ? यस प्रकारको विचार पर जाओस् ! यस हेतुले तिनले तुरुन्तै उक्त कुरामा निम्न शब्दहरू थपेर भन्छन्ः *'तिमीहरूको विश्वासमाथि राज्य गर्ने हामी होइनौं, तर हामी तिमीहरूको आनन्दका सहायकहरू पो हौं; किनकि विश्वासद्वारा नै तिमीहरू खड़ा हुन्छौ ।'* प्रेरित पावल उनीहरूको इसाई विश्वासमाथि अधिकार चमाउने मालिक थिएनन् । उनीहरूले तिनमा निरङ्कुश शासक देख्न हुँदैनथियो । किनभने तिनी र तिनका सहकर्मीहरू वास्तवमा कोरिन्थका विश्वासीहरूको आनन्दमा थप सहयोग पुऱ्याउनेहरू थिए। यी ख्रीष्ट-विश्वासीहरूलाई उनीहरूको जीवन-यात्रामा कुन कुराले सहायता पुग्छ र उनीहरूलाई थप आनन्द कहाँबाट मिल्छ, सो कुरा तिनको एकमात्र चिन्ताको कारण थियो ।

'किनकि विश्वासद्वारा तिमीहरू खड़ा छौ' भन्ने वाक्य 'किनकि विश्वासमा तिमीहरू दृढ़ भई खड़ा छौ' भनेर पनि अनुवाद गरिएको छ। यसर्थ उनीहरूको विश्वासमा सुधार आउनु आवश्यक थिएन; किनभने उनीहरू विश्वासमा दृढ़ भइसकेका थिए। तर तिनले उनीहरूमा शिक्षाको क्षेत्रमा सुधार ल्याउनुभन्दा उनीहरूको स्थानीय मण्डलीको व्यवहारमा पो सुधार ल्याउन खोजे ।

**२ कोरिन्थी २ः१ः** पावलले कोरिन्थमा जाने योजना किन स्थगित गरे, सो स्पष्टीकरण तिनले २ कोरिन्थी १ः२३ पददेखि दिँदै आएका छन्, र यहाँ तिनको यो स्पष्टीकरण अघि बढ़्छ। तिनले उनीहरूलाई शोकित तुल्याउन चाहेनन्; किनकि तिनको हप्की खाएर उनीहरू अवश्य शोकित हुनेथिए। *'शोकित भएर म तिमीहरूकहाँ फेरि आउनेछैनँ भने मैले मन-मनमा अठोट गरें'* भन्ने वाक्यबाट के सङ्केत पाउन सकिन्छ भने, प्रेरित १८ः१-१७ पदको खण्डमा उल्लेख गरिएको पहिलो भेटपछि उनीहरूसित तिनको दोस्रो भेटघाट पनि भएको रहेछ, जुन भेटघाट तिनको निम्ति

शोकपूर्ण थियो। २ कोरिन्थी १२:१४ र १३:१ पदबाट तिनले बीचमा उनीहरूलाई भेटेको सङ्केत अझै पुष्टि मिलेको छ।

**२ कोरिन्थी २:२:** कोरिन्थमा गएर पावल यी ख्रीष्ट-विश्वासीहरूलाई हप्काएका भए उनीहरू अवश्य शोकित हुनेथिए; अनि त्यसबाट तिनी आफू पनि शोकित हुनेथिए। किनभने उनीहरूचाहिँ तिनको आनन्दको कारण थिए, जसरी श्री चार्लस सी. राइरीले व्यक्त गरेका छन्ः

> 'मैले तिमीहरूलाई चोट पुऱ्याएको भए तिमी दुःखित भएका-हरूबाहेक मलाई आनन्दित तुल्याउन सक्ने अरू कोही पनि बाँकी रहनेथिएन। अनि त्यो मेरो निम्ति धेरै नरमाइलो हुनेथियो!'

**२ कोरिन्थी २:३:** प्रेरित पावल व्यक्तिगत रूपले कोरिन्थमा गएको भए त्यो उनीहरू र तिनका निम्ति शोकको कारण हुनेथियो। यसकारण यसो नगरेर तिनले बरु उनीहरूलाई एउटा पत्र लेख्ने निर्णय गरे। उनीहरूले त्यस पाप गर्ने भाइलाई अनुशासनमा राखे भने तिनले लेखेको त्यस पत्रले आफ्नो उद्देश्य पूरा गर्नेथियो; अनि पावलको आशा यही थियो। त्यसपछि पावलले अर्को पालि उनीहरूलाई भेट्न जाँदा उनीहरू र तिनको बीचमा स्थापित भएको घनिष्ठ प्रेमको सम्बन्धमाथि कालो बादल लाग्ने कुनै कारण हुनेथिएन; किनभने तिनले उनीहरूलाई ज्यादा प्रेम गर्थे।

यस पदमा सङ्केत गरिएको पत्र कोरिन्थीहरूलाई लेखिएको पावलको पहिलो पत्र थियो कि? अथवा के तिनले लेखेको अर्को पत्र थियो, जुन पत्र पछि हरायो कि? धेरैजनाको विचारमा यहाँ सङ्केत गरिएको पत्र पहिलो कोरिन्थीको पत्र हुनै सक्दैन अरे; किनभने २ कोरिन्थी २:४ पदअनुसार पावलले ठूलो सङ्कष्टबाट र हृदयको व्यथासित धेरै आँसु बगाउँदै उनीहरूलाई त्यो पत्र लेखे। बाइबलका अरू विद्वान्हरूको कुरा सुन्नु हो भने, कोरिन्थीहरूलाई लेखिएको पावलको पहिलो पत्र २ कोरिन्थी २:४ पदको बयानसित खूब मिल्छ अरे। हुन सक्छ, पावलले कोरिन्थीहरूलाई अर्को एउटा कड़ा पत्र लेखे होलान्, जुन पत्र आजको दिनमा उपलब्ध छैन। यो अनुमानको कुरा होः २ कोरिन्थी २:१ पदमा

उल्लेख गरिएको शोकित भेटघाटपछि तिनले त्यो पत्र लेखेका हुनुपर्ला, जुन पत्र तिनले तीतसको हातमा कोरिन्थमा पठाए। त्यस्तो पत्रका सङ्केतहरू २ कोरिन्थी २:४ र ९, अनि २ कोरिन्थी ७:८ र १२ पदबाट पाइन्छन्।

२ कोरिन्थी २:३ पदअनुसार पावलले अघि कोरिन्थीहरूलाई जे लेखे, त्यो तिनले यस उद्देश्यले लेखे कि तिनले शोकित पारिएकाहरूबाट शोक पाउनु नपरोस्, तर उनीहरू तिनको आनन्दको कारण भएका होऊन्। जुन कुराले तिनलाई आनन्द दिलाउँछ, त्यस कुराले उनीहरूलाई पनि आनन्द दिन्छ भन्ने कुरामा तिनी पूरा विश्वस्त थिए। अनि सन्दर्भअनुसार तिनलाई र उनीहरूलाई आनन्द दिलाउने कारणचाहिँ उनीहरूले भक्तिसाथ पूरा गरेको अनुशासन-कार्य नै थियो।

**२ कोरिन्थी २:४:** यस पदले पावलजस्तो बड़ा पास्टरको हृदयभित्र के-के थियो, सो हामीलाई छर्लङ्ग झलक दिन्छ। कोरिन्थको मण्डलीमा उनीहरूले पापसित कारबाही नगरी पाप सहेकोमा तिनी साह्है दुःखित थिए। त्यस कुराले तिनलाई भारी कष्ट र हृदयमा ठूलो व्यथा पैदा गरिदियो, अनि तिनका आँखाबाट शोकका आँसुको बलिन्द्र धारा बगाइ-दियो। कोरिन्थको मण्डलीमा भएको पापले कोरिन्थीहरूलाई भन्दा बढ़ी प्रेरित पावललाई नराम्रो असर पारेछ। उनीहरूको मनमा चोट पुऱ्याउन होइन, तर उनीहरूप्रति आफ्नो प्रेम प्रकट गर्ने हेतुले पावलले उनीहरूलाई यो पत्र लेख्दैथिए। यस पत्रले उनीहरूलाई उनीहरूको बीचमा त्यो नमिलेको स्थिति सुधार्ने-सच्याउन पर्याप्त समय दिनेथियो; तिनको आशा यही थियो। त्यसपछि आउँदो दिनमा उनीहरूसित तिनको भेटघाट आनन्दमय हुनेथियो। *'साथीबाटका चोटहरू विश्वासयोग्य हुन्छन्'* (हितोपदेश २७:६)। सद्भावनाले दिइएको आत्मिक सल्लाह, अर्ती वा चेताउनीमा हामी नाराज हुनुहुँदैन; यो हामीले खराब सम्झनुहुँदैन! बरु हामीलाई सम्झाइदिने यस व्यक्तिले हाम्रो कति वास्ता गरेको हुनुपर्छ; अँ, ऊ हाम्रो शुभचिन्तक हो, सो बुझ्नुपर्छ। त्यो ईश्वरीय हप्की प्रभुबाट आएको उपयोगी चेताउनी सम्झेर हामी त्यसका निम्ति कृतज्ञ हुनुपर्छ।

**२ कोरिन्थी २ः५ः** कोरिन्थका विश्वासीहरूको बीचमा खास समस्या के थियो ? त्यो कुरा प्रेरित पावलले यस खण्डमा सङ्केत गरेर स्पष्ट पार्छन् (२ कोरिन्थी २ः५-११)। तिनले यहाँ देखाएको ठूलो भद्रता र इसाई सम्मान प्रशंसनीय छ। तिनले एकपल्ट पनि त्यस पाप गर्ने भाइको नाम र त्यसले गरेको पापको नाम पनि लिँदैनन्। *'कसैले शोकित पारेको छ भने'* भन्ने वाक्यको सन्दर्भ १ कोरिन्थी ५ः१ पदमा उल्लेख गरिएको हाड़फोरा हुन सक्छ, अथवा अन्य कुनै व्यक्ति हुन सक्छ, जसले त्यस मण्डलीमा समस्या र गड़बड़ी ल्याएको थियो। हाम्रो अनुमानमा यस वाक्यको सन्दर्भ त्यो हाड़फोरा हुनुपर्ला। पावलले त्यो अपराध व्यक्तिगत लिएनन्, आफ्नो विरोधमा भएको कहिल्यै ठानेनन्। तर त्यस अपराधले केही हदसम्म सबै विश्वासीहरूलाई नै शोकित पारेको थियो।

**२ कोरिन्थी २ः६ः** कोरिन्थका विश्वासीहरू त्यस अपराध गर्ने भाइलाई अनुशासनमा राख्ने कारबाहीमा मिले र एक भए। यसो बुझ्दा उनीहरूले त्यस भाइलाई मण्डलीबाट बहिष्कार गरे। अनि त्यस भाइसित गरिएको कारबाहीले त्यसलाई पूरा पश्चात्तापी तुल्यायो, र त्यो भाइ प्रभुकहाँ फर्क्यो, र उहाँको सङ्गतिमा पुनर्स्थापित भयो। यसकारण त्यसलाई दिइएको दण्ड यत्तिमै पुग्यो। अब पावलले कोरिन्थीहरूलाई 'त्यस भाइलाई अझ बढ़ी दण्ड नदेओ' भन्ने अर्ती दिन्छन्। उनीहरूले त्यसलाई दिएको ताड़ना कारणविना बढ़ाउनुहुँदैनथियो। यहाँ *'धेरैजनाबाट जुन दण्ड दिइयो'* भनेर लेखिएको छ, यसको विषयमा कतिजनाले बहुमतको अर्थ लगाउँछन् भने, अरूले अनुशासन गरिएको भाइलाई छोड़ेर सबैजनाको अर्थ लगाइदिन्छन्; किनकि तिनीहरूको विचारमा, स्थानीय मण्डलीका कामकुराहरूमा बहुमतको फैसला चल्दैन। तर तिनीहरूको भनाइअनुसार परमेश्वरको आत्माको अगुवाइमा बहुमत होइन, तर सम्मत, एकमत हुनुपर्छ।

**२ कोरिन्थी २ः७-८ः** अब त्यो पाप गर्ने भाइ पूरा पश्चात्तापी भयो। यसकारण कोरिन्थका विश्वासीहरूले त्यसलाई क्षमा गर्नुपर्छ र त्यसलाई मण्डलीको सङ्गतिमा पुनर्स्वागत गरेर त्यसलाई प्रोत्साहन दिनुपर्छ। उनीहरूले त्यसलाई उत्साह दिनुपरेको थियो, नत्र त्यो मानिस साह्रै ठूलो

शोकमा डुब्ने सम्भावना थियो। त्यस भाइले आफ्नो पापको क्षमा पाएकोमा शङ्का किन गरोस्, निराशको भुमरीमा किन डुबोस्? अबदेखि उसो त्यो भाइ हरेश खाएको उदासलाग्दो जीवन किन जिइरहोस्?

होइन, होइन; यी कोरिन्थीहरूले त्यसप्रति आफ्नो प्रेमको प्रमाण दिनुपरेको थियो। उनीहरूले त्यसलाई अँगालो हालेर हार्दिक स्वागत गर्नुपरेको थियो; उनीहरूले त्यसलाई खुशीसाथ र स्नेहपूर्वक ग्रहण गर्नुपरेको थियो।

**२ कोरिन्थी २ः९ः** कोरिन्थीहरूलाई पहिलो पत्र लेखेर पावलले यी पवित्र जनहरूलाई जाँचे। त्यस बेलामा उनीहरूलाई प्रभुको वचनप्रति आज्ञाकारी हुने कुरा देखाउने मौका दिइएको थियो। प्रेरित पावलले यो मौका उनीहरूलाई पेश गरे; किनभने त्यस पत्रमा तिनले उनीहरूलाई त्यस पाप गर्ने भाइलाई मण्डलीको सङ्गतिबाट निकालिदिने सल्लाह दिए। अनि उनीहरूले तिनको सल्लाह माने र त्यही काम गरे, अनि यसरी नै आफ्नो आज्ञाकारिताको प्रमाण दिए। तर अहिलेचाहिँ उनीहरूले अझै एक कदम चाल्नुपरेको थियो। पावलको अर्तीअनुसार उनीहरूले त्यस भाइलाई फेरि ग्रहण गर्नुपरेको थियो।

**२ कोरिन्थी २ः१०ः** श्री जे. बी. फिलिप्पसले यस पदको भावात्मक अनुवाद यस प्रकारले गरेका छन्ः 'यदि तिमीहरूले यस भाइलाई क्षमा गर्छौ भने म पक्का पनि उसलाई क्षमा गर्नेछु; त्यस कुरामा ढुक्कै होओ! अनि मेरो तर्फबाट मैले उसलाई क्षमा गर्नुपर्ने कुनै कुरा छ भने म उसलाई प्रभुको सामु क्षमा गर्ने नै छु।' त्यस पश्चात्तापी भाइलाई क्षमा गर्ने विषयमा पावल यी पवित्र जनहरूसित पूरा सहमत थिए; यो कुरा उनीहरूले जान्नुपरेको थियो। तिनको तर्फबाट क्षमा दिने कुनै कुरा रह्यो भने तिनले कोरिन्थीहरूको खातिर क्षमा गर्ने नै थिए, ख्रीष्टको उपस्थितिमा क्षमा गर्ने नै थिए।

यस पत्रमा मण्डलीले अनुशासन गर्नुपर्छ भन्ने कुरामा जोड़ दिइएको छ; यसकारण यो विषय निक्कै महत्त्वपूर्ण हुनुपर्छ। तर के गर्ने? वर्तमान समयमा सुसमाचारसम्मत मण्डलीहरूले पनि यो विषय बिर्सेको जस्तो व्यवहार गर्छन्। पवित्र धर्मशास्त्र बाइबल परमेश्वरको आत्माको प्रेरणाको

फल हो भन्ने कुरा स्वीकार गरेर पनि परमेश्वरको वचनमा हामीलाई मन नपरेका कुराहरूको विषयमा अनाज्ञाकारी हुनु सम्भव रहेछ। यी मण्डलीहरू यसका निम्ति सुस्पष्ट उदाहरण हुन् ।

**२ कोरिन्थी २:११:** स्थानीय मण्डलीले खाँचोमा परेको खण्डमा अनुशासन नगर्ने सम्भवना छ। तर अर्को खतरा पनि छः साँचो गरी पश्चात्ताप गरेको भाइबहिनीलाई क्षमा नदिने डर छ। शैतानले यस्तो परिस्थितिमा आफ्नो मौका छोपिहाल्छ; किनभने त्यो आफ्ना युक्तिहरूमा पूरा धूर्त हुन्छ। जुन मण्डलीले पापसित व्यवाहार गर्दैन, पाप गर्नेलाई अनुशासन गर्दैन, शैतानले त्यसको साक्षी बिगारिदिन्छ, च्यातचुत पारिदिन्छ। अनि कुनै मण्डलीले पश्चात्ताप गर्ने भाइबहिनीलाई आफ्नो सङ्गतिमा पुनर्स्थापित गर्दैन भने शैतानले त्यस पश्चात्ताप गर्ने भाइ-बहिनीलाई भारी शोकमा डुबाइदिन्छ। व्यभिचारजस्तो अपराध आफ्नो हतियार बनाएर शैतानले विश्वासीलाई नष्ट गर्न सकेन भने, त्यसले पश्चात्तापी भाइबहिनीलाई असह्य शोकमा डुबाइदिने चेष्टा गर्छ ।

श्री जे. सिड्लो ब्याक्स्टरले 'त्यसका युक्तिहरूको विषयमा हामी अनजान छैनौं' भन्ने वाक्यको व्याख्या गर्दा यसो भनेका छन्:

> 'शैतानले मानिसहरूलाई सत्यताबाट भड्काउन सबै किसिमका धूर्त युक्तिहरू प्रयोग गरेको छ, जस्तैः गहुँ निफन्ने नाङ्लो (लूका २२:३१), छल्ने युक्तिहरू (२ कोरिन्थी २:११), निसास्याउने काँड़ाहरू (मत्ती १३:२२), पापमा फसाउने र जेल्ने धूर्त युक्तिहरू (एफेसी ६:११), आतङ्कित तुल्याउने सिंहको गर्जन (१ पत्रुस ५:८), धोका दिने ज्योतिर्मय स्वर्गदूतको भेष (२ कोरिन्थी ११:१४) र बन्दी बनाउने किसिम-किसिमका पासाहरू (२ तिमोथी २:२६) ।' [4)]

**२ कोरिन्थी २:१२:** जुन विषय पावलले २:४ पदमा छोड़ेका छन्, त्यही विषय तिनले यहाँ फेरि उठाउँछन्: तिनले आफ्नो योजना किन बदली गरे ? तिनले अघि भने जस्तो तिनी कोरिन्थमा गएनन् । यहाँसम्म आएर हामीले बुझिहाल्यौं: तिनले उनीहरूलाई कड़ा हप्कीले हप्काउनु नपरोस् भन्ने हेतुले तिनी कोरिन्थमा नगएको मूल-कारण रहेछ। अबको

खण्डमा तिनले आफ्नो सेवकाइको मुख्य मोड़मा के-के भएको थियो, सो बयान गर्छन् (२ कोरिन्थी २:१२-१७)। हामी अघि भनिसक्यौं: पावल एफेससबाट यात्रा गरेर त्रोआसमा आएका थिए; किनभने तिनले कोरिन्थबाट ताजा खबर ल्याउने तीतसलाई त्यहाँ भेट्ने इच्छा र आशा गरे। अनि जब तिनी त्रोआसमा पुगे, तब त्यस ठाउँमा ख्रीष्टको सुसमाचार प्रचार गर्न प्रभुले तिनका निम्ति ढोका खोलिदिनुभयो।

**२ कोरिन्थी २:१३:** तर त्यस सुनौलो मौकामा पावलको आत्माले कुनै चैन पाउँदैनथियो; किनकि तीतस तिनलाई भेट्न त्यहाँ आइपुगेनन्; अनि कोरिन्थको मण्डलीको बोझले तिनको हृदय खूबै थिचिरहेको थियो। के त्रोआसमा रहेर तिनले त्यहाँ सुसमाचार प्रचार गर्दै रहून्? के तिनी म्यासिडोनियातिर अघि बढून्? तिनले समुद्र पारि म्यासिडोनिया जाने निर्णय लिए। यस पत्रमा कोरिन्थका विश्वासीहरूले यी शब्दहरू पढ़ेपछि उनीहरूको प्रतिक्रिया केकस्तो भयो होला भन्ने जिज्ञासो लाग्नु स्वाभाविक कुरा हो। हुन सक्छ, अबचाहिँ उनीहरूले कुरा बुझे होलान्: प्रेरित पावलको जीवनमा अशान्ति ल्याउने कारण उनीहरूको व्यवहार पो थियो! के यो पढ़ेर त्यसमा उनीहरूलाई अलिकति पनि लाज लाग्दैनथियो? उनीहरूको आत्मिक कुशलता जान्नको खातिर पावललाई त्रोआसमा सुसमाचारको यत्रो सुनौलो मौका गुमाउने बाध्यता भएको थियो।

**२ कोरिन्थी २:१४:** पावलले हार खाएनन्। ख्रीष्ट येशूको सेवामा तिनी जहाँ-जहाँ पुगे, त्यहाँ-त्यहाँ विजयमाथि विजय भएको थियो। यसकारण तिनको मनरूपी मुहान फुटेर आउँछ, र तिनले निम्न शब्दले आफ्नो कृतज्ञता प्रकट गर्छन्: *'तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई ख्रीष्टमा सधैं विजयी तुल्याउनुहुन्छ।'*

यसको विषयमा श्री ए. टी. रोबर्टसनले यसो भनेका छन्:

> 'किन हो, कसो हो, केही नभनी पावल उफ्रेर एकैपल्टमा निराशको दलदलबाट फुत्त निस्केर आए र लार्कझैं उड़ेर आनन्दका उच्च-उच्च टाकुरामा पुगिहाले। फाँटलाई खिसी गरेर त्यसलाई तल, धेरै तल छोड़ि-राखेर तिनी चीलझैं माथि-माथि आकाशमार्गमा घुमिहिँड़्छन्।' [5)]

पावलले यहाँ विजयी रोमी सेनाहरूको विजय-यात्राको चित्रण प्रयोग गर्छन्। गौरवशाली विजयहरू प्राप्त गरेर घर फर्केका सेनाहरूले आफ्ना कैदीहरूलाई रोमका सड़कहरूहुँदो हिँड़ाउँथे। सड़कको देब्रे र दाहिनेपट्टि धुपौरा बोक्नेहरू तिनीहरूको साथमा हिँड्थे, अनि चारैतिर त्यस जुलुसभरि नै त्यस धूपको मगमग बास्ना फैलिरहन्थ्यो। ठीक त्यस्तै प्रकारको नक्सा पावलले यहाँ कोरिदिएका छन्ः त्रोआसदेखि म्यासिडोनियासम्म विजयी हुनुभएको प्रभु येशूको विजय-यात्रा गएको थियो; त्यसमा विजेता अगाड़ि हिँडूनुभएको र उहाँको सेनाको ताँतीमा प्रेरित पावल पछाड़िबाट आइरहेका थिए। जहाँ-जहाँ प्रभु येशू आफ्ना सेवकहरूलाई लिएर जानुहुन्छ, त्यहाँ-त्यहाँ तिनीहरूको विजय सुनिश्चित हुन्छ। अनि प्रेरित पावलद्वारा ख्रीष्टको ज्ञानरूपी मीठो बास्ना हरेक ठाउँमा चारैतिर फैलिरहेको थियो।

यस विषयमा श्री एफ. बी. मेयरले यसो लेखेका छन्ः

> 'प्रेरित पावल र तिनको टोली जहाँ-जहाँ पुग्थे, त्यहाँ-त्यहाँ मानिसहरूले प्रभु येशूलाई चिन्न र अझै राम्रोसँग चिन्न पाउँथे; किनभने जतातत‍ै पावलका स्वामीको सत्-चरित्रको शोभा स्पष्ट र झन् स्पष्ट हुँदै जान्थ्यो। अनि सारा वातावरण सुगन्धित पार्ने मीठो बास्ना सुँघेर मानिसहरू नासरतका येशूप्रति आकर्षित भए।' 6)

यसो भए पावलले शैतानसित लड़ेर हार खाएका रहेनछन्। होइन, तर प्रभु येशू शैतानमाथि विजयी हुनुभयो, अनि उहाँको त्यस विजयमा पावल सहभागी भए।

**२ कोरिन्थी २ः१५ः** पावलले प्रसङ्ग उठाएको यस विजय-यात्रामा गौरवशाली विजयहरू प्राप्त गरेका सेनाहरूका निम्ति धूपको मीठो बास्ना विजयको सुगन्ध हुन्थ्यो, तर तिनीहरूको साथमा हिँड़ाइएका कैदीहरूका निम्ति त्यो धूपको बास्ना तिनीहरूको विनाश सङ्केत गर्ने दुर्गन्ध हुन्थ्यो। ठीक त्यस्तै, सुसमाचारको प्रचारको प्रभाव दुई प्रकारको हुन्छ भन्ने कुरा प्रेरित पावलले यहाँ हामीलाई जनाउँदछन्। मुक्ति पाउनेहरूको बीचमा त्यसको प्रभाव एक किसिमको छ भने, नष्ट हुनेहरूको बीचमा त्यसको

प्रभाव अर्को किसिमको हुन्छ। सुसमाचार ग्रहण गर्नेहरूको निम्ति यो शुभ सन्देश महिमित, उज्ज्वल भविष्यको प्रतिज्ञा र प्रण हो भने, अरू सबैका निम्ति यो सन्देश विनाशको सङ्केत र लक्षण हुन्छ। मानिसहरूले सुसमाचार ग्रहण गरून् वा ग्रहण नगरून्, यी दुवै कुराबाट परमेश्वरलाई महिमा पुग्छ; किनभने परमेश्वरको निम्ति यता अनुग्रहको मीठो बास्ना र उता न्यायको सुगन्ध हुन्छ।

यो कुरा श्री एफ. बी. मेयरले असल प्रकारले व्यक्त गरेका छन्, जब उनले यसो भनेः

> 'जब हामी परमेश्वरका निम्ति ख्रीष्टको मीठो बास्ना हौं भन्ने कुरा यहाँ व्यक्त गरिएको छ, तब यसको मतलब अवश्य यही हुनुपर्छः हामी यस प्रकारको जीवन जिउनुपर्छ, जुन जीवनको जियाइद्वारा परमेश्वरलाई प्रभु येशूको धरातलीय जीवनको सम्झना आउँछ – मानौं परमेश्वरले हाम्रो दिन प्रतिदिनको जीवन हेरिरहनुहुन्छ र हामीमा आफ्ना पुत्र येशूलाई देख्नुहुन्छ, अनि परमेश्वर पितालाई प्रभु येशूको परम धन्य जीवनको सम्झना आउँछ, जसले आफूलाई भेटी र बलिदानको रूपमा परमेश्वरकहाँ अर्पण गर्नुभयो र जो यसरी उहाँका निम्ति मीठो बास्ना दिने सुगन्ध हुनुभयो।' [7)]

**२ कोरिन्थी २ः१६ः** मुक्ति पाउनेहरूका निम्ति ख्रीष्ट-विश्वासीहरू जीवनमा पुऱ्याइदिने जीवनको सुगन्ध हुन्छन्, तर नष्ट हुनेहरूका निम्ति उनीहरू मृत्युमा पुऱ्याइदिने मृत्युको दुर्गन्ध हुन्छन्। श्री जे. बी. फिलिप्पस्को शब्दमा भन्नु हो भने, हामी विश्वास गर्नेहरूकहाँ जीवन ल्याइदिने सच्च जीवनको शीतल सुगन्ध हौं भने, विश्वास गर्न नमान्नेहरूका निम्ति हामी विनाशको ठसठस आउने मृत्युको दुर्गन्ध हौं।

पुरानो नियममा एउटा यस्तो घटना उल्लेख गरिएको छ, जुन घटनाबाट यो दुई प्रकारको प्रभाव कस्तो हुन्छ, सो कुरा स्पष्ट पार्ने सुन्दर उदाहरण मिल्छ। एक समयमा फिलिस्तीहरूले परमेश्वरको सन्दुक कब्जा गरे। अनि जबसम्म त्यो सन्दुक तिनीहरूको साथमा रहिरहन्थ्यो, तबसम्म त्यसले तिनीहरूको बीचमा मृत्यु र विनाश ल्याउँथ्यो (१ शमूएल ५ः)।

तर जब त्यो सन्दुक फर्काएर ल्याइयो र ओबेद-एदोमको घरमा राखियो, तब त्यसले उसकहाँ र उसको घरानामा आशिष र समृद्धि ल्यायो (२ शमूएल ६ :११) ।

यस प्रकारका, मानिसहरूको भाग्य टाढ़ो भविष्यसम्म सुनिश्चित गराउने नतिजाहरू ल्याइदिने सुसमाचारको प्रचार गर्ने कर्तव्य ज्यादा ठूलो छ । यस कर्तव्यको विषयमा विचार गरेर पावल ठूलो सोरले प्रश्न गर्छन्ः *'अनि यी कुराहरूका निम्ति योग्य को छ त ?'*

**२ कोरिन्थी २ःः१७ः** अघिको पदसित यस पदको सम्बन्ध रहेको कुरा स्पष्ट पार्नका निम्ति हामी निम्न दुईवटा शब्द थप्छौंः 'हामी छौं; किनकि .... ।' तर उक्त प्रश्नले हामीलाई २ कोरिन्थी ३ :५ पदमा लान्छ, जहाँ यस्तो लेखिएको छः *'हाम्रो योग्यताचाहिँ परमेश्वरबाटको हो ।'* पावलको योग्यता परमेश्वरको तर्फबाट मिलेको योग्यता थियो । यहाँ सत्र पदको अर्थ हामी ३ :५ पदको सिलसिलामा राम्ररी बुझ्न पाउँछौं ।

'हामी ती धेरै[8] मानिसहरूजस्ता होइनौं' भन्ने वाक्यांशको सन्दर्भ यहूदीवादका शिक्षकहरू हुन्, जुन झूटा शिक्षकहरूले कोरिन्थका विश्वासीहरूलाई प्रेरित पावलबाट अलग गराउन खोजिरहेका थिए । पावलले भनेअनुसार तिनीहरू पैकारी थिए, फेरीवाला थिए, जसले परमेश्वरको वचनको किनबेच गर्थे । तिनीहरू व्यापारी थिए । तिनीहरूको अभिप्राय यही थियो । तिनीहरूले परमेश्वरको निम्ति गरिने सेवकाइ पैसा कमाउने भाँड़ो सम्झे । बिगार्नु भन्ने शब्दको अर्थ पन्यालो पार्नु पनि हो; किनभने त्यस बेलामा दूध र दाखमद्यमा पानी हालेर बेच्ने कसै-कसैको चलन थियो । अनि ती झूटा शिक्षकहरूले परमेश्वरको वचनमा आफ्ना सिद्धान्तहरू मिसाएर त्यो दूषित तुल्याउँथे । तिनीहरूले अनुग्रहको करारमा व्यवस्थाको आज्ञापालन मिसाउँथे ।

पावलचाहिँ परमेश्वरको विशुद्ध वचनमाथि हात लगाएर त्यसको अर्थ बिगार्ने वा त्यो व्यापारको माल र धन्दा सम्झने मानिसहरूमध्ये थिएनन् । तिनले आफ्नो सेवकाइको वर्णन गर्दा त्यसका चारवाट गुणहरू व्यक्त गरे ।

**क)** तिनी निष्कपट मानिस थिए । निष्कपटको खास अर्थ निर्मल र स्वच्छ, अँ, पूरा पारदर्शित हो । तिनको सेवकाइ इमानदारी थियो ।

त्यसमा कुनै छक्का-पन्जा, कुनै चालबाज थिएन; त्यसमा गुप्त भन्ने केही पनि थिएन । श्री ए. टी. रोबर्टसनले यस वाक्यको व्याख्या यसो गरेका छन्ः

> 'पावलको चरित्र थाप्लोदेखि पैतालासम्म असल र असल मात्र भएको थियो, आँपको बोटका मीठा फलहरूजस्तो ।' [9)]

**ख)** तिनको सेवकाइ परमेश्वरको तर्फबाट भएको थियो । अर्को शब्दमा भन्नु हो भने, तिनले जे बोल्थे, त्यो सबै परमेश्वरबाटको हुन्थ्यो । तिनको सुसमाचार परमेश्वरको सुसमाचार थियो । अनि परमेश्वरको शक्ति पाएर तिनले सुसमाचार प्रचार गर्दै रहन्थे ।

**ग)** तिनी परमेश्वरको सामु बोल्थे । परमेश्वरले तिनलाई सधैं हेरिरहनुभएको कुरामा सचेत रहेर प्रेरित पावलले प्रभु येशूको सेवा गर्थे । तिनी परमेश्वरप्रति कर्तव्यनिष्ठ थिए, यो जानेर कि परमेश्वरका आँखाको सामु कुनै कुरा लुक्न सक्दैन ।

**घ)** तिनी ख्रीष्टमा बोल्थे; तिनी ख्रीष्ट येशूको नाममा बोल्थे; तिनी ख्रीष्टको अधिकारसित बोल्थे; तिनी ख्रीष्टको प्रवक्ता भएर बोल्थे ।

## घ) २ कोरिन्थी ३ः१-५ः सेवकाइको निम्ति पावलको सिफारिस-पत्र के हो ?

**२ कोरिन्थी ३ः१ः** अघिल्लो पदमा प्रेरित पावलले आफ्नो सेवकाइको वर्णन गर्दा त्यसका चारवटा गुणहरू व्यक्त गरे । कतिजनाका निम्ति, विशेष गरी तिनका छिद्रान्वेषीहरूका निम्ति, तिनले आफ्नो सिफारिस आफूले गरेको जस्तो देखिन्छ भन्ने कुरा तिनलाई याद भयो । यसकारण तिनले यस अध्यायको शुरुमा यो प्रश्न सोध्छन्ः *'तब के हामीले फेरि आफ्नै प्रशंसा गर्न थाल्यौं ?'* के तिनले अघि कतै आफ्नो सिफारिस आफूले गरे त, जसरी त्यो 'फेरि' भन्ने शब्दले भान गराउँछ ? होइन, तर अघि पनि तिनलाई यसो गरेको आरोप लगाइएको थियो; यसको खास अर्थ यही हो । अनि यहाँ,

यस ठाउँमा तिनलाई फेरि पनि यस प्रकारको आरोप लगाइन्छ भन्ने पूर्वानुमान तिनले लगाइसकेका हुन् ।

*'अथवा के अरू-अरूलाई झैं हामीलाई पनि तिमीहरूकहाँ सिफारिस-पत्र ल्याउने वा तिमीहरूबाट सिफारिस-पत्र लैजाने खाँचो छ ?'* 'अरू-अरूलाई झैं' भनेर पावलले ती झूटा शिक्षकहरूलाई सङ्केत गरे, जसको विषयमा तिनले अघि २ः१७ पदमा कुरा गरे । ती झूटा शिक्षकहरू सिफारिस-पत्र, हुन सक्छ, यरूशलेमको मण्डलीबाट लेखिएको सिफारिस-पत्र लिएर कोरिन्थमा आउने गर्थे । अनि हुन सक्छ, तिनीहरू कोरिन्थबाट अघि बढ्दा कोरिन्थको मण्डलीको सिफारिस-पत्र बोकेर लैजान्थे होलान् । शुरुका मण्डलीहरूमा एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्ने ख्रीष्ट-विश्वासीहरूका निम्ति सिफारिस-पत्र लेखिने चलन थियो । यस पदमा प्रेरित पावलले सिफारिस-पत्र लेखिने त्यस चलनमा कुनै दोष पाउँदैनन्, 'यस्तो सिफारिस-पत्रको के काम' भनेर पनि भन्दैनन्, तर ती झूटा शिक्षकहरूसँग तिनीहरूको अनुमोदन गर्ने केवल यी सिफारिस-पत्र थिए भनेर तिनले सङ्केत गरेर भन्न खोजेका हुन् । तिनीहरूसँग तिनीहरूको अनुमोदन गर्ने अरू केही पनि थिएन ।

**२ कोरिन्थी ३ः२ः** कोरिन्थमा आएर ती यहूदीवादी शिक्षकहरूले पावलको प्रेरितिक अधिकारको विषयमा शङ्काहरू उठाए । तिनीहरूका आँखामा तिनी ख्रीष्टको सच्चा दास कहाँ थिए र ? त्यो तिनीहरूले मान्दै-मान्दैनथिए । अनि हुन सक्छ, प्रेरित पावल अर्को पालि कोरिन्थमा आउँदा उनीहरूले तिनीबाट सिफारिस-पत्र खोज्नुपर्ने उद्देश्यले तिनीहरूले कोरिन्थका विश्वासीहरूको मनमा शङ्का-उपशङ्काहरू हाले होलान् । 'हेर त, "के हामीलाई पनि तिमीहरूकहाँ आउँदा सिफारिस-पत्र ल्याउनु खाँचो छ" भन्ने प्रश्न तिनले गरिसके; होइन र ?' भन्ने तर्क तिनीहरूले गरे होलान् ।

तर तिनको विषयमा खास कुरा कस्तो थियो ? तिनी पहिलो पल्ट कोरिन्थमा आउँदाखेरि उनीहरू मूर्तिपूजा गर्ने अन्यजातिका मानिसहरू थिए । तिनले उनीहरूलाई ख्रीष्ट येशूकहाँ डोस्याएर ल्याए । कोरिन्थका अमूल्य आत्माहरू पावललाई दिएर प्रभु येशूले तिनको सेवकाइ प्रेरितको

सेवकाइ हो भन्ने पक्का अनुमोदनको छाप लगाइदिनुभयो। पावलको विषयमा खास कुरा यस्तो थियो।

पावलको सिफारिस-पत्र कोरिन्थका विश्वासीहरू स्वयम् थिए। *'तिमीहरूचाहिँ सबै मानिसहरूद्वारा चिनिएको र पढ़िएको, हाम्रा हृदय-हरूमा लेखिएको हाम्रै पत्र हौ।'* पावलको अवस्थामा तिनलाई मसीले लेखिएको पत्र खाँचो परेन; किनभने कोरिन्थका विश्वासीहरू तिनको सेवकाइका फल थिए; अनि उनीहरूले तिनको हृदयमा प्रेमको स्थायी स्थान पाएका थिए।

यति मात्र होइन; तर उनीहरू सबै मानिसहरूद्वारा चिनिएका र पढ़िएका थिए, अर्थात् त्यस सारा इलाकाभरिका मानिसहरूले उनीहरू प्रभुमा फर्केको कुरा थाहा पाए। उनीहरूको जीवनमा अद्‌भुत परिवर्तन भएको थियो; उनीहरूले मूर्तिहरूलाई छोड़े, उनीहरू एकमात्र सत्य परमेश्वरकहाँ फर्के; उनीहरू परमेश्वरका निम्ति अलग भए, र अब पाप र संसारबाट अलगिएको जीवन जिउँथे। उनीहरू पावलको सेवकाइमाथि लगाइएको ईश्वरीय छाप थिए। यो सर्वविदित र सर्वमान्य कुरा थियो।

**२ कोरिन्थी ३ः३ः** के यस पदले ३ः२ पदमा भनिएको कुरा नकार्छ, जसरी पहिलो सरसरी दृष्टिमा लाग्छ? किनभने दुई पदमा पावलले के भनेका छन् भने, कोरिन्थका विश्वासीहरू तिनको पत्र थिए। तर यहाँ तिनले *'तिमीहरू ख्रीष्टको पत्र हौ'* भनेर भन्छन्। दुई पदअनुसार उनीहरू पावलको हृदयमा लेखिएको पत्र हुन् भने, तीन पदअनुसार ख्रीष्ट येशूले कोरिन्थका विश्वासीहरूको हृदयमा पत्र लेख्नुभएको कुरा स्पष्ट भएको छ। के यी भिन्नताहरूको निम्ति कुनै स्पष्टीकरण मिल्छ कि?

यसको उत्तर यस प्रकारको छः दुई पदमा कोरिन्थीका विश्वासीहरू पावलको सिफारिस-पत्र हुन्; अनि तीन पदमा यसको स्पष्टीकरण दिइएको छ। यी दुईवटा पदहरू निम्त प्रकारले जोड़िएर असल नतिजा निस्कन्छ होला, जस्तैः 'तिमीहरू हाम्रो पत्र हौ; किनकि तिमीहरू ख्रीष्टको पत्र भएको कुरा प्रकट भएको छ।' अर्को शब्दमा भन्नु हो भने, कोरिन्थका विश्वासीहरू पावलको सिफारिस-पत्र थिए; किनभने प्रभु येशूले उनी-हरूको जीवनमा अनुग्रहको काम गर्नुभएको कुरा सुस्पष्ट र सर्वविदित

भइसकेको थियो। उनीहरू इसाई भएको कुरामा कसैलाई कुनै शङ्का थिएन। अनि उनीहरूलाई प्रभुमा ल्याउने माध्यम पावल नै थिए; यसकारण उनीहरू तिनको सिफारिस-पत्र थिए। *'जुन पत्रको रचना हाम्रो सेवाद्वारा भएको हो'* भन्ने वाक्यले यो मतलब व्यक्त गरेको छ। प्रभु येशूले उनीहरूको जीवनमा काम गर्नुभयो; अनि उहाँले उनीहरूको जीवनमा जुन काम गर्नुभयो, त्यो काम उहाँले पावलको सेवकाइद्वारा गर्नुभएको हो।

पावलका शत्रुहरूले बोकिराखेका सिफारिस-पत्रहरू मसीले लेखिएका पत्रहरू थिए; तर पावलको सिफारिस-पत्र जीवित परमेश्वरको आत्माद्वारा लेखिएको थियो। यसकारण त्यस पत्रको रचना दिव्य थियो। यहाँ मसीको कुरा आयो। मसीको रङ्ग उड्छ, मसीले लेखिएको कुरा मेटिन्छ र नाश हुन्छ। तर परमेश्वरको आत्माले मानिसहरूको हृदयमा जे लेख्नुहुन्छ, त्यो सधैं रहिरहन्छ र अनन्त हुन्छ।

त्यसपछि पावलले यसो भन्दै आफ्नो स्पष्टीकरण अघि बढ़ाउँछन्: *'जुन पत्रचाहिँ ढुङ्गाका पाटीहरूमा होइन, तर हृदयका मासुरूपी पाटीहरूमा लेखिएको हो।'* कोरिन्थमा आउने पर्यटकहरूले बजारको बीचमा ख्रीष्टको पत्र ठूलो स्मारक-स्तम्भमा कुँदेर लेखिएको देख्न पाउँदैनथिए, तर कोरिन्थका विश्वासीहरूको हृदय र जीवनमा लेखिएको पत्र पढ्न पाउँथे।

यहाँ, यस ठाउँमा पावलले ढुङ्गाका पाटीहरूमा लेखिएको पत्र र हृदयका मासुरूपी पाटीहरूमा लेखिएको पत्र आपसको तुलना गर्छन्। यसो गर्दा तिनले मोशाको व्यवस्था र ख्रीष्टको सुसमाचारको बीचमा भएको भिन्नता स्पष्ट पार्न खोजे; यसमा कुनै शङ्का छैन। यहाँ सिनाई पर्वतको कुरा आयो, जुन पर्वतमाथि मोशाको व्यवस्था ढुङ्गाका पाटीहरूमाथि लेखिएको थियो। तर सुसमाचारको युगमा परमेश्वरले मानिसहरूको बीचमा अनुग्रह र प्रेमको सुसमाचार प्रचार गरेर तिनीहरूको हृदयमा लेखिएको सन्देशद्वारा तिनीहरूको आज्ञाकारिता सुनिश्चित गर्नुभएको छ। छ पददेखि पावलले यो विषय उठाउँदै पत्र लेख्ने काम अघि बढ़ाउँछन्। जुन कुराको बारेमा यहाँ सङ्केत मात्र पाइएको छ, त्यस कुराको बेलिबिस्तार र विस्तृत चर्चा ३:६ पददेखि गरिन्छ।

**२ कोरिन्थी ३ः४ः** पावललाई आफ्नो प्रेरितिक अधिकार र प्रभुद्वारा आफ्नो जिम्मामा सुम्पिएको सेवकाइको विषयमा पूरा निर्धक्क भई बोलेका देख्दा हामीले तिनलाई यो प्रश्न सोध्ने मन छः 'पावलज्यू, यत्रो हिम्मतको साथ बोल्ने साहस तपाईंलाई कहाँबाट भएको हो ?' अनि यस प्रश्नको उत्तर हामी यहाँ चार पदमा पाउँछौं ।

तिनले पेश गरेको प्रेरितिक अधिकारको प्रतिरक्षामा तिनले कतै आफ्नो सिफारिस आफैले गरेको जस्तो लाग्न सकिन्छ । तर तिनले आफ्नो सिफारिस गरेको कुरा शसक्त इन्कार गर्छन् । परमेश्वरप्रति तिनको निर्धक्कता सुदृढ़ छ, अर्थात् परमेश्वरको परीक्षाजाँचमा पनि स्थिर रहन्छ । आफूमाथि तिनको भरोसा थिएन, न ता आफ्नो योग्यतामाथि तिनको भरोसा थियो; तर तिनको निर्धक्कता केवल ख्रीष्ट येशूको खातिर थियो । ख्रीष्ट येशूले यी कोरिन्थीहरूको जीवनमा एउटा काम गर्नभयो, त्यस कामको विषयमा तिनी ढुक्कै र निर्धक्क हुन्थे । त्यस काममा तिनले आफ्नो सेवकाइको पक्का प्रमाण देख्थे । यी कोरिन्थीहरूको जीवनमा अपूर्व परिवर्तन आएको थियो; अनि यो थियो, तिनको सिफारिस-पत्र ।

**२ कोरिन्थी ३ः५ः** येशू ख्रीष्टको प्रेरित हुने योग्यता पावलमा थिएन, रत्तीभर तिनीबाट भएकै थिएन । तिनले सरसर यो कुरा यहाँ इन्कार गर्छन् । तिनले आफ्नो सेवकाइको निम्ति चाहिएको शक्ति आफूभित्रबाट पाउँदैनथिए, तर माथिबाट पाउँथे । तिनले यसका निम्ति कुनै श्रेय लिँदैनथिए । किनभने परमेश्वरले तिनलाई सेवकाइको योग्य नतुल्याउनुभएको भए तिनले केही पनि सम्पन्न गर्न सक्नेथिएनन् ।

## ङ) २ कोरिन्थी ३ः६-१८ः पुरानो नियम र नयाँ नियमको बीचको तुलना

**२ कोरिन्थी ३ः६ः** तिनको सिफारिस कहाँबाट आयो र सेवकाइका निम्ति तिनको योग्यता केमा थियो, सो कुरा बताइसकेपछि पावलले त्यो कस्तो सेवकाइ थियो, सो विस्तृत वर्णन शुरु गर्छन् । आउँदा पदहरूमा तिनले पुरानो नियम र नयाँ नियमको बीचमा, मोशाको व्यवस्था र येशूको

सुसमाचारको बीचको भिन्नता प्रस्तुत गर्छन् । यहाँ, यस ठाउँमा यो भिन्नता पेश गर्नु उपयोगी देखिन्छ; किनभने कोरिन्थमा पावलका छिद्रान्वेष गर्नेहरू यहूदीवादीहरू थिए । अनि यी मानिसहरूले व्यवस्था र अनुग्रहको खिचड़ी गर्न खोज्थे, एकै ठाउँमा मुछ्न चाहन्थे । परमेश्वरको सामु पूरा ग्रहणयोग्य हुन ख्रीष्ट-विश्वासीहरूले मोशाको व्यवस्थाका केही आज्ञाहरू पालन गर्नुपर्छ भन्ने शिक्षा तिनीहरूले सिकाउने गर्थे । यसकारण प्रेरित पावलले यहाँ पुरानो नियमभन्दा नयाँ नियमचाहिँ सर्वोच्च हो भन्ने कुरा प्रमाणित गर्न लागेका छन् । तिनले कहाँबाट शुरु गर्छन् ? 'परमेश्वरले नै हामीलाई नयाँ वाचाका योग्य सेवकहरू बनाउनुभएको' कुराबाट तिनले आफ्नो वर्णन शुरु गर्छन् ।

एउटा वाचाचाहिँ कुनै प्रतिज्ञा, सम्झौता वा करार हो । पुरानो नियमचाहिँ परमेश्वरद्वारा मोशाको हातमा सुम्पिइएको विधिवत् शिक्षा-समूह हो । पुरानो नियमअन्तर्गत जुनसुकै आशिष आज्ञापालनको फल हुन्थ्यो । त्योचाहिँ धर्मकर्महरूमा आधारित भएको करार थियो । त्यो परमेश्वर र यहूदी मानिसहरूको बीचको सम्झौता थियो । मानिसले आफ्नो कर्तव्य पूरा गरे परमेश्वरले पनि आफ्नो कर्तव्य पूरा गर्नुहुनेथियो । तर यस वाचाको भार मानिसहरूको काँधमा हालिएको हुनाले त्यो वाचा धार्मिकता प्राप्त गर्न अयोग्य ठहरियो ।

अब नयाँ नियमको कुरा आयो । नयाँ नियम ख्रीष्टको सुसमाचार हो । नयाँ नियमअन्तर्गत परमेश्वरले आफ्नो अनुग्रहद्वारा ख्रीष्ट येशूको त्राणात्मक कामको खातिर मानिसलाई सित्तैंमा आशिष दिने प्रण गर्नुभएको छ । नयाँ नियमअन्तर्गत सबै कुराहरू परमेश्वरमाथि निर्भर गर्छन्, मानिस-माथि होइन । यसकारण जुन कुरा पुरानो नियमले पूरा गर्न सक्दैनथियो, त्यो कुरा पूरा गर्न नयाँ नियम पूरा रूपले सक्षम हुन्छ ।

मोशाको व्यवस्था र ख्रीष्टको सुसमाचारका भिन्नताहरू केमा छन् ? पावलले यहाँ यसका निम्ति केही सुस्पष्ट उदाहरणहरू दिन लागेका छन् । छ पदमा तिनले यसो भन्दै यी वाचाहरूको बीचको पहिलो भिन्नता प्रस्तुत गर्छन्ः *'लेखका होइन, तर आत्माका सेवकहरू; किनकि लेखले मार्छ, तर आत्माले जीवन दिनुहुन्छ ।'* यस वाक्यको व्याख्या प्रायः यस प्रकारले

गरिएको छः पवित्र धर्मशास्त्र बाइबलका वचनहरू बाहिरी रूपले मात्र लिएर तर त्यसको भित्री भाव नबुझेर गरेको आज्ञापालन हानिकारक छ। यसका निम्ति फरिसीहरू उचित उदाहरण हुन्। मत्ती २३ः२३ पदअनुसार तिनीहरू दशांशको विषयमा यति साह्रै आज्ञानिष्ठ हुन्थे, कि तिनीहरूले पदिना, सूप र जिराको पनि दशांश दिन्थे, तर तिनीहरू अरू मानिसहरूलाई न्याय र दया देखाउनुमा पूरा चुक्थे। यस प्रकारको विचार यस खण्डको खास व्याख्या होइन, तर यसको व्यावहारिक प्रयोगको रूपमा मान्न सकिन्छ।

अब यस खण्डको खास व्याख्या आयो। छ पदमा लेखको सन्दर्भ मोशाको व्यवस्था हो; अनि आत्माको अर्थ परमेश्वरको अनुग्रहको सुसमाचार हो। जब पावलले 'लेखले मार्छ' भनेर भन्छन्, तब तिनले व्यवस्थाको कामको कुरा गरेका छन्। किनकि व्यवस्थाले सबैलाई दोषी ठहराउँछ, जसले त्यसका पवित्र नियमहरू पालन गर्दैनन्। *'व्यवस्थाद्वारा पापको चिन्ने ज्ञान हुन्छ'* (रोमी ३ः२०)। अनि *'व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुराहरू पालन गरेर तिनमा लागिनरहेको हरेक जन श्रापित हुन्छ'* (गलाती ३ः१०)। व्यवस्थाले जीवन दिनुचाहिँ कहिल्यै परमेश्वरको उद्देश्य थिएन। तर त्यसले मानिसहरूको बीचमा पाप चिनाउने र पापको विषयमा कायल पार्ने काम गर्छ। नयाँ नियमचाहिँ यहाँ आत्मा भनिएको छ; किनभने पुरानो नियमका सबै प्रतीक र छाया-चित्रणहरू त्यसमा आत्मिक तवरले पूरा भएका हुन्। व्यवस्थाको माग सुसमाचारद्वारा पूरा भएको हो। व्यवस्थाले गर्न नसक्ने कुरा अहिले सुसमाचारको फल हुने भयो।

यसको सार श्री जी. एम. डेविसले यस प्रकारले दिएका छन्ः

> 'लेखको काम मार्नु हो; पुरानो नियमको शुभारम्भमा, सिनाई पर्वतमा तीन हजारजनाको मृत्यु यसको प्रमाण हो (प्रस्थान ३२ः२८)। अनि आत्माको सेवकाइ जीवन दिने सेवकाइ हो; पेन्टेकोष्टको दिनमा तीन हजार मानिसहरूले मुक्ति पाएको घटना यसको प्रमाण हो (प्रेरित २ः४१)।' [10)]

**२ कोरिन्थी ३:७:** अबका दुईवटा पदहरूमा पुरानो नियम र नयाँ नियमको बीचका भिन्नताहरू यी पदहरूको विषयवस्तु रहेका छन्। यहाँ प्रेरित पावलले विशेष गरी व्यवस्थाको स्थापनामा देखिएको महिमा सुसमाचारको महिमासित तुलना गर्छन्। कोरिन्थीहरूलाई लेखिएको पावलको दोस्रो पत्रका तीन र चार अध्यायमा तेज, महिमा र महिमित भन्ने शब्द सत्र पल्ट भेटिन्छ। पुरानो नियमको नाम *'ढुङ्गाहरूमा लेखिएको र खोपिएको मृत्युको सेवा'* हो। यस भनाइको सन्दर्भ दस आज्ञा हो; किनभने दस आज्ञाहरूले ती सबै मानिसहरूलाई मृत्युदण्ड दिने चेताउनी दिन्थ्यो, जसले दस आज्ञाहरू पालन गर्न सकेनन् (प्रस्थान १९:१३)। व्यवस्थाको स्थापना महिमापूर्ण थियो। पावलले यो कुरा इन्कार गर्दैनन्; किनकि जब सिनाई पर्वतमाथि परमेश्वरले मोशालाई दस आज्ञाहरू दिनुभयो, तब परमेश्वरको उपस्थिति र प्रतापका महान्-महान् प्रदर्शन भइरहेका थिए (प्रस्थान १९: )। अनि परमेश्वरसित कुरा गरेर उभिएका मोशाको अनुहार चम्कन थालेको थियो; उनको अनुहारमा परमेश्वरको गौरव प्रतिबिम्बित भएको थियो। यसकारण *'इस्राएलीहरूले मोशाको अनुहारको तेजले गर्दा उनको अनुहारमा डिठ लाएर हेर्नै सकेनन्।'* त्यो अनुहार यति चहकिलो थियो, कि तिनीहरूले त्यो हेरिरहन सक्दैनथिए। तर पावलले यी महत्त्वपूर्ण शब्दहरू थपेका छन्: *'जुन तेज मेटिने खालको थियो।'* मोशाको अनुहारमा देखिएको त्यो उज्ज्वल तेज बितिजाने तेज रहेछ। त्यो त एउटा अस्थायी तेज थियो, अँ, एउटा लोप भएर जाने किसिमको तेज थियो। अनि यस भनाइको आत्मिक तात्पर्य के हो? पुरानो नियमको महिमा अस्थायी महिमा थियो। व्यवस्थाको निश्चित काम थियो; त्यसले पाप भनेको के हो, सो प्रकट गर्नुपरेको थियो। त्यसले परमेश्वरका पवित्र मागहरू प्रस्तुत गर्नुपरेको थियो। यस काममा व्यवस्था महिमापूर्ण थियो। तर व्यवस्था ख्रीष्ट येशू आउनुभएको समयसम्म, एउटा सीमित समयको निम्ति दिइएको थियो; *'किनभने विश्वास गर्ने हरेक जनको लागि धार्मिकता प्राप्त गर्नलाई ख्रीष्ट नै व्यवस्थाको अन्त हुनुहुन्छ'* (रोमी १०:४)। व्यवस्था छाया हो; ख्रीष्ट येशू छायामा देखिएको वस्तुको वास्तविकता हुनुहुन्छ। व्यवस्थाचाहिँ आउन लागेका असल कुराहरूको

छायाचित्र थियो भने, यी कुराहरूले संसारको मुक्तिदातामा वस्तु-तथ्यता अर्थात् आफ्ना वास्तविक रूप पाएका छन् (कलस्सी २:१७)।

**२ कोरिन्थी ३:८:** व्यवस्थामा यस्तो महिमापूर्ण गुण थियो भने, आत्माको सेवामा झन् कति बढ़ता महिमा हुनुपर्छ!! यहाँ आत्माको सेवकाइको सन्दर्भ ख्रीष्टको सुसमाचार हो; किनभने जहाँ-जहाँ ख्रीष्टको सुसमाचार प्रचार गरिन्छ, त्यहाँ-त्यहाँ परमेश्वरको आत्मा काम गर्नुहुन्छ; अनि मुक्तिको सुसमाचार ग्रहण गर्नेहरू सबैले पवित्र आत्मालाई प्राप्त गर्छन्। आत्माको सेवा झन् बढ़ी महिमापूर्ण ***हुनेछ*** भन्ने वाक्यमा यो क्रियापदको काल भविष्यत्काल होइन, तर यस क्रियापदले अनिवार्य परिणाम के हुने हो, सो व्यक्त गर्छ। जहाँ कुनै कुराको सर्त पूरा गरिएको हुन्छ, त्यहाँ त्यसको परिणाम पनि सुनिश्चित हुन्छ-हुन्छ।

**२ कोरिन्थी ३:९:** यहाँ पुरानो नियमले 'दोषी ठहराउने सेवकाइ' भन्ने नाम पाएको छ; किनभने त्यसको कामको नतिजा यही थियो। व्यवस्थाले सबै मानिसहरूलाई दोषी ठहराउँछ-ठहराउँछ; किनभने मानिसहरूको बीचमा व्यवस्थाका सबै आज्ञाहरू पूरा रूपले पालन गरेको एकजना पनि छैन। तर व्यवस्थाको महिमा नभएको होइन, त्यससँग केही महिमा त थियो। व्यवस्था दिइएकोमा एउटा वास्तविक उद्देश्य थियो; अनि केही समयसम्म त्यसको उपयोगिता पनि थियो। तर धर्मी ठहराउने सेवकाइ त्योभन्दा अति नै बढ़ी महिमापूर्ण हुन्छ। यस विषयमा श्री चार्लस हड्चले यसो भनेका छन्ः

> 'धार्मिकता प्रदान गर्ने सेवकाइले मानिसहरूकहाँ तिनीहरूलाई धर्मी ठहराउने धार्मिकता के हो, सो प्रकट गर्छ; अनि यसरी धर्मी ठहराइएका मानिसहरू व्यवस्थाले तिनीहरूमाथि लगाइएको आरोप र दण्डको आज्ञाबाट मुक्त भएका छन्।' [11)]

सुसमाचारको महिमा हाम्रा आँखाहरूको निम्ति आकर्षित नहोला, तर त्यसका गहन, सर्वश्रेष्ठ, अनन्त गुणहरूले हाम्रो आत्मालाई आकर्षण गर्छन्। सिनाई पर्वतको महिमाभन्दा गलगथाको महिमा कता-हो-कता उत्तम हुन्छ!!

**२ कोरिन्थी ३ः१०ः** एक प्रकारले व्यवस्था महिमापूर्ण थियो; तर नयाँ नियमसँग तुलना गर्दा त्यसको महिमा केही पनि थिएन। यस पदमा दुईवटा करारहरू सँगै राखिँदा र आपसमा तुलना गरिँदा हामीलाई एउटा दाँज्ने काम प्रस्तुत गरिएको छ। यस तुलनाको नतिजा के भयो त? वचनले के भन्छ? महिमाको तेजमा नयाँ करारले पुरानो करारलाई पूरा रूपले उछिनेको छ, तिनको बीचमा आकाश र पातालको भिन्नता छ।

यस विषयमा श्री ए. टी. रोबर्टसनले यसो भनेका छन्ः

> 'एउटा करारको ठूलो महिमाको तेजले अर्को करारको थोरै महिमाको तेज उड़ाउँदो रहेछ र पूरा निल्दो रहेछ, यहाँसम्म कि त्यो पुरानो करारचाहिँ आफूसँग महिमा केही पनि नभएको जस्तो देखा पर्छ; किनकि नयाँ करारको महिमा अत्यन्त ठूलो हुन्छ।' [12)]

अनि श्री जेम्स डेन्नीको टिप्पणीमा यसो लेखिएको छः

> 'आकाशमा सूर्य आफ्नो शक्तिमा चम्कँदा अरू कुनै नक्षेत्रको होइन, तर केवल त्यसकै तेज मात्र देखिन्छ।' [13)]

**२ कोरिन्थी ३ः११ः** *'किनकि यदि मेटिएर जाने करार महिमापूर्ण थियो भने रहिरहने करार झन् बढ़ता महिमापूर्ण हुन्छ।'* ग्रीकमा यस प्रकारले लेखिएको छः 'मेटिएर जानेचाहिँ *महिमा**द्वारा*** थियो भने रहिरहनेचाहिँ *महिमा**मा*** झन् बढ़ता।' यहाँ म '-द्वारा' र '-मा' भन्ने यी दुईवटा परसर्गहरूमाथि तपाईंको ध्यान खिच्न चाहन्छु। मेटिएर जाने करार महिमाद्वारा दिइयो अर्थात् व्यवस्थाको स्थापना हुँदा महिमा देखा परेको थियो। तर रहिरहनेचाहिँ महिमामा छ अर्थात् नयाँ करारको महिमा त्यसको मूल-तत्त्व हो। पुरानो करार सुम्पिएको बेलामा त्यहाँ केही क्षणका निम्ति महिमा त थियो; तर परमेश्वरको अनुग्रहको सुसमाचार पूरापूर महिमा हुन्छ।

यस पदमा अर्को कुरा पनि तुलना गरिएको छ। यता व्यवस्था छ, जुनचाहिँ बितेर जाने, अल्पकालीन, अस्थायी थियो भने, उता स्थायी सुसमाचार छ। मेटिएर जाने कुराको सन्दर्भ दस आज्ञाहरू हुन्, *'ढुङ्गाहरूमा लेखिएको र खोपिएको मृत्युको सेवा'* हो (२ कोरिन्थी

३ : ७ ) । यस पदले सेवेन्थ डे एडभेन्टिस्टहरूले दाबी गरेको कुरा काट्छ, जसले यसो भनेका छन्ः 'दस आज्ञाहरू होइन, तर व्यवस्थाका रीति-विधिहरू पो खारेज भएका छन् ।' तिनीहरूको यो विचार यहाँ, यस ठाउँमा गलत ठहरिएको छ ।

**२ कोरिन्थी ३ः१२ः** *'यसकारण यस्तो आशा भएको हुनाले ...;'* पावलले यहाँ कुन आशा सङ्केत गरेका छन्? सुसमाचारको महिमा कहिल्यै धीमा हुँदैन, कहिल्यै फिक्का हुँदैन, कहिल्यै कम हुँदैन; यो तिनको दृढ़ विश्वास थियो । अनि यस बलियो निश्चयतामाथि खड़ा रहेर तिनले परमेश्वरको वचन खूब साहससित बोल्थे । तिनले केही पनि लुकाउँदैनथिए । तिनलाई कुनै घुम्टो चाहिँदैनथियो । वर्तमान संसारमा धर्महरू थुप्रै र तिनीहरूका रहस्यहरू पनि धेरै छन् । यी धर्ममा पस्नेहरू कुनै गुप्त विधिद्वारा ग्रहण गरिन्छन् र यसरी मात्र मानिसहरू यी गहन मर्महरूको शिक्षादीक्षाभित्र प्रवेश गर्न पाउँछन् । तिनीहरू एक श्रेणीदेखि अर्को श्रेणीमा पुग्नुपर्छ । तर सुसमाचारसित कुरा यस्तो छैन । सुसमाचारका सबै कुराहरू खुलस्त र सुस्पष्ट छन् । सुसमाचारको भाषा सरल छ, जब त्यसले पाप, मुक्ति, स्वर्ग र नरकको विषयमा, पिता, पुत्र र पवित्र आत्माको विषयमा पूरा निश्चयतासाथ शिक्षा दिन्छ ।

**२ कोरिन्थी ३ः१३ः** *'... र मोशाले जस्तो गर्दैनौं, जसले मेटिएर जाने कुराको अन्त इस्राएलीहरूले डिठ लगाएर हेर्न नसकून् भन्ने हेतुले आफ्नो अनुहारमाथि घुम्टो हालेका थिए ।'* यस पदको सन्दर्भ प्रस्थान ३४ : २९-३५ पदको खण्ड हो । मोशाले परमप्रभुको उपस्थितिमा चालीस दिन बिताएपछिको कुरा होः त्यस बेलामा उनी सिनाई पर्वतको टाकुराबाट फर्किरहेका थिए; अनि उनले आफ्नो अनुहार चम्किरहेको कुरा आफूले जानेका थिएनन् । तर उनको अनुहारको महिमाको तेजले गर्दा इस्राएलीहरू उनको नजिक जान डराइरहेका थिए । तर उनले तिनीहरूलाई 'मकहाँ आओ' भनेर बोलाए; तब तिनीहरू उनको नजिक आए । त्यसपछि परमप्रभुले उनलाई त्यस पहाड़मा भन्नुभएका सबै कुराहरू सुनाएर उनले तिनीहरूलाई आज्ञा गरे । प्रस्थान ३४ : ३३ पदमा यसरी लेखिएको छः *'अनि मोशाले तिनीहरूसँग कुरा गरिनसकुन्जेल उनले आफ्नो अनुहारमाथि*

*घुम्टो हाले ।'* अनि मोशाले किन यस्तो गरे, सो कुराको विषयमा प्रेरित पावलले २ कोरिन्थी ३:१३ पदमा आफ्नो स्पष्टीकरण दिन्छन्: त्यसमा इस्राएलीहरूले मेटिएर जाने कुराको अन्त डिठ लगाएर हेर्न नसक्ने उद्देश्य थियो । मोशाको अनुहारमा चम्किरहेको महिमाको तेज बितिजाने महिमा थियो । अर्को शब्दमा भन्नु हो भने, परमेश्वरले दिनुभएको व्यवस्थाको महिमा लोप हुने खालको थियो । त्यस समयमा पनि त्यो महिमाको तेज घट्दै गएकै थियो । अनि इस्राएलीहरूले त्यसको अन्त देखेको मोशाको इच्छा थिएन । मोशाले महिमामा घुम्टो हाल्न खोजेका थिएनन्, तर बरु त्यो महिमाको तेज घटेको कुरा लुकाउन खोजेका रहेछन् ।

आउनुहोस्, हामी यसको विषयमा श्री एफ. डब्ल्यू. ग्राण्टको कुरा सुनौं, जसले सुन्दर ढङ्गमा यसो भनेका छन्:

> 'मोशाको अनुहारमा चम्किरहेको महिमाले अर्को एकजनाको अनुहारमा अर्थात् येशूको अनुहारमा चम्किएको महिमाका निम्ति आफ्नो ठाउँ छोड्नुपरेको थियो ।' 14)

अनि प्रभु येशू ख्रीष्टको आगमनमा यो उक्त कुरा पूरा भयो । यसकारण नयाँ करारको सेवकले आफ्नो अनुहारमा घुम्टो हाल्नुपर्दैन । परमेश्वरलाई धन्यवाद होस्, सुसमाचारको महिमा कहिल्यै धीमा हुँदैन, कहिल्यै कम हुँदैन, कहिल्यै फिक्का हुँदैन !

**२ कोरिन्थी ३:१४:** *'तर तिनीहरूका मनहरू अन्धा पारिएका थिए ।'* आफ्नो अनुहारमा घुम्टो लगाउँदाखेरि मोशाले खास के गरिरहेका थिए, सो कुराको महत्त्व इस्राएलीहरूले बुझ्दैनथिए। अनि यहूदीहरूको लामो इतिहासमा यो कुरा साँचो ठहरिएको छ । किनभने पावलको पालामा पनि तिनीहरू व्यवस्था मुक्ति दिलाउने माध्यम सम्झेर त्यसमा पूरा लीन भई बस्थे; अनि तिनीहरूले प्रभु येशू ख्रीष्टलाई ग्रहण गर्न इच्छा गर्दैनथिए ।

*'किनकि आजको दिनसम्म पनि पुरानो नियम पढ्दाखेरि त्यही घुम्टोले ढाकिराखेकै हुन्छ ।'* अर्को शब्दमा भन्नु हो भने, प्रेरित पावलको जमानामा यहूदीहरूले पुरानो नियमको पुस्तक पढ्दैथिए, तर तिनीहरूले त्यो रहस्य भेट्टाउन सकेनन्, जुन रहस्यमाथि मोशाले घुम्टो हालेर

तिनीहरूका पितापुर्खाहरूका आँखाबाट लुकाएका थिए। व्यवस्थाको महिमाको तेज बितिजाने तेज थियो भन्ने कुरा तिनीहरूले के बुझ्थे र? व्यवस्था प्रभु येशू ख्रीष्टमा पूरा भएको छ, उहाँमा त्यसको अन्त भएको छ। तर तिनीहरूले त्यो जानेनन्। तपाईं र म, के हामी यो कुरा जानेका छौं?

*'त्यो घुम्टो ख्रीष्टमा हटाइन्छ।'* यहाँ अनुवादको कुरा आयो। 'त्यो ख्रीष्टमा हटाइन्छ' भन्ने अनुवाद सठीक अनुवाद हो। अनुवादकहरूद्वारा 'घुम्टो' भन्ने शब्द थपिएको छ। यसकारण कतिजनाले घुम्टो होइन, तर पुरानो करार ख्रीष्टमा हटाइन्छ भन्ने अर्थ यहाँ यस वाक्यको उचित अर्थ ठानेका छन्। तर यहाँ अर्को अर्थ पनि सम्भव भएको देखिन्छ। ख्रीष्ट येशूकहाँ आएको मानिसका निम्ति पुरानो नियमको अर्थ बुझ्ने कठिनाइ पो हट्छ।

श्री चार्लस हड्चले भनेको कुरा हामीलाई असल र उपयोगी लाग्छ, जसले यसो लेखेका छन्ः

> 'पवित्र धर्मशास्त्र बाइबलको पुरानो नियममा लेखिएका कुराहरू ख्रीष्टको विषयमा दिइएका भविष्यवाणीहरू सम्झनुपर्छ र उहाँको पूर्वचित्र गरिएका प्रतीकहरूको रूपमा बुझ्नुपर्छ, नत्र ती कुराहरू सुबोधगम्य र बुझ्न लायकका ठहर्दैनन्। किनकि ख्रीष्टको ज्ञानले पुरानो नियमबाट घुम्टो हटाइदिन्छ।' [15)]

**२ कोरिन्थी ३ः१५ः** पावलले यहाँ प्रयोग गरेको शब्दचित्रमा अलि हेरफेर आएको छ। किनकि पुरानो नियमबाट लिएको उदाहरणमा घुम्टोले मोशाको अनुहार छोपेको थियो भने, यहाँ यहूदीहरूका हृदयमाथि एउटा घुम्टो पो हालिएको रहेछ। तिनीहरू काम गरेर नै धार्मिकता प्राप्त गर्ने सुरमा थिए। मुक्तिदाता प्रभुले गर्नुपर्ने काम उहाँले क्रूसमा पूरा गर्नुभएको हो भन्ने कुरा तिनीहरूले कहिले बुझून्? तिनीहरूले आफ्नो योग्यता र प्रयासमा मुक्ति पाउन खोज्दैथिए। व्यवस्थाले तिनीहरूलाई पूरा रूपले दोषी ठहराएको कुरा तिनीहरूले कहिले जानून्? अनि कृपा र अनुग्रह पाउन तिनीहरूले कहिले प्रभु येशूकहाँ भागेर उहाँको अँगालोमा शरण लिऊन्?

**२ कोरिन्थी ३ः१६ः** *'तैपनि जब यो प्रभुकहाँ फर्किन्छ ...;'* यस पदमा 'यो' भन्ने शब्दले कि त कुनै यहूदी विशेषलाई सङ्केत गर्छ, कि त सारा इस्राएली जातिलाई नै सङ्केत गर्छ। चाहे यो कुनै व्यक्ति विशेष होस्, चाहे सम्पूर्ण यहूदी जाति होस्, हरेक जो प्रभु येशूकहाँ फर्कन्छ र उहाँलाई मसीहको रूपमा ग्रहण गर्छ, उसको हृदयबाट घुम्टो हटाइनेछ, र ऊ धमिलो देख्न छोड्नेछ। त्यसपछि व्यस्थाका सबै प्रतीक र प्रतिच्छायाहरू परमेश्वरको प्रिय पुत्रमा, इस्राएलका मसीहमा पूरा भए भन्ने सत्यता स्पष्ट हुन जान्छ। यस पदको सन्दर्भ इस्राएली जाति हो भने, यो घटना अझै भविष्यमा हुन बाँकी छ; किनभने त्यो दिन आउँछ, जब इस्राएली जातिको बाँकी भाग मानिसहरू प्रभु येशूमाथि विश्वास गरेर उहाँकहाँ फर्कनेछन्, जसरी रोमी ११ः२५-२६ र ११ः३२ पदमा भविष्यवाणी गरिएको छ।

**२ कोरिन्थी ३ः१७ः** पावलले यहाँसम्म कुन कुरामाथि जोड़ लगाएका छन् ? ख्रीष्ट येशूचाहिँ पुरानो नियमको अर्थ खोल्ने चाबी हुनुहुन्छ। *'अनि प्रभु आत्मा हुनुहुन्छ'* भनेर तिनले यही सत्यतामाथि फेरि पनि एकपल्ट जोड़ गर्छन्। प्रायः सबै बाइबल-अनुवादहरूमा आत्मा भनेर पवित्र आत्मालाई सङ्केत गरिएको छ। तर सन्दर्भबाट उठेको कुरा यस प्रकारको छः प्रभु येशू पुरानो नियमको भाव-तत्त्व हुनुहुन्छ, जस्तै *'येशूको गवाहीचाहिँ भविष्यवाणीको आत्मा हो'* (प्रकाश १९ः१०)। यसर्थ पुरानो नियमका सबै प्रतीक र प्रतिच्छायाहरूले ख्रीष्ट येशूमा आफ्ना साकार पाए, ती सबै कुराहरू उहाँमा पूरा भए। *'जहाँ प्रभुको आत्मा*[16] *हुनुहुन्छ, त्यहाँ स्वतन्त्रता हुन्छ'* भन्ने वाक्यको अर्थ यस प्रकारको छः जहाँ-जहाँ मानिसहरूले येशू ख्रीष्टलाई आफ्ना प्रभुको रूपमा स्वीकार गर्छन्, त्यहाँ-त्यहाँ स्वतन्त्रता हुन्छ – व्यवस्थाको बन्धनबाट निस्केको स्वतन्त्रता, पवित्र धर्मशास्त्र बाइबलको अर्थ धमिलो लाग्ने अवस्थाबाट स्वतन्त्रता र प्रभुको अनुहार आफ्नो दृष्टि छेक्ने घुम्टोविना निहार्ने स्वतन्त्रता हुन्छ।

**२ कोरिन्थी ३ः१८ः** पुरानो नियमको समयमा केवल मोशाले परमप्रभुको महिमा देख्न सके। तर नयाँ नियमको समयमा हामी सबैजनाले प्रभुको महिमा हेर्न पाउँछौं; यो हाम्रो सौभाग्य हो। मोशाले मानिसहरूसँग बोलिसकेपछि उनको अनुहारमाथि घुम्टो हालिनुपरेको

थियो। तर हामीचाहिँ नढाकिएको अनुहारले हेर्न पाउँछौं। पाप स्वीकार गरेर र पाप छोड़ेर नै हामी आफ्नो अनुहारमाथि घुम्टो आउन दिँदैनौं। यसकारण परमेश्वरप्रति र आफूप्रति हामी पूरा इमानदार र पारदर्शित हुनुपर्छ। भारतमा सेवारत भूतपूर्व मिशनरीले यसो भनेका छन्ः 'दृष्टि धमिलो पार्ने घुम्टाहरू अनेक छन्, जस्तैः पापको घुम्टो, धोकेबाज, कपट र छलको घुम्टो, देखावटी र बहानाको घुम्टो, भित्री अवस्था लुकाउन खोज्न लाएको मुकुण्डोरूपी घुम्टो, यता पनि ठिक्कै, उता पनि ठिक्कै हुने व्यवहार र अर्धसत्य हुने घुम्टो, 'हो' पनि 'होइन' पनि बोल्ने दुईजिब्रे ओठको घुम्टो, अँ, हामीले यी सबै किसिमका घुम्टाहरू फाल्नुपर्छ।'

आउनुहोस्, हामी अर्को कदम पनि चालौं, र प्रभुको महिमा ऐनामा जस्तो हेर्दै जाऔं! अनि त्यो ऐनाचाहिँ परमेश्वरको वचन हो। पवित्र बाइबल खोल्नुहोस्, र तपाईंले प्रभु येशूलाई उहाँको सारा गौरवमा प्रकट हुनुभएको देख्नुहुनेछ। अहिलेसम्म हामीले उहाँलाई मुखामुख देख्न पाएका छैनौं; तर हामीले परमेश्वरको वचनमा प्रभु येशूको प्रतिबिम्ब देखेका छौं।

अनि याद गर्नुहोस्ः हामीले हेर्दै गरेको कुरा प्रभुको महिमा हो। पावलले यहाँ प्रभु येशूको नैतिक सुन्दरतामाथि होइन, तर उहाँको स्वर्गको महिमामाथि ध्यान गरेका छन्; किनकि प्रभु येशू यस पृथ्वीमा मानिस हुनुभएको बेलामा उहाँको महिमा थियो। तर अहिले उहाँ परमेश्वरको दाहिने हातमा उच्च पारिनुभएको छ। अनि पावलले यहाँ उहाँको यही स्वर्गको महिमाको कुरा गरेका छन्। ख्रीष्टको महिमाको सन्दर्भमा श्री जेम्स डेन्नीले ध्यान दिलाएर यसो भनेका छन्ः

> 'उहाँ पिताको सिंहासनमा बस्नुभएको छ; यसर्थ उहाँ मण्डलीको शिर हुनुहुन्छ; उहाँ परमेश्वरको अनुग्रहको परिपूर्णताको मालिक र दाता हुनुहुन्छ। उहाँ संसारको भावी न्यायकर्ता हुनुहुनेछ; उहाँ सबै विरोधी तत्त्वमाथि विजेता हुनुभएको छ; उहाँ आफ्ना जनहरूका निम्ति अन्तर्विन्ती गर्नुहुने तिनीहरूको मध्यस्थ हुनुहुन्छ। छोटकारीमा भन्नु हो भने, आफ्नो राजकीय पदसित सुहाउँदो उहाँ सारा महिमाले युक्त महाराज हुनुहुन्छ।' [17)]

बौरिउठ्नुभएको, स्वर्गारोहण हुनुभएको र उच्च महिमामा विराजमान हुनुहुने प्रभु येशू ख्रीष्टको महिमामाथि नजर लगाएर उहाँमा मग्न हुने बेलामा हामी उहाँको रूपमा बदली हुँदै जान्छौं। इसाई पवित्रताको रहस्य खोल्ने चाबी यहाँ छः ख्रीष्ट-केन्द्रित रहनुहोस्! हामी आफूमाथि केन्द्रित नहोऔं! यसो गरेर हारको जीवन जिउनुबाहेक हामी अरू केही पाउँदैनौं। हामी अरू मानिसहरूमाथि केन्द्रित नहोऔं, नत्र हामी निराश हुनुपर्नेछ। तर प्रभुको महिमामा केन्द्रित रहनुहोस्! यसरी हामी अलि-अलि गरेर उहाँको रूपमा परिवर्तन हुँदै जानेछौं।

हाम्रो परिवर्तन एउटा अद्भुत रूपान्तरको क्रम हो; किनभने हामी एक महिमादेखि अर्को महिमामा बदली हुँदै जान्छौं; अनि त्यो महिमा क्रमशः बढ्दै जाँदो रहेछ। यो एकै चिममा हुने कुरा होइन। इसाई जीवनको कुनै यस्तो अनुभव नै छैन, जुन अनुभवद्वारा हामी तत्काल ख्रीष्टको रूपमा बदली हुन्छौं। यो क्रमिक प्रक्रिया हो; यो कुनै आपद्कालीन अनुभव होइन। यो व्यवस्थाको महिमाको तेज जस्तो पनि होइन, जुन महिमाको तेज बितिजाने तेज थियो; तर यो महिमा सधैं बढ्दै जान्छ, यसको सीमा हुँदैन।

हामीमा यस्तो अद्भुत परिवर्तन ल्याउने यस उदेक प्रक्रियाका निम्ति चाहिने शक्तिचाहिँ परमेश्वरको पवित्र आत्मा स्वयम् हुनुहुन्छ; कसरी? प्रभुको आत्माद्वारा नै। जब हामी प्रभुको महिमा निहार्दै, उहाँलाई अध्ययन गर्दै, उहाँको विषयमा मनन गर्दै, उहाँमा मग्न हुँदै, उहाँको आराधना गर्दै बस्छौं, तब प्रभुको आत्माले हाम्रो जीवनमा एउटा अचम्मको काम गर्नुहुन्छ र हामीलाई ख्रीष्टको समानतामा बढ़ाउँदै लैजानुहुन्छ।

श्री जे. एन. डार्बीले येशूलाई निहार्दै गरेका स्टिफनसको परिवर्तन यसरी बयान गरेका छन्ः

'यो परिवर्तन हामीले ढुङ्गाले हानिएका स्टिफनसको जीवनमा देख्छौं; किनभने त्यस बेलामा उनले आफ्ना आँखाहरू उठाए र परमेश्वरको महिमा र प्रभु येशूलाई परमेश्वको दाहिने हातपट्टि उभिरहनुभएको देखे। यता ख्रीष्ट येशूले भन्नुभयोः *"पिता, तिनीहरूलाई*

*क्षमा गर्नुहोस्; किनभने तिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन्"* (मत्ती २३ः३४)। उता स्टिफनसले प्रभु येशूलाई परमेश्वरको महिमामा देखेको दर्शनको फल उनको यो प्रार्थना थियोः *"हे प्रभु, विन्ती छ, यो पाप तिनीहरूमाथि नलगाउनुहोस्!"* (प्रेरित ७ः६०)। अनि यता क्रूसमा टाँगिनुभएको ख्रीष्ट येशूले यसो भन्नुभयोः *"पिता, म आफ्नो आत्मा तपाईंको हातमा सुम्पन्छु"* (लूका २३ः४६)। अनि उता स्टिफनसले यसो भनेः *"हे प्रभु येशू, मेरो आत्मा ग्रहण गर्नुहोस्!"* (प्रेरित ७ः५९)। यसरी उनी ख्रीष्टको रूपमा परिवर्तन भए।' [18)]

आउनुहोस्, हामी नयाँ नियमको उत्कृष्ट महिमा विचार गरौं! पुरानो नियमको समयमा केवल एकजनाको अनुहारमा महिमाको तेज थियो। तर वर्तमान समयमा योचाहिँ परमेश्वरको हरेक छोराछोरीको सौभाग्य हो, जुन सौभाग्य येशूको अन्मोल रगतको दाममा किनिएको हो। नयाँ नियमअन्तर्गत परमेश्वरको महिमाको झमक हाम्रा अनुहारहरूमा प्रतिबिम्बित भएर चम्कनु मात्र कहाँ हो र, हामी सबैजनाको परिवर्तन हुँदै गर्छ, जसरी लेखिएको छः *'हामी सबैजना यसरी नै प्रभुद्वारा, जो आत्मा हुनुहुन्छ, एक महिमादेखि अर्को महिमामा सर्दै त्यही रूपमा बदलिँदै जान्छौं।'* मोशाको अनुहारमा महिमाको तेज प्रतिबिम्बित भएको थियो भने, हाम्रा अनुहारहरूमा चम्किरहेको महिमा भित्रबाट निस्केर आउँछ।

यसरी नै पावलले नयाँ करारको व्याख्या अन्त्याउँछन्, जुन रहस्यमय व्याख्या गहन आत्मिक अर्थले पूर्ण हुन्छ; अनि यस खण्डमा तिनले नयाँ करार पुरानो करारसित तुलना गरेर यी वाचाहरूको बीचमा भिन्नताहरू केमा छन्, सो स्पष्ट पारेका छन्।

## च) २ कोरिन्थी ४ः१-६ः सुसमाचार स्पष्टसँग प्रचार गर्नुपर्ने तिनको कर्तव्य थियो।

**२ कोरिन्थी ४ः१ः** यस अध्यायका पहिला छ पदहरूमा पावलले ख्रीष्ट येशूको हरेक सेवकको गम्भीर कर्तव्यमाथि जोड़ दिन्छन्ः तिनी-हरूले सुसमाचारको सन्देश सुस्पष्टसँग प्रचार गर्नुपर्छ। सुसमाचारमाथि

कुनै घुम्टा लगाउनुहुँदैन। त्यसमा कुनै गुप्त वा गूढ़ अर्थ हुनुहुँदैन। सबै कुराहरू सुस्पष्ट, इमानदार, निष्कपट र सत्य हुनुपर्छ।

पावल कसरी नयाँ नियमको सुयोग्य सेवक बने? तिनले यहाँसम्म त्यो अद्‌भुत कुरा भन्दै आइरहेका छन्। अनि त्यस सिलसिलामा तिनको तर्क यहाँदेखि अघि बढ्दै जान्छ। पावलजस्तो मानिस हिम्मत हार्दैनथिए; किनभने तिनले ख्रीष्ट येशूका निम्ति गरिने सेवकाइको प्रताप र महानता जान्दथिए। प्रभुको सेवामा हामीलाई निराश, उदास र हतोत्साहित तुल्याउने कारणहरू धेरै छन्, तर प्रभुको कृपा छँदैछ, अनि खाँचो परेको हरेक समयमा हामीलाई मद्दत दिने उहाँको अनुग्रह जारी रहन्छ। यसकारण हामीलाई निराश पार्ने जति पनि कारणहरू किन नहोऊन्, हिम्मत बाँधेर अघि बढ्न हामीलाई प्रोत्साहन दिने कारणहरू सधैं बढ़ी हुन्छन्।

पावलले कहिल्यै हिम्मत हार्दैनथिए। तिनी डरछेरुवा थिएनन्, तर नाघ्न नसकिने बिघ्न-बाँधाहरू सामना गर्नुपर्दा तिनले सधैं ठूलो वीरता देखाउँथे।

**२ कोरिन्थी ४ः२ः** श्री जे. बी. फिलिप्पसले यस पदको सजीव भावात्मक अनुवाद यस प्रकारले गरेका छन्ः

'परमेश्वरको वचनको सम्बन्धमा हामीले कुनै चटकी, कुनै इन्द्रजाल, कुनै चालबाजी, कुनै चलाकी, कुनै बेइमानी अपनाएका छैनौं। तर हामी सत्य र सत्य मात्र बोल्छौं, अनि यसरी परमेश्वरको नजरमा हामी हरेक मानिसको विवेककहाँ आफ्नो सिफारिस गर्छौं।'

यहाँ प्रेरित पावलले फेरि पनि कोरिन्थको मण्डलीमा पसेका ती झूटा शिक्षकहरूको यादमा यसो लेखेका हुनुपर्छ; यसमा शङ्का छैन। झूटा शिक्षकहरूको चाल र तिनीहरूले अपनाएका तरिकाहरू सधैं उस्तै छन्। पापमा फसाउने घिनलाग्दा युक्तिहरू, सत्यता यताउता पार्ने धूर्त चालबाजी, चलाख छली तर्कहरू र परमेश्वरको वचन पन्यालो पार्ने मिश्रणहरू दुष्टका सेनाहरूका युक्ति हुन्। परमेश्वरको वचनको छलपूर्वक प्रयोगको सन्दर्भमा पावलले यी झूटा शिक्षकहरूको सबैभन्दा ठूलो शौक र अभिरुचि सङ्केत गरेका छन्, किनभने तिनीहरूले अनुग्रहको करारमा सधैं व्यवस्थाका कामहरू मिसाउने कोशिश गर्थे।

प्रेरित पावलको तरिका बिलकुल भिन्नै थियो। *'तर सत्यता प्रकट गरीकन हामी परमेश्वरको सामु हरेक मानिसको विवेककहाँ आफ्नो सिफारिस गर्छौं'* भन्ने शब्दले तिनको तरिका व्यक्त गरिएको छ। सत्यता प्रकट गर्ने काम दुई प्रकारले गरिएको हुन्छ। एक, जब हामी बुझ्ने गरी सुस्पष्ट रूपले सत्यता घोषणा गर्छौं। दुई, जब मानिसहरूको सामु सत्यताअनुसार जिउँछौं, र तिनीहरूले हाम्रो उदाहरणीय जीवनबाट सत्यता देख्छन्। पावलले यी दुवै तरिका अपनाउँथे। तिनले सुसमाचार प्रचार गर्थे; अनि तिनी आफ्नो जीवनमा सुसमाचारप्रति आज्ञाकारी हुन्थे। यसरी नै तिनले परमेश्वरको सामु हरेक मानिसको विवेककहाँ आफ्नो सिफारिस गर्ने कोशिश गर्थे।

**२ कोरिन्थी ४ः३ः** परमेश्वरको सत्यता मानिसहरूकहाँ प्रस्तुत गर्दाखेरि प्रेरित पावल एकदम होशियार हुन्थे। तिनले सत्यताको प्रचार गर्थे, र तिनी सत्यताअनुसार जिउँथे। तिनले अघि ४ः२ पदमा यसको चर्चा गरेका छन्। कसै-कसैका निम्ति सुसमाचारमा घुम्टो लागेको छ भने त्यो परमेश्वरको गल्ती अवश्य होइन; अनि त्यसमा आफूलाई पनि कुनै पनि दोष नभएको होस् भन्ने पावलको चाहना थियो। तरैपनि यी शब्दहरू लेख्ने बेलामा पनि तिनलाई थाहा थियो, कि सुसमाचारको सन्देश नबुझ्ने मानिसहरू छँदैथिए। सुसमाचार ग्रहण गर्न नसक्नेहरू को हुन्? तिनीहरू नाश हुनेहरू हुन्। अनि तिनीहरू यत्रो अन्धा किन भएका? यसको उत्तर निम्न पदले दिन्छ।

**२ कोरिन्थी ४ः४ः** यसको दोष शैतानको हो। यहाँ शैतानलाई यस संसारको ईश्वर भन्ने नाम दिइएको छ। त्यो त विश्वास नगर्ने मानिसहरूको मनमाथि घुम्टो हाल्न सफल भएको छ। *'ख्रीष्टको महिमित सुसमाचारको ज्योति तिनीहरूमाथि नचम्कोस्'* र तिनीहरूले मुक्ति नपाऊन् भन्ने हेतुले शैतानले तिनीहरूलाई नित्य अन्धकारमा राख्न चाहन्छ।

आकाशमण्डलमा घाम सधैं लाग्दैछ। तर हामी घाम सधैं देख्न सक्दैनौं; किनभने सूर्य र हाम्रो बीचमा कुनै छेक्ने कुरा आएको छ। सुसमाचारको सम्बन्धमा कुरा पनि उस्तै छ। सुसमाचारको ज्योति सधैं चम्किरहेको छ। अनि परमेश्वर सदैव मानिसहरूको हृदयभित्र ज्योति

चम्कन चाहनुहुन्छ। तर शैतानले विश्वास नगर्ने मानिसहरू र परमेश्वरको बीचमा विभिन्न बाधा र अवरोधहरू हाल्छ, जस्तैः घमण्ड, विद्रोह, आत्म-धार्मिकतारूपी बादलहरू अथवा सयौं पापहरूमध्ये कुनै एउटा हालिहाल्छ। तर यी सबै कुराहरूले सुसमाचारको ज्योतिलाई मानिसको हृदयभित्र पस्न नदिन, तर बाधा पुऱ्याउन सफलतापूर्वक काम गर्छन्। किनकि शैतानले कुनै हालतमा पनि मानिसहरूले मुक्ति पाएको चाहँदैन।

सुसमाचारको सन्दर्भ नासरी सिकर्मीको छोरासित होइन, तर महिमामा विराजमान हुनुभएको ख्रीष्ट येशूसँग छ। ख्रीष्ट-विश्वासीहरूका आँखाको सामु अपमानी क्रूसमा टाँगिनुभएको ख्रीष्टको दर्शन पनि राखिँदैन। तर सुसमाचारले प्रभु येशू ख्रीष्टलाई प्रस्तुत गर्छ, जो मर्नुभयो, गाड़िनुभयो र तेस्रो दिनमा बौरिउठ्नुभयो, जो हालैमा स्वर्गमा परमेश्वरको दाहिने हातमा हुनुहुन्छ। स्वर्गको महिमा प्राप्त गर्नुभएको परमेश्वरको पुत्र – उहाँ नै ख्रीष्ट-विश्वासीको विश्वासको सत्‌आधार हुनुहुन्छ।

**२ कोरिन्थी ४ः५ः** *'हामी आफूलाई होइन, तर ख्रीष्ट येशूलाई प्रचार गर्छौं; उहाँ प्रभु हुनुहुन्छ।'* प्रचारकहरूका निम्ति सबैभन्दा तुच्छ, निकृष्ट विषयवस्तु यस पदमा पाइन्छः त्यो निकृष्ट विषयवस्तु हामी आफू हौं। अनि यस पदमा उत्कृष्ट विषयवस्तु पनि छः त्यो उत्कृष्ट विषयवस्तु प्रभु येशू ख्रीष्ट हुनुहुन्छ।

यहूदीवादीहरूले प्रचार गरेको तिनीहरूको प्रख्यात विषयवस्तु तिनीहरू आफै थिए; यो तिनीहरूको आदत हुन्थ्यो। तर पावलले आफूलाई तिनीहरूबाट अलग राख्छन्। तिनले यस प्रकारको तुच्छ, अयोग्य विषय प्रचार गरेर मानिसहरूको समय नष्ट गर्न चाहँदैनथिए। प्रभु येशू ख्रीष्ट तिनको प्रचारको मुख्य विषय हुनुहुन्थ्यो। मानिसहरूले येशू ख्रीष्टको नाममा घुँड़ा टेकेर उहाँलाई आफ्नो जीवनको प्रभुको रूपमा ग्रहण गरेका र दण्डवत् गरेका तिनले देख्न चाहन्थे; यसका निम्ति तिनले मानिसहरूको बीचमा परिश्रम गर्थे।

*'... र हामीचाहिँ येशूको खातिर तिमीहरूका दासहरू हौं।'* यसरी पावलले आफ्नो सुसमाचारको टोलीको परिचय दिन्छन्। यसो लेखेर तिनले आफूलाई र आफ्ना सहकर्मीहरूलाई पछाड़ि, पछिल्लो स्थानमा

राख्छन्। तिनीहरू केवल दासहरू थिए; तिनीहरू मानिसहरूलाई प्रभु येशूकहाँ ल्याउने काममा सहायता पुऱ्याउन हरदम तयार हुन्थे।

**२ कोरिन्थी ४:६:** यहाँ पावलले पापी मानिसले मुक्ति पाएको अनुभव सृष्टिको उत्पत्तिसित तुलना गर्छन्, विशेष गरी त्यस क्षणसित, जुन क्षणमा सृष्टिभित्र ज्योतिको प्रकाश प्रवेश भएको थियो। सृष्टिको उत्पत्ति गर्दा परमेश्वरले अन्धकारबाट ज्योति चम्कोस् भन्ने आज्ञा गर्नुभयो। *'अनि परमेश्वरले "ज्योति होस्!" भन्नुभयो, र ज्योति भइहाल्यो'* (उत्पत्ति १:३)।

अनि पावलले यहाँ के भन्छन् भने, जुन परमेश्वरले सृष्टिको उत्पत्तिमा अन्धकारबाट ज्योति चम्कने आज्ञा गर्नुभएको थियो, त्यही परमेश्वरले हाम्रा हृदयहरूमा चम्कनुभएको छ। कति सुन्दर कुरा!! सृष्टिको उत्पत्तिमा परमेश्वरले ज्योतिलाई चम्कने आज्ञा गर्नुभएको थियो। तर ख्रीष्टमा हाम्रो नयाँ सृष्टि हुँदा परमेश्वर स्वयम्ले हाम्रो हृदयमा चम्कनुहुँदो रहेछ। योजस्तो व्यक्तिगत कुरा अरू के हुन सक्नेथियो र?

उत्पत्तिको पुस्तकको एक अध्यायको शुरुमा बयान गरिएका घटनाहरू नयाँ सृष्टिको चित्रण गर्छन्। परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएको बेलामा ऊ निर्दोष थियो। तर जब पापको प्रवेश भयो, तब पापसित घोर अन्धकार पनि आयो।

सुसमाचार जहाँ प्रचार गरिन्छ, त्यहाँ परमेश्वरको आत्माले मानिसहरूको हृदयमा काम गर्न र त्यो हल्लाउन थाल्नुहुन्छ, जसरी सृष्टिको उत्पत्तिमा परमेश्वरको आत्मा सागरको सतहमाथि घुम्नुहुन्थ्यो, चल्नुहुन्थ्यो। त्यसपछि परमेश्वर मानिसको हृदयमा चम्कनुहुन्छ। उहाँले उसलाई उसको अवस्था देखाइदिनुहुन्छः मानिस पापी हो, ऊ दोषी छ; उसलाई मुक्तिको खाँचो छ।

'उत्पत्तिमा सृष्टि ज्योतिबाट शुरु भएको थियो भने, आत्मिक सृष्टि पनि ज्योतिबाट शुरु हुन्छ। परमेश्वर पवित्र आत्माद्वारा हाम्रो हृदयमा चम्कनुहुन्छ; अनि त्यसपछि हामीमा आत्मिक जीवन शुरु हुन्छ।' (सङ्कलित)

परमेश्वरले हाम्रो हृदयमा किन चम्कनुभयो, सो कुरा यस पदले व्यक्त गर्दै जान्छ। के.जे.वी. र एन.के.जे.वी.-बाइबलहरूको अनुवादअनुसार

*'परमेश्वर येशू ख्रीष्टको अनुहारमा परमेश्वरको महिमाको ज्ञानको ज्योति दिनलाई हाम्रा हृदयहरूमा चम्कनुभएको छ।'* तर जे. एन. डार्बीको 'नयाँ अनुवाद'मा यस पदको यही अंश यस प्रकारले अनुवाद गरिएको छः 'परमेश्वर येशू ख्रीष्टको अनुहारमा परमेश्वरको महिमाको ज्ञानको ज्योति टल्कोस् भन्ने हेतुले हाम्रा हृदयहरूमा चम्कनुभएको छ।' यसर्थ परमेश्वर हाम्रो हृदयमा चम्कने उद्देश्य हामीलाई त्यो ज्ञानको प्रकाश दिनु मात्र होइन, तर हामीबाट त्यो ज्ञानको प्रकाश टल्केर अरू मानिसहरूकहाँ पुग्नुपर्छ।

'परमेश्वरका आशिषहरू हामीमा सीमित, हामीमा टुङ्गो हुनुहुँदैन;
हामी त आशिषका सोता र कुलो पो हुनुपर्छ।' (सङ्कलित)

पावलको जीवनमा हामी यसको निम्ति बाइबलीय उदाहरण पाउँछौं। तिनले दमस्कस जाने बाटोमा यात्रा गर्दैथिए, जब परमेश्वर तिनको हृदयमा चम्कनुभयो। त्यस क्षणमा तिनले घृणा गरेको येशू, यरूशलेमको एउटा चिहानमा गाड़िनुभएको येशूचाहिँ महिमाको प्रभु पो हुनुहुँदो रहेछ भनेर तिनले थाहा पाए। त्यस दिनदेखि तिनले परमेश्वरको महिमाको ज्ञानको प्रकाश फैलाउन थाले, जुन प्रकाश तिनले येशू ख्रीष्टको अनुहारमा देखे र उहाँमा पाए।

## छ) २ कोरिन्थी ४:७-१८: पावल माटोको भाँड़ा थिए, जसको स्वर्गीय भाग्य सुनिश्चित थियो।

**२ कोरिन्थी ४:७:** सुसमाचारको प्रचार सुस्पष्ट हुनुपर्छ भन्ने सिलसिलामा प्रेरित पावलले कुरा गर्दै आएका छन्। अबचाहिँ तिनले परमेश्वरले प्रयोग गर्नुभएका हातहतिहारहरू, ती कमजोर भाँड़ाहरूको विषयमा आफ्नो विचार पोख्छन्, जुन भाँड़ाहरूमा त्यो सुसमाचारको बहुमूल्य धन सुम्पिएको छ। धनचाहिँ महिमित सुसमाचारको सन्देश हो। माटाको भाँड़ाचाहिँ मानिसको कमजोर शरीर हो। त्यो धन र माटोको भाँड़ाको बीचमा विशाल भिन्नता छ। सुसमाचार त्यो बहुमूल्य हीरा हो, जुन हीरा जता फर्किँदा पनि टलक्क टल्किन्छ। अनि यत्रो बहुमूल्य

हीराचाहिँ अति नै कमजोर, नाशवान् माटोको भाँड़ाको जिम्मामा लगाइएको छ। विचार गर्नुहोस् !

*हेर्न नलायक ती बिग्रिएका माटाका भाँड़ाहरूभित्र*
*हालिएको त्यस धनको मूल्य कसले पत्ता लगाउन सक्ला ?*
*त्यो स्वर्गको धन चमक्क चम्किरहेको छ,*
*ख्रीष्ट येशू पवित्र जनहरूमा र उनीहरूबाट प्रकट हुनुभएको छ।*

*ती टुटेका-फुटेका भाँड़ाहरू जति कमजोर किन नहोऊन्,*
*तर तिनीहरूले उदारचित्तले दिइएको धन यस अभावग्रस्त युगमा बोकि-रहेका छन्;*
*त्यो अत्यन्त ठूलो धन, त्यो परमेश्वरको महान् उपहार उहाँको प्रिय पुत्र हुनुहुन्छ।*

*ठिक्कै छ, हामी रित्तिनुपर्‍यो भने, अझै रित्तो हुँदै जाऔं; होच्याउनुपर्‍यो भने अझै होचो किन नहोऔं !*
*तुच्छ गनिएका, हाम्रो ख्याल नगरिएको, हामी नचिनिएका किन नहोऔं ?*
*तर परमेश्वरका निम्ति हामी पवित्र भाँड़ा, अझै पवित्र भाड़ा भएका होऔं !*
*आउनुहोस्, हामी ख्रीष्टले भरिएका र केवल ख्रीष्टले भरिएका भाँड़ा बनौं !*

*यस संसारको कुनै कुराले हाम्रो जीवनमा उहाँको महिमा ढाकछोप गर्ने काम नगरोस् !*
*हाम्रो स्वार्थ र अहम्ले त्यो दिव्य प्रकाश अलिकति पनि धीमा, धमिलो नतुल्याओस् !*
*हामीबाट ख्रीष्टको महिमित सुसमाचारको प्रचार भएको हुनुपर्छ।*
*यसका निम्ति हामी टुक्रिनुपर्छ, हामी रित्तो हुनुपर्छ; हामी ख्रीष्टले भरिएका हुनुपर्छ।*

*श्री टी. फ्रान्सिस बेवन*

यो धन माटाका भाँड़ाहरूमा हुनु नै परमेश्वरको इच्छा थियो । त्यसमा उहाँको उद्देश्य के थियो होला ? यसको उत्तर सुन्नुहोस् ! *‘शक्तिको उत्तमताचाहिँ हामीबाट होइन, तर परमेश्वरको हुनुपर्छ ।’* उहाँको उद्देश्य यो थियो । मानिसहरूको ध्यान परमेश्वरले प्रयोग गर्नुभएको हातहतियारमा रहनुहुँदैन, तर उहाँको शक्ति र महानतामा केन्द्रित हुनुपर्छ । यो परमेश्वरको इच्छा हो । यसकारण उहाँले सुसमाचारको प्रचारको जिम्मावारी कमजोर, रूपवान् नभएका मानिसहरूको हातमा सुम्पनुहुन्छ। किनभने प्रशंसा र महिमा, यसको सारा श्रेय सृष्टिकर्ता परमेश्वरको हुनुपर्छ, उहाँले रच्नुभएको मानिसको होइन ।

*आफ्नो शक्तिदेखि बाहिरको काम हामीलाई अह्राइएकोमा*
*आनन्दको रहस्य लुकेको छ;*
*किनभने त्यसबाट केही असल परिणाम निस्कन्छ भने,*
*त्यसको सारा श्रेय हामीलाई होइन, तर परमेश्वरलाई हुन जान्छ ।*
*श्री एस. एम. होग्टन*

यस सम्बन्धमा श्री जे. एच. जोवेटले भनेका छन्ः

‘माटोको भाँड़ाले त्यसभित्र राखिएको धनको गौरव लुट्नुहुँदैन; नत्र एउटा गम्भीर समस्या भइरहेको छ। यसकारण मणीघरले रत्नले भन्दा बढ़ी ध्यान आकर्षण गर्नुहुँदैन । अनि चित्रभन्दा तस्बिरको फ्रेमले वाह-वाह पाउनु उल्टो कुरा हो; अनि कुनै भोजमा प्रयोग गरिएका बर्तनहरू खानाको स्थानमा आउनुहुँदैन; नत्र जोड़ निक्कै बिग्रेको हुनुपर्छ । अनि ख्रीष्ट येशूका निम्ति गरिएको सेवकाइमा कुरा उस्तै छ। जब शक्तिको उत्तमता परमेश्वरको होइन, तर हाम्रो हुन्छ, तब एउटा महागल्ती हुन गएको छ । शक्तिको उत्तमता हाम्रै हो भने त्यो कस्तो उत्तमता होला ? त्यो क्षणिक हुन्छ, र छिट्टै ओइलिन्छ, एउटा फूलजस्तो, र नामनिसान नरहने गरी गायब हुनेछ ।’ [19)]

हामीलाई के लाग्छ भने, पावलले यो पद लेख्दाखेरि सायद न्यायकर्ता ७ः अध्यायमा लेखिएको घटना सम्भे होलान् । त्यस वृत्तान्त-अनुसार गोदोनले आफ्नो सैनिक दललाई तुरही, खाली गाग्राहरू र ती

गाग्राभित्र राँकाहरू थमाइदिए। निर्धारित सङ्केत दिइएअनुसार उनका मानिसहरूले आ-आफ्ना तुरहीहरू फुक्नु र गाग्राहरू फुटाउनुपर्थ्यो। ती गाग्राहरू फुटाइएपछि तीभित्रका राँकाहरू उज्यालो चम्के; अनि शत्रुहरू तर्से, र गिदोनका तीन सय सिपाहीहरूलाई तिनीहरूको विरोधमा आइ-लागेको विशाल फौज ठाने।

अनि यस घटनाबाट हामीले सिक्नुपर्ने पाठ यस प्रकारको छः जसरी गिदोनको समयमा केवल फुटाइएका गाग्राहरूबाट ज्योति चम्क्यो, ठीक त्यस्तै कुरा सुसमाचारको सम्बन्धमा पनि लागू हुन्छ। सुसमाचार आफ्नो सम्पूर्ण तेजमा हामीद्वारा चम्कनु हो भने, हामी उहाँका हातहतियारहरू पनि टुक्रिनुपर्छ, टुटेका-फुटेका हुनुपर्छ र प्रभुमा समर्पित हुनुपर्छ।

**२ कोरिन्थी ४ः८ः** प्रेरित पावलले यही कुरा बुझाउँदै लैजान्छन्। सुसमाचाररूपी धन माटाका भाँड़ाहरूमा हालिएको छ; यसकारण मानौं एकपट्टि हार छ, तर अर्कोपट्टि जीतमाथि जीत हुन्छ। बाहिरी दृष्टिकोणले हेर्नु हो भने, पावलमा कमजोरता प्रशस्त थियो, तर वास्तवमा तिनको जीवनमा अद्वितीय शक्ति थियो। जब पावलले यसो भन्छन्ः *'हामी चारैतिरबाट मिचिएका छौं, तर पनि सङ्कटमा परेका छैनौं'*, तब यसको मतलब यही होः तिनी शत्रुहरू र कठिनाइहरूद्वारा मिचिएका-मिचिएकै थिए; तर सुसमाचारको सन्देश स्वतन्त्रतापूर्वक प्रचार गर्ने काम पूरा रोकिएको थिएन।

*'हामी अत्त्याइएका छौं, तर हताश भएका छैनौं।'* मानिसको दृष्टिकोणले हेर्नु हो भने, धेरैजसो पावलका समस्याहरू समाधान गर्न नसकिने किसिमका थिए; तब तिनी रनभुल्लमा नपर्नु कसरी? तर प्रभु येशूले तिनलाई कहिल्यै हताश र हारैहार मात्र भएको स्थितिमा पर्न दिनुभएन। तिनी करेपमा नपरेका होइन, तर साँघुरो ठाउँबाट तिनले छुटकारा सधैं पाउने गर्थे। परमेश्वरलाई धन्यवाद होस्, तिनी उम्कने ठाउँ नपाउने परिस्थितिमा कहिल्यै परेनन्।

**२ कोरिन्थी ४ः९ः** *'हामी सतावटमा परेका छौं, तर त्यागिएका छैनौं।'* समय-समयमा पावलले आफ्नो विरोधमा तातो फुत्कार छोड़ेका र तिनलाई

पाइला-पाइलामा खेदा गर्ने शत्रुहरूले तिनको गलछुत्ती गर्न लागेको अनुभव गरे, तर प्रभुले तिनलाई कहिल्यै तिनीहरूको हातमा छोड्नुभएन ।

*हामी तल फ्याँकिएका छौं, तर नष्ट भएका छैनौं ।'* यस वाक्यबाट पावल धेरै पल्ट भिड़न्तमा घाइते भएका बुझिन्छ। तर प्रभुले तिनलाई फेरि उठाउनुभयो र सुसमाचार नपुगेका ठाउँहरूमा महिमित सुसमाचारको सन्देश बोकेर हिँड्न सक्षम तुल्याउनुभयो ।

'द न्यू बाइबल कमेन्टरी'मा २ कोरिन्थी ४ः८-९ पदको भाव-अनुवाद यस प्रकारले दिइएको छः 'चारैतिरबाट घेरिए तापनि हामी अशक्त अपाङ्ग भएका छैनौं; के गरौं, कसो गरौं, सो नजानेर किंकर्तव्य-विमूढ़ भए ता पनि हामी आशाहीन भएका छैनौं; मानिसहरूले हामीसँग शिकार खेले पनि हामी परमेश्वरबाट कहिल्यै त्यागिएनौं; घरिघरि हाम्रो ढलपल भएको, तर हाम्रो शेष कहिल्यै भएन ।'

प्रभु येशूले किन आफ्नो दासलाई यस प्रकारका भारी जाँच र परीक्षाहरूबाट भएर जान दिनुभयो होला भनेर हामी अलमल्ल परेर कसैलाई प्रश्न सोध्न मन लाग्छ। के समस्या र दुःखकष्टबाट मुक्त भएको अबाध वातावरणमा प्रभुका निम्ति गरिएको तिनको सेवा अझै प्रभावकारी हुनेथिएन र ? तर यस सम्बन्धमा पवित्र धर्मशास्त्र बाइबलको गवाही अर्कै छ, हाम्रो सोचको ठीक विपरीतमा छ। परमेश्वरले आफ्ना सेवकहरूलाई रोगबिमारी, दुःखकष्ट, शोकचिन्ता, सतावट, समस्या र सङ्कष्टहरूबाट भएर जान दिनुहुन्छ र यो कुरा निको मान्नुहुन्छ; त्यसमा उहाँको अद्‌भुत बुद्धि पनि छ; किनभने माटाका गाग्राहरू फुट्नुपरेको छ, तब तिनीहरूबाट सुसमाचारको ज्योति अझै बढ़ी, अझै स्पष्ट चम्किन पाउँछ।

**२ कोरिन्थी ४ः१०ः** परमेश्वरको सेवकको जीवन एकनास मरणासन्न जीवन हो । प्रभु येशूले आफ्नो जीवनकालमा लगातार अत्याचार, विरोध र सतावटको सामना गर्नुपरेको थियो। यसकारण उहाँका पाइलामा टेक्ने-हरूले पनि उस्तै व्यवहार सहनुपर्छ। तर मरणासन्न जीवन हारको जीवन होइन, तर जीतको मार्ग पो हो; किनभने हामी यस प्रकारले दिन प्रतिदिन मर्‍यौं भने हामीबाट आशिष अरू मानिसहरूकहाँ पुग्ने नै छ।

मरणासन्न जीवन जिएर नै येशूको जीवन हाम्रो शरीरमा प्रकट हुन्छ; अनि उहाँको जीवन हाम्रो शरीरबाट प्रकट हुने एकमात्र तरिका यही हो। यहाँ 'येशूको जीवन' भन्नाले यस पृथ्वीमा उहाँले जिउनुभएको जीवनको खास अर्थ लिँदैन, तर यी शब्दहरूले उच्च महिमामा विराजमान हुनुभएको परमेश्वरको पुत्रले वर्तमान समयमा स्वर्गमा जिउनुभएको जीवन नै सङ्केत गर्छन्। प्रभु येशू व्यक्तिगत रूपले यस संसारमा उपस्थित नहुँदा संसारका मानिसहरूले ख्रीष्टको जीवन कसरी देख्न सक्छन्? यसको उत्तर यो होः ख्रीष्ट-विश्वासीहरू प्रभुको सेवामा दुःख भोग्छन् भने, उहाँको जीवन तिनीहरूको शरीरमा प्रकट हुन्छ।

**२ कोरिन्थी ४:११:** *'किनकि येशूको जीवन हाम्रो मरणशील शरीरमा प्रकट होस् भनेर नै हामी जिउँदाहरू येशूको खातिर सधैंभरि मृत्युको हातमा सुम्पिइन्छौं।'* मृत्युबाट जीवन प्रकट हुनुपर्छ भन्ने चर्चा यहाँ, यस पदमा अघि बढ़िरहेको छ; यो हाम्रो अस्तित्वको सबैभन्दा गहन नियम हो। जुन मासु मानिसहरूले खान्छन् र त्यसबाट बाँच्ने बल पाउँछन्, त्यो मासु पशुहरूको मृत्युको फल हुन्छ। अनि आत्मिक क्षेत्रमा पनि कुरा यस्तो छ। शहीदहरूको बहाइएको रगत मण्डलीको बिजन भएको छ। मण्डली जति बढ़ी सतावटमा, जति बढ़ी दुःखकष्टमा, जति बढ़ी आखेट र खेदोमा पर्छ, त्यत्ति नै बढ़ी सुसमाचारको वृद्धि हुन्छ।

तर यो तथ्य हामीलाई ग्रहण गर्न गाह्रो पर्छ। प्रभुको सेवकमाथि अत्याचार गरेमा हामी यो कुरा एउटा दुःखद घटना सम्झन्छौं। तर वास्तवमा यो त परमेश्वरले काम गर्नुहुने उहाँको नियमित तरिका हो। यो अपवादको कुरा होइन, विशेष पनि होइन, तर सामान्य कुरा हो। हामीलाई येशूको खातिर सधैंभरि मृत्युको हातमा सुम्पिनुचाहिँ येशूको जीवन हाम्रो मरणशील शरीरमा प्रकट गर्ने परमेश्वरको तरिका हो।

**२ कोरिन्थी ४:१२:** कोरिन्थीहरूकहाँ जीवन कसरी पुग्यो? यहाँ पावलले उनीहरूलाई सम्झना दिलाउनुपरेको छः तिनले निरन्तर दुःख-कष्टहरू सहेका हुनाले जीवन उनीहरूकहाँ पुगेको हो। सुसमाचार बोकेर कोरिन्थमा जानु पावलका निम्ति दुःखकष्ट निम्त्याउनु मात्र थियो। तर तिनले सहेका दुःखकष्टहरू खेर गएनन्; किनभने कोरिन्थीहरूले प्रभु

येशूमाथि विश्वास गरेर अनन्त जीवन पाए। पावलले शरीरमा भोगेका दुःखहरू र तिनले उठाउनुपरेको हानिबाट अरू मानिसहरूलाई आत्मिक लाभ भएको थियो।

यस विषयमा श्री ए. टी. रोबर्टसनले यसो भनेका छन्ः

> 'पावलको सेवकाइबाट जस-जसले फाइदा उठाए, तिनीहरूका निम्ति तिनको मरणासन्न जीवन कति लाभदायक बनेको थियो, कति !' [20)]

बिमार भएको बेलामा हामी प्रायः प्रभुलाई यसो गरेर पुकाछौंः 'हे प्रभु, मलाई बचाउनुहोस्, कि म तपाईंको सेवा गर्न पाऊँ !' तर हुन सक्छ, हाम्रो जीवनमा आइपरेका दुःखकष्टहरूका निम्ति हामीले बरु परमेश्वरलाई धन्यवाद चढ़ाउनुपर्ला र हाम्रा कमजोरीहरूमा गर्व गर्न सिक्नुपर्ला; किनकि तब ख्रीष्टको शक्ति हामीमाथि रहन सक्छ।

**२ कोरिन्थी ४ः१३ः** प्रेरित पावलले कुरा गर्दै आएको विषयचाहिँ त्यो कमजोर मानिस – त्यो नाशवान् भाँड़ो हो, जसको जिम्मामा सुसमाचार सुम्पिएको छ। यो सब तिनले कुन मनसायले हेर्थे ? के तिनले हार खाए ? के तिनी निराश भए ? के तिनी व्याकुल भए ? होइन, होइन ! ! तिनको विश्वासले तिनलाई सुसमाचार प्रचार गर्दै जान सक्षम तुल्यायो; किनभने तिनले जान्दथिएः यस जीवनका दुःखकष्टहरू पार भएपछि बयान गरेर नसकिने अपार महिमामाथि महिमा हुनेछ।

भजन ११६ः१० पदमा भजन-लेखकले यसो भनेका छन्ः *'मैले विश्वास गरें; यसैले मैले बोलेको हुँ।'* भजन-लेखक परमप्रभुमाथि भरोसा गरे, अनि उनको गहन विश्वासले उनलाई बोल्न लगायो। अनि पावलको सम्बन्धमा पनि कुरा उस्तै थियो। उक्त कुराहरू लेख्दा तिनीसँग भजन-लेखकको उस्तै विश्वासको आत्मा थियो। यसकारण पावलले विश्वास गर्थे र बोल्थे पनि।

पावलको जीवनमाथि आइपरेका दुःखकष्टहरू र सतावटहरूले तिनका ओठहरू बन्द गर्न सकेनन्। जससँग सत्य विश्वास छ, ऊ चुप रहन सक्दैन, तर आफ्नो विश्वासको घोषणा गर्नैपर्छ।

*के तपाईंले येशू ख्रीष्टमाथि विश्वास गर्नुहुन्छ ?*
*तब तपाईंले उहाँको निम्ति आफ्नो मुख खोल्नुपर्छ ।*
*के तपाईंले उहाँलाई प्रेम गर्नुहुन्छ ?*
*तब तपाईंको प्राण माटोमै मिल्न किन नपरोस्,*
*तपाईंले 'म मेरा प्यारा प्रभुलाई प्रेम गर्छु' भनेर भन्नुपर्छ ।*

*के तपाईंले प्रभु येशूमाथि विश्वास गर्नुहुन्छ ?*
*के तपाईंले उहाँलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गर्नुभयो ?*
*तब ढिलो नहुने गरी तपाईंले उहाँलाई खुल्लमखुल्ला स्वीकार गर्नुहोला,*
*नत्र तपाईंले पवित्र आत्मालाई अवश्य दुःखित पार्नुहुनेछ ।*

**२ कोरिन्थी ४ः१४ः** लगातार मृत्युको मुखमा पुगेका पावल विचलित किन भएनन् ? के हामीलाई अनौठा लागेर हामीले यसको विषयमा केही ठोस उत्तर पाउन चाहन्छौं ? तब हामीले यस पदमा ध्यान दिनुपर्छ। नडराईकन ख्रीष्टको सुसमाचार प्रचार गर्ने हिम्मत तिनले कहाँबाट पाउँथे ? यो जीवन सर्वस्य होइन रहेछ। अनि यो तिनले जान्दथिए। शरीरको बौरिउठाइ ख्रीष्ट-विश्वासीहरूको सुनिश्चयता हो । यो कुरा तिनलाई थाहा थियो। प्रभु येशूलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुहुने परमेश्वरले प्रेरित पावललाई पनि बौराएर उठाउनुहुनेछ र तिनलाई कोरिन्थका विश्वासीहरूको साथमा उपस्थित गराउनुहुनेछ ।

**२ कोरिन्थी ४ः१५ः** आफ्नो निम्ति शरीरको बौरिउठाइ सुदृढ़ र सुनिश्चित आशा भएको हुनाले प्रेरित पावल घोर कोठिनाइहरू सहन तयार भए। यस प्रकारका कष्टहरू सहेमा निम्न दुईवटा नतिजाहरू सुनिश्चित थिएः एक, कोरिन्थका विश्वासीहरूले प्रचुर आशिष पाउनेथिए; अनि दुई, प्रशस्त धन्यवाद परमेश्वरको महिमाको लागि हुनेथियो । पावलले जे भने र जेजति गरे, त्यसका निम्ति तिनलाई यी दुईवटा कुराहरूबाट तिनको अभिप्रेरणा मिलेको थियोः तिनले भनेको र गरेका सबै काम-कुराहरूबाट परमेश्वरको महिमा र मानिसहरूको भलाइ हुनुपरेको थियो ।

पावलले महसुस गरे, कि तिनले जति बढ़ी दुःखकष्ट सहे, अरूले उत्तिकै परमेश्वरको प्रशस्त अनुग्रह पाउनेथिए। जति धेरै मानिसहरूले

मुक्ति पाउँछन्, त्यत्ति नै बढ़ी परमेश्वरलाई धन्यवाद चढ़ाइन्छ। अनि परमेश्वर जति बढ़ी धन्यवाद पाउनुहुन्छ, उहाँको महिमा उत्तिकै बढ्छ।

'द लिविङ बाइबल'को भाव-अनुवादले यस पदमा भन्न खोजिएको अभिप्राय राम्ररी पक्रेको मलाई लाग्छ, जहाँ यसो लेखिएको छः 'हाम्रा कष्टहरू तिमीहरूको लाभ हुन्छन्; अनि तिमीहरूजस्ता ख्रीष्ट येशूको निम्ति जितेका आत्माहरू जति बढ़ी भए, त्यत्ति बढ़ी परमेश्वरलाई उहाँको अपार कृपाको निम्ति धन्यवाद चढ़ाउनेहरूको सङ्ख्या बढ्छ, र त्यत्ति नै बढ़ी प्रभुको महिमा पनि बढ्छ।'

**२ कोरिन्थी ४ः१६ः** *'यही कारणले हामी हिम्मत हार्दैनौं।'* बौरिउठाइको आशा सुनिश्चित भएको हुनाले तिनी सबै प्रकारका कष्टहरू र जोखिमहरूबाट भएर जानु तयार थिए। पावलको स्पष्टीकरण यही थियो। अनि यही कारणले तिनले हिम्मत हारेनन्। एकपट्टि तिनको शरीर निरन्तर खिइँदै गएको थियो भने, अर्कोपट्टि तिनको आत्मिक नवीकरण भइरहेको थियो, जुन नवीकरणले तिनलाई हरेक प्रतिकूल परिस्थितिमा पनि अघि बढ्न सक्षम तुल्यायो।

के *'हाम्रो बाहिरी मानिस नष्ट हुँदै गइरहेको'* कुरालाई कुनै स्पष्टीकरण चाहिन्छ? हाम्रो शरीर त्यसको निम्ति पक्का साक्षी बसेको छ। तर पावल यहाँ कुन कुरामा हर्षित थिए? परमेश्वरले तिनलाई प्रभुका निम्ति गरिएको सेवकाइमा दिन प्रतिदिन शक्ति दिनुभएकोमा तिनी आनन्दित थिए। यस कुरामा श्री मिकेल-अङ्गेलोले भनेको कुरा सत्य ठहरिएको छ, जसले यसो भनेका छन्ः 'जति सङ्गमर्मर म कुँदेर फाल्छु, त्यत्ति नै बढ़ी बन्न लागेको सालिकको आकृति बढ्छ।'

यस विषयमा श्री एच. ए. आइरनसाइडले टिप्पणी गरेर यसो लेखेका छन्ः

> 'सुन्नमा आएको कुरा होः हाम्रो शरीरका सबै कोशाणुहरू सात-सात वर्षमा फेरिन्छन् अरे। ... यसो भए पनि हाम्रो विचारमा हामी अघिका व्यक्ति नै छौं; किनभने यस कोशाणुको हेरफेरद्वारा हाम्रो व्यक्तित्वमा कुनै परिवर्तन आएको छैन; अनि हाम्रो शरीरको भावी ठूलो परिवर्तनको

सम्बन्धमा कुरा पनि यस्तै हुनेछ। किनकि लार्भामा र पुतलीमा एकै जीवले वास गर्छ।' [21]

**२ कोरिन्थी ४ः१७ः** प्रेरित पावलले भारी, अग्घोर कष्टहरू सहेको कुरा पढ़ेपछि तिनले ती कष्टहरू हल्का सङ्कष्ट कसरी भन्न सके, सो हामीलाई बुझ्न गाह्रो पर्छ। एक प्रकारले यी कष्टहरू हल्का थिएनन्; ती कष्टहरू तिक्त, कठोर र क्रूर थिए।

तर पावलले गरेको तुलनामा यसको निम्ति स्पष्टीकरण पाइन्छ। ती कष्टहरूमाथि मात्र ध्यान दिनु हो भने, ती कष्टहरू असाध्य गाह्रा थिए। तर भावी महिमाको अनन्त भारीसित[22] ती कष्टहरूको तुलना गरेमा ती कष्टहरू हल्का हुँदा रहेछन्। किनभने हल्का सङ्कष्ट क्षणभर हो भने महिमा अनन्त हुनेछ। यसकारण बुझ्नुहोस्, यस संसारमा सहनुपरेका दुःखकष्टहरूको विषयमा हामी के सिक्छौं भने ती दुःखकष्टहरूले आउँदो संसारमा हाम्रा निम्ति सबैभन्दा मूल्यवान् फलहरू कमाउँदा रहेछन्।

श्री विलियम सी. मूरहेडले ध्यानमा राखेर यसो भनेका छन्ः

> 'यस संसारमा हाम्रो मनमा अटाउन सक्ने आनन्द सानो, सूक्ष्म हुन्छ; तर परलोकमा हामी आनन्द-लोकभित्र पूरा प्रवेश गर्न पाउनेछौं। यहाँ आनन्दको केही थोपा, त्यहाँ आनन्दको सागर हाम्रो हुनेछ।' [23]

श्री एफ. ई. मार्शले याद दिलाएझैं यस पदमा एउटा पिरामिड[24] छ। आउनुहोस्, हामी यस पिरामिडमाथि चढ़ौं! हामी त्यो पिरामिड चढ्दा त्यसले हामीलाई थकाउँदैन, तर हाम्रो आत्मालाई बयान गर्न नसकिने आनन्द र शान्ति पो दिन्छ।

**महिमा**

**महिमाको भारी**

**महिमाको अनन्त भारी**

**नाप्नै नसकिने महिमाको अनन्त भारी**

**नाप्नै नसकिने, बेहिसाबको महिमाको अनन्त भारी**

**२ कोरिन्थी ४ः१८ः** यस पदमा 'हेर्छौं' भन्ने शब्दको अर्थ हामीले आफ्ना आँखाले देख्ने दृष्टिमा सीमित रहँदैन, तर त्यसले आफ्नो दृष्टिमा महत्त्वपूर्ण गन्ने अर्थ लिन्छ। यसकारण देखिने कुराहरू हाम्रा निम्ति जिउन लायकको लक्ष्य होइनन्। किनभने यहाँ, यस ठाउँमा देखिने कुराहरूको सन्दर्भ पावलले सहनुपरेका कठिनाइहरू, परीक्षाहरू र दुःखकष्टहरू हुन्। यी कुराहरू तिनको सेवकाइमा घटेका गौण, नगण्य कुरा रहेछन्। तिनको सेवकाइको महान् उद्देश्य र लक्ष्य देखिँदैनथियो। नदेखिने कुराहरूमा ख्रीष्टको महिमा बढ़ाइदिएको, मानिसहरूको उपकार गरेको र न्याय-आसनको सामु ख्रीष्ट येशूको यी विश्वासयोग्य सेवकका निम्ति प्राप्त हुने इनाम समावेश भएको हुनुपर्छ।

यस विषयमा श्री जे. एच. जोवेटले टिप्पणी गरेर यसो लेखेका छन्ः

> 'देखिने कुराहरू देख्न सक्नु दृष्टि भनिन्छ भने, नदेखिने कुराहरू देख्न सक्नु अन्तर्दृष्टि भनिन्छ। देखिने कुराहरू देख्नु स्वाभाविक हो, तर नदेखिने कुराहरू देख्नुचाहिँ आत्मिक हो। देखिने कुराहरू देख्ने ज्ञानेन्द्रियचाहिँ हाम्रो दिमाग हो; नदेखिने कुराहरू देख्न सक्ने ज्ञानेन्द्रिय हाम्रो विश्वास हो। ... पवित्र धर्मशास्त्र बाइबलभरि नै हाम्रो सामु दृष्टिले देख्न सक्ने र अन्तर्दृष्टिले देख्नुपर्ने कुराहरू आमुन्ने-सामुन्ने निरन्तर प्रस्तुत गरिन्छन्। बाइबलको चारैतिर हामीलाई अवगत गराइएको छ, कि देखिने कुराहरूमा अल्प अर्थ र अल्प महत्त्व हुन्छ, र ती कुराहरूमा ध्यान दिनु झिँगाको चुसाइ मात्र हो; तर नदेखिने कुराहरू तिनीहरूको आशिषको भरपूरी र विशाल अर्थले गर्दा हाम्रो उच्च ध्यानको योग्य हुन्छन् र हामीले तिनलाई सबै देखिने कुराहरूभन्दा अति उच्च राख्नुपर्छ।' **25)**

## ज) २ कोरिन्थी ५ः१-१०ः एक दिन ख्रीष्टको न्यायआसनको सामु उभेर हामीले लेखा दिनुपर्छ भन्ने विचारले प्रेरित भएको जीवन जिउनुपर्छ।

यस खण्डमा प्रस्तुत गरिएको विषयमा अघि लेखिएको कुरासित नजिकको सम्बन्ध रहेको छ। पावलले वर्तमान समयमा सहेका आफ्ना

दुःखकष्टहरू र आपद्‌विपद्‌हरूको कुरा गर्दै आएका छन्, साथै भविष्यमा तिनको निम्ति साँचेर राखिएको भावी महिमाको चर्चा गरेका छन्। त्यसको सिलसिलामा मृत्युको बारेमा कुरा गर्नु स्वाभाविक, प्रसङ्गबाट उठेको विषय हो। परमेश्वरको वचनभरि हामी यो खण्ड मृत्युको विषयमा सबैभन्दा महान् प्रकाश मान्नुपर्छ, जुन खण्डले मृत्युसित ख्रीष्ट-विश्वासीहरूको सम्बन्ध के हो, सो सुस्पष्ट रूपले प्रकट गर्छ।

**२ कोरिन्थी ५ः१ः** प्रेरित पावलले के भन्छन् भने, हाम्रो वर्तमान्, मरणशील शरीरचाहिँ डेरारूपी हाम्रो पृथ्वीको घर रहेछ। तम्बू एक अस्थायी वासस्थान हो; यो त तीर्थयात्री, ठाउँ-ठाउँमा भ्रमण गर्ने पर्यटकहरूको बोक्न सक्ने डेरा हो।

यस पदअनुसार मृत्युले यो हाम्रो डेरा ढालिदिन्छ। मृत्युको घड़ीमा त्यो तम्बू खोलखाल गरिन्छ र तल झरिन्छ। लास चिहानमा राखिन्छ, तर ख्रीष्ट-विश्वासीहरूका आत्मा र प्राण प्रभुको साथमा रहन उहाँकहाँ जान्छन्।

पावलले यस अध्यायको शुरुमा हामीलाई आश्वासन दिन्छन्ः *'हाम्रो पृथ्वीको घर ढल्यो भने, स्वर्गमा हामीले परमेश्वरबाट एउटा अनन्त भवन पाउनेछौं, जुन भवनचाहिँ हातले बनाएको घर होइन।'* हाम्रो शरीर किन नष्ट हुन्छ, सो कुरा तिनले अघिको अध्यायमा स्पष्ट पारिसकेका छन्ः हाम्रो शारीरिक मृत्यु हामीले सहनुपरेका दुःखकष्टहरूको फल हो। यस ठाउँमा डेरा र भवनको बीचमा छुट्ट्याइएको कुरामा तपाईंले ध्यान दिनुहोला। तम्बूरूपी अस्थायी डेरा तल झरिन्छ, तर ख्रीष्ट-विश्वासीका निम्ति एउटा नयाँ, स्थायी घर साँचेर राखिएको छ, परलोकमा। त्यो स्थायी घर परमेश्वरबाट हामीलाई प्रदान गरिने भवन हो।

अनि त्यो भवनचाहिँ हातले बनाइएको कुनै घर होइन। पावलले यो किन भन्छन्? हाम्रो वर्तमान् शरीर पनि हातले बनाइएको होइन। तब भविष्यमा हाम्रो महिमित शरीर हातले बनाइएको हुनेछैन भन्ने कुरामा किन यहाँ जोड़ लगाइएको छ? किनभने 'हातले बनाएको होइन' भन्ने वाक्यको अर्थ 'यस सृष्टिको होइन' हो। यो कुरा हिब्रू ९ः११ पदबाट स्पष्ट हुन्छ, जहाँ यसो लेखिएको छः *'तर ख्रीष्ट पछि आउने असल कुराहरूको*

*महापूजाहारी भएर आउनुभयो अझ महान् र अझ सिद्ध निवासस्थानबाट भएर पस्नुभयो, जुनचाहिँ हातले बनेको होइन, अर्थात् यस सृष्टको होइन ।'* यसकारण पावलले २ कोरिन्थी ५ः१ पदमा भन्न चाहेको कुरा यस प्रकारको छः हाम्रो वर्तमान् शरीर यस पृथ्वीमा जिउने जीवनको निम्ति उपयोग्य हुन्छ भने, हाम्रो भावी महिमित शरीरचाहिँ यस सृष्टिको रचना हुनेछैन । त्यो महिमित शरीर विशेष गरी स्वर्गमा गुज्रिने जीवन सुहाउँदो रचिनेछ ।

ख्रीष्ट-विश्वासीहरूको भावी शरीरचाहिँ यहाँ स्वर्गको अनन्त भवन भनिएको छ । यसकारण त्यो महिमित शरीर कहिल्यै बिरामी हुनेछैन, कहिल्यै वृद्ध हुनेछैन, कहिल्यै मर्नेछैन; तर हाम्रो स्वर्गको घरमा त्यो शरीर अनन्त-अनन्तसम्म रहिरहनेछ ।

यस पदबाट अर्थ कसैलाई के लाग्न सक्छ भने, ख्रीष्ट-विश्वासीले आफ्नो मृत्युको घड़ीमै परमेश्वरबाट त्यो अनन्त वासस्थान पाउने रहेछ । तर कुरा अर्को छ । १ थेस्सलोनिकी ४ः१३-१८ पदको खण्डअनुसार ख्रीष्ट येशू आफ्नो मण्डलीलाई उठाइलैजान फर्केर आउनुहुने घड़ीसम्म विश्वासीहरूले त्यो महिमित शरीर पाउनेछैनन् । ख्रीष्ट-विश्वासीको मृत्यु हुने बेलामा उसको हालत केकस्तो हुनेछ ? मृत्युको घड़ीमा उसका आत्मा र प्राण ख्रीष्ट येशूको साथमा रहन उहाँकहाँ जानेछन्, जहाँ उसको चेतना हुनेछ, र उसले स्वर्गका महिमाहरूको आनन्द उपभोग गर्न पाउनेछ । तर उसको लास चिहानमा गाड़िन्छ । जुन बेलामा प्रभु येशू फर्केर आउनुहुनेछ, त्यस बेलामा उसको माटो भइसकेको शरीर चिहानबाट बौरेर उठ्नेछ; परमेश्वरले त्यसलाई एउटा नयाँ, महिमित शरीरको रूप दिनुहुनेछ, अनि ख्रीष्ट-विश्वासीले पाउने त्यो महिमित शरीर उसका आत्मा र प्राणसित फेरि एक हुनेछ । ख्रीष्ट-विश्वासीको मृत्युदेखि पवित्र जनहरूलाई लिन आउनुहुने ख्रीष्ट येशूको दोस्रो आगमनसम्म उसको शरीरहीन दशा हो; यसो भन्न मिल्छ । तर यस शरीरहीन अवस्थामा पनि ऊ चेतनाशील हुनेछ, र उसले स्वर्गको आनन्द र सुख पूरा रूपले उपभोग गर्न पाउने नै छ ।

यो पद छोड्नुभन्दा अघि हामीले यहाँ 'हातले नबनाइएको स्वर्गको अनन्त घर'को विषयमा तीनवटा मुख्य वाख्याहरू प्रस्तुत गर्छौं, जस्तैः

**क)** हातले नबनाइएको, स्वर्गको अनन्त घरचाहिँ स्वर्ग हो ।

**ख)** हातले नबनाइएको, स्वर्गको अनन्त घरचाहिँ मृत्यु र बौरि-उठाइको बीचमा अन्तराल समयको शरीर हो ।

**ग)** हातले नबनाइएको, स्वर्गको अनन्त घरचाहिँ हाम्रो महिमित शरीर हो ।

तर व्याख्या क)को सम्बन्धमा हाम्रो उत्तर यस प्रकारको छः स्वर्ग एउटा घर हुनु गाह्रो पर्ला; किनभने वचनले के भन्दछ ? स्वर्ग***मा*** त्यो अनन्त घर हुनेछ; अनि ५ :२ पदअनुसार त्यो घर स्वर्ग***बाटको*** घर हुनेछ ।

अनि व्याख्या ख) को सम्बन्धमा हाम्रो जवाफ यस प्रकारको छः पवित्र धर्मशास्त्रमा अन्तराल समयको शरीर हुनेछ भन्ने कुरा कहीं पनि लेखिएको छैन। अनि याद रहोस्, हातले नबनाइएको घर त स्वर्गको ***अनन्त*** घर हुँदो रहेछ ! अन्तराल शरीरलाई यसो भन्न मिल्दैन ।

हाम्रो विचारमा, व्याख्या ग)को अर्थ सही हो । हातले नबनाइएको, स्वर्गको अनन्त घरचाहिँ बौरिउठ्ने महिमित शरीर हो ।

**२ कोरिन्थी ५ :२ :** आफ्नो वर्तमान मरणशील शरीरमा हामीले धेरैपल्ट सुस्केरा हाल्नुपर्छ; किनभने यस शरीरले हामीलाई सीमित राख्छ र हामीलाई आत्मिक जीवनमा निक्कै बाधा पारिदिन्छ। *'स्वर्गबाटको हाम्रो घर ओढ़ाइन पाऔं'* भनेर हामी धेरै लालसा गर्दछौं ।

यस पदमा प्रेरित पावलले तम्बूको सट्टामा अब पहिरनको चित्र प्रयोग गरेका देखिन्छ । तर यसको स्पष्टीकरण यस प्रकारले दिइएको छः पावल तम्बू बनाउने मानिस थिए, र तम्बू बनाउन तिनले चलाइरहेको चादर र लुगाको निम्ति प्रयोग गरिएको कपड़ा उस्तै-उस्तै समाग्री थिए अरे। जे होस्, यहाँ, यस पदमा भन्न चाहिएको कुरा स्पष्ट छः पावलले आफ्नो महिमित शरीर पाउने खूब लालसा गरेका हुन् ।

**२ कोरिन्थी ५ :३ :** अनि *'... हामी नाङ्गो भेट्टाइनेछैनौं'* भन्ने वाक्यांशमा 'नाङ्गो' हुनुको अर्थ के होला त ? के यहाँ मुक्ति नपाएको मानिसको कुरा गरिएको छ, जसको धार्मिकताको वस्त्र छैन, जुन वस्त्र-चाहिँ परमेश्वरको सामु ग्रहणयोग्य हुनलाई अनिवार्य हुन्छ ? अथवा के मुक्ति पाएको मानिस ख्रीष्टको न्यायआसनको सामु उभिँदा इनामरहित हुनु

यस भनाइको अर्थ हो कि ? अथवा के यसको विषयमा निम्न तेस्रो विचार सत्य ठहरिएला ? मुक्ति पाएको मानिस आफ्नो मृत्युको घड़ीदेखि आफ्नो बौरिउठाइ नभएसम्म शरीररहित अवस्थामा रहनुपर्छ; तब 'नाङ्गो हुनु' भनेको 'शरीररहित आत्मा' बुझ्नुपर्ला ।

अब यस टिप्पणीको लेखकको कुरा आयो । उहाँको विचारमा नाङ्गो भनेको शरीररूपी पहिरनविना हुनु हो । तब पावलले यहाँ के भन्छन् त ? तिनले मृत्युको चाहना गरेका होइन, आफ्नो मृत्युको साथमा शरीरबाट छुट्ने अनुभव पनि गर्न खोजेका होइन, तर तिनले प्रभु येशू ख्रीष्टको दोस्रो आगमनको तीव्र इच्छा गरेका हुन्; किनभने त्यस बेलामा ख्रीष्टमा मर्नेहरू सबैले आ-आफ्नो महिमित शरीर पाउने नै छन् ।

**२ कोरिन्थी ५:४:** यसो हेर्दा तीन पदको विषयमा दिइएको हाम्रो व्याख्या यहाँ चार पदले सत्य ठहराउँछ। किनकि चार पदमा प्रेरित पावलले यसो भन्छन्: यस पार्थिव डेरामा हामी सुस्केरा हाल्छौं, हामी भारले थिचिएका हुन्छौं; किनभने हामी पुरानो वस्त्र खोलिमाग्न चाहेका होइनौं, तर नयाँ वस्त्र ओढ़ाइन चाहेका हौं; तब त्यो मरणशीलचाहिँ जीवनद्वारा निलिनेछ। अर्को शब्दमा भन्नु हो भने, ख्रीष्ट-विश्वासीहरूको मृत्यु र उनीहरू आकाशमा उठाइलगिने क्षणको बीचमा भएको अन्तराल समय ख्रीष्ट-विश्वासीको आशा होइन। पावलले यस परिस्थितिको बाटो हेरेका थिएनन्, तर ख्रीष्ट-विश्वासीहरू आकाशमा उठाइलगिने क्षण नै तिनको आशा थियो; किनभने त्यस बेलामा विश्वासीहरूले एउटा नयाँ महिमित शरीर पाउनेछन्, जुन शरीर कहिल्यै मृत्युको वशमा रहनेछैन।

**२ कोरिन्थी ५:५:** परमेश्वरले हामीलाई यही कुराका निम्ति अर्थात् हाम्रो शरीरको छुटकाराका निम्ति तयार पार्नुभएको छ। किनभने यो नै हाम्रो निम्ति उहाँका महिमित अभिप्रायहरूको चरमबिन्दु हुनेछ। वर्तमान समयमा हाम्रो आत्मा र प्राणले छुटकारा पाएका छन्, तर त्यस दिव्य मुक्तिको योजनामा हाम्रो शरीरको छुटकारा पनि समावेश गरिएको छ, र त्यस कार्यमा उहाँको मुक्तिको योजना सिद्धिनेछ। विचार गर्नुहोस्: परमेश्वरले हामीलाई यही उद्देश्यका निम्ति रच्नुभयो ! उहाँले हामीलाई

हातले नबनाइएको एउटा घर, स्वर्गको अनन्त घर, हामीलाई एउटा महिमित शरीर दिनका निम्ति सृष्टि गर्नुभएको रहेछ।

अनि हामीले एउटा महिमित शरीर पाउनेछौं भन्ने कुरामा हामी कसरी निश्चित हुन सक्छौं त? यसको उत्तर यस प्रकारको छः परमेश्वरले हामीलाई पवित्र आत्मारूपी बैना दिनुभएको छ। हामीले त्यो तथ्य पेश गरिसक्यौंः हरेक विश्वासीसँग पवित्र आत्मा हुनुहुन्छ; परमेश्वरको आत्मा उसमा वास गर्नुहुन्छ। पवित्र आत्मारूपी बैनाचाहिँ ख्रीष्ट-विश्वासीका निम्ति परमेश्वरका सबै प्रतिज्ञाहरू पूरा हुने नै छन् भन्ने बन्धकको काम गर्छ। उहाँ भविष्यमा पूरा आशिष पाउने अग्रिम रकमरूपी पेस्की हुनुहुन्छ। जुन अग्रिम आशिष परमेश्वरले हामीलाई अहिले आंशिक रूपले दिनुभएको छ, त्यही आशिषको भरपूरी एकदिन हाम्रो हुनेछ भन्ने बैना परमेश्वरको आत्मा स्वयम् हुनुहुन्छ।

**२ कोरिन्थी ५:६:** पावल सधैं हिम्मती र ढुक्क हुन सक्ने कारण यी बहुमूल्य तथ्यहरू थिए, जसको विषयमा गहिरो निश्चयता पाएर तिनी सुनिश्चित हुन्थे। तिनले जान्दथिए, कि शरीरमा डेरावास गरेसम्म तिनी प्रभुबाट टाढ़ा थिए, घरमा पुगेका थिएनन्। पावलका निम्ति यस प्रकारको 'प्रवासी' जीवन सर्वोत्तम जीवन थिएन; तर तिनका निम्ति परमेश्वरको इच्छा त्यस्तै थियो भने, तिनी यस अवस्थामा रहन तयार थिए; किनभने यसरी तिनले यहाँ तल, यस पृथ्वीमा ख्रीष्ट येशूको सेवा गर्न सक्थे र परमेश्वरका जनहरूलाई सहायता पुऱ्याउन सक्थे।

**२ कोरिन्थी ५:७:** *'किनकि हामी दृष्टिको भरमा होइन, तर विश्वासको भरमा हिँड्छौं।'* योबाहेक प्रभुदेखि टाढ़ा रहेको प्रमाण अरू बढ़ता के चाहिन्छ? हामीले अहिलेसम्म प्रभु येशूलाई आफ्नै आँखाले देखेका छैनौं। हामीले अहिलेसम्म उहाँलाई केवल विश्वासको आँखाले देख्न सक्यौं। जबसम्म हामी यस शरीरमा डेरावास गरिरहेका छौं, तबसम्म प्रभुसितको हाम्रो सम्बन्ध त्यति नजिक र घनिष्ठ हुन सक्दैन, जति हाम्रो सम्बन्ध उहाँलाई आफ्नै आँखाले देख्ने बेलामा हुनेछ।

**२ कोरिन्थी ५:८:** जुन विचार पावलले छ पदमा उठाए, आठ पदमा त्यस विचारकहाँ फर्केर तिनले त्यो सिद्ध्याउँछन्। तिनको सामु त्यो परम

धन्य आशा थिए; यसकारण पावलले हिम्मत बाँध्न सके, र तिनी ढुक्कै थिए। तिनको भनाइअनुसार तिनका निम्ति बरु शरीरबाट अलग भएर प्रभुसित रहनु उचित थियो। श्री क्लेरवोका बर्नार्डले यो भावना 'स्वर्गीय घरको यादले सताइएको' भनेका छन्।

यस पदले अघि प्रेरित पावलले भर्खर भनेको कुरा काटेको जस्तो देखिन्छ; किनभने अघिल्ला पदहरूअनुसार तिनले महिमित शरीरको खूबै चाहना गर्थे भने, यहाँ तिनले 'शरीरबाट अलग र प्रभुको साथमा रहेको' कुरा इच्छा गरे। शरीरबाट अलग र प्रभुको साथमा भएको कुराबाट ख्रीष्ट-विश्वासीहरूको शरीररहित अवस्था बुझिन्छ, जुन अवस्था उनीहरूको मृत्युदेखि उनीहरू आकाशमा उठाइलगिने क्षणसम्म रहिरहन्छ।

तर पावलले भनेका कुराहरूमा अमेल कहाँ छ र? त्यो त हाम्रो अज्ञानको फल मात्र हो। किनभने ख्रीष्ट-विश्वासीहरूका निम्ति तीनवाट अवस्थाहरू रहनु सम्भव छ, जस्तैः क) वर्तमान संसारमा मरणशील शरीरमा डेरावास गरिने जीवन; ख) अनि उनीहरूको मृत्यु र ख्रीष्ट येशूको दोस्रो आगमनको बीचको समयमा उनीहरू शरीररहित अवस्थामा रहनेछन्। त्यस चेतनाशील अवस्थामा उनीहरूले ख्रीष्ट येशूको उपस्थिति उपभोग गर्न पाउनेछन् – खास गरी उनीहरूका आत्मा र प्राणले। अनि अन्तमा ग) प्रभु येशूको दोस्रो आगमनमा हामी महिमित शरीर पाएर हाम्रो सम्बन्धमा मुक्तिको सम्पूर्ण कार्य समाप्त हुनेछ।

पावलले यस खण्डमा हामीलाई के सिकाउँछन् भने, तिनको निम्ति शरीरमा रहनु राम्रो थियो, अनि प्रभुको साथमा रहन अझै राम्रो हुनेथियो; तर प्रभुको दोस्रो आगमनमा एउटा महिमित शरीर पाउनु सबैभन्दा उत्तम हुनेथियो।

**२ कोरिन्थी ५ः९ः** *'चाहे शरीरमा रहौं, चाहे नरहौं, हामी उहाँको निम्ति ग्रहणयोग्य हुने प्रयत्न गर्छौं।'* हामी ख्रीष्ट-विश्वासीहरूले प्रभुलाई खुशी पार्ने अठोट गर्नुपर्छ र त्यो आफ्नो लक्ष्य बनाउनुपर्छ। हाम्रो मुक्ति हाम्रा कामहरूमाथि निर्भर गर्दैन; तर आउँदो दिनमा हाम्रो इनामचाहिँ – हामी यस जीवनमा प्रभुप्रति कति विश्वासयोग्य रह्यौं, हाम्रो त्यस विश्वासयोग्यताअनुसार, त्यसको ठीक प्रतिफलमुताबिक हामीलाई इनाम

दिइनेछ। यस विषयमा हामीले सधैं याद गर्नुपर्छः मुक्ति हाम्रो विश्वासको फल हो, तर इनाम हाम्रा कामहरूको प्रतिफल हुनेछ। हामीले प्रभु येशूमाथि विश्वास गरेर परमेश्वरको अनुग्रहमा मुक्ति पायौं; त्यसमा हाम्रो एउटा पनि काम थिएन। तर मुक्ति पाएपछि हामीले असल कामहरू गर्ने उच्च लक्ष्य राख्नुपर्छ; किनकि यसरी नै इनाम प्राप्त गरिनेछ।

के तपाईंले याद गर्नुभयो ? शरीरमा रहेर वा शरीरमा नरहेर, जसरी भए पनि पावलले प्रभुलाई सधैं खुशी तुल्याउन प्रयत्न गर्थे। यसर्थ यस पृथ्वीमा पावलले पूरा गरेको सेवाको उद्देश्य आफ्ना प्रभुको हृदय हर्षित तुल्याउनु थियो। यस पृथ्वीमा पावलले शरीरमा रहेर हर समयमा आफ्ना प्रभुलाई खुशी तुल्याउने कोशिश गर्थे; अनि तिनी ख्रीष्टको न्यायआसनको सामु उभिँदा पनि तिनले पूरा गरेको सेवाद्वारा प्रभुलाई पनि खुशी तुल्याउनु थियो।

**२ कोरिन्थी ५:१०:** किनकि ख्रीष्ट येशूलाई खुशी तुल्याउन खोज्ने हाम्रो अभिप्राय हामी सबैजना ख्रीष्टको न्यायआसनको सामु देखा पर्नु-पर्छ भन्ने कुराबाट प्रेरणा पाउँछ। त्यहाँ हामी देखा पर्नु एउटा कुरा हो, तर हामी प्रकट हुनु अर्को कुरा हो; किनभने त्यस दिनमा हामी कस्ता थियौं र हाम्रो सेवा के-कस्तो थियो, सो प्रकट हुनेछ। यस सम्बन्धमा एन.ई.वी.-अनुवाद सठीक हो, जसमा यसो लेखिएको छः 'ख्रीष्टको सामु हाम्रो न्यायजाँच हुँदा हामी सबैजनाको जीवन खुलस्त पारिनेछ; यो अनिवार्य हो।'

डाक्टर-कक्षमा हाजिर हुनु एउटा कुरा हो, तर त्यहाँ हाम्रो एक्स-रेको जाँच हुनु अर्को कुरा हो। ख्रीष्टको न्यायआसनको सामु हाजिर हुँदा हाम्रो जीवनको यथार्थ न्यायजाँच हुनेछ र ख्रीष्ट येशूका निम्ति गरिएको सेवा जेजस्तो थियो, ठीक त्यस्तै सबको सब प्रकट गरिनेछ। हामीले कति सेवा गरेका छौं, त्यो मात्र होइन, तर हाम्रो सेवाको गुणस्तर कस्तो र सेवा गर्ने हाम्रो अभिप्राय केकस्तो थियो, सो कुराको जाँच हुनेछ।

मुक्ति पाएको मानिसले गरेका पापहरूले उसको सेवामाथि नराम्रो प्रभाव पार्छन्; तर त्यस गम्भीर घड़ीमा ख्रीष्टको न्यायआसनको सामु ख्रीष्ट-विश्वासीहरूका पापहरूको न्यायजाँच गरिनेछैन; किनभने यी

पापहरूको न्याय दुई हजार वर्षभन्दा अघि भइसकेको थियो, जब प्रभु येशू हाम्रा पापहरू आफ्नो शरीरमा लादेर क्रूसमा जानुभयो (१ पत्रुस २:२४)। उहाँले हाम्रा पापहरूले पाउनुपर्ने सजाय पूरा भोग्नुभयो, हाम्रा पापहरूले कमाएका ऋण पूरा तिरिदिनुभयो। यसकारण परमेश्वरले यी पापहरूको हिसाब र न्याय फेरि कहिल्यै गर्नुहुनेछैन (यूहन्ना ५:२४)। यसकारण बुझ्नुहोस्ः ख्रीष्टको न्यायआसनको सन्दर्भ प्रभुका निम्ति गरिएको हाम्रो सेवा हो। त्यस बेलामा हामीले मुक्ति पाएको वा मुक्ति नपाएको कुराको जाँच गरिनेछैन; किनभने त्यो त अघि निश्चित भइसकेको कुरा हो। तर त्यस समयमा इनाम र हानि न्यायजाँचको विषय हुनेछन्।

## झ) २ कोरिन्थी ५:११-६:२: सेवकाइको सम्बन्धमा पावलको सुविवेक थियो।

**२ कोरिन्थी ५:११:** *'यसकारण प्रभुको भयानकता जानेर हामी मानिसहरूलाई सम्झाउँछौं।'* पहिले हामी यहाँ यस पदको विषयमा सर्वमान्य धारणा पेश गर्छौं। यस धारणाअनुसार पावल पापी मानिसहरूमाथि आइपर्ने परमेश्वरको भयानक न्याय र तिनीहरूले सहनुपर्ने नरकका संत्रस्त पीड़ाहरू विदित र पूरा ज्ञात भएका हुनाले पावलले जताततै गएर मानिसहरूलाई सुसमाचारको सन्देश ग्रहण गर्न मनाउन खोज्थे। अनि यस धारणामा असत्य केही पनि छैन। तर हाम्रो विचारअनुसार यस खण्डको खास अर्थ यो होइन।

मेरो विचारमा, पावलले यहाँ मुक्ति नपाएका मानिसहरूमाथि आइपर्ने प्रभुको भयानक सजायको विषयमा कुरा गरेका छैनन्, तर तिनको विषयवस्तु परमेश्वरको श्रद्धावान् भय हो, जुन भयको साथ तिनले प्रभुको सेवा गर्न र उहाँलाई खुशी पार्न खोज्थे। अनि प्रेरित पावलले जान्दथिए, कि परमेश्वरको सामु तिनको जीवन एउटा खुला पत्र थियो। तर सुसमाचारको सेवकाइमा तिनी कति इमानदार र विश्वासयोग्य हुन्थे, सो कुरा कोरिन्थका विश्वासीहरूले मानेका र स्वीकार गरेका तिनको चाहना थियो। यसकारण तिनले यहाँ भन्न खोजेको यही होः

'प्रभुको भयमा जिउन हामी जान्दछौं; यसकारण हामी मानिसहरूलाई आफ्नो इमानदारी र निष्कपटताको विषयमा मनाउन कोशिश गर्छौं; किनभने हामी ख्रीष्ट येशूका सेवकहरू हौं । तर यस कुरामा मानिसहरूलाई मनाउने हाम्रो कोशिश सफल भए-नभए केही पर्बाह छैन; किनभने हामी परमेश्वरका निम्ति सुपरिचित छौं। अनि हाम्रो आशा छ, कि तिमी कोरिन्थीहरूका विवेकमा हामी पनि त्यस प्रकारले सुपरिचित हुनेछौं ।'

यस प्रकारको व्याख्या यस पदको सन्दर्भसित बढ़ी मिल्छ ।

**२ कोरिन्थी ५ः१२ः** यो कुरा लेख्नसाथ तुरुन्तै कसैले 'हेर, पावलले आफ्नै सराहना गरेको' भन्ला भन्ने कुरा तिनले जान्दथिए। अनि यस प्रकारको दोष तिनले कुनै हालतमा आफूमाथि लाग्न दिँदैनन् । यसकारण तिनले थपेर लेख्छन्ः *'हामी तिमीहरूको सामु फेरि आफ्नो सराहना गर्दैनौं ।'* के तिनले अघि कतै आफ्नो सराहना गरे त ? होइन; तर तिनलाई घरिघरि यसो गरेको दोष लागेको थियो । अनि यहाँ, यस ठाउँमा तिनले उनीहरूको मनमा हालिएको त्यो विष झार्ने कोशिश गरेका छन् ।

तिनले किन यति लामो हुने गरी आफ्नो सेवकाइको प्रतिरक्षा गरेका छन् त ? तिनको सुस्पष्ट जवाफ यस प्रकारको छः *'तिमीहरूले हृदयको कुरामा होइन, तर बाहिरी कुरामा घमण्ड गर्नेहरूलाई जवाफ दिन सक भनेर तिमीहरूलाई हाम्रो विषयमा गर्व गर्ने मौका दिन्छौं ।'* तिनले आफ्नै सराहना गर्ने के काम ? तर झूटा शिक्षकहरूले कोरिन्थका पवित्र जन-हरूको सामु तिनको कटु आलोचना गरेर तिनको ठूलो बदनाम गरेका तिनले महसुस गरे। अनि यी विश्वासीहरूले तिनीमाथि लगाइएको लाञ्छनाको सठीक जवाफ दिन सक्नुपर्नेथियो; यो तिनको चाहना थियो । यसकारण तिनले उनीहरूलाई यो जानकारी दिएका हुन् । यो कुरा लिएर उनीहरूले तिनको पक्षमा बोल्न र तिनलाई दोष लाउनेहरूको मुख बन्द गर्न सक्नेथिए ।

तिनले आफ्ना छिद्रान्वेषीहरूको बयान यस प्रकारले दिएका छन्ः तिनीहरू *'हृदयको कुरामा होइन, तर बाहिरी कुरामा घमण्ड गर्नेहरू'* थिए (तपाईंले यो कुरा १ शमूएल १६ः७ पदसित तुलना गर्नुहोला) । अर्को शब्दमा भन्नु हो भने, तिनीहरूले भित्री यथार्थता, सत्यनिष्ठा र इमानदारीमा

होइन, तर बाहिरी स्वाङमा पो चासो लिन्थे। बनावटी देखावट र रूपरङ्ग, बोल्ने सीप र वाक्पटुता, अनि बाहिरी जोश र ताइँफाइँजस्ता कुराहरू तिनीहरूका निम्ति अति महत्त्वपूर्ण हुन्थे।

> 'यी देखावटीहरूका निम्ति बाहिर ढाँचाकाँचा देखाउने काम महत्त्व-पूर्ण हुन्थ्यो, तर हृदयको सच्चाइचाहिँ केही पनि गनिँदैनथियो।'
>
> (सङ्कलित)

**२ कोरिन्थी ५ः१३ः** *'किनकि हामी होशमा छैनौं भने यो परमेश्वरका निम्ति हो, तर हामी होशमा छौं भने यो तिमीहरूका निम्ति हो।'* यस पदबाट के बुझिन्छ भने, प्रेरित पावललाई तिनको होश ठेगानमा नरहेको, तिनी धर्मान्ध भएका अथवा तिनलाई कुनै न कुनै मनको रोग लागेको अभियोग लगाइएको थियो। श्री जेम्स डेन्नीले पावलको मानसिक अवस्थालाई 'आत्मिक तनाउ' भन्ने नाम दिएका छन्। यहाँ पावलले स्वीकार गरेका छन्ः तिनी बेहोशमा हुनु हो भने, तिनी परमेश्वरका निम्ति यसो भए। तिनका दोष लाउनेहरूले तिनको जीवनमा जुन कुरा पागलपन सम्झन्थे, त्यो कुरा खास गरी प्रभु येशूप्रति पूरा तनमनले गरिएको तिनको तीव्र भक्ति थियो। किनकि तिनी परमेश्वरका कामकुराहरूप्रतिको अनुरागले जलेका थिए। तर तिनी होशमा हुन्थे भने, तिनी कोरिन्थका विश्वासीहरूका निम्ति यसो हुन्थे। यस पदले भन्न खोजेको कुरा छोटकारीमा भन्नु हो भने, पावलको सम्पूर्ण व्यवहार कि त परमेश्वरका निम्ति लड़ाइँ गरेको जोशको फल हुन्थ्यो, कि त आफ्ना सङ्गी-विश्वासीहरूलाई उपकार गर्ने प्रेरणाको फल हुन्थ्यो; तिनको व्यवहारका निम्ति उचित कारणहरू बताउने स्पष्टीकारण यो थियो। परमेश्वरका निम्ति तिनको जोश र विश्वासीहरूको उपकार गर्ने तिनको इच्छामा कुनै स्वार्थ लुकेको थिएन। तिनका अभिप्रायहरू बिलकुल स्वार्थरहित हुन्थे। के तिनका अभियोग लगाउनेहरूले आफ्नो विषयमा यो पनि भन्न सक्नेथिए? यसमा शङ्का छ।

**२ कोरिन्थी ५ः१४ः** कुन कुराले प्रेरित पावललाई यति अथक रूपले र निःस्वार्थको साथमा सेवा गर्ने तुल्यायो होला भनेर तिनको जीवन

नियालेर हेर्ने को होला, जसले त्यसमा ताजुप मान्दैन ? यस पदले हामीलाई त्यसको जवाफ दिन्छः ख्रीष्टको प्रेमले तिनलाई यसो गर्ने प्रेरणा दिएको रहेछ। यो पावलका सबै पत्रहरूमा सबैभन्दा उत्कृष्ट खण्ड मान्नुपर्छ।

ख्रीष्टको प्रेम भनेकोमा हामीले यहाँ के बुझ्नुपर्छ ? के यो हामीप्रति उहाँको प्रेम हो, कि के यो उहाँप्रति हाम्रो प्रेम हो ? यस प्रश्नको एकमात्र उत्तर सठीक ठहरिन्छः यो हामीप्रति उहाँको प्रेम हुनुपर्छ; किनभने हामीले उहाँलाई वा अरू कसैलाई प्रेम गर्ने एकमात्र कारण उहाँले पहिले हामीलाई प्रेम गर्नुभएको फल हो। ख्रीष्ट येशूको प्रेमले हामीलाई विवश पार्दछ; त्यस प्रेमले हामीलाई साथमा लैजान्छ, जसरी मानिस पर्वको समयमा भीड़ैभीड़ ग्राहकहरूको साथमा हुलिएर लगिन्छ (दसैंको अगाड़ि काठमाडौंको असनटोल सम्झनुहोस् !)। ख्रीष्ट येशूले पावललाई देखाउनुभएको प्रेम अपार थियो। उहाँको उदेक प्रेम ध्यानमा राखेर पावल विवश भए र त्यस प्रेमको कर र बहकाउमा परेर तिनका निम्ति आफ्ना अद्‌भुत प्रभुको सेवा नगरी हुँदैनथियो।

जब प्रभु येशू हामी सबैका निम्ति मर्नुभयो, तब हाम्रा प्रतिनिधि भएर उहाँले यसो गर्नुभयो; किनभने जब उहाँ मर्नुभयो, तब हामी सबैजना मर्‍यौं, उहाँमा। जसरी आदमको पाप तिनका सबै सन्तानहरूको पाप ठहरियो, ठीक त्यसरी नै ख्रीष्ट येशूको मृत्यु उहाँमाथि विश्वास गर्नेहरू सबैको मृत्यु गनिन्छ (रोमी ५ :१२-२१; १ कोरिन्थी १५ :२१-२२)।

**२ कोरिन्थी ५ :१५ :** *'अनि उहाँ यस हेतुले सबैका निम्ति मर्नुभयो, कि जिउनेहरू अबदेखि उसो आफ्ना निम्ति जिउनुहुँदैन, तर उहाँका निम्ति जिउनुपर्छ।'* पावलको तर्क धेरै सम्मोहित हुन्छ, कति वशकर हुन्छ। ख्रीष्ट सबैका निम्ति मर्नुभयो। अनि उहाँ किन सबैका निम्ति मर्नुभयो ? प्रभु येशूमाथि विश्वास गरेर जिउनेहरू अबदेखि उसो आफ्ना निम्ति जिउनु-हुँदैन, तर उहाँका निम्ति जिउनुपर्छ। आफ्नो इच्छाअनुसार हामी आफ्नो तुच्छ, स्वार्थी जीवन जिऔं भन्ने उद्देश्यले मुक्तिदाता प्रभु हाम्रा निम्ति मर्नुभएन। तर हामीले राजीखुशीसाथ आफ्नो जीवन उहाँलाई समर्पण गरौं र आफ्नो बाँकी समयमा भक्तिको जीवन जिऔं भन्ने हेतुले नै उहाँ हाम्रा

निम्ति मर्नुभयो। आउनुहोस्, हामी यस विषयमा श्री जेम्स डेन्नीको व्याख्या सुनौं, जसले यसो लेखेका छन्ः

> 'जब ख्रीष्ट येशू हाम्रो सट्टामा मर्नुभयो, तब उहाँले हाम्रा निम्ति प्रेममा एउटा महान् भन्दा महान् काम पूरा गर्नुभयो; हामी उहाँका होऔं र सदैव केवल उहाँका भइरहौं भन्ने यस कामको उद्देश्य थियो। यसकारण बुझ्नुहोस्ः हामीलाई आफ्नै सम्पत्ति तुल्याउनु नै उहाँको मृत्युको मूल उद्देश्य थियो।' 26)

**२ कोरिन्थी ५ः१६ः** हुन सक्छ, *'यसकारण हामी अबदेखि उसो कसैलाई पनि शरीरअनुसार चिन्ने गर्दैनौं'* भनेर पावलले यो कुरा ५ः१२ पदको सन्दर्भमा लेखे होलान्, जहाँ तिनले आफ्ना अभियोग लगाउने-हरूको बयान गरे, जसले हृदयको कुरामा होइन, तर बाहिरी रूपमा घमण्ड गर्थे। किनभने यो विषय फेरि उठाएर तिनले के सिकाउँछन् भने, जो ख्रीष्ट येशूकहाँ आउँछ, ऊ एउटा नयाँ सृष्टि हुन्छ। यसकारण अबदेखि उसो हामी मानिसहरूलाई बाहिरी रूपअनुसार, प्रत्यय-पत्रहरूअनुसार अथवा जाति, वर्ग र थरअनुसार चिन्दैनौं। यसो गर्नु शारीरिक, सांसारिक तरिका हो। तर हामी मानिसहरूलाई अमूल्य आत्माहरू सम्झन्छौं, जसका निम्ति ख्रीष्ट येशू मर्नुभयो।

उक्त कुरामा पावलले यो पनि थप्छन्ः *'हामीले ख्रीष्टलाई शरीरअनुसार चिनेका भए तापनि अबदेखि उसो हामी उहाँलाई यसो चिन्दैनौं।'* ख्रीष्टलाई शरीरअनुसार चिन्नु भनेको उहाँलाई मानिसको रूपमा चिन्नु हो। अबचाहिँ पावलले उहाँलाई यस प्रकारले चिन्दैनथिए। अर्को शब्दमा भन्नु हो भने, येशूलाई नासरतमा बसोबास गर्नुभएको आफ्नो छिमेकीको रूपमा चिन्नु अथवा उहाँलाई पृथ्वीको मसीह राजाको रूपमा चिन्नु एउटा कुरा हो, तर उहाँलाई वर्तमान समयमा परमेश्वरको दाहिने हातमा विराजमान हुनुभएको महिमित ख्रीष्टको रूपमा चिन्नु अर्को कुरा हो। प्रभु येशू यस पृथ्वीमा हुनुहुँदा जुन मानिसहरूले उहाँलाई शारीरिक रूपले चिने र मानवीय हिसाबले जाँचे, ती मानिसहरूले भन्दा हामी नै उहाँलाई घनिष्ठ र साँचो तवरले चिन्न सक्छौं; किनभने उहाँले आफूलाई

पवित्र आत्माद्वारा परमेश्वरको वचनभित्र हामीकहाँ प्रकट गर्दै हुनुहुन्छ।

यस सम्बन्धमा श्री डेविड स्मिथले यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'एक समयमा प्रेरित पावलले पृथ्वीमाथि राज्य गर्नुहुने मसीहको विषयमा यहूदीहरूको सर्वाङ्गीण दृष्टिकोण अपनाएका थिए। तर अबचाहिँ तिनले त्योभन्दा उच्च धारणा पाए; किनभने तिनका निम्ति ख्रीष्ट येशू मरेकाहरूको बीचबाट बौरिउठ्नुभएको महिमित मुक्तिदाता हुनुहुन्थ्यो। उहाँलाई साँचो हुने गरी चिन्नु हो भने, हामीले उहाँलाई शरीरअनुसार होइन, तर आत्माअनुसार चिन्नुपर्छ। ऐतिहासिक परम्परा-अनुसार पनि होइन, तर उहाँलाई उहाँसित सन्निकट, घनिष्ठ, सजीव, व्यक्तिगत सङ्गति गरेर पो चिनिन्छ।' 27)

**२ कोरिन्थी ५ः१७ः** *'यसकारण कोही ख्रीष्टमा छ भने ऊ एउटा नयाँ सृष्टि हो।'* मुक्ति पाएको हरेक मानिस ख्रीष्टमा एउटा नयाँ सृष्टि भएको छ। मुक्ति पाउनुभन्दा अघि हामीले अरू मानिसहरूलाई शारीरिक दृष्टिले हेर्थ्यौं होला, तर अबचाहिँ सबै बदली भएको छ। *'पुराना कुराहरू बितिगएका छन्; हेर, सबै कुराहरू नयाँ भएका छन्!'* पुरानो दृष्टिकोण अपनाउने समय बितिगयो; हेर, सबै कुराहरू नयाँ भए!!

भर्खर नयाँ जन्म पाएकाहरूमध्ये यो पद अति प्रिय मानिएको छ। तिनीहरूले आफ्नो जीवन-गवाही दिँदा घरिघरि यो पद उद्धृत गरिएको सुनिन्छ। यस प्रकारले उद्धृत गरिएको पदको अर्थ कहिलेकाहीं बिग्रिन्छ र उल्टो हुन जान्छ; किनभने यी जीवन-गवाही सुन्ने श्रोताहरूले 'मुक्ति पाएको मानिसका पुराना पापी आदतहरू, कुविचार, कुइच्छा र कुदृष्टिहरू एकैपल्ट सदाका निम्ति हटिगए; अनि यी मानिसहरूको जीवनमा सबै कुराहरू नयाँ भए' भन्ने गलत अर्थ बुझ्न सक्छन्। किनभने हामी जान्दछौंः यस प्रकारको अर्थ सत्य होइन। यो पद ख्रीष्ट-विश्वासीको आत्मिक ठहरमाथि केन्द्रित छ, उसको व्यवहारमा होइन। यस पदमा लेखिएको कुरामा ख्याल गर्नुहोस्ः मानिस *'ख्रीष्टमा'* एउटा नयाँ सृष्टि हुन्छ। 'ख्रीष्टमा' भन्ने शब्द यस पदको अर्थ खोल्ने चाबी हो। किनकि ख्रीष्टमा

पुराना कुराहरू बितिगएका छन्, र ख्रीष्टमा सबै कुराहरू नयाँ भएका छन् । तर अफसोसको कुरा, तपाईं र ममा – हामीमा अहिलेसम्म सबै कुराहरू नयाँ भएका छैनन् । तर आशा छ, हामी इसाई जीवनमा प्रगति गर्दै जान्छौं होला, र हाम्रो व्यवहार आजभन्दा भोलि हामो ठहरसित बढ़ी मिल्दै जान्छ होला; मेरो चाहना यस्तै छ। एकदिन, खास गरी प्रभु येशूको दोस्रो आगमन हुँदा हाम्रो व्यवहार हाम्रो ठहरसित पूरा मिल्नेछ, र त्यस दिनदेखि उसो यी दुईवटा कुराहरूको बीचमा कहिल्यै कुनै भिन्नता रहनेछैन ।

**२ कोरिन्थी ५ः१८ः** *'सबै कुराहरू परमेश्वरबाट भएका हुन् ।'* उहाँ यी सबै कुराहरूको स्रोत र कर्ता हुनुहुन्छ । मानिसले घमण्ड गर्न यहाँ कुनै कारण र कुनै ठावैं छैन। परमेश्वरले येशू ख्रीष्टद्वारा हामीलाई मिलाप गराउनुभयो; अनि यही परमेश्वरले हामीलाई मेलमिलापको सेवकाइ दिनुभयो ।

'अ न्यू एण्ड कन्साइज बाइबल डिक्सनेरी'मा मेलमिलापको सम्बन्धमा बाइबलको शिक्षा बढ़िया रूपले व्याख्या गरेर यसो लेखिएको छः

> 'परमेश्वरले आफ्नो अनुग्रहमा प्रभु येशूको त्राणात्मक मृत्युद्वारा त्यो दूरी, त्यो अन्तर रद्द गर्नुभयो, जुन दूरी, जुन अन्तर पापले परमेश्वर र मानिसको बीचमा ल्याएको थियो; किनभने केवल ख्रीष्ट येशूद्वारा सबै कुराहरू परमेश्वरकहाँ ग्रहणयोग्य हुने गरी हाजिर गराउन सकिन्छ । अनि ख्रीष्टको यही क्रूसको मृत्युद्वारा विश्वासीहरूको मेलमिलाप भइसकेको छ । नयाँ सृष्टि भएर उनीहरू पवित्र, निष्कलङ्क र दोषरहित अवस्थामा परमेश्वरकहाँ प्रस्तुत गरिएका छन् । किनकि जब प्रभु येशू यस पृथ्वीमा हुनुहुन्थ्यो, तब परमेश्वर ख्रीष्टमा हुनुहुन्थ्यो, र उहाँले संसारका मानिस-हरूलाई आफूसित मिलाप गराउनुभयो; उहाँले मानिसहरूसित तिनी-हरूका अपराधहरूको हिसाब लिनुभएन । तर अब क्रूसमा परमेश्वरको प्रेम पूरा रूपले प्रकट भएपछि यसको साक्षी संसारभरि फैलिएको छ, र यस सन्देशले मानिसहरूलाई परमेश्वरसँग मिलाप राख्ने आग्रह गर्छ । अनि यसको उद्देश्य के हो ? परमेश्वरले मानिसहरूबाट आनन्द लिन पाउनु यसको खास उद्देश्य र लक्ष्य हो ।' [28)]

२ कोरिन्थी ५:१९: मेलमिलापको सेवाको परिभाषा यस प्रकारको छः *'ख्रीष्टमा भईकन परमेश्वरले आफूसित संसारको मिलाप गराउनुभयो।'* यो वाक्य हामीले दुई प्रकारले बुझ्न सक्छौं; अनि यी दुवै व्याख्याहरू बाइबलीय वाख्या हुन्। सर्वप्रथम, परमेश्वर ख्रीष्टमा हुनुहुन्थ्यो भन्ने वाक्य हामीले प्रभु येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ भन्ने अर्थमा लिन सक्छौं; यो बिलकुल सत्य हो। तर यसको दोस्रो व्याख्या पनि छ, जस्तैः परमेश्वरले ख्रीष्टमा संसारको मिलाप गराउनुभयो। अर्को शब्दमा भन्नु हो भने, परमेश्वरले संसारको मिलाप गराउनुभयो; अनि त्यो मेलमिलापको काम उहाँले प्रभु येशू ख्रीष्टमा पूरा गर्नुभयो।

यस पदमा प्रस्तुत गरिएको सत्यता सुस्पष्ट छ र उक्त व्याख्याहरूमा निर्भर गर्दैन। पापले गर्दा परमेश्वर र मानिसहरूको बीचमा जुन अमेल र मनमुटाउ आएको थियो, त्यो अमेल र मनमुटाउको मूलकारण उहाँले पापसित सक्रिय कारबाही गरेर हटाइदिनुभयो। परमेश्वरलाई मेलमिलापको खाँचो कहाँ छ र? मानिसलाई पो मेलमिलापको आवश्यकता छ; ऊ परमेश्वरसित मेलमिलापमा आउनुपर्छ।

*'उहाँले तिनीहरूसित तिनीहरूका अपराधहरूको हिसाब लिनुभएन।'* यो पद सरासर पढ्दा यस पदको शिक्षा सर्वमुक्तिवाद हो कि जस्तो लाग्न सक्छ। तर के ख्रीष्ट येशूको त्राणको कामद्वारा सबै मानिसहरूले मुक्ति पाउँछन्, के यो सत्य हो? यस प्रकारको गलत शिक्षाले परमेश्वरको वचनको बाँकी भागमा प्रस्तुत गरिएको सुस्पष्ट शिक्षा नकार्छ र अमेल खान्छ। परमेश्वरको प्रबन्धमा मानिसहरूका अपराधहरूको हिसाब लिइँदैन; यो सही कुरा हो। तर सबै मानिसहरूका निम्ति यस प्रकारको प्रबन्ध गरिए ता पनि ख्रीष्टमा हुनेहरूमा मात्र यो प्रबन्ध लागू र हितकारी हुन्छ। किनभने मुक्ति नपाएका मानिसहरूका अपराधहरूको हिसाब तिनीहरूबाट अवश्य लिइनेछ; यसमा कुनै शङ्का छैन। तर यी अपराधीहरूले प्रभु येशूमाथि विश्वास गरेर उहाँलाई आफ्नो मुक्तिदाता तुल्याउनेबित्तिकै तिनीहरूका पापहरू मेटिन्छन् र तिनीहरू उहाँमा धर्मी ठहरिन्छन्।

उहाँले मेलमिलापको प्रबन्ध गर्नुभयो; अब एउटा कुरा बाँकी छः *'उहाँले हामीलाई मेलमिलापको वचन सुम्पिदिनुभयो'* अर्थात् उहाँका

सेवकहरूलाई यो वचन सुम्पनुभयो। अर्को शब्दमा भन्नु हो भने, परमेश्वरले आफ्ना सेवकहरूलाई संसारको चारैतिर गएर सबै मानिस-हरूलाई यो महिमित शुभ सन्देश प्रचार गर्ने अद्‌भुत सौभाग्य दिनुभयो। यो पवित्र काम र जिम्मेवारी उहाँले स्वर्गदूतहरूलाई होइन, तर हामीजस्ता कमजोर र तुच्छ मानिसहरूलाई दिनुभयो।

**२ कोरिन्थी ५ः२०ः** अघिको पदमा प्रेरित पावलले मेलमिलापको वचन पाएको जानकारी दिएका छन्। परमेश्वरले तिनलाई यो सुसमाचार प्रचार गर्न मानिसहरूकहाँ पठाउनुभयो। अनि हाम्रो विचारमा, २ कोरिन्थी ५ः२०-६ः२ पदको खण्डमा मेलमिलापको वचनको सार उल्लेख गरिएको छ। अर्को शब्दमा भन्नु हो भने, पावलले यहाँ हामीलाई त्यो सन्देश सुनाउँदैछन्, जुन सन्देश तिनले मुक्ति नपाएका मानिसहरूलाई प्रचार गर्दैथिए, र जुन सन्देश बोकेर तिनी एक देशदेखि अर्को देशतिर र एक महादेशदेखि अर्को महादेशतिर अघि बढ्दैथिए। यो कुरा बुझ्न महत्त्वपूर्ण छ। पावलले यहाँ कोरिन्थीहरूलाई परमेश्वरसँग मेलमिलाप राख भन्ने आग्रह गर्दैनन्; किनभने उनीहरूले अघिबाट प्रभु येशूमाथि विश्वास गरिसके। तर तिनले कोरिन्थका विश्वासीहरूलाई त्यो सन्देश प्रस्तुत गर्छन्, जुन सन्देश तिनले जतातत‍ै मुक्ति नपाएका मानिसहरूलाई प्रचार गर्ने गर्थे।

अब राजदूतको कुरा आयो। राजदूत कुनै देशको अधिकार-प्राप्त कर्मचारी हुन्, जसले अर्को देशमा आफ्नो देश र सरकारको प्रतिनिधित्व गर्छन्। यसकारण बुझ्नुहोस्ः पावलको दृष्टिमा ख्रीष्ट येशूका निम्ति गरिने सेवकाइ सधैं एउटा उच्च र महिमित बोलावट थियो। यहाँ तिनले आफूलाई एक राजदूत सम्झन्छन्, जसलाई ख्रीष्ट येशूले हाम्रो यस संसारमा पठाउनुभयो। तिनी परमेश्वरको मुखपात्र र उहाँको प्रवक्त थिए, जसमार्फत परमेश्वरले मानिसहरूलाई आग्रह गर्नुहुन्थ्यो। एकजना राजदूतले मानिसहरूलाई विन्ती कहाँ गर्छन् र? यो अनौठो सुनिन्छ, होइन र? हाम्रो विचारमा, राजदूतले विन्ती गर्दैनन्ः तर सुसमाचारको शोभा यसैमा छ। परमेश्वरले विनम्रसाथ र गहभरिका आँसु लिएर मानिस-हरूलाई आफूसँग मेलमिलाप राख्ने आग्रह गर्नुहुन्छ। यसो हो भने,

परमेश्वर र मानिसहरूको बीचमा शत्रुता रहेको छ भने, यसको दोष मानिसले आफूमा खोज्नुपर्छ। आफूसित मानिसहरूको सङ्गति सम्पूर्ण हुन सक्ने गरी परमेश्वरले सबै अवरोध, अड्काउ र बाधाहरू हटाउनुभयो। प्रभु येशू आफूले गर्न सक्ने सबै काम पूरा गर्नुभयो। यसकारण मानिसले अब आफ्नो विद्रोहका हतियारहरू उतार्नुपर्छ, परमेश्वरलाई तिरस्कार गर्न र उहाँप्रति हठी हुन छोड्नुपर्छ र परमेश्वरसँग मेलमिलाप राख्नुपर्छ।

**२ कोरिन्थी ५:२१:** हामी मानिसहरूले परमेश्वरसित कसरी मेल-मिलाप गर्न सक्छौं? यसका निम्ति शैक्षिक जग यहाँ, यस पदमा प्रस्तुत गरिएको छ। परमेश्वरले मेलमिलाप सम्भव तुल्याउनुभयो; कसरी? उहाँले पूरा दोषी भएका पापी मानिसहरूलाई तिनीहरू पश्चात्तापी भई विश्वासको साथ उहाँकहाँ आउँदा कसरी आफूकहाँ आउन दिन सक्नुहुन्छ? यो प्रभु येशूद्वारा सम्भव भयो; किनभने उहाँले हाम्रा पापहरूले सृजना गरेको समस्या पूरा रूपले समाधान गरिदिनुभयो। यसकारण हामी परमेश्वरसित मेलमिलाप गर्न सक्छौं।

अर्को शब्दमा भन्नु हो भने, परमेश्वरले ख्रीष्ट येशूलाई हाम्रा निम्ति पाप तुल्याउनुभयो – उहाँलाई, जसले पापै जान्नुभएको थिएन; *'उहाँमा हामी परमेश्वरको धार्मिकता बन्न पाऔं'* – यसको उद्देश्य थियो।

यहाँ, यस ठाउँमा हामी होशियार हुनुपर्छ। प्रभु येशू ख्रीष्ट साँच्चै क्रूसमा पापी हुनुभएको धारणा अपनाउनुदेखि होशियार! यस प्रकारको विचार गलत हो। हाम्रा पापहरू पो उहाँमाथि लादिएका थिए। तर उहाँमा पाप एउटै पनि थिएन। परमेश्वरले उहाँलाई हाम्रा निम्ति पापबलि तुल्याउनुभयो; क्रूसमा भएको खास कुरा यो थियो। अनि प्रभु येशूमाथि विश्वास गरेका हुनाले हामी परमेश्वरको दृष्टिमा धर्मी ठहरिएका छौं। मोशाको व्यवस्थाले हामीबाट जुन कुराको माग गरेको थियो, त्यो माग हाम्रो स्थान लिनुभएको स्थानापन्न प्रभुले पूरा गर्नुभयो।

पापै नजान्नुहुने प्रभु हाम्रा निम्ति पाप हुनुभएको र धार्मिकताको अर्थ के हो, सो केही पनि नजान्ने अनभिज्ञ हामी कसरी, अँ, कसरी परमेश्वरको धार्मिकता हुन पुगेका – परम धन्य सत्यता! यस्तो कुनै मरणशील मानिस

नै छैन, जसले परमेश्वरलाई यस असीम अनुग्रहको निम्ति पर्याप्त धन्यवाद दिन सकेको छ ।

**२ कोरिन्थी ६ः१ः** *'परमेश्वरको अनुग्रह व्यर्थमा ग्रहण नगर !'* भनेर पावलले यहाँ जे लेखेका छन्, त्यो कुरा तिनले कोरिन्थीहरूलाई लेखे भन्ने अनुमान कतिले गर्छन् । तिनले उनीहरूलाई उनीहरूले पाएको अनुग्रह खेर जान दिनुहुँदैन, तर सकेसम्म त्यसको सदुपयोग गर्नुपर्छ भन्ने प्रोत्साहन गरेका छन् अरे ।

तर हाम्रो विचारमा, पावलले यहाँ अझै पनि मुक्ति नपाएका मानिसहरूको बीचमा प्रचार गरेको आफ्नो सन्देशको स्पष्टीकरण दिइरहेका छन् । यहाँसम्म आएर तिनले विश्वास नगर्ने मानिसहरूलाई परमेश्वरको अपार अनुग्रह प्रस्तुत गरिसके, जुन अनुग्रहको प्रबन्ध उहाँले तिनीहरूका निम्ति ख्रीष्ट येशूमा तयार गर्नुभयो । अनि अबचाहिँ तिनले तिनीहरूलाई विन्ती गर्छन्ः 'परमेश्वरको यो अपार अनुग्रह व्यर्थमा ग्रहण नगर !' तिनीहरूले सुसमाचारको बीउ बाँझो, बन्जर जमिनमाथि पर्न दिनुहुँदैनथियो । होइन, तिनीहरूले यस अद्‌भुत सुसमाचारप्रति उचित, सकारात्मक प्रतिक्रिया जनाउनुपर्छ र सुसमाचारमा प्रस्तुत गरिनुभएको मुक्तिदाता प्रभुलाई ग्रहण गर्नुपर्छ ।

**२ कोरिन्थी ६ः२ः** *'कृपादृष्टिको समयमा मैले तिम्रो पुकार सुनेको छु; र मुक्तिको दिनमा मैले तिमीलाई सहायता गरेको छु ।'* पावलले अब यशैया ४९ः ८ पद उद्धृत गर्छन् । आउनुहोस्, मसँग यशैया ४९ः अध्यायमा आउनुहोस् ! किनभने त्यस अध्यायमा हामी परमेश्वरलाई आफ्ना जनहरूसित बहस गरिरहनुभएको पाउँछौं; किनभने तिनीहरूले उहाँका मसीहलाई तिरस्कार गरेका थिए । यशैया ४९ः७ पदमा इस्राएली जातिले प्रभु येशूलाई तिरस्कार गरेको बयान छ । अनि हामी जान्दछौं, कि तिनीहरूले उहाँलाई तिरस्कार गरेको फलस्वरूप प्रभु येशू क्रूसमा मर्नुभयो । तर यशैया ४९ः८ पदमा आएर हामी परमप्रभुका शब्दहरू पढ्न पाउँछौं, जसले प्रभु येशूलाई आश्वासन दिएर भन्नुभयोः *कृपादृष्टिको समयमा मैले तिम्रो पुकार सुनेको छु; र मुक्तिको दिनमा मैले तिमीलाई सहायता गरेको छु ।'* यसर्थ परमेश्वरले प्रभु येशूको प्रार्थना सुन्नुभयो र

उहाँलाई 'म तिमीलाई सहायता दिन्छु र बचाइराख्नेछु' भन्ने प्रतिज्ञा गर्नुभयो ।

*'मुक्तिको दिनमा मैले तिमीलाई सहायता गरेको छु'* भन्ने यस वाक्यको सन्दर्भ प्रभु येशू ख्रीष्टको बौरिउठाइ हो । किनभने ख्रीष्ट येशू मरेका-हरूको बीचबाट बौरिउठ्नुभएपछि कृपादृष्टिको समय र मुक्तिको दिन शुरु भएको हो ।

पावलले सुसमाचार प्रचार गर्दा यो अद्‌भुत सत्यता आफ्नो आधार बनाएर मुक्ति नपाएका श्रोताहरूलाई घोषणा गरेर भन्छन्ः *'हेर, कृपा-दृष्टिको समय अहिले हो; हेर, मुक्तिको दिन अहिले हो !'* अर्को शब्दमा भन्नु हो भने, जुन मुक्तिको दिनको विषयमा यशैयाले भविष्यवाणी गरेका थिए, त्यो मुक्तिको दिन आइसक्यो; यसकारण पावलले मानिसहरूलाई मुक्तिदाता प्रभुमाथि भरोसा गर्ने आह्वान दिन्छन् । मुक्तिको दिन छँदै तिनीहरूले उहाँलाई ग्रहण गर्नुपर्छ ।

## ञ) २ कोरिन्थी ६ः३-१०ः सेवकाइमा पावलको व्यवहार कस्तो थियो ?

**२ कोरिन्थी ६ः३ः** *'सेवामा कुनै दोष लाग्नुहुँदैन; यसैले हामी कुनै कुरामा पनि कसैलाई ठेस खुवाउँदैनौं ।'* यसो भनेर पावल आफूले प्रचार गरेको सुसमाचारको सन्देश राखेर सेवकाइमा अपनाएको आफ्नो व्यवहारतिर मोड़ेका देखिन्छ; किनभने तिनलाई थाहा थियो, कि मुक्तिको सुसमाचारको सन्देश सुनेर मानिसहरू तिनीहरूले प्रभु येशूलाई ग्रहण गर्नु नपरोस् भन्ने हेतुले सधैं बहाना गर्न खोज्छन् । अनि तिनीहरूले प्रचारकको जीवनमा कुनै कलङ्क भेट्टाउन सके, बस ! तिनीहरूको उद्देश्य पूरा भयो । यसकारण तिनले कोरिन्थका विश्‍वासीहरूलाई याद दिलाउँछन्ः *'सेवामा कुनै दोष लाग्नुहुँदैन; यसैले हामी कुनै कुरामा पनि कसैलाई ठेस खुवाउँदैनौं ।'* सेवकाइको सिलसिलामा हामीले अघि भनिसकेका छौंः सेवकाइ कुनै उच्च अधिकारीको माण्डलिक पद होइन, तर ख्रीष्ट येशूका निम्ति गरिने सेवा हो । यसका निम्ति कसैले कसैको नियुक्ति चाहिँदैन;

किनभने ख्रीष्ट येशूका सबै जनहरूले उहाँको सेवा गर्न पाउँछन्; यो तिनीहरूको हक हो ।

**२ कोरिन्थी ६:४:** यस पददेखि प्रेरित पावलले यस खण्डमा आफ्नो सेवकाइमा कुनचाहिँ नीति अपनाए, सो प्रस्तुत गर्छन् (२ कोरिन्थी ६:४-१०) । तिनी सर्वोच्च परमेश्‍वरको सेवक थिए; यसकारण तिनले सधैं यस उच्च बोलावटको योग्य चालमा चल्ने प्रयत्न गर्थे । यस खण्डको व्याख्या गर्दा श्री जेम्स डेन्नीले के गजबको टिप्पणी हालेका छन्, सो सुन्नुहोस् !

> 'सेवकाइको सन्दर्भमाथि आफ्नो विचार पुर्‍याउँदा पावलले यो कति महान् विषयवस्तु रहेछ, सो चाल पाए – अब तिनको कुरा सुन्नुहोस्; किनभने यहाँ एउटा गहिरा सागरको मुहान् फुट्न लागेको छ ! यस खण्डको शुरुमा तिनी आपद्मा परेको देखिन्छ; तिनले उपयोगी शब्दहरूको खोजीमा थिए, र पूरा वाक्यहरू होइन, तर केवल छुट्टै-छुट्टै शब्दहरू एकपछि अर्को गर्दै बोल्न सके । तर यस खण्डको अन्तमा तिनी फेरि स्वतन्त्रतासाथ बोल्ने-लेख्ने भएका छन्; अनि तिनले बाधाविना आफ्नो मनको कुरा पोख्छन् ।' [29)]

२ कोरिन्थी ६:४-५ पदमा पावल आफूले सहेका शारीरिक दुःख-कष्टहरू बयान गर्छन्, जुन दुःखकष्टहरूले तिनलाई प्रभुको सच्चा, विश्‍वासयोग्य सेवकको रूपमा प्रमाणित गर्छन् । अनि ६:६-७ पदमा तिनले आफ्नो जीवनमा देखिने इसाई सद्गुणहरू प्रस्तुत गर्छन् । त्यसपछि तिनले ६:८-१० पदमा प्रभुका सबै सेवकहरूले सेवकाइमा गरेका माथि-तलका विषम अनुभवहरूको सूची दिन्छन् ।

*ठूलो धीरजमाः* ठूलो धीरजचाहिँ पावलको सहनशीलताको उचित परिभाषा हो; किनभने तिनले व्यक्ति विशेषहरू र स्थानीय मण्डलीहरूप्रति आफ्नो धीरता देखाउँथे, साथै तिनको धैर्यको बाँधलाई तोड्न खोजेका सबै कष्टहरू सहन्थे, जुन कष्टहरूले तिनलाई तिनको स्थिरता र तिनले अपनाएको बाटोबाट हटाउन खोज्थे ।

*सङ्कष्टहरूमाः* यहाँ सङ्कष्टहरूको सन्दर्भ तिनले ख्रीष्ट येशूको नाममा खपेका सतावटहरू हुन् ।

*अभावहरूमाः* अभावहरूले पावल कति अभावग्रस्त थिए, र यी अभावहरूले धेरै पल्ट तिनको गाँस, वास र कपासको अपुग थियो, सो सङ्केत गर्छन् ।

*क्लेशहरूमाः* क्लेशहरू तिनले घरिघरि सामना गर्नुपरेको प्रतिकूल परिस्थितिहरू हुन् ।

**२ कोरिन्थी ६ः५ः** *कोर्रा खानुमाः* प्रेरित १६ः२३ पदमा पावलले धेरै कोर्रा खाएको वर्णन गरिएको छ ।

*कैदहरूमाः* २ कोरिन्थी ११ः२३ पदअनुसार तिनी घरिघरि कैदमा हालिन्थे ।

*हूलदङ्गाहरूमाः* तिनले सुसमाचार प्रचार गरेपछि बेला-बेलामा मानिसहरूको बीचमा हूलदङ्गा, होहल्ला र कोलाहल मच्चिन्थे । अनि विशेष गरी यहूदी मानिसहरूले जस्तै गरी अन्यजातिका मानिसहरूले पनि मुक्ति पाउँछन् भन्ने सन्देशले यहूदीहरूको बीचमा झर्को दङ्गाफसाद र तिक्त उत्पात हुने गर्थे ।

*परिश्रमहरूमाः* पावलको तम्बू बनाउने पेसा थियो; त्यसमा तिनले परिश्रम गर्थे र अरू पनि हातले गर्ने तिनका कामहरू थिए, जुन कामहरू तिनले मेहनतसाथ गर्ने गर्थे । अनि निस्सन्देह तिनले गरेका यात्राहरू पनि यस सन्दर्भमा पर्छन् ।

*जागा रहनमाः* शैतानका युक्तिहरूको विरोधमा तिनी सधैं सचेत रहनुपरेको थियो; साथै तिनका शत्रुहरूले तिनलाई सदैव हानि गर्न खोजेका थिए; यसको विषयमा तिनी पनि सतर्क रहनुपरेको थियो ।

*उपवासहरूमाः* उपवासको अर्थ केही नखाई व्रत बस्ने काम बुझिन्छ; तर यहाँ यसको अर्थ गरिबीले गर्दा तिनी भोकाइ बसेको हुनुपर्ला ।

**२ कोरिन्थी ६ः६ः** *शुद्धतामाः* पावलको सेवकाइ शुद्ध थियो । तिनको जीवनमा दुश्चरित्रता, अनैतिकता केही पनि थिएन; तिनको सम्पूर्ण चाल पवित्र थियो । तिनलाई व्यभिचार गरेको दोषको गन्ध समेत लाग्दैनथियो ।

*ज्ञानमाः* अनि पावलको सेवकाइ ज्ञानअनुसार थियो । तिनले अन्धाधुन्धमा अज्ञानताको सेवा गर्दैनथिए, तर तिनको सेवकाइ परमेश्वरले तिनलाई प्रदान गर्नुभएको ज्ञानले पूर्ण हुन्थ्यो । पावलका पत्रहरूमा

परमेश्वरको सत्यताको लमाइ-चौड़ाइ कति रहेछ, सो अचम्म प्रकारले प्रकट भएको छ।

*सहनशीलतामाः* के कोरिन्थका विश्वासीहरूलाई तिनको सहनशीलताको सम्बन्धमा कुनै प्रमाण चाहिएको थियो ? उनीहरूका पापहरू र त्रुटिहरू तिनले सहँदै आएका थिए; यसको प्रमाणको निम्ति त्यो काफी थियो।

*दयामाः* पावलले निस्वार्थसाथ आफूलाई अरू मानिसहरूका निम्ति दिइहाल्थे; परमेश्वरका जनहरूप्रति सधैं तिनको प्रेमको सत्‌भावना हुन्थ्यो; अनि तिनको सहानुभूतिपूर्ण व्यवहारमा तिनको दया देखिन्थ्यो।

*पवित्र आत्मामाः* पावलले जे गर्थे, त्यो सबै तिनले पवित्र आत्माको अधीनतामा, उहाँको शक्तिमा र उहाँको अगुवाइमा गर्थे। यसको अर्थमा दुईमत छैन।

*निष्कपट प्रममाः* प्रेरित पावलको जीवनमा तिनको प्रेम लुक्न सक्दैनथियो; अरूले त्यो प्रेम देख्न सक्थे; तिनको प्रेम कपटपूर्ण होइन, तर सकली प्रेम थियो, अँ, तिनका सबै कामहरूद्वारा प्रमाणित भएको प्रेम थियो।

**२ कोरिन्थी ६:७:** *सत्यताको वचनमाः* सत्यताको वचन भन्ने वाक्यांशले के सङ्केत गर्छ भने, पावलको सारा सेवकाइ परमेश्वरको सत्य वचनको आज्ञाकारितामा गरिन्थ्यो। तिनको सेवकाइ इमानदार थियो, र तिनको जीवन तिनले प्रचार गरेको सन्देशसित पूरा मेल खान्थ्यो। तिनले प्रचार गरेको सन्देश सत्यताको वचन थियो।

*परमेश्वरको शक्तिमाः* प्रेरित पावलले आफ्नो सेवकाइ आफ्नै शक्तिमा गर्दैनथिए। तिनी सधैं परमेश्वरको शक्तिमा भर पर्थे, जसले तिनलाई सेवा गर्ने शक्ति दिनुहुन्थ्यो। कतिजनाको सुझाउअनुसार परमेश्वरको शक्तिको सन्दर्भ यी आश्चर्यकर्महरू हुन्, जुन आश्चर्यकर्महरू पूरा गरेर पावलले 'म ख्रीष्टको प्रेरित हुँ' भन्ने प्रमाण दिन सके।

*दाहिने र देब्रे हातमा धार्मिकताका हतियारहरूमाः* एफेसी ६:१४-१८ पदको खण्डमा धार्मिकताका हतियारहरू वर्णन गरिएका छन्। यी हतियारहरूले हाम्रो अङ्गीकारसित मिल्ने सच्चा चरित्रको चित्रण दिन्छन्।

यस सम्बन्धमा एकजना अज्ञात भाइले यसो भनेका छन्ः 'व्यावहारिक धार्मिकता धारण गरेको मानिस अजेय हुन्छ।' परमेश्‍वर र मानिसहरूप्रति हाम्रो विवेक शुद्ध छ भने, शैतानले हामीमा हिर्काउने तारो हतपत्त पाउँदैन।

'दाहिने र देब्रे हातमा' भन्ने वाक्यांशको विषयमा अहिलेसम्म कुनै स्पष्ट अर्थ निक्लेको छैन। सम्भवतः स्पष्टीकरण अनेक छन्, जसमध्ये निम्न स्पष्टीकरण पत्यारलाग्दो देखिन्छ। पुरानो समयमा लड़ाइँमा उत्रने कुरा आयोः सिपाहीको दाहिने हातमा तरवार थियो भने, त्यसको देब्रे हातमा ढाल थियो। तरवार लिएर सिपाहीले आक्रमण गर्थ्यो भने, ढाल लिएर त्यसले आफ्नो रक्षा गर्थ्यो। यसो हो भने, पावलले यहाँ भन्न खोजेको कुरा यस प्रकारको छः इसाई सत्‌चरित्रचाहिँ आक्रमण गर्न र आफूलाई रक्षा गर्न सबैभन्दा उपयोगी हुँदो रहेछ।

**२ कोरिन्थी ६ः८ः** अबका तीनवटा पदहरूमा पावलले प्रभु येशूका निम्ति गरिएको सेवकाइमा गुज्रेर जानुपर्ने माथि-तलका विषम अनुभवहरू प्रस्तुत गर्छन्। प्रभु येशूको हरेक साँचो चेलाको अनुभवमा पहाड़का टाकुराहरू र गहिरा घाटीहरू छन्, अनि उसको जीवनमा शिखर र फेदको बीचको सामान्य 'पाखा'को अनुभव पनि हुन्छ। चेलाको जीवन आदर र अनादर पाउने जीवन हो, विजय र हारको जीवन हो, स्याबासी र निन्दा पाउने जीवन हो।

परमेश्‍वरको हरेक दासचाहिँ बदनाम र सुनामको पात्र हुन्छ। कतिजनाले उसको जोश र साहसको तारिफ गर्छन् भने, कतिजनाले केवल उसको बदख्वाइँ गर्छन्। ऊसँग धोकेबाजसित गरेझैं व्यवहार गरिन्छ, तर यसो भए पनि ऊ बिलकुल सत्य रहन्छ। ऊ धोकेबाज हुँदै होइन, तर सर्वोच्च परमेश्‍वरको दास हो।

**२ कोरिन्थी ६ः९ः** *'नचिनिएका जस्तै, तर प्रसिद्ध'ः* संसारको दृष्टिमा पावल उपेक्षित थिए, मानिसको गन्तीमा आएनन्; तिनी कोही पनि थिएनन्; मानिसहरूले तिनलाई र तिनले भनेको कुरा प्रायः गलत सम्झन्थे। तर परमेश्‍वरको दृष्टिमा र आफ्ना सङ्गी-विश्‍वासीहरूका निम्ति तिनी सुपरिचित थिए। 30)

*'मर्दै गरेका जस्ता, तर हेर, हामी जीवित छौं !'* पावल दिनहुँ मरिरहेका थिए; तर उदेकको कुराः तिनी जीवित रहन्थे। तिनको धम्की गरिन्थ्यो, तिनी दुष्ट मानिसहरूको शिकार बन्थे; तिनी खेदो र सतावटमा पर्थे र कैदमा हालिन्थे; तर रिहा पाएपछि तिनले अझै ठूलो जोशको साथ फेरि मुक्तिको सुसमाचार प्रचार गरे।

*'ताड़ना पाएका जस्ता, तर हामी मारिएका छैनौं।'* पावल दिनहुँ मरिरहेको कुरा अझ चरमसीमामा पुगेको छैन। किनकि यहाँ तिनलाई दिइएको सास्ती अझै एक कदम माथि चढ्दैछ। यहाँ ताड़ना भन्ने शब्द सजायको अर्थ लिन्छ; किनभने मानिसहरूको हातबाट तिनले सुसमाचारका निम्ति विभिन्न सजायहरू सहने गर्थे। हुन सक्छ, कति चोटि तिनीहरूले तिनको हलचल मच्चाइरहने जीवन शेष गरेको सम्झन्थे होलान्। तर के गर्ने? तिनीहरूले तिनको विषयमा, तिनले अन्य शहरहरूमा ख्रीष्ट येशूका निम्ति वीरता देखाएर ठूला-ठूला काम गरेको समाचार सुन्न केही बेर लाग्दैनथियो !

**२ कोरिन्थी ६:१०:** *'शोकित भएका जस्ता, तर हामी सधैं आनन्द मनाउँछौं।'* सेवकाइको सम्बन्धमा पावललाई शोक त थियो; तर तिनले सधैं आनन्द मनाउन जान्दथिए। सुसमाचारको सन्देश इन्कार गर्ने मानिसहरूका निम्ति तिनलाई अवश्य दुःख लाग्थ्यो। परमेश्वरका जनहरूका भूलचूकहरू तिनको मनको पीरको कारण हुन्थे। आफ्ना कमजोरीहरूको विषयमा तिनी व्याकुल हुन्थे; यो सुनिश्चित छ। तर जब तिनले प्रभु येशूलाई र परमेश्वरका प्रतिज्ञाहरू सम्झन्थे, तब तिनले सधैं ठूलो उत्साहको कारण पाउँथे र आनन्द गर्थे।

*'गरिबजस्ता, तर हामी धेरैजनालाई धनवान् तुल्याउँछौं।'* भौतिक सम्पत्तिको हिसाबले पावल गरिब थिए। तिनको जग्गाजमिन र धनसम्पत्ति भएको कुरा कहीं पढ़िँदैन। तर तिनको सेवकाइद्वारा आशिषित भएका मानिसहरू कति धेरै ! !

*'केही नभएका जस्ता, तर हामीसँग सब थोक छन्।'* तिनीसँग आफ्नै केही पनि थिएन; तर तिनीसँग महत्त्वपूर्ण गनिने सबै कुराहरू थिए।

यस विषयमा श्री ए. टी. रोबर्टसनले यसो लेखेका छन्ः

> 'पावल यी वाक्यहरू चरमसीमामा पुगेका छन्, र यिनमा तिनले आफ्नो कल्पना लगाम नलगाएर छोड़िदिएका छन्, तिनको कल्पना झिलिक-झिलिक चम्किरहेको बिजुलीजस्तो छ, जुनचाहिँ काला बादलहरूमाथि नाचिरहेको छ।' [31)]

## ट) २ कोरिन्थी ६ः११-१३ः खुला हृदय र प्रेमको व्यवहारका निम्ति पावलको आह्वान।

**२ कोरिन्थी ६ः११ः** अनि अब नभन्दै प्रेरित पावलले 'हे कोरिन्थी-हरूहो, हाम्रा निम्ति आफ्नो हृदय खोल' भनेर यी विश्वासीहरूलाई आवेगपूर्ण आग्रह गर्छन्। तिनले उनीहरूसित मन खोलेर कुरा गरेका छन् र उनीहरूप्रति आफ्नो प्रेम खुलस्त पारेका छन्। *'किनकि हृदयको भरपूरीबाट नै मुखले बोल्छ'* (मत्ती १२ः३४); यसकारण पावलले मुख खोलेर कुरा गरेको मतलब बुझिन्छः तिनले यी विश्वासीहरूलाई फराकिलो हृदयले प्रेम गर्थे। यस पदको अर्थ यही हो भन्ने कुरा हामी कसरी जानौं? *'हाम्रो हृदय फराकिलो छ'* भन्ने शब्दबाट यो जानिन्छ; किनकि तिनी उनीहरूलाई प्रेममा ग्रहण गर्न तयार थिए।

हामी श्री ए. डब्ल्यू. टोजरको शब्दमा भनौंः

> 'पावल सानो कदको मानिस थिए होलान्, तर तिनको अन्तस्करण विशाल थियो। तिनका चेलाहरूको हृदयको सङ्कीर्णताबाट घरिघरि तिनको ठूलो हृदयमा चोट लाग्थ्यो; किनभने उनीहरूको साँघुरो, सानो मनबाट तिनलाई ठूलो आघात परेको थियो।' [32)]

**२ कोरिन्थी ६ः१२ः** *'तिमीहरूका निम्ति हाम्रो हृदय साँघुरो छैन, तर तिमीहरू पो तिमीहरूका हृदयहरूमा साँघुरा छौ।'* यहाँ स्नेहको भावनाको कुरा आयो। कोरिन्थीहरू र पावलको बीचमा स्नेहको आदान-प्रदानमा बाधा र छेकथुन आएको कारण कोरिन्थका विश्वासीहरूले आफूमा खोज्नुपरेको थियो; किनकि उनीहरूप्रति पावलको मनको भावना खुला र

सफा र सठीक थियो। उनीहरूले नै पावलप्रति आफ्नो प्रेम सीमित राखे, यहाँसम्म कि पावललाई स्वागत गरौं कि नगरौं भन्ने विषयमा उनीहरू दोधारमा परेका थिए। तर उनीहरूप्रति पावलको प्रेम अलिकति पनि सङ्कुचित भएन। प्रेमको कमी उनीहरूको थियो, पावलको होइन।

**२ कोरिन्थी ६ः१३ः** *'अब म तिमी मेरा छोराछोरीहरूलाई भन्छुः यसको बदलामा तिमीहरू पनि फराकिला होओ !'* पावलले यहाँ कोरिन्थीहरूसित विश्वासमा आफ्ना छोराछोरीहरूसँग भएझैं कुरा गर्छन्। उनीहरूले तिनको प्रेमको साटफेर गरेर तिनलाई खुला हृदयले प्रेम गर्नुपर्नेथियो; किनभने तिनी उनीहरूको आत्मिक बुबा थिए। अनि उनीहरूले तिनलाई विश्वासमा आफ्ना बुबा सम्झेर तिनलाई प्रेम गर्नुपरेको थियो। यस प्रकारको प्रेम परमेश्वरले मात्र उनीहरूमा पैदा गर्न सक्नुहुनेथियो; तर के उनीहरू उहाँलाई आफ्ना जीवनमा यस किसिमको प्रेम पैदा गर्ने अनुमति दिन तयार थिए ?

आउनुहोस्, हामी श्री मोप्फाटको अनुवाद पनि सुनौं, जसले २ कोरिन्थी ६ः११-१३ पदको खण्ड यस प्रकारले रुचिकर अनुवाद गरेका छन्ः

'हे कोरिन्थीहरूहो, मैले तिमीहरूदेखि केही पनि बाँकी राखेको छैनँ; तिमीहरूप्रति मेरो हृदय खुला छ। प्रेमको आदान-प्रदानमा छेकथुन आएको छ भने यसको कारण ममा होइन, तर तिमीहरू यो आफैमा खोज ! हे मेरा छोराछोरीहरूहो, सबैजनाको भाग बराबर हुनुपर्छ भन्ने तिमीहरूको मागअनुसार मसित पनि उस्तै व्यवहार गर ! मप्रति आफ्नो हृदय फराकिलो पारिदेओ !'

## ठ) २ कोरिन्थी ६ः१४-७ः१ः बाइबलीय पृथक्करणको निम्ति पावलको आह्वान।

**२ कोरिन्थी ६ः१४ः** तेह्र पदसित यस पदको सम्बन्ध यस प्रकारको छः पावलले अघि यी पवित्र जनहरूलाई 'मप्रति खुला मनका होओ !' भनेर आग्रह गरेका छन्। अनि उनीहरूले यो कसरी गर्न सक्नेथिए ?

यसका निम्ति एक तरिका यस्तो छः उनीहरूले हरेक प्रकारको पाप र अधर्मबाट अलग बसेर यसो गर्न सक्नेथिए। अनि तिनले यहाँ केही हदसम्म ती भ्रूटा शिक्षकहरूलाई ताकेर यसो भनेका छन्, जुन भ्रूटा शिक्षकहरू कोरिन्थको मण्डलीभित्र घुसेका थिए।

यहाँ नमिलेको जोड़ी, असमान जुवाको कुरा आयो, जसको सन्दर्भ व्यवस्था २२:१० पद हो, जहाँ यसो लेखिएको छः *'तिमीले गोरु र गधालाई एकसाथ नारेर नजोत्नू !'* गोरुचाहिँ शुद्ध पशु थियो भने गधाचाहिँ अशुद्ध थियो। गोरु र गधाको हिँड़ाइँ मिल्दैन, अनि तिनीहरूको तान्ने शक्ति पनि अलग-अलग छ। तर आउनुहोस्, हामी मिल्ने जोड़ीको कुरा पनि गरौं ! प्रभु येशूसित नारिएका विश्वासीहरूले उहाँको जुवा सजिलो र उहाँको भारी हलुका भेट्टाउँछन् (मत्ती ११:२९-३०)।

परमेश्वरको समस्त वचनमा दोस्रो कोरिन्थीको पत्रको यो खण्ड पृथक्करणको विषयमा लेखिएको प्रमुख खण्ड मानिन्छ। यस खण्डमा ख्रीष्ट-विश्वासीले आफूलाई विश्वास नगर्नेहरू, अधर्म, अन्धकार, बेलियाल र मूर्तिहरूबाट अलग राख्नुपर्छ भन्ने सुस्पष्ट शिक्षा प्रस्तुत गरिएको छ।

यस खण्डमा सिकाइएको अलगपना अवश्य विवाहको सम्बन्धमा लागू हुन्छ। किनकि ख्रीष्ट-विश्वासीले मुक्ति नपाएको व्यक्तिलाई विवाह गर्नुहुँदैन। तर यस खण्डले ख्रीष्ट-विश्वासीलाई विश्वास नगर्ने लोग्ने वा विश्वास नगर्ने स्वास्नीलाई त्याग्ने र उससित विवाहको सम्बन्ध विच्छेद गर्ने अनुमति पनि दिँदैन। यस्तो परिस्थितिमा परमेश्वरको इच्छा के हो ? यस अवस्थामा विश्वास नगर्ने जीवन-साथीले मुक्ति पाओस् भन्ने उद्देश्यले ख्रीष्ट-विश्वासीले विवाहको सम्बन्ध कायम राख्नुपर्छ (१ कोरिन्थी ७:१२-१६)।

त्यसबाहेक यस खण्डको सन्दर्भ व्यवसाय पनि हो। प्रभुलाई नचिन्ने मानिससँग ख्रीष्ट-विश्वासी साभ्रेदार हुनुहुँदैन। यस खण्डको सुस्पष्ट सन्दर्भ गुप्त धर्मसङ्घ र भ्रातृसङ्घहरू पनि हुन्। ख्रीष्ट येशूप्रति विश्वासयोग्य रहन चाहने भाइबहिनीले कसरी प्रभु येशूको नाम मन नपराउने संस्थासँग सम्बन्ध कायम राख्न सक्छ, मलाई भन्नुहोस् !

सामाजिक जीवन पनि यस खण्डको सन्दर्भ हो। यसको शिक्षाको प्रयोग यस प्रकारको छः ख्रीष्ट-विश्वासी मुक्ति नपाएका मानिसहरूको सम्पर्कमा किन रहनुपर्छ? किनभने यसरी उसले तिनीहरूलाई ख्रीष्टकहाँ ल्याउने कोशिश गर्न सक्छ र गर्नुपर्छ। तर उसले कहिल्यै पापमय सुख र मोजमज्जाहरूमा भाग लिनुहुँदैन। हामी तिनीहरूसँग कुनै अनुचित गति-विधिमा भाग लिएर 'त्यो क्रिस्तान भाइबहिनी हामीजस्तो रहेछ' भन्ने विचार तिनीहरूमा कहिल्यै आउन दिनुहुँदैन।

अनि यस खण्डको शिक्षाद्वारा धार्मिक कुराहरू पनि समेटिन्छन्। ख्रीष्टको विश्वासयोग्य अनुयायीले यस्तो कुनै मण्डलीको सदस्य-सदस्या हुन चाहँदैन, जुन मण्डलीले जानी-जानी विश्वास नगर्नेहरूलाई आफ्नो सदस्य बनाउँछ।

यसकारण २ कोरिन्थी ६:१४-१६ पदको खण्डले जीवनका सबै महत्त्वपूर्ण सम्बन्धहरू समेट्छ; किनभने ...

*धार्मिकता कि अधर्म?* नैतिक व्यवहारको सम्पूर्ण क्षेत्रका सबै कुराहरू यसैबाट छुट्ट्याइन्छन्।

*ज्योति कि अन्धकार?* परमेश्वरका कुराहरूको सम्बन्धमा ज्ञान र समझको खाँचो पर्छ। अनि ज्योतिले आत्मिक समझ भएको, र अन्धकारले आत्मिक समझ नभएको देखाउँछ।

*ख्रीष्ट कि बेलियाल?* यहाँबाट हाम्रो जीवनमाथि कसको अधिकार छ भन्ने सवाल उठ्छ। तपाईंको वा मेरो जीवनको मालिक को हो? यसमा तपाईं के भन्नुहुन्छ?

*विश्वासी कि अविश्वासी?* यहाँ हाम्रो व्यक्तिगत विश्वासको कुरा आयो। के तपाईं विश्वासी हुनुहुन्छ?

*परमेश्वरको मन्दिर कि मूर्तिहरू?* कसले हाम्रो भक्ति र उपासना पाउँछ?

अधर्मसँग धार्मिकताको सङ्गति कहाँ हुन्छ र? नैतिक हिसाबले अधर्म र धार्मिकता परस्पर विरोधी तत्त्व हुन्। अन्धकारसित ज्योतिको सहभागिता हुनै सक्दैन। तपाईं ज्योति आफ्नो कोठाभित्र आउन दिनुहोस्, र अन्धकार

त्यसबाट भागिहाल्छ। ज्योति र अन्धकार कहिल्यै एकै समयमा एकै ठाउँमा बस्दैनन् ।

**२ कोरिन्थी ६ः१५ः** बेलियालको नामको अर्थ निकम्मा र दुष्ट हो । यो शैतानको नाम हो । के ख्रीष्ट र शैतानको बीचमा कहिले मेलमिलाप हुन सक्छ ? यो असम्भव छ । तब विश्वासी र अविश्वासीको बीचमा सङ्गत कसरी सम्भव हुन्छ त ? पक्का पनि यस प्रकारको व्यवहार प्रभु येशूको विरोधमा गरिएको राजद्रोह र विश्वासघात मानिन्छ। यसकारण तपाईंले कहिल्यै यसो गर्ने कोशिश नगर्नुहोला !

**२ कोरिन्थी ६ः१६ः** परमेश्वरको मन्दिरसित मूर्तिहरूको कुनै सरोकार र सम्बन्ध छँदैछैन। तब ख्रीष्ट-विश्वासीहरूले मूर्तिहरूसित व्यवहार कसरी गर्न सक्छन्, सो बुझ्न सकिँदैन। के उनीहरू जीवित परमेश्वरको मन्दिर होइनन् ? केवल ती कुँदेर वा ढलेर बनाइएका देवीदेवताका आकृतिहरू मात्र मूर्तिहरू सम्झनुहुँदैन, तर ख्रीष्ट येशू र हाम्रो मनको बीचमा आएको हरेक जार-तत्त्व वा जारीलाई मूर्ति मान्नुपर्छ; किनकि धनसम्पत्ति र पैसा मूर्ति हुन सक्छन्, सुख र सोख मूर्ति हुन सक्छन्, सम्मानित हुने हाम्रो तीव्र इच्छा हाम्रो मूर्ति हुन सक्छ, अँ, अन्य भौतिक चीजहरू पनि हाम्रा मूर्ति हुन सक्छन् ।

प्रेरित पावलले आफ्नो तर्क पुष्टि गर्न पवित्र बाइबलबाट प्रशस्त प्रमाणहरू पाएका छन्, जस्तैः प्रस्थान २९ः४५, लेवी २६ः१२ र इजकिएल ३७ः२७ । यस सम्बन्धमा श्री डेन्नीले यसो भनेका छन्ः

> ‘यहूदीहरूसँग परमेश्वरको भवनको पवित्रता कायम राख्न जुन जोश र गम्भीरता थियो, त्यो जोश र त्यो गम्भीरता ख्रीष्ट-विश्वासीहरूसँग पनि हुनुपर्छ र त्योभन्दा केही कम हुनुहुँदैन भन्ने अपेक्षा पावलले यहाँ प्रकट गरेका छन्। अनि यस सिलसिलामा तिनले अहिले के भन्छन् भने, परमेश्वरको घर हामी हौं; यसर्थ हामीले आफूलाई संसारदेखि निष्कलङ्क राख्नुपर्छ ।’ [33)]

**२ कोरिन्थी ६ः१७ः** *‘यसैकारण ...;’* पावलले *‘तिनीहरूको बीचबाट निस्केर आओ’* भन्ने चुनौतीपूर्ण आह्वान गर्छन् । यसो गर्नका निम्ति तिनले

यशैया ५२:११ पद उद्धृत गरेका छन्। खराबीबाट अलग रहन परमेश्वरका जनहरूका निम्ति 'निस्केर आओ, अलग होओ र कुनै अशुद्ध कुरा नछोओ' भन्ने उहाँका सुस्पष्ट अर्तीहरू हुन्। ख्रीष्ट-विश्वासीहरू खराबीको बीचमा बस्नुहुँदैन, कुनै खराबीमा भाग लिनुहुँदैन र खराबीको उपचार र सुधार गर्छु भन्ने बहाना गर्नुहुँदैन। परमेश्वरको आज्ञा छः 'निस्केर आओ!' यो हाम्रा निम्ति उहाँको सिद्ध इच्छा र उद्देश्य हो। यस पदमा अशुद्ध कुराले मूर्ति-जगतलाई सङ्केत गर्छ; यसमा कुनै शङ्का छैन। तर त्यसमा व्यवसायको जुनसुकै खराबी, समाजको जुनै खराबी, अँ, धर्मजगतको कुनै पनि खराबी पनि समावेश हुन्छ-हुन्छ।

यो पद लिएर हामीले अरू इसाईहरूबाट अलग हुने शिक्षा दिनुहुँदैन। हामी यस प्रकारको दुरुपयोग नगरौं! हामीले त मेलमिलापको बन्धनमा आत्माको एकता कायम राख्ने प्रयत्न पो गर्नुपर्छ (एफेसी ४:३)। ख्रीष्ट-विश्वासीहरूलाई दिइएको आदेश यही पो हो।

**२ कोरिन्थी ६:१८ः** ख्रीष्ट-विश्वासीहरूलाई परमेश्वरको वचनप्रति आज्ञाकारी हुनलाई वर्षौंदेखि चल्दै गरेका सम्बन्धहरू टुटाउन कठिन पर्छ। अनि यस पदबाट के बुझिन्छ भने, यससित हाम्रो निक्कै समस्या हुनेछ भन्ने कुरा परमेश्वरले अघिबाट राम्ररी जान्नुभएको छ। किनभने सत्र पदमा उहाँले यसो भनिसक्नुभयोः *'... र म तिमीहरूलाई ग्रहण गर्नेछु।'* यसमा उहाँले निम्न शब्दहरू पनि थप्नुहुन्छः *'म तिमीहरूको पिता हुनेछु, र तिमीहरू मेरा छोराहरू र मेरा छोरीहरू हुनेछौ, सर्वशक्तिमान् प्रभु भन्नुहुन्छ।'* ख्रीष्ट येशूको साथमा दुष्टको छाउनीदेखि बाहिर बस्नेहरूले त्यसको उचित इनाम पाउँछन्ः तिनीहरूले परमेश्वर पितासित अघि कहिल्यै नजानिएको नयाँ, मीठो र घनिष्ठ सङ्गति अनुभव गर्छन्। परमेश्वरको वचनप्रति आज्ञाकारी भएको फलस्वरूप हामी परमेश्वरका छोरा वा छोरी बन्दैनौं; यो कुरा परै जाओस्! तर हाम्रो आज्ञाकारिताले हामीलाई परमेश्वरका छोरा वा छोरीको रूपमा प्रस्तुत गर्छ; अनि यसरी हामीले परमेश्वरको धर्मपुत्र हुने अधिकारका आनन्द र सुखहरूको अभूतपूर्व अनुभव गर्न पाउँछौं।

'साँचो अलगपनामा जुन आशिष छ, त्यो परमधन्य आशिषचाहिँ महान् परमेश्वरसित उपभोग गर्न पाउने महिमापूर्ण सङ्गति र मित्रता हो। त्योभन्दा बढ़ी के हुन सक्नेथियो ?' (सङ्कलित)

वर्तमान समयमा शास्त्रसम्मत नाम पाएका, उदारवादी मण्डलीहरूको सङ्गतमा रहने सुसमाचारसम्मत इसाईहरूको समस्या यस प्रकारको छः तिनीहरूले 'हामी के गर्ने' भनेर घरिघरि सोधेकै-सोधेका गर्छन्, जब तिनीहरूका निम्ति परमेश्वरको जवाफ यहाँ, यस खण्डमा सुस्पष्ट छ। तिनीहरूले प्रभु येशूलाई परमेश्वरको प्रिय पुत्र र संसारको मुक्तिदाताको रूपमा नमानेको, तर नित्य उहाँको अनादर गरिरहेको सङ्गति छोड्नुपर्छ। यस प्रकारको सङ्गतिभित्र रहेको भन्दा त्यस सङ्गतिदेखि बाहिर रहेर नै तिनीहरूले परमेश्वरका निम्ति केही न केही गर्न सक्छन्, अँ, उहाँका निम्ति बढ़ी गर्न सक्छन्।

**२ कोरिन्थी ७ः१ः** अघिको खण्डसित यस पदको नजिकको सम्बन्ध रहेको छ। यहाँ कुनै नयाँ अनुच्छेद शुरु भएको छैन, तर यस पदमा २ कोरिन्थी ६ः१४ पददेखिको खण्डको अन्त हुन्छ।

*'यसकारण प्रियहरूहो, यी प्रतिज्ञाहरू पाएका हुनाले ...;'* जुन प्रतिज्ञाहरू २ कोरिन्थी ६ः१७-१८ पदमा उल्लेख गरिएका छन्, ती प्रतिज्ञाहरू यहाँ, यस पदको सन्दर्भ हुन्। 'म तिमीहरूलाई ग्रहण गर्नेछु; म तिमीहरूको पिता हुनेछु; तिमीहरू मेरा छोराहरू र मेरा छोरीहरू हुनेछौ' भन्ने उहाँका प्रतिज्ञाहरू थिए। परमेश्वरका यी अचम्मका प्रतिज्ञाहरू ध्यानमा राखेर हामीले आफूलाई शरीर र आत्मालाई अशुद्ध पार्ने सबै मैलाबाट शुद्ध पार्नुपर्छ। हाम्रो शरीर अपवित्र पार्ने शारीरिक अशुद्धताहरू थरी-थरीका हुन्छन्; यी सबैबाट आफूलाई शुद्ध पार्नुहोस्! आत्माको अशुद्धताबाट मानिसको मनमा उठेका उसका फोहोर भावनाहरू र अपवित्र विचारहरू बुझिन्छन्। आत्मालाई अशुद्ध पार्ने यी कुराहरूबाट शुद्ध हुनुहोस्!

यस सम्बन्धमा नकारात्मक पक्ष पेश गर्नुभएपछि परमेश्वरले यहाँ यसको सकारात्मक पक्ष पनि प्रस्तुत गर्नुहुन्छः हामीले परमेश्वरको डरमा पवित्रता सिद्ध पार्दै जानु छ। हामीले हामीलाई अशुद्ध पार्ने कुराहरू

हटाउनुपर्छ; यसो गर्नुको साथै हामी दिन प्रतिदिनको जीवनमा प्रभु येशू ख्रीष्टको रूपमा परिवर्तन हुँदै जानुपर्छ। यस पृथ्वीमाथि जीवित रहुन्जेल हामी कतै आफ्नो पवित्रतामा सिद्धता प्राप्त गर्नेछौं भन्ने सुझाउ अवश्य यस पदबाट आएको होइन; किनकि यसको अर्थ यो हुँदै होइन। व्यावहारिक पवित्रता प्राप्त गर्ने क्रम र प्रक्रिया हाम्रो जीवनभरि जारी रहन्छ। प्रभु येशू ख्रीष्टलाई आमुन्ने-सामुन्ने देख्ने समयसम्म हामी उहाँको रूपमा बदली हुँदै जानेछौं, अनि त्यसपछि हामी अनन्त-अनन्तसम्म उहाँजस्ता हुनेछौं। परमेश्वरको डर, त्यस श्रद्धालु भयले हाम्रो हृदयमा पवित्र हुने इच्छा पैदा गर्छ। निष्ठावान् श्री म्याक चेइनसित मिलेर हामी सबैजनाले भन्न सिकौं, जसले प्रभुलाई यसो भन्ने विन्ती गरेका छन्ः 'हे प्रभु येशू, स्वर्गवारी, यस लोकमा मानिसका निम्ति सम्भव हुने जति सक्दो मलाई पवित्र तुल्याइ-दिनुहोस् !'

## ड) २ कोरिन्थी ७ः२-१६ः कोरिन्थबाट असल खबर सुन्न पाएकोमा धन्यवाद ! त्यसमा पावल हर्षित थिए।

**२ कोरिन्थी ७ः२ः** *'हामीलाई ग्रहण गरिदेओ !'* अथवा 'हामीलाई आफ्नो हृदयमा ठाउँ देओ !' कोरिन्थका विश्वासीहरूले तिनलाई ग्रहण नगर्ने कुनै खास कारण थिएन। किनभने पावलले कसैको खराबी गरेका थिएनन्, कसैलाई बिगारेका थिएनन् र कसैलाई ठगेका पनि थिएनन्। तिनका छिद्रान्वेषीहरूले जेसुकै भनून्, तर प्रेरित पावलबाट कसैलाई कुनै हानि भएको थिएन; अनि तिनले कसैबाट आर्थिक फाइदा उठाएनन्।

**२ कोरिन्थी ७ः३ः** तिनले जे भने वा जे लेखे, त्यसको एउटा कुरा पनि तिनले कोरिन्थीहरूलाई आरोप लगाउने हिसाबले गर्दैनथिए। किनभने तिनले घरिघरि उनीहरूलाई भनिसकेका छन्, कि तिनले उनी-हरूलाई प्रगाढ़ प्रेमले प्रेम गर्दैथिए। उनीहरू तिनको प्रेममा ढुक्कै हुन सक्थे । किनकि तिनको मृत्यु नभएसम्म तिनले आफ्नो जीवनभरि उनीहरूलाई यसरी नै प्रेम गर्नेथिए।

**२ कोरिन्थी ७ः४ः** कोरिन्थका पवित्र जनहरूसित प्रेरित पावलको घनिष्ठ सम्बन्ध रहेको हुनाले तिनले बड़ो साहससित उनीहरूसँग कुरा गरे; यसो गर्न तिनलाई पूरा स्वतन्त्र लागेको थियो। हो, उनीहरूप्रति तिनको व्यवहार खुला थियो, तर अरू मानिसहरूको सामु तिनले उनीहरूको विषयमा उत्तिकै गर्व गर्थे। यसकारण उनीहरूसित प्याच्चै भनिहाल्ने तिनको व्यवहारमा उनीहरूले तिनको प्रेमको अभाव ठान्नुहुँदैनथियो, त्यो गलत सम्झनुहुँदैनथियो। तिनी उनीहरूको सम्बन्धमा कति गर्वान्वित रहेछन्, र तिनले आफू पुगेका सबै ठाउँहरूमा उनीहरूको प्रशंसा गरेका रहेछन् भन्ने कुरा उनीहरूले बुझ्नुपरेको थियो। कोरिन्थका विश्वासी-हरूको इसाई जीवनको कुनचाहिँ व्यवहार पावलले प्रशंसा गर्न सके त? हुन सक्छ, त्यसको सन्दर्भ उनीहरूले यरूशलेमका गरिब पवित्र जनहरूको सहायता गर्नको निम्ति गर्न लागेको अर्थ सङ्ग्रह थियो होला; किनकि उनीहरू यसो गर्न पूरा उत्सुक थिए। प्रेरित पावलले यो विषय पछि उठाउँछन्, तर यहाँ यसको सङ्केत मात्र दिएका छन्।

*'म सान्त्वनाले भरिएको छु, हाम्रो सबै सङ्कष्टमा म आनन्दले चुलिएर पोखिन्छु।'* आउँदा पदहरूमा यस वाक्यको अर्थ खोलिन्छ। पावल भारी सङ्कष्टमा किन यति आनन्दित हुन सके? किनभने तीतसले तिनीकहाँ कोरिन्थका विश्वासीहरूको विषयमा असल खबर ल्याए। अनि यो असल समाचार तिनको ठूलो हर्ष र उत्साहको कारण ठहरियो।

**२ कोरिन्थी ७ः५ः** तीतसलाई भेट्न पावल एफेससबाट हिँड़ेर त्रोआसमा पुगेको कुरा हामीले अघि भनिसक्यौं। तर तिनले उनलाई त्यहाँ नभेट्टाउँदा समुद्र पार गरेर म्यासिडोनिया गए। तर म्यासिडोनियामा आएर पनि तिनलाई शान्ति भएन। यसको कारण के थियो, सो तिनले अहिले यहाँ बताउन लागेका छन्। तिनलाई चैन अलिकति पनि भएन, तिनी सङ्कष्ट र सतावटमा परेको अवस्था थियो। तिनलाई बाहिर र भित्रबाट आउने समस्याहरू थिए। बाहिरबाट निर्दयी शत्रुले तिनलाई एक प्रहारमाथि अर्को प्रहार लगाइरहेको थियो भने, तिनीभित्रचाहिँ डरैडर थियो; निस्सन्देह तिनी तीतसलाई भेट्न नसकेको चिन्ताले ग्रस्त थिए।

**२ कोरिन्थी ७:६:** त्यस बेलामा परमेश्वरले हस्तक्षेप गर्नुभयो र तीतसको आगमनद्वारा पावललाई सान्त्वना दिनुभयो। त्यस घड़ीमा प्रेरित पावलले हितोपदेश २७:१७ पदको सत्अर्थ अनुभव गर्न सके, जहाँ यसो लेखिएको छः *'जसरी फलामले फलामलाई धारिलो पार्छ, त्यसरी नै मानिसले आफ्नो साथीको अनुहार धारिलो पार्छ।'* ख्रीष्ट येशूका यी दुईजना निष्ठावान् सेवकहरूको आनन्दमय भेटघाट कल्पना गर्नुहोस्! (हितोपदेश २५:२५)। पावलले तीतसलाई प्रश्नमाथि प्रश्न गर्दैथिए र तीतसले तिनको एक-एक प्रश्नको उत्तर दिँदैथिए।

**२ कोरिन्थी ७:७:** आफ्नो मित्रसँगको पुनर्मिलन पावलको खुशी हुने एकमात्र कारण थिएन, तर तीतसको मुखबाट असल खबर सुन्न पाएको तिनको आनन्दको अर्को कारण थियो; किनभने कोरिन्थका विश्वासीहरूले पावलको अर्को पत्रप्रति सकारात्मक प्रतिक्रिया जनाएकोमा तीतसले सान्त्वना पाए।

झूटा शिक्षकहरूले कोरिन्थीहरूको पावलसितको घनिष्ठ प्रेमको सम्बन्ध टुटाउन खोज्दा-खोज्दै पनि यी विश्वासीहरूले प्रेरित पावललाई भेट्ने इच्छा गरेका रहेछन्; यो एउटा खुशीको खबर थियो। उनीहरू तिनलाई भेट्न उत्सुक थिए; साथै उनीहरूले शोक र विलाप गर्दैथिए र यसरी आफ्नो साँचो पश्चात्तापको प्रमाण दिए। बितेको समयमा उनीहरूले मण्डलीमा पाप सहेर लापरवाही गरेका थिए। हुन सक्छ, यस बेहोशी व्यवहारको खातिर उनीहरूले विलाप गरे होलान्। अथवा सायद उनीहरूले प्रेरित पावललाई विचलित र व्याकुल तुल्याएकोमा शोक गरे होलान्। उनीहरूले विलाप गरेको कुराबाहेक उनीहरूले पावललाई साँचो सम्मान गरेका र तिनलाई खुशी पार्ने उत्कट चाहना राखेको खबर तीतसले पावललाई सुनाउन सके।

यसकारण प्रेरित पावलको आनन्द तीतसको आगमनमा सीमित थिएन। तर कोरिन्थका विश्वासीहरूले पावलका आदेशहरू शिरोपर गरेर आज्ञाकारी बनेको र तिनीप्रति सद्भावना राखेको कुरा प्रमाणित भयो। यी प्रमाणहरू देखेर तिनी झन् हर्षित भए।

**२ कोरिन्थी ७ः८ः** *'किनकि मैले त्यस पत्रद्वारा तिमीहरूलाई शोकित पारेको भए ता पनि म पछुतो मान्दिनँ – यद्यपि मैले पछुतो मानेको थिएँ; किनकि त्यही पत्रले तिमीहरूलाई केवल थोरै समयका निम्ति नै शोकित पारेको मलाई थाहै लागेको छ ।'*

यहाँ, यस पदमा पावलले जुन पत्रको सङ्केत गरे, त्यो पत्र कि त कोरिन्थीहरूलाई लेखिएको तिनको पहिलो पत्र हुनुपर्ला, कि त तिनको कुनै अर्को पत्र हुनुपर्ला, जुन पत्रचाहिँ अहिले हामीसँग छैन, र जुन पत्रमा, हुन सक्छ, पावलले यी पवित्र जनहरूसित कड़ा व्यवहार गरे होलान् ।

पावलले त्यो पत्र लेखेकोमा पछुतो मानेका थिए । यसको सम्बन्धमा केही स्पष्टीकरण दिनु उचित देखिन्छ । पहिलो कोरिन्थीको पत्र यसको सन्दर्भ हो भने, त्यसबाट यो पत्र पवित्र आत्माको प्रेरणाले लेखिएको तथ्यमाथि कुनै नराम्रो असर पर्दैन । किनभने प्रेरित पावलले यस पहिलो पत्रमा जे-जे लेखे, ती सबै कुराहरू प्रभु येशूका आदेशहरू नै थिए । तर पावल मानिस भएको हुनाले अरू मानिसहरूजस्ता निराश हुन सक्थे, चिन्तित हुन सक्थे, डराउन सक्थे । यस विषयमा श्री जोर्च विलियम्सको टिप्पणीमा यसो पढ़िन्छः

> '२ कोरिन्थी ७ः८ पदमा पत्रको लेखक र पवित्र आत्माको प्रेरणाको बीचको भिन्नता यस प्रकारले देखा परेको छः पावलले आफ्नो त्यो पहिलो पत्र आत्माको प्रेरणाको फल थियो भन्ने कुरा जान्दथिए; किनभने तिनले जुन वचनहरू लेखे, ती वचनहरू प्रभुका आज्ञाहरू थिए । तर तिनीचाहिँ कोरिन्थीहरूलाई प्रेम गर्ने, उनीहरूको विषयमा फिक्रीचिन्ता गर्ने कमजोर मानिस थिए, जसलाई त्यस पत्रले कतै कोरिन्थका विश्वासीहरूसितको सम्बन्ध विच्छेद गर्‍यो कि, र उनीहरूलाई दुःखित तुल्यायो कि भन्ने डर लागेर थरथर भएको थियो । परमेश्वरको वक्ताको व्यक्तित्व र पवित्र आत्माले तिनलाई दिनुभएको दिव्य वाणीको बीचमा भिन्नता छ भन्ने कुरा यस चाखिलो घटनाबाट स्पष्ट हुन्छ ।' 34)

सङ्क्षिप्त रूपले भन्नु हो भने, पावलले भन्न खोजेको कुरा यही होः जब कोरिन्थका विश्वासीहरूले तिनको पहिलो पत्र पढ़े, तब त्यस पत्रले उनीहरूको बीचमा हप्कीको काम गर्‍यो, र उनीहरू दुःखित भए । त्यो पत्र

पठाएपछि उनीहरूको प्रतिक्रियाको विषयमा पूर्वानुमान गरेर प्रेरित पावल दुःखित भए। तिनी आफूले केही गल्ती गरेको महसुस गरेनन्; यस प्रकारको सोचाइ सन्दर्भदेखि बाहिरको गलत विचार हो। होइन, होइन! तिनी दुःखित हुने कारण यस प्रकारको थियोः प्रभुको निम्ति गरिएको सेवकाइको सिलसिलामा तिनले कहिलेकाहीं अरूलाई केही समयका निम्ति बेखुशी तुल्याउनुपरेको थियो, यस हेतुले कि तिनीहरूको जीवनमा परमेश्वरका उद्देश्यहरू पूरा हुन सकून्।

'... *किनकि त्यही पत्रले तिमीहरूलाई केवल थोरै समयका निम्ति नै शोकित पारेको मलाई थाहै लागेको छ'* भन्दै आठ पदको बाँकी भागमा पावलको जोर यस प्रकारको छः तिनको त्यस पत्रले उनीहरूलाई शोकित तुल्यायो, तर केही समयका निम्ति मात्र। पहिले त्यो पत्र तीतो, पिरलो थियो, तर उनीहरूको शोक लामो समयसम्म रहेन।

प्रेरित पावलले यहाँ बयान गरेको सम्पूर्ण प्रक्रिया हामी शल्य-चिकित्सकको कामसँग तुलना गर्न सक्छौं। बिमारीको शरीरबाट खतरनाक रोगले ग्रस्त भएको, त्यो सड़िएको भाग हटाउनका निम्ति डाक्टरले गहिरो हुने गरी मासु काटेर बिरामी मानिसको शरीर चिरफार गर्नुपर्छ। यसरी रोगीलाई दर्द दिएकोमा डाक्टर अवश्य रमाउँदैनन्। तर बिमारी निको हुनु हो भने, उनले शल्यक्रिया अपनाउनैपर्छ; यो सुनिश्चित छ। अनि विशेष गरी जब बिमारी मानिस डाक्टरको आत्मीय साथी हो भने, उसको शरीर चिरफार गर्दा डाक्टरलाई पनि दुःख्छ; किनभने उनले शल्यक्रियाद्वारा बिरामी साथीलाई दिएको पीड़ा जान्दछन् र उसलाई आवश्यक भन्दा बढ़ी दुःख अवश्य दिँदैनन्। तर चिरफारका पीड़ाहरू केवल अप्लकालिक हुन्छन् भन्ने कुरा डाक्टरलाई थाहा छ। यसकारण बिमारी निको हुने आशा राख्दै उनी बिरामीलाई पीड़ा दिन राजी छन्; किनभने उनले उसको भलाइ गर्न खोज्छन् र शल्यक्रियाको अनुकूल नतिजा देख्न सक्छन्।

**२ कोरिन्थी ७:९:** *'तिमीहरू शोकित पारिएकोमा होइन, तर पश्चात्तापी हुने गरी शोकित पारिएकोमा म आनन्द मनाउँछु।'* पावल कोरिन्थका विश्वासीहरूलाई पीड़ा दिएकोमा कहाँ रमाउँथे र! तर उनीहरूलाई लागेको त्यो अल्पकालिक पीड़ाको उत्तम फल उनीहरूको

पश्चात्ताप थियो। अर्को शब्दमा भन्नु हो भने, उनीहरूको शोकले गर्दा उनीहरूको मनमा साँचो परिवर्तन आयो, फलस्वरूप उनीहरूको जीवन पनि बदलियो। श्री चार्लस हड्चले पश्चात्तापको परिभाषा यस प्रकारले गरेका छन्ः

> 'पश्चात्तापचाहिँ मनको परिवर्तन हो, आफ्नो जीवन सुधार गर्ने संकल्प मात्र होइन; फलस्वरूप पश्चात्ताप गर्ने मानिस आफूले गरेको पापको विषयमा शोकित हुन्छ र आफ्नो पाप घृणा गर्छ, पापदेखि विमुख हुन्छ र परमेश्वरकहाँ फर्कन्छ।' [35)]

कोरिन्थका विश्वासीहरूको शोकचाहिँ परमेश्वरको इच्छाअनुसारको थियो अर्थात् परमेश्वरले उनीहरूमा देख्न चाहनुभएको किसिमको शोक थियो। उनीहरूको शोक र उनीहरूको पश्चात्ताप साँच्चीकै, अँ, ईश्वरीय रीतिअनुसारको थियो; यसकारण प्रेरित पावलले उनीहरूलाई दिएको हप्कीबाट उनीहरूलाई कुनै हानि भएन, उनीहरूलाई कुनै नराम्रो चिरकालिक प्रभाव परेन।

**२ कोरिन्थी ७ः१०ः** यस पदमा ईश्वरीय रीतिअनुसारको शोक र सांसारिक शोकको बीचमा छुट्टाइएको छ। ईश्वरीय रीतिअनुसारको शोक वा पछुतोचाहिँ मानिसको जीवनमा आउँछ, जब उसले पाप गरेको छ; अनि यस प्रकारको अफसोसले उसमा पश्चात्ताप पैदा गर्छ। परमेश्वर मसँग बोल्दै हुनुहुन्छ भन्ने कुरा उसले महसुस गर्छ, अनि यसले गर्दा उसले आफ्नो विरोधमा र आफ्नो पापको विरोधमा परमेश्वरको पक्ष लिन्छ।

जब 'ईश्वरीय रीतिअनुसारको शोकले मुक्तिका निम्ति पश्चात्ताप उत्पन्न गराउँछ' भनेर पावलले भन्छन्, तब तिनले मानिसको आत्माको मुक्तिको अनुभवको विषयमा कुरा नगरेका हुन सक्छ। यस प्रकारको अर्थ सम्भव छ, तर यस प्रकारको अर्थ अनिवार्य होइन। किनकि कोरिन्थका विश्वासीहरूले मुक्ति पाइसकेका थिए। तर यहाँ मुक्ति भन्ने शब्दले छुटकाराको अर्थ लिन्छ – हरेक किसिमको पाप, बन्धन वा सङ्कष्टबाट हुने छुटकारा।

पछुतो गर्नु नपर्ने किसिमको पश्चात्ताप अथवा पछुतो गर्न नपर्ने किसिमको छुटकारा यस वाक्यांशको अनुवाद हुन सक्छ। किनकि

पश्चात्ताप गरेको र छुटकारा पाएको कुरामा कसैले कहिल्यै दुःख मान्नुपर्दैन; यो सत्य हो। यसकारण हामी यहाँ, यस ठाउँमा यी दुवै अर्थहरू बराबर रहन दिन्छौं।

सांसारिक शोकचाहिँ साँचो पश्चात्ताप होइन, तर अफसोस, खेद, आत्मग्लानि मात्र हो। यस प्रकारको शोकले तीतोपन, हृदयको कठोरता, निराशा, अँ, अन्तमा मृत्यु पो उत्पन्न गराउँछ। यहूदा इस्करयोती यसको उदाहरण हो। किनभने आफ्नो पापले गर्दा प्रभु येशूमाथि के-के आइपर्‍यो, सो कुराको नराम्रो नतिजाको विषयमा यहूदा शोकित भएन; तर आफ्नो पापको नमीठो फल उठाउनुपरेको हुनाले त्यसले केवल आफ्नो पापको डरलाग्दो कटनीको विषयमा अफसोस मानेको थियो।

**२ कोरिन्थी ७ः११ः** *'किनकि ईश्वरीय रीतिअनुसार शोकित भएको कुरा हेरिहाल !'* भन्दै प्रेरित पावलले दस पदको शुरुमा भनेको कुरा स्पष्ट पार्न कोरिन्थीहरूलाई उनीहरूको अनुभव फेरि एकपल्ट याद दिलाउँछन्। किनभने तिनले ईश्वरीय रीतिअनुसार शोकित हुने कुराको विषयमा जे भने, त्यो कुरा उनीहरूको जीवनबाट प्रकट भयो। 'तिमीहरू ईश्वरीय रीतिअनुसार शोकित भएको कुरा प्रमाणित भएको छ' भनेर हामीले वर्तमान समयको भाषामा भन्नेथियौं होला। यति भनेपछि तिनले ती नतिजाहरू बयान गर्छन्, जुन नतिजाहरू ईश्वरीय रीतिअनुसार शोकित भएको प्रतिफल थिए।

*कस्तो उत्सुकताः* ईश्वरीय रीतिअनुसारको शोकले पहिले उनीहरूमा प्रयत्न, गहिरो चासो र ध्यान, अँ, पूरा होशियारी उत्पन्न गर्‍यो। के यसको सन्दर्भ पहिलो कोरिन्थीको पत्रमा उल्लेख गरिएको त्यो पाप गर्ने भाइ हो, जसको अनुशासन उनीहरूले गर्नुपरेको थियो? तब यसको अर्थ यस प्रकारको छः पहिले उनीहरूले त्यस कुरामा कुनै चासो लिँदैनथिए, कुनै वास्ता गर्दैनथिए; तर पछि उनीहरूले त्यो कुरा गम्भीर लिए र त्यसमा पूरा ख्याल राखे।

*कस्तो सफाइः* तिनले दोस्रो नतिजा पेश गर्छन्। आफ्नो विषयमा सफाइ गरेको अर्थ उनीहरूले आफूलाई निर्दोष ठहराउन खोजेको मतलब होइन। उनीहरूले कुनै बहाना निकालेनन्। तर उनीहरूले सशक्त कारबाही

गरे। उनीहरूले यस सम्बन्धमा दोषमुक्त हुने सकभर प्रयास गरे; किनकि कुनै हालतमा पनि उनीहरूमाथि कुनै अभियोग रहन हुँदैनथियो। यस प्रकारको सफाइ उनीहरूको मनको परिवर्तनको दोस्रो प्रतिफल थियो।

*कत्रो रिसः* त्यो रिस त्यस पाप गरेको भाइप्रति उनीहरूको भावना हुन सक्छ; किनभने त्यस भाइले ख्रीष्टको बदनाम गरेको थियो। तर मलाई के लाग्छ भने, त्यो रिस झन् बढ़ी आफूप्रति अपनाइएको उनीहरूको मनको भावना थियो; किनभने उनीहरूले लामो समयसम्म त्यो कुरा सहेर त्यसको कुनै कारबाही गरेका थिएनन्।

*कति डरः* परमेश्वरको भय उनीहरूको कारबाहीको प्रेरणा थियो भन्ने यहाँबाट बुझिन्छ। तर हुन सक्छ, उनीहरू प्रेरित पावलको भेटघाटदेखि, तिनी छड़ी लिएर आउँछन् कि भनेर डराए होलान्।

*कत्रो लालसाः* लालसाको अर्थ तीव्र इच्छा हो। अनि प्रायः सबै टिप्पणीकारहरूले यसको अर्थ यस प्रकारले बुझेका छन्ः कोरिन्थीहरूको मनमा पावलको भेटघाटको निम्ति तीव्र इच्छा जागेको थियो। तर यसको अर्थ यो पनि हुन सक्छः गलतको सुधार हुनुपर्छ भन्ने र खराबी सठीक पार्ने उनीहरूको उत्कट चाहना थियो।

*कत्रो जोशः* उनीहरूमा आएको जोशले विभिन्न अर्थ लिन सक्छ, जस्तैः परमेश्वरको महिमाको निम्ति हुने जोश, त्यस पाप गरेको भाइको पुनर्स्थापनाको निम्ति आएको जोश, त्यस सम्बन्धमा आफूलाई लागेको कलङ्कदेखि शुद्ध हुन चाहने जोश र प्रेरित पावलको पक्ष लिने जोश आदि।

*कस्तो बदलाः* बदलाको अर्थ ठाउँ हेरेर विभिन्न अर्थ लिन्छ, जस्तैः न्याय गरेर छुट्टाउने वा दण्ड दिने अर्थ लिन्छ। यहाँ मण्डलीले पाप गरेको भाइको अनुशासन गरेको कुरा यसको सन्दर्भ हो। उनीहरूले त्यस पापप्रति 'त्यस पापको सजाय हुनुपर्छ' भन्ने दृढ़ संकल्प गरे।

अब पावलले *'यस कुरामा तिमीहरू निर्दोष छौ भन्ने कुरा तिमीहरूले सबै कुराबाट आफूलाई प्रमाणित गरेर देखायौ'* भन्ने थप कुरा लेख्छन्। यो वाक्य हामीले कुन प्रकारले बुझ्नुपर्छ त? कोरिन्थका विश्वासीहरूलाई यस कुरामा कहिल्यै कुनै दोष लागेको थिएन भन्ने कुरा यस वाक्यको अर्थ नहोला; तर अहिले उनीहरूले यस विषयमा गर्नुपर्ने सठीक कारबाही गरे,

जुन कारबाही उनीहरूले अघिबाट गर्नुपरेको थियो – यही अर्थ यहाँ सठीक होला ।

**२ कोरिन्थी ७ः१२ः** यस पदको अर्थ खोल्न चारवटा प्रश्नहरू रहेका छन्, जस्तैः **क)** ‘यसैकारण मैले तिमीहरूलाई लेखें’ भनेर पावलले कुनचाहिँ पत्रको कुरा गरे, सो स्पष्ट भएन । **ख)** त्यो खराबी गरेको मानिस को थियो ? **ग)** अनि खराबी सहेको मानिस को थियो ? **घ)** अन्तमा ‘तिमीहरूप्रति हाम्रो वास्ता’ भन्ने वाक्यांशचाहिँ ‘हामीप्रति तिमीहरूको वास्ता’ भनेर अनुवाद गर्न सकिन्छ; यो पाण्डुलिपिको मामला हो ।

उक्त पत्र पहिलो कोरिन्थीको पत्र अथवा कुनै अन्य पत्र हुन सक्छ, जुन अन्य पत्रचाहिँ हाम्रो हातमा छैन । अनि खराबी गरेको मानिस भनेर १ कोरिन्थी ५ः अध्यायमा कौटुम्बिक व्यभिचार गर्ने भाइलाई सङ्केत गरिएको हुन सक्छ, अथवा मण्डलीको अर्को कुनै अनाज्ञाकारी भाइलाई किटान गरिएको हुन सक्छ । मानौं, यहाँ, यसको सन्दर्भ त्यो कौटुम्बिक व्यभिचार गर्ने मानिस होला; तब खराबी सहेको मानिस त्यसको बुबा हुनेथियो । तर खराबी गरेको मानिस कुनै अन्य अनाज्ञाकारी भाइ थियो भने त, त्यो खराबी सहेको मानिस कि त पावल थिए, कि त कुनै अज्ञात मानिस भएको हुनुपर्छ ।

के.जे.वी. र एन.के.जे.वी-बाइबलमा यस पदको बाँकी पद यसरी पढ़िन्छः *‘तर परमेश्वरको सामु तिमीहरूप्रति हाम्रो जुन वास्ता छ, त्यो वास्ता तिमीहरूकहाँ देखा परोस् ।’* तर प्रायः सबै आधुनिक बाइबल-अनुवादहरूले अर्को ग्रीक पाण्डुलिपिको पछि लागेर एन.ए.एस.वी.ले जस्तै यसरी अनुवाद गरेका छन्ः ‘हाम्रा निम्ति तिमीहरूको वास्ता परमेश्वरको सामु तिमीहरूकहाँ प्रकट होस् ।’

**२ कोरिन्थी ७ः१३ः** पावलले सान्त्वना पाए; किनभने तिनले अघि लेखेको पत्रले भनेजस्तै काम गर्‍यो । कोरिन्थका विश्वासीहरूले पश्चात्ताप गरे र पावलको पक्ष लिए । अनि तिनले उत्साह र प्रोत्साहन पाए; किनकि तीतस कोरिन्थका यी पवित्र जनहरूको सम्बन्धमा पूरा उत्साहित थिए । *‘किनकि तिमीहरू सबैबाट उनको आत्माले शीतलता पायो ।’*

**२ कोरिन्थी ७ः१४ः** कुरा स्पष्ट छ, कि प्रेरित पावलले तीतसलाई कोरिन्थमा पठाउनुभन्दा अघि तिनले उनको सामु यी विश्वासीहरूको विषयमा गर्व गरेको हुनुपर्छ। अनि अहिले आएर तिनले के भन्छन् भने, *'मैले तीतसको सामु गरेको गर्व साँचो ठहरियो।'* तिनले कोरिन्थका विश्वासीहरूको विषयमा जे भनेका थिए, त्यो सबै उनीहरूको बीचमा तीतसले गरेको अनुभवद्वारा साँचो साबित भयो।

**२ कोरिन्थी ७ः१५ः** यस पदबाट स्पष्ट बुझिन्छ, कि दक्षिण ग्रीसमा पुगेको बेलामा तीतसले आफू कस्तो किसिमले स्वागत गरिने हो, सो जान्दैनथिए। हुन सक्छ, उनले सबैभन्दा नराम्रो अनुमान गरे होलान्। तर जब उनी कोरिन्थमा आइपुगे, तब यी विश्वासीहरूले उनलाई न्यानो स्वागत गरे। त्यति मात्र होइन, तर प्रेरित पावलले उनीमार्फत पठाएका अर्तीहरूप्रति उनीहरू आज्ञाकारी भए। यसकारण उनीहरू उनको दृष्टिमा झन् प्यारा प्रेमका पात्र भए।

जब प्रेरित पावलले *'तिमीहरूले उनलाई कसरी डराउँदै र काम्दै स्वागत गर्‍यौ'* भनेर भन्छन्, तब यसको मतलब उनीहरू साह्रै भयातुर थिए वा डरछेरुवाले झैं गरी डराए भन्ने अर्थ होइन। तर उनीहरूले यस कुराको सम्बन्धमा प्रभुको सामु परमेश्वरको भय देखाए र त्यसमा प्रभुलाई कसरी हुन्छ, सकभर खुशी पारौं भन्ने उनीहरूको मनसाय थियो।

**२ कोरिन्थी ७ः१६ः** जब *'हरेक कुरामा तिमीहरूमाथि मेरो भरोसा छ'* भनेर पावलले भन्छन्, तब हामी होशियार बस्नुपर्छ र यी शब्दहरू लिएर तिनले भन्न खोजेको भन्दा बढ़ी अर्थ लगाउनुहुँदैन। यी शब्दहरू कोरिन्थका विश्वासीहरूबाट कुनै पाप र त्रुटि हुनै सक्दैन भन्ने विचारले अवश्य लेखिएका होइनन्। तर जुन भरोसा तिनले उनीहरूमाथि राखे र जसको विषयमा तिनले तीतसको सामु गर्व गरे, त्यो भरोसा व्यर्थ भएन; यस वाक्यको खास अर्थ यही हो। उनीहरूले आफूलाई तिनको भरोसाको योग्य ठहराए। निस्सन्देह यहाँ यो थप अर्थ पनि लाग्छः पहिलो पत्रमा चर्चा गरिएको विषयप्रति उनीहरूले सठीक व्यवहार देखाएका हुनाले पावल उनीहरूमाथि पूरा भरोसा राखेकोमा शर्ममा परेन, तर सत्य ठहरिए।

यस पदमा दोस्रो कोरिन्थीको पत्रको पहिलो खण्ड पूरा भएको छ । यो खण्ड प्रेरित पावलको सेवकाइको बेलीबिस्तारमाथि केन्द्रित रहेको थियो; यसको अध्ययन हामीले गरिसकेका छौं । अनि यस खण्डमा कोरिन्थका विश्वासीहरू र पावलको बीचको भइरहेको सम्बन्ध प्रेमको डोरीले बाँधेर अझै मजबुत तुल्याउने तिनको तर्फबाटको सुनिश्चित प्रयासको बयान गरिएको छ; यो हामीले पनि देखिसकेका छौं । अबचाहिँ दिने काम कति आशिषित हुन्छ, सो कुरा विषयमा आउँदा दुई अध्यायहरू लेखिएका छन् ।

# खण्ड २) २ कोरिन्थी ८ः-९ः अध्यायः यरूशलेमका पवित्र जनहरूका निम्ति अर्थ सङ्ग्रहको काम पूरा गर्ने पावलको अर्ती

## क) २ कोरिन्थी ८ः१-९ः उदारचित्तले दिनेहरूका असल उदाहरणहरू

**२ कोरिन्थी ८ः१ः** उत्तर ग्रीसको म्यासिडोनिया प्रदेशमा अवस्थित भएका मण्डलीहरूका विश्वासीहरूको बीचमा परमेश्वरको अनुग्रह असाधारण तरिकाले प्रकट भएको कुरा पावलले कोरिन्थका विश्वासी-हरूलाई बताउन चाहे। फिलिप्पी र थेस्सलोनिका शहरहरूमा मण्डलीहरू स्थापित भएका थिए।

यी म्यासिडोनियाका विश्वासीहरूले परमेश्वरको अनुग्रह पाएको प्रमाण कसरी दिए? विशेष गरी तिनीहरूले यो आफ्नो उदारताबाट देखाए।

**२ कोरिन्थी ८ः२ः** यी म्यासिडोनियाका विश्वासीहरू सङ्कष्टको ठूलो जाँचबाट भएर जाँदैथिए। तिनीहरूको ठाउँमा अरू मानिसहरू

भएका भए यस्ताहरूले यस प्रकारको परीक्षामा पर्दा आफ्नो रुपियाँ आफ्नो भविष्यका निम्ति जोगाइराख्नेथिए – विशेष गरी धनसम्पन्न नभएका-हरूले। अनि म्यासिडोनियाका विश्‍वासीहरू धनले सुसम्पन्न मानिसहरू थिएनन्। तिनीहरूसँग धेरै रुपियाँपैसा थिएन। तर तिनीहरूसँग प्रशस्त आनन्द थियो, प्रभुमा। अनि जब यरूशलेमका पवित्र जनहरूको खाँचोगाह्रोको विषयमा तिनीहरूलाई जानकारी दिइयो, तब तिनीहरूले प्रभुमा पाएको त्यो आनन्द पोख्यो, र तिनीहरूले उदारचित्तले दान दिए। यो कति असाधारण व्यवहार!! तिनीहरूका निम्ति सङ्कष्ट र आनन्द, गरिबी र उदारताको बीचमा अमेल थिएन, तर तिनीहरूका निम्ति ती कुराहरू मिल्न सके।

**२ कोरिन्थी ८:३:** तिनीहरूको उदारताका अन्य विशेषताहरू थिए; किनभने तिनीहरूको दान तिनीहरूको क्षमताअनुसार थिएन, तर तिनी-हरूको क्षमताभन्दा बढ़ी थियो। यस कुरामा तिनीहरू आफैआफ इच्छुक थिए, अर्थात् तिनीहरूले राजीखुशीले दिए; कसैले पनि तिनीहरूलाई फकाइफुस्लाइ गर्नुपर्दैनथियो र तिनीहरूलाई करकापमा पार्नुपर्दैनथियो।

**२ कोरिन्थी ८:४:** यस कुरामा तिनीहरू यति आग्रही थिए, कि तिनीहरूले 'यरूशलेमका पवित्र जनहरूका निम्ति राहत पठाउने काममा भाग लिने सौभाग्य पाऔं' भनेर पावलसँग विन्ती गरे। हुन सक्छ, तिनीहरू त्यस बेलामा कति गरिब थिए, सो कुरा जानेर पावलले तिनीहरूको हातबाट यो दयाको दान ग्रहण गर्न हिचकिचाए होलान्। तर तिनीहरूले 'लैजानुहोस् कि लैजानुहोस्' भनेर यसमा निक्कै जिद्दी गरे। तिनीहरूले दान दिएर छाड़े।

**२ कोरिन्थी ८:५:** सायद पावलले यी म्यासिडोनियाका विश्‍वासीहरूबाट तिनीहरूले अरू सबै मानिसहरूले झैं गरी दिन्छन् भन्ने आशा गरेका थिए होलान्; किनभने प्रायः मानिसहरू कन्जुस हुन्छन् र तिनीहरूले अनुदार चित्तले दान दिन्छन्, अनि करकापमा परेर मात्र दानको रकम बढ़ाउँलान्। तर म्यासिडोनियाका विश्‍वासीहरू यस्ता थिएनन्। यी प्यारा विश्‍वासीहरूले पहिले आफूलाई प्रभुकहाँ दिइहाले; तिनीहरूको सर्वोच्च दान यही थियो। त्यसपछि तिनीहरूलाई रुपियाँपैसा दिन

अलिकति गाह्रो भएन। जब पावलले *'तिनीहरूले आफूलाई प्रभुलाई दिइहाले, त्यसपछि परमेश्वरको इच्छाद्वारा हामीलाई दिए'* भनेर भन्छन्, तब तिनले भन्न खोजेको कुरा यही होः तिनीहरूले सर्वप्रथम आफ्नो जीवन पूरा रूपले ख्रीष्ट येशूको हातमा सुम्पे; त्यसपछि तिनीहरूले आफूलाई पावलको इच्छामा सुम्पे, अर्थात् तिनीहरूले यरूशलेमको निम्ति सङ्ग्रह गरिएको अनुदानमा पनि भाग लिन चाहे। तिनीहरूले पावललाई मानौं यसो भनेः 'हामीले आफूलाई प्रभुको हातमा दिइसक्यौं; अनि अब हामी आफूलाई तपाईंकहाँ सुम्पन्छौं; किनभने तपाईं परमेश्वरको प्रशासक र सञ्चालक हुनुहुन्छ। हामीले गर्नुपर्ने कामकुरा के हो, सो हामीलाई भन्नुहोस्; किनभने तपाईं हाम्रा निम्ति प्रभु ख्रीष्टको प्रेरित हुनुहुन्छ।'

यस विषयमा श्री जी. चाम्पबेल मोर्गनले यसो भनेका छन्ः

> 'जुन दाताहरूले आफूलाई परमेश्वरको हातमा सुम्पेका छन्, ती दाताहरूद्वारा प्रभुको कामका निम्ति दिइएका आर्थिक दानहरू मात्र मूल्यवान् गनिन्छन्।'

**२ कोरिन्थी ८ः६ः** म्यासिडोनियाका विश्वासीहरूको असल उदाहरणले गर्दा प्रेरित पावल यति उल्लसित भए कि कोरिन्थीहरूले तिनीहरूको देखासिकी गरेको तिनले चाह गरे। अनि यही कारणले तिनले तीतसलाई 'तिमीले कोरिन्थमा शुरु गरेको काम पूरा गरेर छाड़' भनेर आग्रह गरे। अर्को शब्दमा भन्नु हो भने, जब तीतस पहिलो पल्ट कोरिन्थका विश्वासीहरूलाई भेट्न गएका थिए, तब उनले उनीहरूसित अनुदान सङ्ग्रह गर्ने आयोजनाको कुरा गरेका थिए। अबचाहिँ उनी पावलको आदेश बोकेर फेरि कोरिन्थमा जान लागेका थिए; अबचाहिँ कोरिन्थीहरूको यस अनुदान सङ्ग्रह गर्ने कार्यमा भाग लिने अभिप्राय काममा परिणत हुनुपरेको थियो।

**२ कोरिन्थी ८ः७ः** कोरिन्थका विश्वासीहरू धेरै भाग्यशाली थिए; यसकारण उनीहरू दान दिनुमा उत्कृष्ट हुनुपरेको थियो; पावलको चाहना यही थियो। उनीहरू विश्वासमा, वचनमा, ज्ञानमा र सबै प्रकारको प्रयत्नमा भरपूर भएका र पावलप्रति प्रेम राख्नेहरू थिए; उनीहरूको

विषयमा यो पावलको गवाही थियो। पहिलो कोरन्थीको पत्रमा पावलले उनीहरूलाई उनीहरूको ज्ञान र वचनको विषयमा प्रशंसा गरेका थिए। अनि यहाँ तिनले उनीहरूमा भएका अझै केही सद्गुणहरू थपेका छन्। निस्सन्देह, तीतसको पहिलो भेटघाटले उनीहरूमा यी गुणहरू बढ़ाएको हुनुपर्ला।

यहाँ उनीहरूको विश्वासको कुरा आयोः परमेश्वरमाथि उनीहरूको दृढ़ विश्वास रहेछ। उनीहरूमध्ये कसैको विश्वासको वरदान पनि थियो कि कसो ? अनि अरू मानिसहरूसित उनीहरूको कारबार विश्वासयोग्य थियो होला।

वचनमा प्रशस्त हुनु भनेको उनीहरू अन्य भाषाहरू बोल्नुमा खूबै सिपालु थिए; किनकि यो विषय पहिलो कोरिन्थीको पत्रमा निक्कै चर्चा गरिएको थियो।

ज्ञानमा भरपूर हुनु भनेको अर्थ यस प्रकारको छः उनीहरूमा ज्ञानको आत्मिक वरदान भएको हुनुपर्ला; अथवा हुन सक्छ, उनीहरू आत्मिक तथ्यहरूको लमाइ-चौड़ाइ राम्ररी बुझ्न पूरा सक्षम थिए होलान्।

सबै किसिमको प्रयत्नमा भरपूर भएका हुनाले परमेश्वरका कुराहरूको सम्बन्धमा उनीहरूको जोश र गम्भीरता भएको हुनुपर्ला।

अनि अन्तमा पावलप्रति उनीहरूको प्रेमको कुरा आयो। तिनीप्रति उनीहरूको प्रेम पनि प्रशंसनीय थियो।

अनि पावलले उनीहरूका सद्गुणहरूको सूचीमा अर्को गुण थप्न चाहन्छन्ः उनीहरू उदारतामा प्रशस्त हुनुपरेको थियो।

श्री जेम्स डेन्नीले यसो भनेर हामीलाई चेताउनी दिएका छन्ः

> 'आत्मिक कुराहरूमा चासो राख्ने दाजुभाइ-दिदीबहिनीहरूहो, अँ, जोशिला, प्रार्थनाशील, दयालु र मण्डली-सभामा बोल्न सक्षम दाजुभाइ-हरूहो, तिमीहरू आफ्नो रुपियाँपैसा किन दान गर्न सक्दैनौ ?' [36)]

**२ कोरिन्थी ८ः८ः** जुन आदेश पावलले यहाँ कोरिन्थका विश्वासीहरूलाई दिन्छन्, त्यो आदेश तिनले कड़ा भन्दा कड़ा प्रकारले दिँदैनन्, होइन नि; तर तिनले उनीहरूको प्रेम कति चोखो छ, सो जाँच्ने

हिसाबले भनेका छन्। यस विषयमा म्यासिडोनियाका विश्वासीहरू कति उत्सुक र कति जोशिला थिए!! के उनीहरूलाई यसको केही पर्बाह हुँदैनथियो, कसरी? *'म यो कुरा आज्ञाको रूपमा भन्दिनँ'* भनेर जब पावलले भनेका छन्, तब तिनले यो कुरा पवित्र आत्माको प्रेरणाद्वारा नलेखिएको वाक्य हो भनेर भनेनन्। तिनले भनेको तात्पर्य के हो भने, उनीहरूले अनुदान दिनु हो भने, उनीहरूले तयारी मनले दिनुपर्छ; *'किनभने हर्षसाथ दिने दातालाई परमेश्वर प्रेम गर्नुहुन्छ'* (२ कोरिन्थी ९:७)।

**२ कोरिन्थी ८:९:** *'किनकि तिमीहरू हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह जान्दछौ: उहाँको गरिबीद्वारा तिमीहरू धनवान् होओ भन्ने हेतुले उहाँ धनवान् भएर पनि तिमीहरूका निम्ति गरिब हुनुभयो।'* यसो भनेर प्रेरित पावलले यहाँ यस महान् पत्रको सबैभन्दा उत्तम पद पेश गर्छन्। म्यासिडोनिया र कोरिन्थको जनजीवनका मामुली परिस्थितिरूपी पृष्ठ-भूमिमा तिनले सबैभन्दा उदार व्यक्तिको सुचरित्रको शब्दचित्र कोरेका छन्। उहाँजस्तो उदारचित्तको मानिस अरू कोही कहिल्यै भएन।

नयाँ नियमको पुस्तकमा अनुग्रह भन्ने शब्दको प्रयोग किसिम-किसिमको छ। अनि यहाँ अनुग्रहको अर्थ उदारता हो; यसमा शङ्का छैन। प्रभु येशू कति उदारचित्तको हुनुहुन्थ्यो? उहाँको गरिबीद्वारा हामी अनन्त-अनन्तसम्म धनवान् होऔं भन्ने उद्देश्यले उहाँले आफूसँग भएको सबै दिनुभयो। उहाँ यति उदारचित्तको हुनुहुन्छ!!

यस सम्बन्धमा श्री विलियम सी. मूरहेडले टिप्पणी गरेका यसो लेखेका छन्:

> 'उहाँ धनसम्पत्तिले सुसम्पन्न हुनुभएको थियो; उहाँसँग अधिकार, सम्मान र सङ्गति थियो र प्रशस्त सुख। तर उहाँ गरिब हुनुभयो, दर्जामा, परिस्थितिहरूमा, मानिसहरूको दृष्टिमा। हामीले दान गर्नुपर्ने केही रुपियाँ, केही वस्त्र, केही भोजनवस्तु होला; तर उहाँले आफूलाई सम्पूर्ण तवरले दिइहाल्नुभयो।' [37)]

मानिसको चोला धारण गर्नुभन्दा अघि प्रभु येशू हुनुभएको कुरा यस पदले सिकाउँछ। किनभने मलाई भन्नुहोस्! उहाँ कहिले धनवान्

हुनुहुन्थ्यो त ? यस संसारमा आउनुहुँदा बेतलेहेममा जन्म लिनुभएको बेलामा अवश्य होइन। यस धरतीमा तेत्तीस वर्ष प्रवासीको जीवन बिताउनुहुँदा उहाँ अवश्य पनि धनी हुनुहुन्नथियो – आफ्नै हातले बनाउनुभएको धरतीमा उहाँ घरविहीन हुनुहुन्थ्यो। अनादिकालमा उहाँ स्वर्गमा परमेश्वर पिताको साथमा हुनुहुँदा धनवान् हुनुहुन्थ्यो। तर उहाँ गरिब हुनुभयो। यसको सन्दर्भ बेतलेहेम वा नासरत मात्र होइन, तर गेत्समनी, गब्बथा ( यूहन्ना १९:१३ ) र गलगथा पनि थियो । यो सबको सब हाम्रा निम्ति थियो; किनभने यसमा उहाँको गरिबीद्वारा हामी धनवान् होऔं भन्ने उद्देश्य थियो ।

के यो कुरा साँचो हो ? हो, यो कुरा बिलकुल साँचो, अँ, अवश्य सत्य हो । तब हामी आफूलाई र आफूसँग भएको सबै कुरा प्रभु येशूलाई दिन पाउँदा त्यो हामीले आफ्नो परम आनन्द सम्झनुपर्छ। अनुदान दिने सम्बन्धमा ख्रीष्ट-विश्वासीहरूका निम्ति पावलले यहाँ पेश गरेको यस तर्कमा विश्वास दिलाउने ठूलो शक्ति छ। के तपाईं उहाँको गरिबद्वारा धनवान् हुनुभएन ? तब अनुदान नदिनुहोस् ! के तपाईं उहाँको गरिबीद्वारा धनी हुनुभयो ? तब यो अनुदान दिएर देखाउनुहोस् !

## ख) २ कोरिन्थी ८:१०-११: अर्थ सङ्ग्रहको काम पूरा गर्ने सम्बन्धमा दिइएको पावलको असल सल्लाह ।

**२ कोरिन्थी ८:१०:** प्रेरित पावलको ध्यान यहाँ फेरि कोरिन्थी-हरूपट्टि फर्कन्छ। गरिब पवित्र जनहरूका निम्ति अनुदान सङ्ग्रह गर्ने उनीहरूको योजना थियो । म्यासिडोनियाका विश्वासीहरूले अर्थ सङ्ग्रह गर्नुभन्दा उनीहरूचाहिँ यस कुरामा अग्रसर थिए, अनि उनीहरूले यो काम शुरु पनि गरेका थिए, तर पछि उनीहरू यसमा पछाड़ि परे । अब उनीहरूले एक वर्ष अघि शुरु गरेको काम सिद्ध्याउनुपरेको थियो । उनीहरूलाई किन अन्यथा सम्झिनु हो ? उनीहरूले यो अनुदान सङ्ग्रह गर्ने काम सिद्ध्याएका भए उनीहरूका निम्ति लाभदायक हुनेथियो; किनभने यसरी नै उनीहरूले आफ्नो इमानदारी र कर्तव्यनिष्ठता प्रमाणित गर्न सक्नेथिए।

**२ कोरिन्थी ८:११:** ठिक्कै छ; यस कुरामा उनीहरूको ढिलाइ जेसुकै र जस्तोसुकै भएको होस्; पावलले उनीहरूलाई 'अबचाहिँ पछाड़ि नहेरी यो काम गरिसिद्ध्याओ' भन्ने आग्रह गर्छन् । उनीहरूमा अघिबाट इच्छा र तयारी त थियो; अब उनीहरूले यो काम पूरा गरेर छाड्नुपरेको थियो । हालैमा उनीहरूको औकात जेजस्तो थियो, त्यही औकातअनुसार उनीहरूले यो काम पूरा गर्नुपरेको थियो । उनीहरूले आउँदा दिनहरूको कुरा छोड़िदिऊन्, जुन समयमा उनीहरूको सम्पत्ति बढ्ला, र उनीहरूले चिताएको जति दिन सक्लान् । यो त उनीहरूका निम्ति बहाना ठहरिनेथियो ।

## ग) २ कोरिन्थी ८:१२-१५: उदारचित्तले दिने मानिसका निम्ति तीनवटा असल नियमहरू यस प्रकारका छन् ।

**२ कोरिन्थी ८:१२:** यसो हेर्दा के बुझिन्छ भने, कोरिन्थका विश्वासीहरूले पछि कुनै समयमा अझै पनि धेरै रकम सङ्ग्रह गर्न सकून् भन्ने हेतुले यरूशलेमका गरिब पवित्र जनहरूका निम्ति अनुदान सङ्कलन गर्ने काममा ढिलो गरेका रहेछन् । उनीहरूलाई अवगत गराइन्छ, कि उनीहरूको मन तयार भयो भने उनीहरूसँग नभएको सम्पत्तिअनुसार होइन, तर उनीहरूसँग भएकै सम्पत्तिअनुसार दान ग्रहण गरिन्छ । रकम ठूलो हुनुपरेको होइन रहेछ । यस कल्याण-कार्यमा भाग लिने उनीहरूको हृदयको चाहना छ भने परमेश्वरले उनीहरूको दान ग्रहण गर्नुहुन्छ, त्यो दान जति सानो किन नहोस् । यसमा मनको तयारी मुख्य कुरा हो ।

**२ कोरिन्थी ८:१३:** कोरिन्थका विश्वासीहरूको काँधमा आर्थिक बोझ लदाउनु पावलको उद्देश्य थिएन । यरूशलेमको मण्डलीले आराम पाओस्, तर कोरिन्थको मण्डलीमाथि भार परोस् भन्ने कदाचित् तिनको इच्छा थिएन । तिनले उनीहरूको धन किन लुट्नु हो ? यस प्रकारको गलत सोच परै जाओस् !

**२ कोरिन्थी ८:१४:** *'तर बराबरी हुने विचारले अहिले यस घड़ीमा तिमीहरूको भरपूरीले उनीहरूको घटी पूरा गरोस्, यस हेतुले कि*

*उनीहरूको भरपूरीले तिमीहरूको घटीको पूर्ति गरोस्, र बराबरी भएको होस् ।'* परमेश्वरको आयोजनाअनुसार प्रभु येशू ख्रीष्टको मण्डलीमा अभाव कसरी पूर्ति गर्नुपर्छ? यो कुरा यस पदले वर्णन गर्छ। प्रभुको उद्देश्य यस प्रकारको छः कुनै भूभागका ख्रीष्ट-विश्वासीहरूको खाँचो परेमा यसको पूर्ति गर्नका निम्ति अरू ठाउँहरूका विश्वासीहरूबाट राहत-राशि आउनुपर्छ। यस प्रकारको कोषको नित्य आदान-प्रदानले गर्दा संसारभरिका मण्डलीहरूमा बराबरी हुनेछ।

पावलको पालोमा कोरिन्थ र म्यासिडोनिया अनि सायद अरू ठाउँहरूबाट आर्थिक सहायता यरूशलेममा पुग्थ्यो। अनि भविष्यमा यरूशलेमका पवित्र जनहरूको अवस्था सुधिनु सम्भव थियो; अनि कोरिन्थमा वा अन्य ठाउँमा विश्वासीहरू खाँचोमा पर्नु सम्भव थियो। यस अवस्थामा आर्थिक सहायता गरेर उपकारको साटो फेर्नु यरूशलेमको मण्डलीका विश्वासीहरूको जिम्मेवारी हुनेथियो। पावलले यस पदमा भन्न खोजेको कुरा यही हो। हालैमा खाँचो यरूशलेममा थियो; तर भविष्यमा, हुन सक्छ, कोरिन्थमा खाँचो पर्नेथियो कि? अनि यस अवस्थामा अरूले उनीहरूलाई मद्दत गर्नेथिए।

**२ कोरिन्थी ८:१५:** बराबरी हुनुपर्ने यस नियमले प्रस्थान १६:१८ पदबाट विशेष पुष्टि पाएको छ। इस्राएलीहरूको कुरा आयो। जब तिनीहरू मन्ना बटुल्न छाउनीदेखि बाहिर निस्के, तब कतिजनाले धेरै र कतिजनाले थोरै मन्ना बटुल्न सके। तर त्यसको पर्बाह थिएन; किनभने जब मन्ना बाँड़ियो, तब हरेक मानिसले बराबर पायो, ठीक-ठीक नापअनुसार एक-एक ओमेर पायो। यसरी नै *'जसले धेरै बटुल्यो, उसको केही उब्रेन, र जसले थोरै बटुल्यो, उसलाई केही घटी भएन।'* अनि जसले मन्ना जमाखोरी गर्न खोज्यो, विचरा, त्यसको भागमा कीरा परिगयो!

परमेश्वरका जनहरूको बीचमा भएको यो बराबरी कुनै आश्चर्य-कर्मको फल थिएन। तर जससँग धेरै थियो, तिनीहरूले आफ्नो प्रशस्तता खाँचोमा परेकाहरूसित बाँड़चुँड़ गरेको हुनाले यो बराबरी हुन आयो। आउनुहोस्, यस विषयमा श्री चार्लस हड्चको ध्यान कुन कुरामाथि परेको छ, सो पनि सुनौं, जसले यसो भनेका छन्ः

'प्रस्थानको पुस्तकबाट र यहाँ पावलको पत्रबाट हामीले सिक्नुपरेको पाठ यस प्रकारको छः परमेश्वरका जनहरूको बीचमा जस-जसको प्रशस्त धनसम्पत्ति छ, तिनीहरूले अरूका अभावहरू पूर्ति गर्न यो धनसम्पत्ति सदुपयोग गर्नुपर्छ। अनि जसले यस नियमको विरोधमा जान खोज्छ, उसले केवल आफूमाथि शर्म र हानि निम्त्याउँछ। हाम्रो धनसम्पत्ति मन्नाजस्तो हो; त्यसले जमाखोरी गर्ने कुनै कोशिश सहन सक्दैन।' 38)

यस सिलसिलामा हामी अज्ञात लेखकको निम्न चयनिका पेश गर्छौं:

'हरेक मानिसले जीवनको उत्तम कुराहरूमा आ-आफ्नो हिस्सा पाओस् भन्ने परमेश्वरको शुभ-अभिप्राय हो। तर कतिजनाले धेरै बटुल्छन्, अनि कतिजनाले थोरै बटुल्छन्। धेरै हुनेहरूले थोरै हुनेहरूसँग आफ्नो सम्पत्ति बाँड्नुपर्छ। किनकि परमेश्वरले मानिसहरूको बीचमा धनसम्पत्ति यस हेतुले असमान रूपमा दिनुभएको छ, कि धनी भएकाहरूले स्वार्थी भएर आफ्नो धनसम्पत्ति उपभोग नगरून्, तर गरिब-हरूसित बाँडून्।'

## घ) २ कोरिन्थी ८:१६-२४: अर्थ सङ्ग्रहको काम तयार गर्ने तीनजना सुयोग्य भाइहरूको सिफारिस गरिन्छ।

**२ कोरिन्थी ८:१६:** आउँदा दुईवटा पदहरूमा तीतसको तारिफ र सिफारिस गरिन्छ; किनभने उनले यस अर्थ सङ्ग्रहको काममा उत्तम धारणा अपनाए। *'परमेश्वरलाई धन्यवाद होस्, जसले तीतसको हृदयमा तिमीहरूका निम्ति उही गहिरो चासो हालिदिनुभएको छ;'* किनकि पावलले तीतस आफ्नो सहकर्मीमा उस्तै-उस्तै मनको व्यक्ति पाए। प्रेरित पावलको हृदयमा कोरिन्थीहरूका निम्ति जुन बोझ थियो, त्यस प्रकारको बोझ तीतसमा पनि थियो।

**२ कोरिन्थी ८:१७:** पावलले तीतसलाई 'यो पत्र कोरिन्थमा लैजाऊ' भन्ने आदेश दिए। तर उनलाई यो आदेश दिनु दरकार थिएन, किनकि उनी आफू उत्साही थिए र आफ्नो राजीखुशीले जान तयार भए।

आउनुहोस्, हामी *'उनी आफ्नै इच्छाले तिमीहरूकहाँ गए'* भन्ने वाक्यमा एकक्षण ध्यान दिऔं ! किनभने यसको अर्थ 'उनी तिमीहरूकहाँ जान लागेका छन्' भएको हुनुपर्ला। यहाँ ग्रीक भाषा र त्यस भाषाको व्याकरणको कुरा आयो। यहाँ प्रयोग गरिएको क्रियापदको काल 'अओरिष्ट' भनिन्छ। यस प्रकारको भूतकाल पावलले यहाँ प्रयोग गरे, किनभने तिनले यसो गर्दा यो पत्र लेखेको समयदेखि उता आफ्नो दृष्टि लगाउँदैनथिए, तर कोरिन्थका विश्वासीहरूले यो पत्र पढ्ने बेलादेखि यता हेरेको दृष्टिले यसो लेखे होलान्। निस्सन्देह, यो पत्र कोरिन्थमा पुऱ्याउने हुलाकी तीतस नै थिए; अनि पावलले यो पत्र नलेखेसम्म उनले कोरिन्थतर्फ प्रस्थान गर्दैनथिए।

**२ कोरिन्थी ८:१८:** यस पददेखि बाइस पदसम्मको खण्डमा अरू दुईजना विश्वासी भाइहरूको बयान छ, जुन भाइहरूले तीतसलाई आफ्नो यस सेवाकार्यमा साथ दिनेथिए। २ कोरिन्थी ८:१८-२१ पदको खण्डमा पहिलो भाइको परिचय दिइन्छ भने बाइस पदमा दोस्रो भाइको परिचय गरिएको छ। यी दुईजनाका नाम उल्लेख गरिएका छैनन्।

पवित्र धर्मशास्त्र बाइबलको यो खण्ड मूल्यवान् छ; किनभने प्रेरित पावल अरूका निम्ति उठाएको रुपियाँपैसाको सम्बन्धमा कति होशियारी हुन्थे, सो यसमा प्रकट गरिएको छ; कसैले तिनलाई रुपियाँपैसाको दुरुपयोग गरेको आरोप लाउन पाउँदैनथिए।

सम्बन्धित पहिलो भाइ सुसमाचारको कामको सिलसिलामा प्रशंसाको योग्य थिए। यी भाइ को थिए, यस विषयमा धेरै भिन्नै विचारहरू छन्। कतिजनाले यिनी लूका, कतिजनाले यिनी सिलास, कतिजनाले यिनी ट्रोफिमस हुन् भन्छन्। तर हुन सक्छ, अड्कल काट्दा-काट्दै हामी यो खण्ड लेखिएको मुख्य उद्देश्य भुल्छौं के ? यिनको नाम नलिएकोमा के कुनै अर्थ छैन र ? साँचो चेलापना भनेको प्रख्यात हुनु होइन, तर प्रायः जसो अज्ञात हुनु हो। यहाँ अरामको सेनापति नामानको कुरा आयो, जो कोरी थिए (२ राजाहरू ५:)। उनको जीवनमा एउटी अज्ञात केटीले महत्त्वपूर्ण भूमिका खेलेकी थिई। अनि यस ठाउँमा हामी त्यस अज्ञात केटाको पनि कुरा गरौं, जसले आफ्नो खाना, यी पाँच रोटी र दुई माछा प्रभु येशूलाई

दियो, जुन रोटी र माछा लिएर उहाँले पाँच हजार पुरुषहरूलाई अघाएसम्म खुवाउनुभयो (यूहन्ना ६ः)।

**२ कोरिन्थी ८ः१९ः** यी अज्ञात भाइ मण्डलीहरूद्वारा चुनिए। यस कल्याण-सेवा पूरा गर्ने सम्बन्धमा जहाँ-जहाँ, जेजति यात्राहरू गर्नु थियो, त्यहाँ-त्यहाँ जानु यी भाइको जिम्मेवारी थियो। अर्को शब्दमा भन्नु हो भने, ठाउँ-ठाउँका विश्वासीहरूले राजीखुशीले जुन आर्थिक सहयोग दिए, त्यो आर्थिक सहयोग लिएर यरूशलेममा पुऱ्याउने दूतहरूमध्ये यी भाइचाहिँ एकजना थिए। यस कल्याण-सेवाको सम्बन्धमा प्रेरित पावलले आफूलाई र यस काममा तिनको साथमा जाने भाइहरूलाई सेवक वा प्रबन्धकहरू सम्झन्थे। यस सम्बन्धमा तिनीहरूले जुन सेवा गरे, त्यो सेवा तिनीहरूले प्रभुको महिमाका निम्ति गरेका थिए। यसकारण कोरिन्थका विश्वासी-हरूले यरूशलेमका गरिब पवित्र जनहरूको कल्याण-सेवामा प्रभुको महिमाको योग्य किसिमले आफूलाई इच्छुक र पूरा तयार भएको प्रमाणित गर्नुपरेको थियो।

**२ कोरिन्थी ८ः२०ः** प्रेरित पावल समझदार व्यक्ति थिए; यसकारण तिनी आफैले यस कल्याण-सेवामा अर्पिएको रुपियाँपैसा हातमा लिँदैनथिए, न ता अरू कुनै एकजनाको जिम्मामा लाउँदैनथिए। यसको जिम्मा कम्तीमा दुई-तीनजनाको हुनुपर्छ भन्ने कुरामा तिनी सुदृढ़ हुन्थे। *'हामीद्वारा सेवा गरिएको यस भरपूर अनुदानको सम्बन्धमा कसैले हामीलाई दोष लगाउन नसकोस् भन्ने हेतुले हामी जोगिन्छौं'* भन्ने व्याक्यको अर्थ यही हो। यस भरपूर दानको सम्बन्धमा कसैले अन्यथा सम्झन नपाओस् वा यो अपमानको कारण कदापि नबनोस् भन्ने हेतुले तिनले यो आर्थिक सङ्ग्रह गर्ने काम एकदम होशियारीको साथ गर्थे। यसरी कसैले पनि कुनै कलङ्क भेट्टाउँदैनथियो र कसैले पनि निन्दा गर्ने मौका पाउँदैनथियो।

**२ कोरिन्थी ८ः२१ः** *'किनकि जुन कुराहरू प्रभुको दृष्टिमा मात्र होइन, तर मानिसहरूको दृष्टिमा पनि आदरयोग्य हुन्छन्, ती कुराहरूकै चिन्ता हामी गर्दछौं।'* आदरयोग्य कुराहरूको चिन्ता गर्नु भनेको यस सम्बन्धमा बिलकुल इमानदार हुनु हो। पावल प्रभुको दृष्टिमा इमानदार हुनुको साथै मानिसहरूको दृष्टिमा पनि दोषरहित हुन र निरपराधी ठहरिन

चाहन्थे; तिनको चिन्ताको कारण यही थियो। श्री जी. चाम्पबेल मोर्गनले टिप्पणी गरेर यसो भनेका छन्ः

> 'इसाई समाजले आफ्ना सबै कामकुराहरू यस प्रकारले गर्नुपर्छ, कि संसारका मानिसहरूले त्यसमा कुनै अधर्म र अन्याय नभेट्टाऊन्; तिनीहरूले औंल्याउने मौका नपाऊन्।' [39)]

अनि हामी यो पनि भनिहालौंः संयोगवश २ कोरिन्थी ८ः२१ पद र सेप्तजिन्त नामक पुरानो नियमको ग्रीक अनुवादको हितोपदेश ३ः३-४ पदहरू प्रायः मिल्छन्।

**२ कोरिन्थी ८ः२२ः** अब दोस्रो अज्ञात भाइको कुरा आयो। पावलले यिनलाई यस महत्त्वपूर्ण सेवामा साथ दिनलाई नियुक्ति गरे; किनकि धेरै कुराहरूमा यिनी यत्नशील थिए; यिनले यसको प्रमाण दिए। कोरिन्थीहरूप्रति यिनको भरोसा ठूलो थियो; यसकारण यिनी यस कार्यमा निक्कै उत्साही थिए। पावलले यहाँ यी भाइलाई बितेको समयमा देखाएको विश्वासयोग्यताको खातिर मात्र सिफारिस गर्दैनथिए, तर कोरिन्थीका विश्वासीहरूप्रति यिनको भरोसाले गर्दा यिनले यस शुभकार्यप्रति देखाएको अभिरुचिका निम्ति पनि यिनको प्रशंसा गरे।

**२ कोरिन्थी ८ः२३ः** यसकारण पावलले के भन्छन् भने, यी तीनजनाको विषयमा कसैले सोधखोज गर्‍यो भने, कोरिन्थका विश्वासीहरूले निम्न सठीक उत्तर दिन सक्नुपरेको थियोः तीतसचाहिँ कोरिन्थीहरूको सम्बन्धमा पावलका साँझेदार र सहकर्मी थिए। अनि अरू दुईजना भाइहरूचाहिँ मण्डलीहरूका दूतहरू र ख्रीष्टको महिमा थिए। यी भाइहरूलाई ख्रीष्टको महिमा भन्नु कत्रो सम्मान हो। यिनीहरू मण्डलीहरूका प्रतिनिधि थिए; अनि यही कारणले यिनीहरूले यस प्रकारको उच्च उपाधि पाए। यिनीहरूले प्रभुको काम मानिसहरूको सामु चम्किलो पार्थे। यिनीहरू प्रभुका निम्ति गौरव हुन्थे, जसले उहाँको महिमाको प्रतिच्छाया गर्ने गर्थे।

**२ कोरिन्थी ८ः२४ः** तब कोरिन्थका विश्वासीहरूले यी तीनैजनालाई न्यानो स्वागत गर्नुपरेको थियो; अनि पावलले उनीहरूको विषयमा गरेको

गर्व सत्य ठहरिनुपरेको थियो। यसकारण उनीहरूले यरूशलेमका गरिब पवित्र जनहरूका निम्ति उठाएको उदारचित्तको अनुदान यी भाइहरूको हातमा दिनुपरेको थियो। यसरी नै उनीहरूले वरिपरिका मण्डलीहरूलाई आफ्नो इसाई प्रेमको पक्का प्रमाण दिनेथिए। श्री जे. बी. फिलिप्सले यो पद यस प्रकारले अनुवाद गरेका छन्ः 'यी भाइहरूले र सबै मण्डलीहरूले तिमीहरूको प्रेम कति साँचो छ, सो देख्न पाऊन् र हामीले तिमीहरूको विषयमा गरेको प्रशंसा बिलकुल सत्य ठहराऊन्।'

## ङ) २ कोरिन्थी ९ः१-५ः पावलले कोरिन्थीहरूको विषयमा गर्व गर्थे; अब उनीहरूले यसको पक्का प्रमाण दिनुपरेको थियो। यस सम्बन्धमा तिनको आह्वान।

**२ कोरिन्थी ९ः१ः** कोरिन्थीहरूले पवित्र जनहरूको आर्थिक सहायता पठाउनुपर्ने सम्बन्धमा खास गरी उनीहरूलाई लेख्न पावलको कुनै आवश्यकता थिएन; तरै पनि तिनी यहाँ यसको सिलसिलामा लेख्दै जान्छन्। यस पदमा कतै व्यङ्ग्य हालिएको थियो कि, कि थिएन कि, सो भन्न सकिँदैन। हो, उनीहरूलाई यस सम्बन्धमा लेख्नु दरकार थिएन; किनभने उनीहरू पहिलेदेखि नै यरूशलेमका पवित्र जनहरूका निम्ति अनुदान पठाउने कार्यमा इच्छुक थिए; अनि उनीहरूको यो तत्परता सराहनाको योग्य थियो। तर उनीहरूले शुरुदेखिको यस इच्छाअनुसार किन गरेनन्? यसकारण अनावश्यक कुराको सम्बन्धमा लेख्ने तिनलाई बाध्यता भएछ।

**२ कोरिन्थी ९ः२ः** हो, निस्सन्देह उनीहरू इच्छुक थिए; उनीहरूको तत्परता त थियो। किनकि यो विषय उठाइएको बेलादेखि नै उनीहरू उत्सुक र जोशिला थिए। यसकारण पावलले म्यासिडोनियाका विश्वासी-हरूको सामु उनीहरूको विषयमा गर्व गरेर *'अखैया त एक वर्ष अघिदेखि तयार छ'* भनेका थिए। अखैया भनेर पावलले यहाँ कोरिन्थका विश्वासीहरूलाई सङ्केत गरे; किनकि कोरिन्थ शहर दक्षिण ग्रीसको अखैया प्रदेशमा अवस्थित थियो। कोरिन्थीहरूको वर्षदिनदेखिको

तत्परताको विषयमा सुनेर म्यासिडोनियाका धेरै विश्वासीहरू उत्तेजित भएका थिए। तिनीहरू दान दिने प्रेरणाले यहाँसम्म प्रभावित भए कि तिनीहरू सम्पूर्ण हृदयले यसमा सहभागी भए, जसरी ख्रीष्ट-विश्वासीहरूलाई सुहाउँछ।

**२ कोरिन्थी ९:३:** पावलले 'यी भाइहरूलाई पठाएको छु' भनेर भन्छन्, तर वास्तवमा तिनले यिनीहरूलाई पठाउन लागेका थिए। यस क्रियापदको भूतकालले यहाँ पत्र-लेखकको दृष्टिकोण होइन, तर यस पत्रका प्रापकहरूको दृष्टिकोण अपनाएको छ। अनि पठाइएका यी भाइ-हरूचाहिँ अघि आठ अध्यायमा चर्चा गरिएका तीनजना भाइहरू हुन्ः तीतस र अन्य दुईजना अज्ञात विश्वासीहरू। यस सङ्कलनको विषयमा पावलले कोरिन्थीहरूको विषयमा गरेको गर्व व्यर्थ नहोस् भन्ने हेतुले यी भाइहरू पठाइए। पावल कोरिन्थमा पुग्नुभन्दा अघि यो सङ्कलन-कार्य तयार भएको हुनुपरेको थियो; यसको कर्तव्य यी तीनजना भाइहरूको जिम्मेवारी थियो।

**२ कोरिन्थी ९:४:** किनभने प्रेरित पावल म्यासिडोनियाबाट दक्षिण यात्रा गरेर कोरिन्थमा आइपुग्नेथिए। अनि त्यस बेलामा म्यासिडोनियाको कुनै विश्वासीले पक्का पनि तिनलाई साथ दिने नै थियो। अनि प्रेरित पावलले त्यस समयमा म्यासिडोनियाको कुनै भाइ साथमा ल्याउँदा कोरिन्थका विश्वासीहरूलाई यरूशलेममा पठाउने अनुदानको सम्बन्धमा निस्क्रिय भएका भेट्टाएकोमा तिनका निम्ति ठूलो लाज हुनेथियो; किनकि तिनले यस सम्बन्धमा अघि कोरिन्थीहरूको गर्व गरेका थिए। अनि यस अवस्थामा कोरिन्थीहरूमाथि राखिएको पावलको भरोसा शर्ममा पर्ने-थियो। त्यस बेलामा कोरिन्थका विश्वासीहरू अवश्य पनि शर्ममा पर्ने-थिए; किनभने उनीहरू आफ्नो लापरबाहीमा लज्जित हुनुपर्नेथियो।

श्री जे. बी. फिलिप्सको सजीव अनुवादमा यो पद यस प्रकारको छः 'यो तिमीहरू र हाम्रो बीचको कुरा होः किनभने म्यासिडोनियाका कोही-कोही भाइहरूले मलाई तिमीहरूकहाँ आउँदा साथ दिएका भए र तिमी-हरूलाई यस उदारचित्तको दानको सम्बन्धमा तयार नभएका भेट्टाएका भए त्यो हुँदै भएन। त्यो त हाम्रो ठूलो लाज हुनेथियो, र तिमीहरूको पनि

लाजको कारण बन्नेथियो; किनभने हामीले तिमीहरूको विषयमा गर्व गर्थ्यौं र तिमीहरूमाथि भरोसा राख्थ्यौं।'

**२ कोरिन्थी ९ः५ः** यही कारणले पावल कोरिन्थमा जानुभन्दा अघि यी तीनजना भाइहरूलाई कोरिन्थमा जाने प्रोत्साहन दिन तिनले आवश्यक ठाने। यिनीहरू अघिबाट कोरिन्थीहरूकहाँ गएर उनीहरूले यरूशलेमका पवित्र जनहरूका निम्ति दिन्छौं भन्ने प्रतिज्ञाअनुसार उनीहरूबाट उदार-चित्तको दान तयार पारिराख्नु थियो।

*'यस हेतुले कि त्योचाहिँ उदारताको दानजस्तो होस्, लोभको जस्तो नहोस्!'* उनीहरूको उदारता देखा पर्नुपरेको थियो; उनीहरूले स्वेच्छाको दान दिनुपरेको थियो। यसमा पवित्र जनहरूलाई कुनै करकाप थिएन; यो बलमिचाइको फल हुनु हुँदैनथियो।

## च) २ कोरिन्थी ९ः६-१५ः उदारचित्तले दिने मानिसका उत्तम इनामहरू के-के हुन्?

**२ कोरिन्थी ९ः६ः** यस पददेखि पन्ध्र पदसम्मको खण्डमा प्रेरित पावलले ख्रीष्ट-विश्वासीहरूलाई सुहाउँदो किसिमले दान दिने मानिसलाई मिल्ने केही उत्तम इनामहरू र आशिषहरू सूचित गर्छन्। पहिले तिनले बीउ छर्ने र कटनी गर्ने कृषि-सम्बन्धित नियम पेश गर्छन्ः *'जसले थोरै छर्छ, त्यसले थोरै कटनी गर्नेछ; अनि जसले धेरै छर्छ, उसले धेरै कटनी गर्नेछ।'* जसले प्रशस्त फसल काट्न चाहन्छ, उसले बीउ पनि धेरै छर्नुपर्छ। यो कुरा सबैले जान्दछन्। मानौं एकजना कृषकले बीउ छर्न लागेको छ। उसको मनमा यो प्रश्न खेलिरहेको छः 'के म सबै बीउ छरूँ कि आउँदा महिनाहरूमा खानका निम्ति केही बाँकी राखूँ?' पावलले यहाँ भन्न चाहेको कुरा यही होः बीउ छरिएको अनुपातमा फसल ज्यादा, अँ, असीमित थियो।

खेतीपातीको विषयमा हामीले एउटा कुरा याद गर्नुपर्छः कृषकले जति बीउ छर्छ, त्यति मात्र फसल कहाँ उठाउँछ र, होइन नि! तर फसलचाहिँ छरिएको बीउभन्दा कता हो कता बढ़ी हुन्छ, अनुपातदेखि बाहिर हुन्छ।

अनि इसाईहरूले दिएको दानको विषयमा कुरा पनि यस्तो छ। हामीले दिएको दान जति छ, त्यति मात्र फिर्ता पाउँदैनौं; तर हामीले दान दिएको रकमभन्दा ज्यादै, असीमित इनाम र आशिष पाउँछौं। याद रहोस्ः यहाँ इनाम र आशिषको सम्बन्धमा हामीले पैसाको कुरा होइन, तर आत्मिक आशिषहरूको कुरा गरेका छौं।

**२ कोरिन्थी ९ः७ः** *'हरेकले आफ्नो हृदयमा जस्तो सङ्कल्प गर्छ, त्यस्तै देओस्!'* हरेक भाइबहिनीले आ-आफ्ना वर्तमान खाँचोहरूमाथि विचार पुऱ्याउनुपर्छ; उसलाई कति चाहिन्छ, के आवश्यक पर्छ? अनि उसले आफ्नो जीवन निर्वाह गर्न आफ्ना नभई नहुने आवश्यकताहरूको विषयमा सोच्नुपर्छ; यो अनिवार्य हो। तर त्योबाहेक उसले आफ्ना सङ्गी-विश्वासीहरूका खाँचोहरूमाथि ध्यान दिनुपर्छ। अनि ख्रीष्ट येशूले उसबाट के-के मागहरू गर्नुभएको छ, सो कुरामा ऊ गम्भीर हुनुपर्छ। यसकारण उसले चित्त दुःखाउँदै वा करमा परेर दिनुहुँदैन। कोही मानिस दान त दिन्छ, तर बेखुशीले। आवेगमा, बाध्यताको चापमा परेको हुनाले अथवा दुनियाँको सामु आफ्नो अनुहार बचाउने हिसाबले दान दिन सकिन्छ। तर यस किसिमको दान ग्रहणयोग्य हुँदैन। *'किनकि परमेश्वरले सहर्षसाथ दान दिनेलाई प्रेम गर्नुहुन्छ।'*

के परमेश्वरलाई हाम्रो रुपियाँपैसाको खाँचो पर्छ त? अहँ, उहाँलाई यसको आवश्यकता कहाँ छ र! प्रभु भन्नुहुन्छः *'किनकि जङ्गलको हरेक पशु र हजारौं पहाड़हरूका गाईवस्तु मेरै हुन्। ... म भोकाएँ भने पनि म तिमीलाई भन्नेथिइनँ; किनकि पृथ्वी र यसको भरपूरी मेरै हुन्।'* तर यस सम्बन्धमा हाम्रो हृदयको मनसायसँग उहाँ मतलब राख्नुहुन्छ। उहाँले यस्ता ख्रीष्ट-विश्वासीहरूलाई देख्न माग्नुहुन्छ, जुन विश्वासीहरू प्रभुको आनन्दले भरपूर हुन्छन् र जसले आफूसँग भएको सम्पत्ति अरूसँग खुशीसाथ बाँड्न चाहन्छन्।

परमेश्वरले सहर्षसाथ दान दिने भाइबहिनीलाई प्रेम किन गर्नुहुन्छ? आउनुहोस्, हामी यसको विषयमा श्री जे. एच. जोवेटको कुरा सुनौं, जसले यसो भनेका छन्ः

'सहर्षसाथ दिइएको दान प्रेमको फल हो; यसकारण यस सम्बन्धमा यसो भन्न सकिन्छः प्रेम गर्नुहुने परमेश्वरले प्रेम गरेर दान दिने मानिसलाई प्रेम गर्नुहुन्छ; अनि यी दुवैजना यस प्रकारको प्रेमको सङ्गति पाएकोमा आनन्दित हुनुहुन्छ। दिनु नै प्रेमको भाषा हो; यसबाहेक प्रेम अरू कुनै भाषा जान्दैन। "किनभने परमेश्वरले संसारलाई प्रेम गर्नुभयो र आफ्ना एकमात्र पुत्रलाई दिनुभयो।" प्रेमले आफ्नो जीवन-शक्ति आफूलाई दिइहालेकोबाट पाउँछ। प्रेमसित घमण्ड गर्ने एकमात्र कारण अरूको भलाइका निम्ति आफ्नो सम्पत्तिको समर्पणमा पाइने आनन्द हो। प्रेमसँग सबै थोकहरू छन्, तर त्यसले कुनै पनि थोक आफ्नै भन्दैन।' 40)

**२ कोरिन्थी ९ः८ः** *'अनि तिमीहरू सधैंभरि सबै कुराहरूमा पूरा भरिभराउ भएर हरेक असल कामका निम्ति भरपूर होओ भनेर तिमी-हरूलाई प्रशस्त गरी सबै अनुग्रह दिन परमेश्वर सक्षम हुनुहुन्छ।'* यस पदमा उदारचित्तले दान दिन चाहने मानिसका निम्ति परमेश्वरको प्रतिज्ञा छः उहाँले अवश्य उसलाई यसो गर्ने मौका दिनुहुनेछ। यहाँ, यस ठाउँमा अनुग्रहको समान अर्थ साधन हो। हामीलाई पर्याप्त मात्रामा साधनहरू जुटाइदिन परमेश्वर सक्षम हुनुहुन्छ, यहाँसम्म कि हामी आफूसँग भएका कुराहरू अरूसँग बाँड्न सक्छौं, र यसरी हामी हरेक असल कामका निम्ति भरपूर हुन्छौं।

के तपाईंले ख्याल गर्नुभयो? यस पदका *सबै* भन्ने शब्दहरू यस प्रकारका छन्ः *सबै* अनुग्रह, *सधैं*भरि अर्थात् सब समयमा, *पूरा* भरिभराउ, *सबै* कुराहरूमा र *हरेक* असल कामका निम्ति।

**२ कोरिन्थी ९ः९ः** यस ठाउँमा प्रेरित पावलले भजन ११२ः९ पद उद्धृत गर्छन्, जहाँ यसो लेखिएको छः *'उनले चारैतिर छरेका छन्, उनले गरिबहरूलाई दिएका छन्; उनको धार्मिकता सदा रहिरहन्छ।'* 'उनले चारैतिर छरेका छन्' भन्ने वाक्यको सन्दर्भ बीउ छर्ने काम हो। यस पदले प्रशस्त बीउ छर्ने उदारचित्तको मानिसको बयान गरेको छ अर्थात् उसले खास गरी दयाका कामहरू गरेको छ। उसको विशेष कल्याण-कार्य यो थियोः उसले गरिबहरूलाई दान दिएको छ। के यसो गरेर उसले आफ्नो हानि गरेको छ त? कदापि होइन नै। किनभने उसको धार्मिकता सदा-

सर्वदा रहिरहनेछ। जसरी बीउ छर्ने मानिसले बीउ छर्छ, त्यसरी नै हामीले चारैतिर भलाइको काम गर्‍यौं भने हामीले स्वर्गमा आफ्ना निम्ति धन थुपारेका हुन्छौं। हाम्रा दयाका कामहरूको प्रतिफल अनन्त हुनेछ।

**२ कोरिन्थी ९ः१०ः** बीउ छर्ने मानिसको उदाहरण अझै सकिएको छैन। जुन परमेश्वरले बीउ छर्नेलाई बीउ र खानलाई भोजन दिनुहुन्छ, उही परमेश्वरले यी भाइबहिनीहरूलाई इनामहरू पनि दिन जान्नुहुन्छ, जुन भाइबहिनीहरूले अरूको भलाइ गरेका छन्; यो सुनिश्चित छ। यी इनामहरू के-के हुन्, सो यहाँ सूचित गरिएको छ, जस्तैः *'उहाँ तिमीहरूले छरेको बीउको वृद्धि गर्नुहुन्छ।'* यसर्थ जसले परमेश्वरका जनहरूलाई भलाइ देखाएको छ, उसलाई उहाँले अझै धेरै र अझै ठूला सुअवसरहरू र प्रशस्त प्रतिफलहरू दिनुहुन्छ। *'अनि उहाँले तिमीहरूको धार्मिकताका फलहरू बढ़ाइदिनुहुन्छ।'* कोरिन्थका विश्वासीहरूले यरूशलेमका पवित्र जनहरूलाई आर्थिक सहायता गरेकोमा धर्म गरे। तिनीहरूलाई दान दिएको हुनाले उनीहरूले फलहरू प्राप्त गर्नेथिए, अनन्त इनाम पाउनेथिए। परमेश्वरले उनीहरूको दान दिने क्षमता बढ़ाइदिनुभएपछि उनीहरूको उदारता पनि बढ्नु सम्भव थियो; अनि उनीहरूको उदारताअनुसार उनीहरूका इनामहरू पनि बढ्नेथिए।

**२ कोरिन्थी ९ः११ः** यस पदबाट स्पष्ट बुझिन्छः प्रभुलाई दिने व्यक्ति कहिल्यै गरिब हुँदैन। तर हरेक भलाइको प्रतिवर्ती क्रिया, एउटा सुनिश्चित प्रतिक्रिया हुन्छ; अनि त्यस कल्याण-कार्य लागेको खर्चको अनुपातमा त्यसको इनाम ज्यादा, अँ, असीमित हुनेछ। यसकारण पावलले यहाँ भन्न खोजेको कुरा यही होः जुन ख्रीष्ट-विश्वासीहरूले दान दिन्छन्, ती विश्वासीहरू हरेक कुरामा धनवान् पारिन्छन्, यस हेतुले कि तिनीहरूले आउँदो समयमा अझै ठूलो उदारता देखाउन सकून्। भविष्यमा कोरिन्थका विश्वासीहरूलाई दान दिने अनुग्रहमा बढ़ेका देख्न पाउने आशामा प्रेरित पावल र तिनको टोलीकाहरूले परमेश्वरलाई धन्यवाद चढ़ाए।

**२ कोरिन्थी ९ः१२ः** *'किनकि यस सेवाको कामले पवित्र जनहरूको घटी मात्र पूरा गर्दैन, तर परमेश्वरलाई चढ़ाइएको धेरै धन्यवादद्वारा यो*

*प्रशस्त पनि हुन्छ।'* कोरिन्थीहरूले पठाएको अनुदान यरूशलेममा प्रयोग गरिनेथियो। त्यस अनुदानले त्यहाँका पवित्र जनहरूको खाँचो पूरा गर्नेको साथै धेरै मानिसहरूले परमेश्वरलाई धन्यवाद चढ़ाउने कारण बन्नेथियो। बेला-बेलामा हामीले यस विषयमा टिप्पणी दिइसकेका छौं: पावलको जोड़ धन्यवाद चढ़ाउनुमा थियो। जुन कुराले गर्दा प्रभुलाई धन्यवाद मिल्थ्यो, तिनका आँखामा त्यस कुराको ठूलो महत्त्व हुन्थ्यो।

**२ कोरिन्थी ९:१३:** कोरिन्थका विश्वासीहरूले दिएको दानको प्रतिफलको रूपमा अझ अरू आशिषहरू निस्के। किनभने यो दान यहूदीधर्मको पृष्ठभूमिबाट आएका ख्रीष्ट-विश्वासीहरूका निम्ति अन्यजातिको पृष्ठभूमिबाट प्रभु येशूमाथि विश्वास गर्नेहरूको जीवनमा उहाँद्वारा एउटा निश्चित काम भएको पक्का प्रमाण हुनेथियो। किनकि एक समयमा यहूदीधर्मबाट आएका ख्रीष्ट-विश्वासीहरूले कोरिन्थी-हरूजस्तै प्रभु येशूमाथि विश्वास गर्ने अन्यजातिका मानिसहरूको विषयमा शङ्का गर्दथिए। हुन सक्छ, तिनीहरूले उनीहरूलाई पक्का इसाई सम्झिँदैनथिए होलान्। तर यस दयाको कामले गर्दा तिनीहरूले कोरिन्थीहरूको सकली विश्वासको विषयमा ठोस प्रमाण पाउनेथिए; अनि अखैयामा ख्रीष्टको सुसमाचारद्वारा काम भएको निम्ति, साथै त्यहाँका विश्वासीहरूबाट पठाइएको उदारचित्तको आर्थिक सहयोगका निम्ति तिनीहरूले परमेश्वरको महिमा गर्नेथिए।

**२ कोरिन्थी ९:१४:** त्यति मात्र होइन; तर यस दानबाट आएका अझ दुईवटा आशिषहरू बाँकी छन्। कोरिन्थबाट यरूशलेममा पठाइएको आर्थिक सहायताले गर्दा यी यहूदी इसाईहरूले अबदेखि उसो कोरिन्थका पवित्र जनहरूका निम्ति प्रार्थना गर्नेथिए; अनि तिनीहरू र उनीहरूको बीचमा प्रगाढ़ सम्बन्ध गाँसिनेथियो। यरूशलेमका पवित्र जनहरूले कोरिन्थका विश्वासीहरूको तिर्सना गर्नेथिए; किनभने उनीहरूले आफू-माथि परमेश्वरको असीम अनुग्रह भएको प्रमाण दिन सके।

**२ कोरिन्थी ९:१५:** अब मूल फुटेर आएको पावलको उद्गार सुन्नुहोस्! *'परमेश्वरलाई उहाँको बयान गरेर नसकिने दानका निम्ति धन्यवाद!'* नभनी तिनले आफूलाई रोकिराख्न सक्दैनथिए। धेरै बाइबल-

विद्वान्हरूका निम्ति यो पद जटिल समस्या बनेको छ; किनकि अघि लेखिएको कुरासित यसको सम्बन्ध हराएको जस्तो देखिन्छ। अनि यो बयान गरेर नसकिने दान के होला भनेर तिनीहरू दोधारमा परेका छन्।

तर हाम्रो विचारमा, प्रेरित पावल यहाँ दान दिने इसाई सद्‌गुणको विषयमा टुङ्गामा पुगेका छन्; अनि यति बेलामा तिनले परमेश्वरमाथि आफ्नो विचार पुऱ्याएका छन्, जो सबैभन्दा महान् दाता हुनुहुन्छ। अनि तिनले सबैभन्दा महान् दानको विषयमा पनि सोच्छन्, जुन सर्वोच्च दान प्रभु येशू ख्रीष्ट हुनुहुन्छ। यसकारण तिनले आफ्ना कोरिन्थका भाइ-बहिनीहरूलाई यो उच्च विचार पक्रन छोड़िदिन्छन्। उनीहरू परमेश्वरका सन्तान र ख्रीष्ट येशूका अनुयायी थिए। यसकारण उनीहरूले परमेश्वर र ख्रीष्टको देखासिकी गर्नुपरेको थियो, जुन परमेश्वर पिता र जुन प्रभु येशू ख्रीष्ट दान दिने सम्बन्धमा उनीहरूका सर्वोच्च उदाहरणहरू हुनुहुन्थ्यो।

# खण्ड ३) २ कोरिन्थी १०:-१३: अध्यायः पावलले आफ्नो प्रेरितिक सेवकाइको प्रतिरक्षा गर्छन् ।

यस पत्रका अन्तिम चारवटा अध्यायहरूमा पावलले प्रायः आफ्नो प्रेरितको सेवकाइको प्रतिरक्षा गर्छन् । २ पत्रुस ३:१६ पदमा 'पावलका पत्रहरूमा कुनै-कुनै कुरा बुझ्न कठिन छ' भनेर प्रेरित पत्रुसले पावलका लेखहरूको विषयमा जुन राय दिए, त्यो राय विशेष गरी यस खण्डको सम्बन्धमा साँचो ठहरिएको रहेछ । पावलका छिद्रान्वेषीहरूले तिनको विरोधमा जुन आरोपहरू लगाए, तिनले यहाँ ती आरोपहरूका उचित जवाफहरू दिँदैछन् । पावलका प्रतिउत्तरहरूबाट तिनलाई कुन-कुन आरोप लगाइए, सो कुरा यी अध्यायहरूको अध्ययन गर्दा स्पष्ट हुँदै जान्छ । यस खण्डभरि प्रेरित पावलले व्यङ्ग्योक्ति हालेका छन् । यहाँ, यस खण्डमा छेड़ हान्ने काम भइरहेको छ भन्ने कुरा याद गर्नु हाम्रो निम्ति काफी छ ।

तर यहाँ हामी यो कुरा पनि भनिहालौंः परमेश्वरको वचनको अमूल्य एउटा खण्ड अब हाम्रो सामु छ, जुन खण्ड पढ्न लायक छ, अँ, हाम्रा निम्ति बड़ो लाभदायक हुन्छ । यो खण्ड हामीसँग नभएको भए, अवश्य वचनरूपी हाम्रो आत्मिक धनमा निक्कै घाटा लाग्नेथियो ।

## क) २ कोरिन्थी १०ः१-१२ः पावलले आफ्ना दोष लाउने-हरूलाई दिएको जवाफ यस प्रकारको छ।

**२ कोरिन्थी १०ः१ः** यस पददेखि छ पदसम्म प्रेरित पावलका विरोधीहरूका निम्ति तिनको जवाफ छ, जसले तिनलाई सांसारिक मानिसहरूका रीतिअनुसार चलेको आरोप लगाए।

पहिले तिनले *'म पावल आफै'* भनेर आफ्नो परिचय दिन्छन्। दोस्रो, तिनले यी पवित्र जनहरूलाई विन्ती गर्छन्, तिनले तानाशाहले झैं उनी-हरूमाथि हक चलाउँदैनन्, उनीहरूलाई हुकुम गर्दैनन्। तेस्रो, तिनको विन्तीचाहिँ ख्रीष्टको नम्रता र कोमलतामाथि आधारित थियो। ख्रीष्टको नम्रता र कोमलता भन्दाखेरि पावलले यस पृथ्वीमा मानिसको रूपमा हिँड्नुभएको प्रभु येशूको चाल सम्झेको हुनुपरेको थियो, जुन चाल नम्र र कोमल हुन्थ्यो। मुक्तिदाता प्रभुले यस धरतीमा बिताउनुभएको जीवनको सन्दर्भमा लेखिएका पावलका खण्डहरूमध्ये यो एक हो। पावलका लेखहरूमा यस प्रकारको सन्दर्भ विरलै पाइन्छ; किनभने प्रेरित पावलले प्रायःजसो ख्रीष्ट येशूलाई स्वर्गारोहण हुनुभएको, परमेश्वरको दाहिने हातमा विराजमान हुनुभएको महिमित प्रभुको रूपमा प्रस्तुत गर्छन्।

*'म तिमीहरूको बीचमा उपस्थित हुँदा नम्र हुन्छ, तर अनुपस्थित हुँदा तिमीहरूप्रति साहसी हुन्छु'* भनेर पावलले यहाँ आफ्नो विषयमा कुरा बढ़ाउँदै लान्छन्। योचाहिँ तिनले प्रयोग गरेको व्यङ्ग्यको एक उदाहरण हो। किनभने पावलका विरोधीहरूले तिनको विषयमा के भन्थे भने, 'मानिसहरूको उपस्थितिमा पावल बिरालोजस्तो डरपोक हुन्छ, तर अनुपस्थित हुँदा बाघजस्तो साहसी हुन्छ।' तिनीहरूको विचारमा, तिनले आफ्ना पत्रमा देखाएको साहसचाहिँ तिनको हाँक सम्झन्थे।

**२ कोरिन्थी १०ः२ः** यस पदको प्रसङ्ग एक पदबाट उठेको थियो। किनभने त्यहाँ पावलले कोरिन्थीहरूलाई विन्ती गरे। तिनको विन्ती गरेको कुरा त्यहाँ होइन, तर यहाँ, यस ठाउँमा खुलस्त पारिएको छ, जब तिनले यसो लेख्छन्ः *'म तिमीहरूलाई विन्ती गर्छु, कि जब म उपस्थित होउँला,*

*तब त्यस भरोसामा मैले साहस देखाउनु नपरोस्, जुन भरोसामा मैले कतिजनाको विरोधमा साहसी हुने विचार गरेको छु, जसले हाम्रो विषयमा हामी शरीरअनुसार हिँड्नेहरू हौं भनी सोचेका छन् ।'* तिनले कोरिन्थका विश्वासीहरूप्रति साहस देखाउने होइन, तर आफ्ना विरोधीहरूसित साहसपूर्ण व्यवहार गर्ने अठोट गरे; किनकि यिनीहरूले तिनलाई शरीरअनुसार चल्ने आरोप लगाउँथे ।

**२ कोरिन्थी १०ः३ः** प्रभु येशूका प्रेरितहरूको मासु र रगतको शरीर त थियो, तर तिनीहरूले आत्मिक लड़ाइँ लड्दा शारीरिक प्रणालीहरू काममा लगाउँदैनथिए, र त्यसमा तिनीहरूको शारीरिक अभिप्राय पनि हुँदैनथियो ।

**२ कोरिन्थी १०ः४ः** किनकि आत्मिक लड़ाइँका हातहतियारहरू शारीरिक हुँदैनन् । किनभने ख्रीष्ट-विश्वासीहरूले तरवार र बन्दुक आदि हतियारहरू प्रयोग गर्दैनन् । संसारको एक कुनादेखि अर्को कुनासम्म ख्रीष्टको सुसमाचार प्रचार-प्रसार गर्न तिनीहरूले आधुनिक युद्धकलाको कुनै तरिका अपनाउँदैनन् । तर शारीरिक हातहतियार भन्ने कुरा यस्ता कुराहरूमा सीमित हुँदैनन्; किनकि ख्रीष्ट-विश्वासीहरूले आफ्नो उद्देश्य पूरा गर्न धन, प्रताप, शक्ति, फकाइ-फुस्ल्याइ र कातुर्य आफ्ना हतियारहरू तुल्याउँदैनन् ।

तर तिनीहरूले किल्लाहरू भत्काउनका लागि परमेश्वरद्वारा सामर्थी प्रणालीहरू प्रयोग गर्ने गर्छन्, जस्तैः जीवित परमेश्वरमाथि गरिने भरोसा, प्रार्थना र परमेश्वरको वचनप्रतिको आज्ञाकारिता आदि । यी कुराहरू ख्रीष्ट येशूको हरेक साँचो सिपाहीका उपयोगी हातहतियारहरू हुन् । यी कुराहरूद्वारा किल्लाहरू भत्काइन्छन्-भत्काइन्छन् ।

**२ कोरिन्थी १०ः५ः** चार पदमा भनिएका किल्लाहरू के-के हुन्, सो कुरा यहाँ स्पष्ट पारिएको छ । पावलले आफूलाई लड़ाइँ गर्ने सिपाही सम्झन्छन्, जसको लड़ाइँ सत्यताको विरोधमा उठेका तर्कहरूको विरोधमा चल्थ्यो, जुनचाहिँ अहङ्कारी मानिसहरूका गलत विचारहरूका फलहरू हुन् । यी तर्कहरू हामीले केकस्ता सम्झनुपर्छ? यी त परमेश्वरको ज्ञानको विरोधमा आफूलाई उचाल्ने विचारहरू हुन्, र वर्तमान

समयमा चल्ती भएका वैज्ञानिकहरूका तर्कहरू, विकासवादीहरूका तर्कहरू, दर्शनशास्त्रीहरूका तर्कहरू र विभिन्न धर्मका अवलम्बीहरूका तर्कहरूको रूपमा लिन सकिन्छ; किनभने तिनीहरूले परमेश्‍वरलाई आ-आफ्नो सिद्धान्तमा उहाँलाई दिनुपर्ने स्थान दिएका छैनन्। प्रेरित पावल यस्ताहरूसित युद्धविराम गर्ने पक्षमा थिएनन्। होइन, बरु तिनले हरेक विचार कैद गरेर ख्रीष्टको अधीनतामा ल्याउँथे। यसकारण हामीले पनि सबै मानिसहरूका शिक्षा-सिद्धान्तहरू र अड्कलगीताहरू प्रभु येशू ख्रीष्टको शिक्षारूपी कसीले जाँच्नुपर्छ। मानिसले आफ्नो दिमाग नलगाउनु होइन, तर पावलको भनाइअनुसार हाम्रो मगजले प्रभु येशूलाई कुनै कुरामा चुनौती दिनुहुँदैन, उहाँको विद्रोह गर्नुहुँदैन र उहाँको अवज्ञा गर्नुहुँदैन।

**२ कोरिन्थी १०:६:** प्रेरित पावल ख्रीष्ट येशूको असल सिपाही हुन्थे, जो सबै अनाज्ञाकारिताको साटो फेर्न तत्पर थिए; तर पहिले कोरिन्थका विश्‍वासीहरूले आफ्नो आज्ञाकारिता देखाउन सक्नुपरेको थियो। उनीहरू सबै कुराहरूमा आज्ञाकारी हुन्छन् भन्ने कुरामा निश्‍चित भएपछि मात्र तिनले त्यहाँका झूटा शिक्षकहरूसित कारबाही गर्नेथिए।

**२ कोरिन्थी १०:७:** *'के तिमीहरू कुराहरू बाहिरी रूपअनुसार हेर्ने गर्छौ?'* भन्ने प्रश्‍न 'तिमीहरू कुराहरू बाहिरी दृष्टिले मात्र हेर्दछौ' भन्ने वक्तव्य हुन सक्छ, अथवा 'कुराहरू जस्ता देखा पर्छन्, त्यस्तै देख्ने गर' भन्ने आज्ञासूचक वाक्य पनि हुन सक्छ, जसको अर्थ 'तथ्यदेखि आँखा बन्द गर्नुहुँदैन' हुन्छ।

मानौं हामी पावलले यहाँ लेखेको कुरा एउटा वक्तव्य सम्झन्छौं; तब निम्न अर्थ निस्कन्छः कोरिन्थका विश्‍वासीहरूले मानिसलाई उसको भित्री गुणअनुसार होइन, तर उसको सुन्दरता र प्रभावशाली उपस्थितिअनुसार, उसको मीठो बोली र बोल्नुमा पोख्त हुने उसको सीपअनुसार, वा तर्कयुक्त कुरा पेश गर्न सक्ने उसको ठूलो क्षमताअनुसार जाँच्ने गर्थे। विचरा, मानिसभित्र केही नभए पनि त्यसको स्वाङले उनीहरूलाई प्रभावित पार्थ्यो।

*'यदि कसैले "म ख्रीष्टको हुँ" भनी आफूमाथि भरोसा गर्छ भने, ऊ आफैले अझ एकपल्ट यो पनि सोचोस्ः जसरी ऊ ख्रीष्टको हुन्छ, त्यसरी*

*नै हामी पनि ख्रीष्टका हौं।'* हुन सक्छ, पावलले तिनीहरूलाई ताके, जसले 'म ख्रीष्टको हुँ' भन्थे (१ कोरिन्थी १:१२)। यसो भन्नेहरूले अरूलाई बाहेक गर्थे। तर यस विषयमा पावलको उत्तर सुन्नुहोस्! ख्रीष्ट येशू कसैको पेवा हुनुहुन्न!! कसैले पनि उहाँलाई 'उहाँ त मेरो, केवल मेरो हुनुहुन्छ' भन्ने दाबी गर्न सक्दैन। पावल प्रभु येशूका थिए; तिनीहरू पनि उहाँका थिए।

अरूलाई बाहक गर्ने इसाईहरू जोसुकै होऊन्, पावलले तिनीहरूलाई ख्रीष्टका हुनेहरूको रूपमा स्वीकार गरे। यसकारण यस खण्डको सन्दर्भ यी झूटा शिक्षकहरू नहोलान्, जसले 'ख्रीष्टका प्रेरितहरू हौं' भन्ने झूटो भेष धारण गर्थे (२ कोरिन्थी ११:४); यी छली कामदारहरू यसको प्रसङ्ग होइनन्। यसकारण पावलले यस पत्रमा विभिन्न विरोधीहरूको कुरा उठाउँछन्, ती विरोधीहरूमध्ये कतिले मुक्ति पाएका थिएनन्, कतिले मुक्ति पाएका थिए।

**२ कोरिन्थी १०:८:** पावल प्रभु येशू ख्रीष्टको प्रेरित भएको नाताले तिनले स्थापित गरेका मण्डलीहरूमाथि तिनको अधिकार थियो। अनि तिनले आफ्नो यो प्रेरितिक अधिकार पवित्र जनहरूको उत्थानका निम्ति अर्थात् उनीहरूलाई परम पवित्र विश्वासमा स्थापित गर्न प्रयोग गर्ने गर्थे। तर झूटा शिक्षकहरूले चाहिँ कोरिन्थको मण्डलीमाथि जुन अधिकार चलाउँथे, त्यो अधिकार तिनीहरूले प्रभुबाट पाएका थिएनन्। अनि तिनीहरूले त्यो अधिकार पवित्र जनहरूको उन्नतिका निम्ति होइन, तर उनीहरूको हानिका निम्ति प्रयोग गर्थे। यसकारण पावलले के भन्छन् भने, जुन अधिकार तिनले प्रभुबाट पाएका थिए, त्यस अधिकारको विषयमा तिनले अझै गर्व गरेका भए तिनी शर्ममा पर्नेथिएनन्; किनभने समयमा तिनले गरेको दाबी सत्य ठहरिनेथियो।

**२ कोरिन्थी १०:९:** *'पत्रहरूद्वारा तिमीहरूलाई डर देखाउनेजस्तो म देखा नपरूँ'* भन्ने हेतुले तिनले यो कुरा लेखेछन्। अर्को शब्दमा भन्नु हो भने, प्रेरित पावलले परमेश्वरबाट पाएको आफ्नो अधिकारको विषयमा गर्व गरेर यी ख्रीष्ट-विश्वासीहरूलाई डर देखाउन चाहँदैनथिए। किनकि यसबाट तिनका विरोधीहरूले अवश्य फाइदा उठाउनेथिए। तर कोरिन्थका

विश्‍वासीहरूले 'पावलको अधिकार हाम्रो उन्नति गर्ने अधिकार पो हुँदो रहेछ' भनेर बुझ्नुपरेको थियो । किनभने तिनले आफ्नो अधिकार यसरी नै प्रयोग गर्थे ।

**२ कोरिन्थी १०:१०:** यहाँ तपाईंले प्रेरित पावलको विरोधमा लगाइएको आरोप तिनको मुखबाट सुन्न पाउनुहुन्छः *'तिनका पत्रहरू त गहकिला र जोरदार हुन्छन्, तर तिनको शारीरिक उपस्थिति कमजोर छ र तिनको भाषण बित्थाको हुन्छ'* अरे । तिनका विरोधीहरूले तिनलाई लगाएको दोष यही थियोः पावलका पत्रहरू दम्की दिने खालका थिए भने, तिनको उपस्थिति नालायक थियो, र तिनको बोली व्यर्थको थियो रे ।

**२ कोरिन्थी १०:११:** 'अनुपस्थित हुँदा पत्रहरूद्वारा पावल जस्ता थिए उपस्थित हुँदा तिनी त्यस्तै हुनेथिए' भन्ने कुरा तिनको विरोधमा यस प्रकारको आरोप लगाउनेहरू सबैले याद गर्नुपरेको थियो । पावलले आफ्ना पत्रहरूमा उनीहरूलाई दम्की दिएको कुरा मानिलिएको अर्थमा हामीले यस वाक्यको अर्थ लिनुहुँदैन । होइन, तर बुझ्नुहोस्ः यो त तिनीहरूले तिनलाई लगाएको तिनीहरूको आरोप पो थियो । तर तिनले यहाँ भनेको तात्पर्य के हो भने, तिनले तिनीहरूलाई आमुन्ने-सामुन्ने भेट्दाखेरि तिनीहरूसित कड़ा व्यवहार गर्नेथिए; पावल तिनीहरूदेखि डराउँदैनथिए । त्यो तिनीहरूले थाहा गर्नेथिए ।

**२ कोरिन्थी १०:१२:** कुरा स्पष्ट छः यी झूटा शिक्षकहरूले आफूलाई अरू मानिसहरूसित तुलना गर्ने गर्थे । यसकारण तिनीहरूले पावललाई कोरिन्थीहरूका आँखाहरूको सामु साह्रै तुच्छ हाँसोको पात्र तुल्याउने प्रयास गर्थे । तिनीहरूले आफूलाई मण्डलीको मुटु सम्झन्थे । तिनीहरू श्रेष्ठ थिए । तिनीहरूको विचारमा, तिनीहरूको दाँजामा कोही पनि आउँदैनथियो; तिनीहरूको दृष्टिमा लायक अरू को थियो र ?

यसकारण पावलले तिनीहरूको विषयमा निम्न व्यङ्ग्योक्ति हाल्छन्ः *'किनकि आफ्नो प्रशंसा गर्ने कुनै-कुनै मानिसहरूको गन्तीमा आफूलाई राख्न वा तिनीहरूसँग आफूलाई तुलना गर्न हामी साहस गर्दैनौं; तर ती आफूलाई एक-अर्कासँग नापजोख गर्नेहरू र एक-अर्कासँग आफूलाई*

*तुलना गर्नेहरू बुद्धिमान् होइनन् ।'* तिनीहरूको आरोपअनुसार आफ्नो पत्रमा दुःसाहस देखाउने पावलले आफूलाई तिनीहरूसँग राख्न आँटै गर्दैनथिए – ती आफ्नो प्रशंसा गर्नेहरूसित, ती आफूलाई एक-अर्कासित नापजोख गर्नेहरूसित, ती आफूलाई एक-अर्कासित तुलना गर्नेहरूसित तिनले आफूलाई अहँ, कुनै हालतमा पनि राख्दै राख्दैनथिए ।

जुन मानिसले आफूलाई एकमात्र आदर्श सम्झन्छ, र सबैलाई यस मापदण्डले नाप्छ, त्यो मानिस आफ्नो दृष्टिमा सधैं सठीक हुन्छ-हुन्छ । त्यसको जीवन सुधार्न सकिँदैन, यसका निम्ति कुनै ठावैं हुँदैन । तर त्यस्तो गर्ने मानिस बुद्धिमान् भन्न मिल्दैन । सबै गुटहरू र सबै गोष्ठीहरूको कमजोरी यसैमा छः आफ्नो झुण्डदेखि बाहिर तिनीहरूले कुनै असल कुरा देख्न र स्वीकार गर्न सक्दैनन् । यो भनाइ कति सत्य छ ! !

## ख) २ कोरिन्थी १०:१३-१६: ख्रीष्टको निम्ति नयाँ-नयाँ ठाउँहरूमा पुग्नुपर्ने पावलको सिद्धान्त ।

**२ कोरिन्थी १०:१३:** यस पददेखि सोह्र पदसम्म पावलले केमा र कहाँसम्म गर्व गर्ने निश्चय गरेका छन्, सो प्रकट गर्छन् । जुन सेवकाइ परमेश्वरले तिनलाई दिनुभयो, त्यस सेवकाइअन्तर्गत तिनले के-के गरे र आफू कहाँ-कहाँ पुगे, यस सम्बन्धमा बाहेक तिनले अरू कुनै कुरामा गर्व गर्नेथिएनन्; किनभने तिनले कसैको काममा हात नहाल्ने तिनको आदत थियो । तिनका निम्ति अरूको कामको विषयमा गर्व गर्ने कारण नै थिएन । यहूदीवादीहरूले मात्र यसो गर्ने गर्थे । किनकि प्रेरित पावल र अन्य व्यक्तिहरूद्वारा स्थापित गरिएका मण्डलीहरूमा पसेर तिनीहरूले नै ती मण्डलीका विश्वासीहरूमाथिको अधिकार हस्तक्षेप गर्थे; अनि अरू मानिसहरूले बसालेको जगमाथि तिनीहरूले आफ्नो सेवा निर्माण गर्थे । यसकारण जब तिनीहरूले गर्व गर्थे, तब तिनीहरूले वास्तवमा अरू मानिसहरूको कामको विषयमा घमण्ड गर्थे ।

पावलले के भन्छन् भने, ख्रीष्ट येशूका निम्ति गरेको आफ्नो सेवकाइको क्षेत्रभित्र तिनले के-के गरे, ती कुराहरूको विषयमा मात्र

तिनले गर्व गर्थे, र गर्व गर्नेथिए। जुन-जुन ठाउँहरूमा परमेश्वरले तिनलाई पुऱ्याउनुभयो र जुन-जुन व्यक्तिहरू तिनको सेवकाइद्वारा आशिषित भए, ती ठाउँ र मानिसहरूको विषयमा मात्र तिनले गर्व गर्ने अठोट गरे। कोरिन्थ शहर पनि त्यसमा समावेश थियो; किनकि सुसमाचार लिएर तिनी कोरिन्थमा पुगे, अनि फलस्वरूप त्यहाँ एउटा मण्डली स्थापित भयो।

श्री आर्थर वेइको अनुवाद उपयुक्त देखिन्छ, जहाँ यसो लेखिएको छः 'तर मेरो विषयमा कुरा गर्नु हो भने, मचाहिँ आफ्नो निर्धारित कार्यक्षेत्रदेखि बाहिरको कुनै कामको श्रेय लिँदिनँ; तर परमेश्वरले मेरा निम्ति ठहराउनुभएको सेवा-क्षेत्रभित्र म आफूलाई सीमित राख्छु; अनि निस्सन्देह यो मेरो मिशन-क्षेत्र तिमीहरूलाई पनि समावेश गर्छ-गर्छ।'

वास्तवमा प्रभु येशूले पावललाई अन्यजातिहरूकहाँ सुसमाचार पुऱ्याउने जिम्मेवारी सुम्पिदिनुभयो। अनि यस दायित्वअन्तर्गत कोरिन्थ शहर पनि पर्दथियो। यरूशलेमका प्रेरितहरू यस कुरामा राजी थिए। तर अबचाहिँ यरूशलेमबाट झूटा शिक्षकहरू आउँदैथिए, जसले परमेश्वर-द्वारा प्रेरित पावललाई ठहराइएको कार्यक्षेत्रमा हस्तक्षेप गर्न थाले।

**२ कोरिन्थी १०ः१४ः** प्रेरित पावलले बढ़ी गर्व किन गरिबस्ने? परमेश्वरले तिनलाई तिनको सेवकाइको कार्यक्षेत्र ठहराउनुभयो; अनि कोरिन्थ त्यसभित्र परेको थियो। पावल कोरिन्थमा पुगे; तिनले त्यहाँ सुसमाचार प्रचार गरे र एउटा मण्डली स्थापित गरे। तिनी कोरिन्थमा नपुगेका भए, तिनको गर्व-गराइ हददेखि बाहिर हुनेथियो, र झूटो ठहरिनेथियो।

कोरिन्थीहरूलाई सुसमाचार प्रचार गर्नलाई तिनले कष्ट सहनुपरेको थियो, तिनी परीक्षा, सङ्कष्ट र समस्याहरूबाट भएर जानुपरेको थियो। अनि अहिले चाहिँ अरू मानिसहरू तिनकै कार्यक्षेत्रभित्र पसे; त्यस इलाकामा पुग्न तिनी प्रथम थिए। अनि हुन सक्छ, ती मानिसहरूले पावलकै सेवा-क्षेत्रमा ठूलो सफलता प्राप्त गरेको दाबी गरेर आफ्ना सुसम्पन्न कार्यहरूको विषयमा खूब गर्व गर्थे होलान्।

अनुवाद गर्न गाह्रो पर्ने यो पद एन.आई.वी.-बाइबलले यस प्रकारले अनुवाद गरेको छः 'आफ्नो गर्व-गराइमा हामी हददेखि बाहिर गएका छैनौं र जाँदैनौं पनि; हामी तिमीहरूकहाँ नआएका भए हामीलाई यस प्रकारको दोष लाग्न उचित हुनेथियो; तर ख्रीष्टको सुसमाचार लिएर हामी तिमीहरूकहाँ आइपुग्यौं।'

**२ कोरिन्थी १०:१५:** प्रेरित पावलले ख्रीष्ट येशूका निम्ति गरेको सेवकाइमा जहाँ-जहाँ सफलता प्राप्त गरे, त्यो आफ्नो सफलता छोड़ेर तिनले अरू कुनै कुरामा गर्व नगर्ने दृढ़ सङ्कल्प गरे। तर यहूदीवादीहरूको दोष यसैमा थियो; किनभने तिनीहरूले अरू मानिसहरूको परिश्रमबाट त्यसको श्रेय लिन्थे। तिनीहरूले पावलका भेड़ाहरू चोरी गर्ने कोशिश गरे; तिनीहरूले तिनको मानहत्या गरे; तिनीहरूले तिनको शिक्षाको विरोध गरे। तर तिनीहरूले दाबी गरेको अधिकार भ्रूटो थियो।

तर पावलको आशा थियो, कि जब कोरिन्थीहरूको विश्वास बढ्छ, तब उनीहरूको सहायता पाएर तिनी अरू क्षेत्रहरूतिर अघि बढ्नेथिए। उनीहरूको विश्वास व्यावहारिक बनिनु हो भने, तिनी प्रभु येशूको प्रेरित भएर कहाँ-कहाँ पुग्न सक्नेथिए, त्यसको साध्य छैन। यसरी नै तिनको सेवा-क्षेत्र निरन्तर बढ्दै जानेथियो; तर तिनले अरूको जगमाथि आफ्नो सेवकाइ नबसाल्ने आफ्नो सिद्धान्त सधैं कायम राख्नेथिए।

कोरिन्थका समस्याहरूले तिनको समय बर्बाद गर्दैथिए, नत्र ता तिनले अघिदेखि नै आफ्नो कार्यभारअनुसार आफ्नो दायित्य पूरा गर्दै तिनी अरू इलाकाहरूतिर अघि बढ़िसक्नेथिए।

**२ कोरिन्थी १०:१६:** तिनको सिद्धान्त *'तिमीहरूदेखि पल्लापट्टिका इकाकाहरूमा पनि सुसमाचार प्रचार गर्न, तर अर्को मानिसको कार्य-क्षेत्रभित्र पूरा भएका कामकुराहरूमा गर्व नगर्नु'* थियो। कोरिन्थदेखि पल्लापट्टि पश्चिम ग्रीस, इटाली र स्पेन पर्थे। प्रेरित पावलले अरू मानिसहरूको कार्यक्षेत्रमा पस्ने र तिनीभन्दा पहिले कुनै ठाउँमा पुगेका अरू मानिसहरूले गरेको परिश्रमको विषयमा गर्व नगर्ने निश्चय गरे।

## ग) २ कोरिन्थी १०:१७-१८: प्रभुको स्याबासी पाउने पावलको उच्च लक्ष्य।

**२ कोरिन्थी १०:१७:** कसैले गर्व गर्नु हो भने, उसले प्रभुमा गर्व गर्नुपर्छ। यसको मतलब यही हुनुपर्छः जुन काम प्रभुले आफ्नो इच्छाअनुसार कुनै मानिसद्वारा पूरा गर्न चाहनुभयो, त्यही कामको विषयमा मात्र त्यस मानिसले गर्व गर्नु हुन्छ। प्रेरित पावलले भन्न चाहेको कुराको तात्पर्य र सार यही हो।

**२ कोरिन्थी १०:१८:** *'किनकि जसले आफ्नो सिफारिस आफूले गर्छ, त्यो होइन, तर जसलाई प्रभुले सिफारिस गर्नुहुन्छ, उही ग्रहणयोग्य ठहरिन्छ।'* यसकारण आफ्नै प्रशंसा गर्ने कुरा परमेश्वरको सामु फोस्रो कुरा हो र उहाँको दृष्टिमा केही पनि गनिँदैन, तर हामीले परमेश्वरको सिफारिस पाउनुपर्छ। यसकारण पावलले आफ्ना छिद्रान्वेषीहरूको सामु यो प्रश्न राखेका छन्ः 'के प्रभुले तिमीहरूलाई सिफारिस गर्नुभएको हो ? के उहाँले तिमीहरूको सेवकाइमा आशिष दिनुभयो, यहाँसम्म कि मानिसहरूले मुक्ति पाए, पवित्र जनहरूले विश्वासमा उन्नति गरे र मण्डलीहरू स्थापित भए ? के तिमीहरूको प्रचारद्वारा फलाना-फलाना मानिसहरू प्रभुकहाँ फर्केको कुरा देखाउन सक्छौ ?' यो कुरा प्रभुको अनुमोदन भनिन्छ; अनि यो मात्र गनिन्छ। प्रभुले तिनको सेवकाइद्वारा के-के गर्नुभयो, सो कुरा भन्न र देखाउन पावल इच्छुक थिए; किनभने प्रभु येशूले तिनको सेवकाइ सिफारिस गर्नुभएका प्रमाणहरू तिनको साथमा छँदैथिए।

यस अध्यायमा र आउँदो अध्यायमा पावल भनाउँदो मूर्खतामा प्रवाहित हुन्छन्; किनभने तिनले आफ्नो गुणगान गरेर एक प्रकारले मूर्ख काम गर्छन्। वास्तवमा तिनले यसो गर्न चाहँदैनन्; किनभने तिनको दृष्टिमा यो घृणित कुरा हो। तर तिनले कोरिन्थका विश्वासीहरूलाई 'आफूलाई मूर्ख तुल्याएकोमा मलाई सह' भन्ने विन्ती गर्छन्।

कुरा स्पष्ट के देखिन्छ भने, यी झूटा शिक्षकहरू आत्मश्लाघी थिए, जसले केवल आफ्नै प्रशंसा मात्र गर्ने गर्थे। निस्सन्देह तिनीहरूले 'हामीले

यो गऱ्यौं, त्यो पनि हामीले नै गऱ्यौं' भनेर आफ्नो सेवकाइको खूब चर्चा गर्थे र अपूर्व सफलताहरू दाबी गरेर त्यसको बढ़ाइचढ़ाइ गर्थे। पावलले कहिल्यै यसो गरेका थिएनन्। तिनले ख्रीष्ट येशूको प्रचार गर्थे; तिनले आफ्नै कुरा गर्दैनथिए।

तर के गर्ने? कोरिन्थका विश्वासीहरूले खोक्रो प्रशंसा गर्नेहरूको सेवकाइ बढ़ी मन पराउँथे कि कसो हो? यसो हो भने, ठिक्कै छ, पावलले पनि उनीहरूबाट खोक्रो प्रशंसा गर्ने अनुमति माग्छन्।

## घ) २ कोरिन्थी ११ः१-१५ः पावलले आफ्नो प्रेरितिक सेवकाइको पुष्टि गर्छन्।

**२ कोरिन्थी ११ः१ः** *'मेरो मूर्खतामा तिमीहरूले मलाई थोरै सहिदिएका भए कति असल हुनेथियो! अनि तिमीहरूले अवश्य मलाई सहन्छौ पनि।'* कोरिन्थका विश्वासीहरूले तिनलाई तिनले आफ्नो गुणगान गरेकोमा सहिदिऊन् भन्ने पावलको इच्छा थियो। तर एकै क्षणमा तिनलाई महसुस भयो, कि उनीहरूले अहिलेसम्म तिनलाई सहँदै आएका रहेछन्; यसकारण यो तिनको विन्ती अनावश्यक भइगयो।

**२ कोरिन्थी ११ः२ः** अबचाहिँ तिनले उनीहरूलाई उक्त विन्ती गरेका तीनवटा कारणहरू पेश गर्छन्। **क)** तिनी उनीहरूका निम्ति ईश्वरीय ईर्ष्याले ईर्ष्यालु भएका थिए। तिनले एक पतिसँग उनीहरूको मगनी गरिदिएका थिए। तिनले उनीहरूलाई एउटी चोखी कन्याको रूपमा ख्रीष्टकहाँ अर्पण गर्न खोजेका थिए। कोरिन्थका पवित्र जनहरूको आत्मिक हित र उन्नतिचाहिँ तिनले आफ्नै कर्तव्य सम्झन्थे। ख्रीष्ट-विश्वासीहरू आकाशमा उठाइलगिने क्षणमा उनीहरूलाई प्रभु येशूकहाँ अर्पण गर्न पाऊँ भन्ने तिनको ठूलो इच्छा थियो। यसका निम्ति उनीहरू त्यस जमानाका प्रचलित झूटा शिक्षाहरूद्वारा भ्रष्ट हुनुहुँदैनथियो। यसकारण तिनी उनीहरूका निम्ति ईश्वरीय जलनले जलेका थिए, यहाँसम्म कि तिनी एक प्रकारको मूर्ख कुरा गर्न पनि राजी भए।

**२ कोरिन्थी ११ः३ः ख)** पावलले आफूलाई मूर्ख तुल्याउने दोस्रो कारण यस प्रकारको छः यी पवित्र जनहरू ठगिन्छन् र उनीहरूको मन

ख्रीष्टप्रति भएको सीधापनाबाट भ्रष्ट हुन्छ कि भन्ने डर तिनलाई लागेको थियो। यहाँ सीधापनाको अर्थ हृदयको सच्चाइ हो। उनीहरूको सम्पूर्ण श्रद्धाभक्ति अरू कसैले होइन, तर प्रभु येशूले पाउनुपरेको थियो। अरू कुनै चीजले उनीहरूको हृदयको प्रेम पाउनु वा उनीहरूको मनको आकर्षण भङ्ग गर्नुहुँदैनथियो; प्रभु येशूप्रति उनीहरूको श्रद्धाभक्तिमा कुनै कलङ्क लाग्नुहुँदैनथियो।

त्यस सर्पले आफ्नो धूर्तताद्वारा कसरी हव्वालाई धोका दिएको थियो, सो कुरा प्रेरित पावलको सम्झनामा आयो। त्यस बेलामा धूर्त शैतानले हव्वाको मन र मस्तिष्कलाई आक्रमण गऱ्यो। अनि कोरिन्थमा झूटा शिक्षकहरूले पनि त्यही गर्थे। पावलले कोरिन्थका विश्वासीहरूलाई कन्या सम्झेका थिए, जुन कन्याको मन विभाजित र कलङ्कित हुनुहुँदैनथियो।

यहाँ, यस ठाउँमा तपाईंले याद गर्नुहोलाः पावलका निम्ति हव्वा र सर्पको यो वृत्तान्त दन्त्यकथा होइन, तर बिलकुल सत्य थियो।

**२ कोरिन्थी ११ः४ः ग)** प्रेरित पावलले आफूलाई हाँसोको पात्र तुल्याएको तेस्रो कारण पनि छ; किनभने कोरिन्थका विश्वासीहरूले झूटा शिक्षकहरूको कुरामा ध्यान दिएका थिए, र तयारी मनले तिनीहरूको कुरा सुन्दैथिए।

*'किनकि यदि त्यो आउनेले हामीले प्रचार नगरेको अर्को येशूको प्रचार गर्छ भने, अथवा तिमीहरूले नपाएको अर्को आत्मा, अथवा तिनीहरूले ग्रहण नगरेको अर्को सुसमाचार पाउँछौ भने तिनीहरूले त्यसलाई राम्ररी सहन सक्दा रहेछौ।'* कोरिन्थमा आएर कसैले अर्को येशू प्रचार गरे, पवित्र आत्मा छोड़ेर अर्को आत्मा दिए र अर्को सुसमाचार प्रचार गरे कोरिन्थका विश्वासीहरू त्यो कुरा मज्जाले सहन तयार भए। यस प्रकारका शिक्षाहरू स्वागत गर्न उनीहरूको मन के साह्रै फराकिलो थियो!! यसकारण पावलले छेड़ हानेर उनीहरूलाई भन्छन्ः 'अरू मानिसहरूलाई र तिनीहरूको कुरा सहन्छौ भने मलाई र मेरो कुरा पनि सह!'

'तिमीहरूले त्यसलाई राम्ररी सहन सक्दा रहेछौ' भन्ने वाक्य हामीले व्यङ्ग्योक्तिको रूपमा लिनुपर्छ; किनभने प्रेरित पावलले पक्का पनि

उनीहरूलाई कुनै झूटो शिक्षा ग्रहण गर्ने अनुमति दिएका थिएनन्, तर तिनले वास्तवमा उनीहरूलाई उनीहरूको साह्रै सीधापन र सत्य-झूटो छुट्ट्याउन नसक्ने विवेकको अभावको खातिर हप्काए।

**२ कोरिन्थी ११:५:** पावल कुनै कुरामा पनि सबैभन्दा मुख्य प्रेरितहरूभन्दा कम हुँदैनथिए; यसकारण कोरिन्थका विश्वासीहरूले तिनलाई पनि सहनुपरेको थियो। 'सबैभन्दा मुख्य प्रेरितहरू' भन्ने शब्द छेड़खानीको शब्द हो। आजको शब्दमा हामीले यस्ताहरूलाई महा-प्रेरितहरू वा सर्वोच्च प्रेरितहरू भन्नुपर्‍यो।

धर्मसुधारकहरूले यो पद लिएर पोपहरूले दाबी गरेअनुसार 'पत्रुस महा-प्रेरित थिए र पोपहरूले उत्तराधिकार-स्वरूप पत्रुसको प्रमुख स्थान ओगटेका छन्' भन्ने गलत धारणा खारिज गर्थे।

**२ कोरिन्थी ११:६:** हुन सक्छ, पावल बोल्नमा भद्द थिए होलान्; तर तिनी ज्ञानमा भरपूर थिए। अनि यही कुरा कोरिन्थका विश्वासीहरूका निम्ति स्पष्ट किन नभएको? किनकि ख्रीष्टीय विश्वासको सम्बन्धमा उनीहरूसँग भएको सबै ज्ञान उनीहरूले प्रेरित पावलबाट पाएका थिए। ठिक्कै छ, मानौं पावलको बोली वा बोल्ने सीपमा केही कमी थियो होला, तर तिनी कोरिन्थका पवित्र जनहरूलाई ज्ञान दिलाउनुमा सफल भएका थिए। उनीहरू यसका निम्ति साक्षी थिए।

**२ कोरिन्थी ११:७:** ठिक्कै छ, पावलमा बोल्ने सीप थिएन; तर कोरिन्थका विश्वासीहरूले तिनलाई यसको खातिर तुच्छ नठान्नुपर्नेथियो। उनीहरू माथि उचालिऊन् भनेर तिनले आफूलाई होच्याएका थिए। के तिनले यसमा कुनै गल्ती गरेका थिए? 'किनभने मैले तिमीहरूलाई परमेश्वरको सुसमाचार सित्तैंमा प्रचार गरेको छु' भन्ने वाक्यले 'मैले आफूलाई होच्याएको थिए' भन्ने मतबल के थियो, सो स्पष्ट पार्छ। जब प्रेरित पावल कोरिन्थीहरूको साथमा थिए, तब तिनले उनीहरूबाट कुनै आर्थिक सहायता पाएका थिएनन्। पावलले यस प्रकारको नीच स्थान ओगटेकोमा तिनले कुनचाहिँ पाप गरे, मलाई भन्नुहोस्! उनीहरू माथि उचालिऊन् भन्ने तिनको उद्देश्यमा के गल्ती थियो, त्यो पनि मलाई भन्नुहोस्!

**२ कोरिन्थी ११ः८ः** *'तिमीहरूको सेवा गर्न मैले अरू मण्डलीहरूबाट ज्याला लिएर तिनीहरूलाई लुटें।'* 'तिनीहरूलाई मैले लुटें' भन्ने यो वाक्य हामीले भावात्मकको रूपमा लिनुपर्छ; यस प्रकारको वाक्य अत्युक्ति भनिन्छ। पढ्नेहरूको मनमा उचित प्रभाव परोस् भन्ने हेतुले यहाँ कुरा बढ़ाइएको छ। पावलले मण्डलीहरूलाई कहाँ लुट्थे र? तर तिनीहरूको खर्चमा तिनले कोरिन्थमा प्रभुको सेवा गरेका हुन्। तिनले तिनीहरूबाट आर्थिक सहायता पाएर कोरिन्थीहरूको सेवा गरेका थिए। त्यस बेलामा तिनले कोरिन्थीहरूबाट कुनै ज्याला वा कुनै पारिश्रमिक लिँदैनथिए।

**२ कोरिन्थी ११ः९ः** कोरिन्थमा हुँदा प्रेरित पावललाई खाँचोमा परेको थियो। तर तिनले आफ्नो खाँचो कोरिन्थीहरूलाई बताउँदैनथिए; तिनले उनीहरूबाट आर्थिक सहायता खोज्दैनथिए; किनकि जुन कुराको तिनलाई खाँचो परेको थियो, त्यो कुरा म्यासिडोनियाबाट आएका भाइहरूले पूरा गरिदिए।

तिनले सकेसम्म आफूलाई कोरिन्थीहरूका निम्ति भार हुन दिएनन्; अँ, तिनले आफूलाई उनीहरूका निम्ति भार हुन दिनेथिएनन्। यसमा तिनको सङ्कल्प सुदृढ़ थियो। प्रभु येशूको प्रेरित भएको नाताले कोरिन्थीहरूबाट पालनपोषण पाउने जुन अधिकार पावलको थियो, त्यो अधिकार तिनले उनीहरूको सम्बन्धमा बितेको समयमा कहिल्यै काममा लगाएनन्।

**२ कोरिन्थी ११ः१०ः** अखैयाका इलाकाहरूमा कसैले पनि तिनलाई यस गर्वबाट रोक्न सक्दैनथियो। अनि कोरिन्थ अखैयामा अवस्थित थियो। यस पदको सिलसिला पावलका छिद्रान्वेषीहरू थिए, जसले तिनले पारिश्रमिक नलिएको कुरा लिएर तिनको विरोधमा आरोपको रूपमा प्रयोग गरे। तिनीहरूले के भन्ने गर्थे भने, 'पावलले आफू साँचो प्रेरित नभएको कुरा महसुस गरेका हुनाले तिनले अरू विश्वासीहरूबाट आर्थिक सहायता लिँदैनथिए' अरे (१ कोरिन्थी ९ः)। पावलका दोष लाउनेहरूका आरोपहरू जेसुकै होऊन्, तिनलाई त्यसको केही पर्बाह थिएन; कोरिन्थका विश्वासीहरूबाट आर्थिक सहयोग नलिएकोमा तिनले गर्व गर्दै जानेथिए।

**२ कोरिन्थी ११:११:** तिनले यस प्रकारको गर्व किन गर्छन् ? के तिनले कोरिन्थका विश्वासीहरूलाई प्रेम गर्दैनथिए ? सबै कुराहरू जान्नुहुने परमेश्वर यसमा तिनको साक्षी बस्नुभएको थियो। उनीहरूका निम्ति तिनको हृदयमा प्रगाढ़ प्रेम छँदैथियो। तर के गर्ने ? प्रेरित पावलले जेजस्तो गरे पनि तिनलाई खोट लगाइन्थ्यो-लगाइन्थ्यो। तिनले कोरिन्थीहरूबाट आर्थिक सहयोग लिएका भए तिनका विरोधीहरूले तिनलाई तिनले पैसाका निम्ति सेवा गरेको आरोप लगाउनेथिए। अनि तिनले कोरिन्थी-हरूबाट आर्थिक सहयोग नलिँदाखेरि तिनलाई तिनले उनीहरूलाई प्रेम नगरेको दोष लाग्यो। तर यस सम्बन्धमा वास्तविक कुरा के थियो, सो परमेश्वर जान्नुहुन्थ्यो। अनि यो उहाँको हातमा छोड़िदिएकोमा पावलको चित्त बुझेको थियो।

**२ कोरिन्थी ११:१२:** कुरा स्पष्ट छ, कि यी यहूदीवादीहरूले कोरिन्थका विश्वासीहरूबाट आर्थिक सहयोग पाउने आशा गरेका, आर्थिक सहयोगको माग गरेका थिए र आर्थिक सहयोग पाउने गर्थे। आर्थिक सहयोग नपाएसम्म कुनै सेवा नगर्ने तिनीहरूको चाल थियो, जुन चाल प्रायः सबै झूटा पन्थहरूको चाल हो। पावलले कोरिन्थका विश्वासीहरूबाट कुनै आर्थिक सहयोग ग्रहण नगर्ने चलन जारी राख्नेथिए। यी झूटा शिक्षकहरूले तिनको गर्व-गराइमा प्रतिस्पर्धा गर्न चाहेका भए तिनीहरूले तिनको चालको देखासिकी गर्नुपरेको थियो। तर तिनीहरूले पारिश्रमिकविना सेवा गर्ने गर्व कहाँ गर्न सक्थे र ? तिनीहरूले कहिल्यै यसो गर्न सक्दैनथिए भन्ने कुरामा पावल सुनिश्चित थिए। तिनले तिनी-हरूबाट गर्व गर्ने सत्आधार हटाइदिए।

**२ कोरिन्थी ११:१३:** यहाँसम्म पावलले आफ्नो पत्रमा यी मानिसहरूको विषयमा आफ्नो खास राय दिन रोकिराखे; तर अब तिनले यिनीहरूको विषयमा आफ्नो विचार बाँकी राख्न सक्दैनन्। यिनीहरू केकस्ता थिए, तिनले यिनीहरूको अवगुण भन्नैपर्छ। किनकि यिनीहरू झूटा प्रेरितहरू थिए; कुनै समयमा पनि यिनीहरूलाई प्रभु येशू ख्रीष्टबाट प्रेरितिक कार्यभार र सेवकाइ सुम्पिएको थिएन। कि त यिनीहरू आफैले प्रेरितिक सेवकाइ आफ्नो हातमा लिएका थिए, कि त अरू मानिसहरूले

यिनीहरूलाई प्रेरितको रूपमा नियुक्त गरेका थिए। यिनीहरू छली कामदार थिए। मण्डली-मण्डलीमा गएर आफ्ना झूटा शिक्षाहरू फैलाउन यिनीहरूले अपनाएको नीति छल र कपट थियो। यिनीहरूले आफूलाई ख्रीष्टका प्रेरितहरूको भेषमा बदलेका थिए। यिनीहरूले 'हामी उहाँका प्रतिनिधि हौं' भन्ने बहाना गरेका थिए। पावलले आफूलाई यी मानिस-हरूको दाँजामा राख्न चाहँदैनथिए।

जुन कुराहरू प्रेरित पावलले यी यहूदीवादीहरूको विषयमा लेखे, ती कुराहरू वर्तमान समयका झूटा शिक्षकहरूको विषयमा पनि सत्य ठहरिएको छ।

> 'खराबी खराबी नै देखा पर्दा त्यसले हामीलाई परीक्षामा पार्न सक्नेथिएन नै; यसकारण खराबीको शक्ति त्यसको छली भेषमा छ। खराबीले मानिसका विचार र आकांक्षहरू आकर्षण गर्न सक्नुपर्छ; मानिसको सामु खराबी असल देखा पर्नुपर्छ।' (सङ्कलित)

**२ कोरिन्थी ११:१४:** प्रेरित पावलले भनिहाले: कोरिन्थमा तिनलाई दोष लगाउने र तिनको निन्दा गर्नेहरू ख्रीष्टका झूटा प्रेरित थिए। तिनी यस कुरामा छक्क परेनन्; किनभने यिनीहरूका मालिक शैतानले पनि ज्योतिर्मय स्वर्गदूतको भेष धारण गर्छ; यो त्यसकै धूर्त चाल हो।

हिजोआज शैतानलाई कुनचाहिँ रूप दिइन्छ, के यो तपाईंलाई थाहा छ? दुईवटा सिंह र एउटा पुच्छर भएको त्यो रातो डरलाग्दो देखिने पशुको नक्सा तपाईंले देख्नुभयो होला। तर यही रूप धारण गरेर शैतान कहिले मानिसहरूकहाँ देखा परेको छ? यसकारण बुझ्नुहोस्: यो त्यसको वास्तविक रूप होइन रहेछ।

अरू मानिसहरूको विचारमा, शैतान गलीको नालीमा लड़ीबुड़ी गर्ने मत्त्थु रहेछ। तर त्यो जस्तो गलत विचार अरू केही पनि हुन सक्दैन होला।

यस पदले हामीलाई शैतानको विषयमा के बताउँछ भने, त्यसले ज्योतिर्मय स्वर्गदूतको भेष धारण गर्छ। यसो हो भने हामीले शैतानलाई कुन प्रकारले सम्झनु उचित र ठीक होला त? हामी त्यसलाई उही सुसमाचारको प्रचारको रूप दिन्छौं, जो धार्मिक पहिरनमा उभिन्छ र जसले

कुनै प्रचलित मण्डलीको पुल्पिटबाट प्रचार गर्छ, जसले 'परमेश्वर', 'येशू' र 'बाइबल' आदि धार्मिक शब्दहरू प्रयोग गर्छ। तर उसले आफ्ना श्रोतागणलाई छल गर्छ; किनकि उसले 'मुक्ति धर्मकर्मको फल हो' भन्छ, अथवा 'मुक्ति मानिसको पुण्यफल हो' भन्छ। उसले ख्रीष्ट येशूको रगतमा हुने पापको क्षमा र अनन्त मुक्ति प्रचार गर्दैन।

**२ कोरिन्थी ११ः१५ः** श्री जे. एन. डार्बीले भनेको कुरा सुन्नमा आएको छ, जसले एकपल्ट यसो भनेः 'बाइबल बोक्ने शैतानभन्दा बढ़ी शैतानिक अरू के हुन सक्थ्यो र?' अनि यस पदमा भन्न खोजेको कुरा यही हो। शैतानले भेष धारण गर्न सक्छ भने, त्यसका कर्मचारीहरूले किन सक्दैनन् र? तिनीहरूको रूप कस्तो छ? झूटा शिक्षकको जस्तो? अहँ, हुँदैन। नास्तिकको जस्तो? होइन नि! अविश्वासी, गैर-इसाईको जस्तो? होइन, होइन!! तिनीहरूको भेष धार्मिकताको सेवकको रूप हो। तिनीहरूले धर्माधिकारीको रूप लिन्छन्। मानिसहरूलाई सत्यता र धार्मिकताको मार्गमा डोऱ्याउने तिनीहरूको दाबी हो, जब तिनीहरू वास्तवमा त्यस दुष्ट शैतानका कर्मचारी हुन्।

*'तिनीहरूको अन्त तिनीहरूकै कामहरूअनुसार हुनेछ।'* तिनीहरूले नाश पार्छन्; यसकारण तिनीहरू नष्ट हुनेछन्। तिनीहरूका कामहरूले मानिसहरूलाई विनाशमा पुऱ्याउँछन्; यसकारण तिनीहरूले अनन्त विनाशको सजाय भोग्नेछन्।

## ङ) २ कोरिन्थी ११ः१६-३३ः पावलले ख्रीष्ट येशूका निम्ति सहेका दुःखकष्टहरूले तिनको प्रेरितिक सेवकाइ सिफारिस गर्छन्।

**२ कोरिन्थी ११ः१६ः** यति भनेमा कसैले पनि तिनलाई गर्व गर्ने मूर्ख नसम्झोस्! पावलको आशा यही थियो। तर जस-जसले तिनलाई मूर्ख सम्झन्छन्, तिनीहरूले तिनलाई मूर्खको रूपमा ग्रहण गरून्, यस हेतुले कि तिनले अझै पनि अलिकति गर्व गर्न पाऊन्।

*'... ताकि म पनि अलिकति गर्व गर्न पाऊँ'* भन्ने वाक्यमा तपाईंले त्यो 'पनि' भन्ने शब्द याद गर्नुहोला; किनभने त्यस शब्दमा महत्त्व छ। यी झूटा शिक्षकहरूले खूबै गर्व गर्थे। यसकारण पावलले यहाँ भन्न खोजेको कुरा यो होः 'ठिक्कै छ, तिमीहरूले मलाई मूर्ख सम्झन्छौ, यद्यपि म मूर्ख नै होइनँ, यसको केही पर्बाह छैन; तब मलाई मूर्खै सम्झेर ग्रहण गर र मलाई पनि अलिकति गर्व गर्न देओ, जसरी अरू मानिसहरूले गर्व गर्ने गर्छन्।'

**२ कोरिन्थी ११ः१७ः** यस पदको विषयमा दुईवटा व्याख्याहरू सम्भव छन्। कतिजनाको सुझाउअनुसार पावलले यहाँ जे लेख्दछन्, तिनले पवित्र आत्माको प्रेरणाले लेखे, तर प्रभु येशूले तिनलाई यसो लेख्ने आज्ञा दिनुभएको थिएन।

दोस्रो व्याख्या यस प्रकारको छः पावलको गर्व-गराइ प्रभुअनुसारको थिएन अर्थात् यसो गर्दा तिनले प्रभुको उदाहरणको देखासिकी गरेनन्; किनभने प्रभु येशू कहिल्यै गर्व गर्नुहुन्नथियो।

श्री जे. बी. फिलिप्सले पहिलो धारणा अपनाएर यसो अनुवाद गरेः 'म अहिले प्रभुले आज्ञा गर्नुभए अनुसार होइन, तर मूर्ख मानिसले गरेझैं बोल्छु, जो सधैं गर्व गर्ने काममा संलग्न हुनुपरेको छ।'

तर हामीलाई दोस्रो व्याख्या सठीक लाग्छ। गर्व गर्ने पावलले यहाँ प्रभुको अनुसरण गरेनन्; तर मानौं तिनले यहाँ आत्मश्लाघा गर्दै मूर्ख काम गरे। यस सम्बन्धमा श्री चार्लस सी. राइरीको टिप्पणी यस प्रकारको छः

> 'आफ्नो सहजज्ञानको विरोधमा गएर पावल यस प्रकारको गर्व-गराइमा किन संलग्न हुनुपरेको थियो ? किनभने तिनले यसो गरेर कति महत्त्वपूर्ण तथ्यहरूमाथि उनीहरूको ध्यान खिच्न सके।' [41)]

**२ कोरिन्थी ११ः१८ः** बितेको समयमा कोरिन्थका विश्वासीहरूले ती मानिसहरूबाट धेरै कुराहरू सुन्नुपरेको थियो, जुन मानिसहरूले आफ्नो प्रशंसा आफैले गरे, तिनीहरूको पापी स्वभावअनुसार। यसकारण कोरिन्थीहरूको विचारमा यी झूटा शिक्षकहरूसँग गर्व गर्ने उचित कारण थियो भने, उनीहरूले पावलको गर्व-गराइ पनि सुन्नुपर्नेथियो र तिनको गर्व-गराइ साँचो कि झूटो हो, सो जाँच्नुपर्नेथियो।

**२ कोरिन्थी ११ः१९ः** पावलले यहाँ फेरि एकपल्ट व्यङ्ग्यको सहारा लिन्छन् । किनकि पावलको मागअनुसार जुन व्यवहार उनीहरूले तिनलाई देखाउनुपरेको थियो, त्यस प्रकारको व्यवहार उनीहरूले अरूलाई दिन प्रतिदिन देखाउँदैथिए। उनीहरूले मूर्खताको छलमा नपर्ने गरी आफूलाई बुद्धिमान् ठाने; तर ठीक त्यही भइरहेको थियोः उनीहरू मूर्खतामा फसेछन् । अनि पावलले यसको स्पष्टीकरण दिन लागेका छन् ।

**२ कोरिन्थी ११ः२०ः** उनीहरूले उक्त मूर्ख मानिसहरूलाई आनन्दसाथ सहिरहेका थिए। तिनले यहाँ कसलाई सम्झे ? तिनले यहूदीवादका शिक्षकहरूलाई ताकेर यसो भनेका छन् । तिनले ती झूटा प्रेरितहरूलाई सम्झेर यसो लेखेका छन्, जुन झूटा प्रेरितहरूले कोरिन्थका विश्वासी-हरूलाई आफ्नो शिकार तुल्याएका थिए ।

*'कसैले तिमीहरूलाई कमारा बनायो भने तिमीहरू सहन्छौ ।'* यसर्थ त्यस्तो मानिसले उनीहरूलाई व्यवस्थाको दासत्वमा ल्याउन खोज्थ्यो (प्रेरित १५ः१०) । त्यस्तो मानिसले ख्रीष्ट येशूमाथि राखिएको विश्वास मुक्ति पाउनलाई पर्याप्त हुँदैन, तर मानिसहरूले मोशाको व्यवस्था पालन गर्नुपर्छ भन्ने शिक्षा दिँदैथियो र दिँदैछ ।

*'कसैले तिमीहरूलाई निल्यो भने पनि तिमीहरू सहन्छौ ।'* दोस्रो, त्यस मानिसले पवित्र जनहरूलाई निल्छ। यहाँ, यस ठाउँमा 'निल्नु' भनेको उनीहरूसँग ठूला-ठूला आर्थिक मागहरू गर्नु हो। प्रेमको खातिर उनीहरूको सेवा नगरेर त्यस्तो मानिसले पैसाको खातिर सेवा गर्छ; त्यस मानिसको खास चासो यसैमा रहेछ ।

*'कसैले तिमीहरूलाई धुत्यो भने पनि तिमीहरू सहन्छौ ।'* धुत्नु भन्ने शब्द यहाँ जालमा फसाउने वा शिकार बनाउने अर्थ लिन्छ । किनकि झूटो शिक्षकले उनीहरूलाई शिकार बनाउन खोज्यो, उनीहरूलाई आफ्नो हातमा लिन र आफ्नो चम्चाको रूपमा चलाउन चाह्यो ।

*'कसैले आफूलाई उच्च पाऱ्यो भने पनि तिमीहरू सहन्छौ ।'* यी मानिसहरू घमण्ड र अहङ्कारले फुल्नु स्वाभाविक कुरा हो। अरू मानिसहरूमाथि दोष लगाएर र उनीहरूको आलोचना गरेर तिनीहरू मानिसहरूको दृष्टिमा महान् देखा पर्न चाहन्थे ।

*'कसैले तिमीहरूलाई मुखैमा हिर्कायो भने पनि तिमीहरू सहन्छौ।'* मुखमा हिर्काउनु कत्रो अपमान ! ! हामीले यो कुरा अक्षरशः लिनुदेखि हिचकिचाउनुपर्दैन; किनभने इतिहासको कुरा होः अहङ्कारी धर्माधिकारी-हरूले आफ्नो मण्डलीका सदस्यहरूलाई आज्ञाकारी तुल्याउन शरीरको बलको सहारा लिएका दुःखद साक्षीहरू छन्। के आफ्नो अधिकार जमाउने तरिका यस्तो छ र ?

कोरिन्थका विश्वासीहरूले यी झूटा शिक्षकहरूबाट यस्तो अपमान-पूर्वक व्यवहार कसरी सहे, तर तिनीबाट प्रेमसाथ दिइएका तिनका चेताउनीहरू र उनीहरूलाई दिइएका तिनका अर्तीहरू किन सहन चाहँदैनथिए – यस कुरामा प्रेरित पावल तीनछक परे।

श्री जे. एन. डार्बीले यस विषयमा आफ्नो राय यस प्रकारले व्यक्त गरेः

> 'अचम्म ! मानिसहरू सत्यताका निम्ति दुःख खप्नुभन्दा बरु झूटो कुराबाट जति पनि दुःख सहन तयार छन् !' 42)

**२ कोरिन्थी ११ः२१ः** *'मानौं हामी कमजोर भएझैं म बेइज्जतको सिलसिलामा बोल्छु; तरै पनि कुनै कुरामा कोही हिम्मतदार हो भने, म मूर्खतापूर्वक बोल्छु, म पनि हिम्मतदार हुन्छु।'* अब यस पदको अर्थ लगाउने कुरा आयो। यसको विषयमा कतिजनाको सुझाउ यस प्रकारको छ; अनि तिनीहरूको विचारमा, पावलले भन्न खोजेको कुरा यो होः 'म आफ्नो इज्जत घटाएर किन यस्तो बोल्छु – मानौं म तिमीहरूसँग हुँदा कमजोर भएको र ती मानिसहरूले गरेजस्तो आफ्नो अधिकार जमाउन मलाई डर लागेझैं बोल्छु, यसको कारण यही होः ...' अरे।

अरू मानिसहरूको सुझाउअनुसार यस पदको अर्थ यस प्रकारको छः 'यो भनेर म आफूलाई होच्याएको छु; किनभने तिनीहरूले आफ्नो अधिकार जस्तो जमाउँछन्, आफ्नो हिम्मत देखाउने तरिका त्यस्तै हो भने म साँच्चै कमजोर थिएँ' अरे।

श्री जे. बी. फिलिप्सको अनुवादले यो दोस्रो धारणा अपनाएको छ, जब यस पदको बोल यस प्रकारको छः 'मैले तिमीहरूसँग यस प्रकारका

हिम्मतदार कुराहरू गर्न कहिल्यै साहस गर्दिनथिएँ; यो कुरा भन्न मलाई अहिले लाज लाग्ला जस्तो भइरहेको छ' अरे।

पावलले यस पदमा खास के भनेका छन्? 'यी भूटा शिक्षकहरूले देखाएको व्यवहार साँच्चै चरित्रबल हो भने, मैले लाज मानेर स्वीकार गर्नुपर्छः मैले यस प्रकारको बल कहिल्यै देखाएको थिइनँ; यो मेरो कमजोरी थियो।' तर तिनले तुरुन्तै यो वाक्य पनि थपेर भनिदिन्छन्ः 'जुन कुरामा अरू मानिसहरूसँग हिम्मतदार हुने कारण छ, त्यस कुरामा तिनी-हरूको अधिकार मात्र कहाँ हो र? त्यस कुराको सम्बन्धमा मसँग हिम्मत देखाउने अधिकार पनि छ नि!'

यहाँ, यस ठाउँमा मोफ्फतको अनुवाद मलाई सठीक लाग्छ, जहाँ यस्तो लेखिएको छः 'तिनीहरूले घमण्ड जति पनि गरून्, यसको पर्बाह छैन; म तिनीहरूभन्दा केही कम छैनँ – याद रहोस्, मूर्ख मानिसको अभिनय र बोली यस्तै छ है!'

यसो भनेर प्रेरित पावलले यस पत्रको सबैभन्दा प्रतापी खण्ड शुरु गर्छन् र प्रभु येशू ख्रीष्टको साँचो सेवक हुने दाबी गर्न आफूसँग पूरा अधिकार छ भन्ने कुरा प्रमाणित गर्न थाल्छन्।

कोरिन्थको मण्डलीमा उठेको प्रश्न तपाईंलाई विदितै छ, होइन र? किनकि त्यहाँ पावल प्रभु येशूको सच्चा प्रेरित हुन् कि होइनन् भन्ने प्रश्न उठेको थियो। तिनले परमेश्वरबाट यो प्रेरितिक बोलावट पाएको कुरा विश्वास दिलाउन तिनीसँग कुन-कुन प्रमाण थिए त? प्रभु येशूका बाह्रजना प्रेरितहरू थिए; तिनीहरूसित एकसमान हुने कुरा तिनले कसरी उनीहरूलाई चित्त बुझाउने गरी देखाउन सक्छन्?

पावल यसको उत्तर दिन तयार छन्; तर तिनले दिन लागेको उत्तर हामीले सोचेका जस्तो भएन। किनभने बी.डी. वा एम.डी.मा उतीर्ण भएको तिनीसँग कुनै शिक्षालयको डिप्लोमा अर्थात् उपाधि-पत्र थिएन। अनि 'हामीले पावललाई यस प्रेरितिक सेवकाइका निम्ति नियुक्ति गर्‍यौं, अभिषेक गर्‍यौं' भनेर यरूशलेमको मण्डलीका दाजुभाइहरूले लेखेको र सहीछाप गरेको सिफारिस-पत्र पनि तिनको हातमा थिएन। अनि तिनले यहाँ आफ्नो व्यक्तिगत योग्यता र हासिल गरेका सफलताहरू पनि पेश

गर्दैनन् । तर तिनले सुसमाचारको कामको सम्बन्धमा आफूले सहेका दुःखकष्टहरूको सजीव विवण पो दिएर हाम्रो सामु राखिदिन्छन् । तपाईंले दोस्रो कोरिन्थीको यस खण्डको प्रभावशालीता र करुणता ख्याल गर्न नबिर्सनुहोला । पावललाई, ती ख्रीष्टको प्रेमले प्रेरित भएको शूरवीरलाई कल्पना गर्नुहोस्, जो हतारिँदै आफ्नो सुसमाचार-धावाहरूमा धरातल र समुद्र पार चारैतिर चहार्न कहिल्यै थाक्दैनन् र ख्रीष्टको सुसमाचार सुन्न नपाएर नाश हुन लागेका मानिसहरूकहाँ पुग्न असाध्य दुःखकष्टहरू उठाउन तयार छन् । यस खण्डका पदहरूबाट प्रभावित नहुने गरी कसले यो खण्ड पढ्न सक्छ ? यो खण्ड पढ़ेर कसलाई ठूलो शर्म लाग्दैन ?

**२ कोरिन्थी ११ः२२ः** *'के तिनीहरू हिब्रू हुन् ? म पनि हुँ; के तिनीहरू इस्राएलीहरू हुन्, म पनि हुँ; के तिनीहरू अब्राहामका वंश हुन्, म पनि हुँ !'* यी भूटा शिक्षकहरू आफ्नो यहूदी पृष्ठभूमिमा ठूलो महत्त्व राख्थे । तिनीहरूको दाबीअनुसार तिनीहरू खाँटी हिब्रू थिए, इस्राएलको वंशका थिए, अब्राहामका सन्तान थिए। यस वंशपरम्पराले तिनीहरूलाई परमेश्वरको दृष्टिमा विशेष निगाह प्रदान गर्छ भन्ने भूलधारणामा तिनीहरू अझै पनि बाँधिएका थिए। उहिलेदेखि परमेश्वरको चुनिएको इस्राएली जातिले आफ्नो मसीह राजालाई तिरस्कार गरेको हुनाले यो जाति अबदेखि पन्साइएको छ भन्ने कुरा ती विचराहरूलाई थाहै हुँदैनथियो । अबचाहिँ परमेश्वरको दृष्टिमा यहूदीहरू र अन्यजातिका मानिसहरूको बीचमा कुनै भिन्नता रहेन, तर उहाँको सामु सबै मानिसहरू पापी छन् र सबै मानिसहरूले ख्रीष्ट येशूमाथि राखिएको विश्वासद्वारा मुक्ति पाउनुपर्छ। त्यो तिनीहरूलाई विदितै भएन ।

यसकारण तिनीहरूले आफ्नो वंशपरम्परामा घमण्ड गर्नु के काम ? यो त बिलकुल व्यर्थ थियो । तिनीहरूको वंशगत परम्पराले तिनीहरूलाई पावलभन्दा श्रेष्ठ तुल्याउँदैनथियो; किनभने तिनी पनि हिब्रू, तिनी पनि इस्राएली, तिनी पनि अब्राहामको खाँटी सन्तान थिए। तर यी वंशगत कुराहरूले तिनी ख्रीष्ट येशूको प्रेरित भएको प्रमाण गर्दैनथिए। यसकारण तिनले त्यो कुरा यहाँ छोड़िराखेर छिटो अघि बढ्छन् र आफ्नो तर्कको मुख्य बुँदा पेश गर्छन्। यी भूटा शिक्षकहरूले तिनलाई एउटै कुरामा,

अर्थात् तिनले सहेका कष्टहरू र दुःखहरूमा तिनलाई अवश्य उछिन्न सक्नेथिएनन् ।

**२ कोरिन्थी ११ः२३ः** *'के तिनीहरू ख्रीष्टका सेवकहरू हुन् ? म झन् बढ़ी !'* तिनीहरूको अङ्गीकारअनुसार तिनीहरू ख्रीष्टका सेवकहरू थिए । तर पावलचाहिँ परिश्रम र दुःखकष्टको बीचमा उहाँको निष्ठावान् सेवक थिए। प्रेरित पावलले दुःखकष्ट सहनुभएको मुक्तिदाताको अनुयायी हुँ भन्ने कुरा कहिल्यै भुल्न सक्दैनथिए। दास आफ्नो मालिकभन्दा ठूलो हुँदैन; यो तिनलाई पूरा महसुस हुन्थ्यो। ख्रीष्ट येशूको प्रेरितले यस संसारमा आफ्नो मालिकले पाउनुभएको भन्दा असल व्यवहार पाउने आशा नगरे हुन्छ; यो तिनलाई पक्का थाहा थियो । तिनले जति बढ़ी ख्रीष्टको विश्वासयोग्य सेवा गरेर मुक्तिदाता प्रभुको रूप प्रदर्शन गरे, त्यति नै बढ़ी मानिसहरूको हातबाट दुःखकष्टहरू भोग्नुपर्नुपर्छ भन्ने कुरा तिनलाई याद हुन्थ्यो । तिनको विचारमा दुःखकष्टहरू ख्रीष्टका सेवकहरूको चिनारी वा तिनीहरूको ब्याज हुन् । यस प्रकारको गर्व-गराइ तिनले बेहोशीको कुरा सम्झन्थे; तर के गर्ने, तिनले सत्य बोल्नुपरेको थियो । अनि दुःख भोग्नुमा यी झूटा शिक्षकहरूको नाम चलेको थिएन; यो बिलकुल सत्य र साँचो थियो। तिनीहरूले सजिलो बाटो अपनाएका थिए। तिनीहरूले निन्दा, सतावट र अपमानदेखि बाँच्न खोजेका थिए। तब तिनीहरूले तिनीजस्ता ख्रीष्टको सेवकलाई कसरी र कुन आधारमा लाञ्छना लाउने आँट गर्न सके ? तिनलाई लाञ्छना लाउनुभन्दा अघि तिनीहरूले हार खाइसके ।

आउनुहोस्, हामी अब पावलले सहेका कठिनाइहरूको सूचिमा ध्यान दिऔं ! किनभने तिनले यी कठिनाइहरू पेश गरेर आफ्नो प्रेरितपना बिलकुल सत्य हो भन्ने दाबी पुष्टि गर्छन् ।

*'परिश्रमहरूमा अत्यन्तै बेसी;'* तिनले आफ्ना व्याप्त सुसमाचार-धावाहरूमाथि आफ्नो विचार पुऱ्याएर यसो भनेका हुन्; किनभने मानिस-हरूलाई ख्रीष्ट येशू चिनाउन भूमध्यसागरका इलाकाहरूभरि तिनले चारैतिर यात्रा गर्दै आएका थिए।

*'कोर्राहरूमा बेहिसाब गरी;'* ख्रीष्ट येशूका यहूदी र अन्यजातिरूपी शत्रुहरूको हातबाट तिनले कति पिटाइ खाएका कति ! त्यसको सम्झनामा तिनले यो लेखे ।

*'कैदहरूमा झन् घरीघरी;'* त्यस बेलासम्म तिनी कैदी भएका एकमात्र वर्णन हामीले पवित्र धर्मशास्त्र बाइबलको प्रेरित १६ः२३ पदमा पढ्छौं, जब तिनी र सिलास फिलिप्पीको झ्यालखानामा हालिएका थिए। तर अबचाहिँ तिनी धेरैपल्ट झ्यालखानामा हालिएको जानकारी हामीलाई यहाँ दिइएको छ। कालकोठरीसित तिनी सुपरिचित थिए।

*'मृत्युहरूमा बारम्बार;'* निस्सन्देह प्रेरित पावलले यो कुरा लुस्त्रामा मृत्युको मुखबाट उम्केको सम्झनामा लेखे (प्रेरित १४ः१९)। तर तिनको जीवनमाथि विभिन्न समयमा सतावट आइपरेको थियो, जसमा तिनले झन्डै आफ्नो ज्यान गुमाउनुपर्‍यो।

**२ कोरिन्थी ११ः२४ः** *'यहूदीहरूको हातबाट मैले पाँचपल्ट अनन्चालीस-अनन्चालीस कोर्रा खाँए।'* मोशाको व्यवस्थाअनुसार यहूदी-हरूले कसैलाई चालीसपल्ट भन्दा बढ़ी पल्ट कोर्राले हिर्काउन पाउँदैनथिए (व्यवस्था २५ः३); यो तिनीहरूलाई मनाही गरिएको थियो। अनि व्यवस्थाको यो नियम कुनै हालतमा पनि भङ्ग नगरिओस् भन्ने हेतुले यहूदीहरूले उनन्जालीस पल्ट मात्र अपराधीलाई कोर्राले हिर्काए। अनि यस प्रकारको कड़ा सजाय केवल ठूलो अपराधीलाई दिइन्थ्यो। प्रेरित पावलले यहाँ हामीलाई यो जानकारी दिएका छन्, कि तिनको जातिका मानिसहरूले तिनलाई विभिन्न समयहरूमा जम्मै पाँचपल्ट यस प्रकारको कड़ा सजाय दिएका थिए।

**२ कोरिन्थी ११ः२५ः** *'तीनपल्ट म लौराले पिटिएँ';* यी लौराले पिटिएका तीनवटा घटनाहरूमध्ये एउटाचाहिँ नयाँ नियमको पुस्तकमा, प्रेरित १६ः२२ पदमा लेखिएको छ; यो घटना फिलिप्पीमा घटेको थियो। पावलले अझै दुईपल्ट लौराको चोट, दर्द र अपमानको दुर्व्यवहार सहे।

*'एकपल्ट म ढुङ्गाले हानिएँ;'* निश्चय योचाहिँ लुस्त्रामा घटेको घटना भएको हुनुपर्छ (प्रेरित १४ः१९)। यस घटनाको विषयमा हामीले अघि जानकारी दिइसकेका छौं। ढुङ्गाको हनाइ र प्रहार यति सिकिस्त थियो, कि मानिसहरूले पावललाई मरेको भन्ठानेर तिनको शरीर घिस्स्याएर शहरबाहिर छोड़ेका थिए।

*'तीनपल्ट म चढ़ेको पानीजहाज भताभुङ्ग भयो';* पावलले सहनुपरेका सबै कष्टहरू मानिसहरूको हातले तिनलाई दिइएका सास्ती थिएनन्। किनकि कहिलेकाहीं तिनी प्रकृतिको प्रकोपमा परेका थिए। तीनपल्ट तिनी चढ़ेको पानीजहाज भताभुङ्ग भएको वृत्तान्त हाम्रा निम्ति उल्लेख गरिएन; किनभने प्रेरित २७ः अध्यायमा पावल रोमको यात्रामा अनुभव गरेको पोतभङ्ग समयको हिसाबमा पछि घटेको हो।

*'मैले समुद्रमा एक रात र एक दिन बिताएँ';* प्रेरितको पुस्तकमा यस अनुभवको कुनै वर्णन छैन रहेछ। जुन शब्द समुद्र भनेर अनुवाद गरिएको छ, यसको शाब्दिक अर्थ गहिराइ हो, जसको अर्थ कि त सागर, कि त कालकोठरी हुन सक्छ। मानौं यो गहिराइ सागर हो; यसकारण पावल फल्याक वा जहाजको भत्केको टुक्रामा पानीमाथि तैरिँदैथिए कि कसो हो? नभई प्रभुले तिनलाई समुद्रको अथाह पानीमा डुब्नबाट अद्भुत रीतिले बचाउनुभएको हुनुपर्छ।

**२ कोरिन्थी ११ः२६ः** *'बराम्बार यात्रा गर्नमा';* तपाईंको पवित्र बाइबलको अन्तमा जानुहोस्, जहाँ 'पावलका प्रचार-यात्राहरू' नामक शीर्षकमा तपाईंले केही मानचित्ररूपी नक्साहरू पाउनुहुनेछ, जसमा तिनको पहिलो, दोस्रो र तेस्रो सुसमाचार-धावाका यात्राहरूअनुसार विभिन्न धर्का तानेका देख्नुहुनेछ। यदि तपाईंले यी धर्का शुरुदेखि अन्तसम्म पहिल्याउनुभयो भने तपाईंले मोटामोटी तिनले यात्रा गरेर पुगेका ठाउँहरू जान्न पाउनुहुनेछ; अनि तपाईंले त्यस जमानाको यातायातका अति साधारण सुविधाहरू याद गर्नुभयो भने, *'बराम्बार यात्रा गर्नमा'* भन्ने वाक्यको अर्थको गहनता के रहेछ, सो बढ़ी बुझ्नुहुनेछ।

त्यसपछि पावलले आठ किसिमका जोखिमहरूको सूचि दिन लागेका छन्, जुन जोखिमहरू तिनले सामना गर्नुपरेको थियो। नदीहरूका जोखिमहरूको सन्दर्भ उर्लिरहेका खोलानाला हुन्, जुन खोलानालाहरू तिनले आफ्ना यात्राहरूमा तार्नुपरेको थियो। अनि धेरै मार्गहरूमा डाँकूहरूका जोखिमहरू हुन्थे; किनभने त्यहाँ कानुनबाट भागेका भगुवाहरू कसैलाई फेला पारेर लुटौं भन्ने उद्देश्यले डुकिबस्थे। तिनका यहूदी जातिभाइहरूबाट खतराहरू आउने गर्थे; अनि अन्यजातिका

मानिसहरूबाट पनि उस्तै खतराहरू आउने गर्थे, जसकहाँ तिनले मुक्तिको सुसमाचार पुऱ्याउन कोशिश गरे। शहरभित्रका जोखिमहरूको सिलसिलामा लुस्त्रा, फिलिप्पी, कोरिन्थ र एफेससको कुरा आयो, जहाँ-जहाँ तिनी ठूलो खतरामा परेका थिए। एशिया माइनर र युरोप महादेशका विभिन्न एकलास ठाउँहरू र उजाड़ इलाकाहरूबाट भएर जाँदा तिनका निम्ति कति खतरापूर्ण हुन्थ्यो। समुद्र-यात्रा गर्दा आँधी चल्ने, समुद्रको पानीमा लुकिएका चट्टानहरूमा ठोकिने र समुद्री डाँकूहरूको हातमा पर्ने डर हुन्थ्यो। अनि अन्तमा झूटा भाइहरूको बीचमा रहँदा तिनलाई विभिन्न खतराहरू हुन्थे; झूटा भाइहरूको सन्दर्भ यी यहूदीवादीहरू थिए, जसले इसाई शिक्षकको भेष धारण गरे; यसमा शङ्का छैन।

**२ कोरिन्थी ११ः२७ः** *परिश्रम र कष्टः* परिश्रम भन्नाले पावलको अथक मेहनत बुझिन्छ भने, कष्टचाहिँ कठोर परिश्रमको परिभाषा हो; किनकि तिनले आफ्नो काममा आफूसँग भएको सबै शक्तिबल खर्च गर्थे र दुःख्ने गरी काम गर्दा शारीरिक पीड़ा खप्ने गर्थे।

*बारम्बार जागा-बसाइः* आफ्ना यात्राहरूमा तिनले पौवा सधैं कहाँ भेट्टाउँथे र? तिनले धेरै पल्ट बाहिर रात बिताउनुपर्थ्यो। तर तिनका निम्ति बाहिर रात बिताउन खतरनाक हुन्थ्यो; किनभने चारैतिरबाट केही न केही खतरा आइपर्न सक्थ्यो। यसकारण कैयौं रात तिनी जागा रहेर बिताउँथे।

*भोक र तिर्खा, अनि बारम्बार उपवासहरूः* प्रेरित पावलजस्ता महान् प्रभुको दासले प्रभु येशूको सेवा गर्दा तिनी कति पल्ट भोका रहन्थे र तिर्खाले सताइन्थे; किनकि तिनको परिस्थिति घरिघरि यस्तो हुन्थ्यो। उपवास भन्नाले भोजन नगर्ने, तर केही नखाई व्रत बस्ने काम बुझिन्छ। तर यस ठाउँमा उपवासको अर्थ खानेकुराको अभावले तिनी निराहार हुनुपरेको हुन्छ होला।

*जाड़ो र नाङ्गो अवस्थाः* मौसम अचानक बदली हुन्थ्यो; अनि पावलका जुत्ता राम्रा थिएनन्, फाटेका थिए होलान्; तिनको उपयोगी लुगाफाटा थिएन – तिनको जीवनका नमीठा अनुभवहरूमध्ये कति यीजस्ता थिए। यस विषयमा श्री चार्लस हड्चले यस प्रकारको टिप्पणी गरेका छन्ः

'यहाँ, यस खण्डमा महान् प्रेरित पावल हाम्रो सामु कुन प्रकारले देखा परेका छन् ? तिनले कतिपल्ट कोर्राका चोटहरू खाएको हुनाले तिनको पिठ्यूँ छिया-छिया परेको थियो। तिनको जीउ भोक र तिर्खाले अनि नग्नताले खिइसकेको थियो। जाड़ोमा नाङ्गै भएका, यहूदी र अन्यजातिका मानिसहरूको हातबाट सतावटमा परेका, एक ठाउँदेखि अर्को ठाउँमा खेदिएका, घरविहीन भएका पावल ! यही खण्डले वर्तमान ख्रीष्टका सर्वसक्रिय सेवकहरूलाई समेत शर्ममा पार्छ; पवित्र बाइबलको योजस्तो अरू कुनै खण्ड नहोला। प्रेरित पावलको तुलनामा हामीले गरेको काम र हामीले सहेको दुःख नगण्य हुन्छ। तर जसरी पावल यस संसारमा दुःख र कष्ट सहनुमा अग्रसर थिए, त्यसरी नै तिनी अब स्वर्गमा महिमा पाउनुमा पनि अग्रसर भएको विचारले हामीलाई यस सम्बन्धमा सान्त्वना दिएको छ।' **43)**

**२ कोरिन्थी ११ः२८ः** *'बाहिरका कुराहरूबाहेक दिनहुँ सबै मण्डलीहरूको चिन्ता ममाथि आइपर्छ।'* यी असामान्य कुराहरू छोड़ेर पावलले सबै मण्डलीहरूको बोझ निरन्तर आफ्नो मनमा बोकिरहेका थिए। अरू सबै जाँच-परीक्षाहरूमाथि यो कुरा नै चरमबिन्दु भएकोमा ठूलो महत्त्व देखिन्छ। पावल सच्चा पास्टर भएका रहेछन्। तिनले परमेश्‍वरका जनहरूको प्रेम र वास्ता गर्दथिए। तिनी ज्यालामा काम गर्ने ज्यामी थिएनन् (यूहन्ना १०ः१२-१३); तर तिनी प्रभु येशूसित उहाँको साँचो उप-गोठाला थिए। पवित्र धर्मशास्त्रको यस खण्डमा तिनले यो कुरा प्रमाणित गर्न खोजिरहेका थिए; अनि यस सम्बन्धमा हरेक विवेकशील मानिसको सामु तिनी सत्य ठहरिएका छन्। तिनले मण्डलीहरूप्रति जुन बोझ उठाए, त्यस बोझले हामीलाई निम्न कथनको सम्झना गराएको छः 'मण्डली स्थापित गर्ने काम हृदयविदारक काम हो भने मण्डलीको सुधार गर्ने कामको टुङ्गा कहिल्यै हुँदैन।'

**२ कोरिन्थी ११ः२९ः** अघिको पदसित यस पदको नजिकको सम्बन्ध रहेको छ। अठाइस पदमा प्रेरित पावलले भनेका छन्, कि तिनले दिन प्रतिदिन सबै मण्डलीहरूको चिन्ता गर्दै रहे। अनि यहाँ, यस ठाउँमा तिनले यसको स्पष्टीकरण दिन्छन्। कुनै कमजोर भाइबहिनीको विषयमा

'ऊ विश्वासमा कमजोर छ' भन्ने कुरा सुनेपछि तिनले यो कमजोरी आफ्नै दुर्बलता सम्झन्थे। अरू विश्वासीहरूप्रति तिनको हमदर्द र तिनको सहानुभूति यस प्रकारको थियो। अरूका दुःख तिनले आफ्नै दुःख ठान्थे। अनि जब तिनले कुनै ठेस खाएको भाइबहिनीको विषयमा खबर पाए, तब तिनको जलन उठ्थ्यो। परमेश्वरका जनहरूलाई पिरोल्ने कुराले तिनलाई पनि पीर पारेको थियो। तिनी तिनीहरूका दुःखहरूमा दुःखित हुन्थे, र तिनीहरूको हरेक जीतमा तिनी रमाउँथे। यसको प्रभावमा परेर ख्रीष्ट येशूको दासको मानसिक शक्तिबल क्षीण नहुने होइन। यस अनुभवसित पावल सुपरिचित थियो।

**२ कोरिन्थी ११ः३०ः** *'यदि मैले गर्व गर्नुपर्‍यो भने म आफ्ना दुर्बलताहरूमा गर्व गर्नेछु।'* पावलले आफ्ना सफलताहरूको बारेमा होइन, आफ्ना दान-वरदानहरूको बारेमा पनि होइन, तर आफ्ना कमजोरीहरूको विषयमा, अँ, तिनले सहेका निन्दा र अपमानहरूको विषयमा पो गर्व गर्थे। तर यस्ता कुराहरूको विषयमा मानिसहरूले प्रायः गर्व गर्दैनन्। अनि यस्ता कुराहरूले कुनै मानिसलाई प्रख्यात पनि तुल्याउँदैनन्।

**२ कोरिन्थी ११ः३१ः** पावलले आफ्ना कष्टहरू र अपमानहरू सम्झनेबित्तिकै तिनको विचार आफ्नो जीवनको सबैभन्दा दीन अनुभव-माथि पर्न गएको स्वाभाविक कुरा हो। तिनले आफ्नो कमजोरीको विषयमा गर्व गर्नु हो भने, तिनले दमस्कस जाने बाटोमा गरेको अनुभवको विषयमा नबताई बस्नै सक्दैनथिए। आफूलाई अति विनम्र पारेको यो अनुभव तिनले बताउँदा बिलकुल सत्य र साँचो बोले, यसका निम्ति तिनले परमेश्वरलाई साक्षी राखे; किनभने यस्तो दीन अनुभव बताउनु मानिसको स्वभावको विपरीत कुरा थियो।

**२ कोरिन्थी ११ः३२ः** यस अनुभवको विस्तृत बयान हामीले प्रेरित ९ः१९-२५ पदको खण्डमा पढ्न पाउँछौं। दमस्कसको बाटोमा तिनी प्रभु येशूकहाँ फर्के; त्यसपछि तिनले यहूदीहरूका सभाघरहरूमा सुसमाचार प्रचार गर्न थाले। शुरुमा तिनको प्रचारमा मानिसहरूले निक्कै चासो राखे; तर केही समयपछि यहूदीहरूले तिनलाई मार्ने मतो गरे। यसकारण

तिनलाई पक्रने इच्छा गरेर तिनीहरूले त्यस दमस्कस शहरका मूल-ढोकाहरूमा पहरा राखे।

**२ कोरिन्थी ११ः३३ः** एक रात त्यहाँका चेलाहरूले प्रेरित पावललाई एउटा टोकरीमा हालेर पर्खालमा भएको झ्यालबाट ओराए। यसरी तिनी तिनीहरूको हातबाट उम्के। पावलले यहाँ, यस ठाउँमा यो घटना किन पेश गरेका छन् ? यस विषयमा श्री जे. बी. वट्सनले निम्न सुझाउ दिएका छन्ः

> 'जुन कुरा मानिसहरूले शर्ममा पार्न र हाँसोको पात्र तुल्याउन प्रयोग गर्छन्, त्यो कुरा लिएर पावलले अर्को दृष्टिले पेश गर्छन् र प्रभु येशूको सेवा गर्नु नै तिनको जीवनको उत्कृष्ट चाहना थियो भन्ने प्रमाणको रूपमा चलाउँछन्; किनभने प्रभु येशूका निम्ति तिनी आफ्नो व्यक्तिगत घमण्ड पनि त्याग्न तयार थिए; मानिसहरूका आँखाहरूमा तिनी डरपोकको रूपमा देखा परे पनि तिनलाई कुनै पर्बाह हुँदैनथियो।' **44)**

## च) २ कोरिन्थी १२ः१-१०ः पावलले पाएका दिव्य प्रकाशहरूले तिनको प्रेरितिक सेवकाइ सिफारिस गर्छन्।

**२ कोरिन्थी १२ः१ः** *'गर्व गर्नु मेरा निम्ति निश्चय फाइदा दिने कुरा होइन, तर पनि म प्रभुका दर्शन र प्रकाशहरूको विषयमा कुरा गर्नेछु।'* प्रेरित पावललाई गर्व गर्न पटक्कै मन लाग्दैनथियो। गर्व गर्न तिनलाई सुहाउँदैनथियो, लाभदायक हुँदैनथियो, तर वर्तमान परिस्थितिमा गर्व गर्नु अनिवार्य थियो। यसकारण यहाँ आफ्नो सेवकाइको सबैभन्दा दीन, विनम्र घटना तल छोड़ेर तिनी यहाँ आफ्नो सर्वोच्च अनुभवतिर अघि बढ़छन्। अब तिनले प्रभु येशूलाई व्यक्तिगत रूपले भेटेको अनुभव बताउन लागेका छन्।

**२ कोरिन्थी १२ः२ः** पावलले यहाँ एकजना मानिसको, उसको चौध वर्ष अगाड़ि गरिएको अनुभव बताउन लागेका छन्। पावलले यहाँ आफ्नो नाम लिँदैनन्, तर निस्सन्देह तिनले यहाँ चर्चा गरेको मानिस तिनी आफै हुन्। यस प्रकारको उच्च अनुभवको विषयमा कुरा गर्दै-गर्दा तिनले आफ्नो नाम लिन चाहँदैनथिए, तर सामान्य हिसाबले कुरा गर्न चाहन्थे।

त्यो अपरिचित मानिस ख्रीष्टमा थियो; यसर्थ ऊ ख्रीष्ट-विश्वासी भएको हुनुपर्छ।

**२ कोरिन्थी १२ः३ः** योचाहिँ त्यो मानिस शरीरमा भएको वा शरीरमा नभएको उसको अनुभव हो, सो पावलले जान्दैनथिए। कतिजनाको अड़कलअनुसार पावल लुस्त्रामा भएजस्तो सतावटमा परेको अवस्थामा तिनले गरेको कुनै अनुभव हुनुपर्ला। तिनीहरूको भनाइअनुसार त्यस बेलामा तिनी मरेर स्वर्गमा पुगेका थिए अरे। तर यस प्रकारको व्याख्या अवश्य यस खण्डको माग होइन। किनभने योचाहिँ शरीरमा भएको वा शरीरमा नभएको अनुभव, मरेको अवस्थामा वा जीवित भएको अवस्थामा गरिएको अनुभव थियो, सो कुरा पावल आफूलाई थाहा भएन। तब वर्तमान टिप्पणीकारहरूलाई यो थप ज्ञान कहाँबाट भएको ? यो हामीलाई अनौठो लाग्छ।

तर यस कुराको विषयमा महत्त्वपूर्ण कुरा के हो त ? त्यो मानिस तेस्रो स्वर्गमा उठाइएको कुरामा महत्त्व रहेको छ। यसो हो भने पवित्र धर्म-शास्त्र बाइबलको साक्षीअनुसार स्वर्ग तीनवटा रहेछन्। प्रथमचाहिँ हाम्रो मास्तिर भएको त्यो वायुमण्डल, त्यो नीलो आकाश हो। त्यसपछि दोस्रोचाहिँ तारामण्डलरूपी आकाश हो। अनि तेस्रो स्वर्गचाहिँ त्यो सर्वोच्च स्वर्ग हो, जुन स्वर्गचाहिँ परमेश्वरको वासस्थान र सिंहासन हो।

यसबाट स्पष्ट बुझिन्छ, कि पावल परमेश्वरको वासस्थानमा, त्यही परम आनन्दको स्थानमा पुगेका रहेछन्, जहाँ प्रभु येशूले त्यस पश्चात्ताप गरेको चोरलाई उसको मृत्युपछि लानुभयो।

**२ कोरिन्थी १२ः४ः** त्यस पराडाइस अर्थात् स्वर्गलोकमा पावलले स्वर्गको भाषा सुन्न र बुझ्न पाए। तर तिनी पृथ्वीमा फर्केपछि तिनले स्वर्गलोकमा सुनेको कुनै शब्द बोल्न पाउँदैनथिए। बयान गर्न नसकिने शब्दहरू भनेको यी शब्दहरू उच्चरण गर्नका निम्ति अति पवित्र थिए, अनि यही कारणले यी शब्दहरू प्रकाशन गर्न योग्य थिएनन्। श्री जी. चाम्पबेल मोर्गनले यस सम्बन्धमा यसो लेखेका छन्ः

'कतिजना छन्, जसले आफूले देखेका दर्शनहरू र आफूले पाएका प्रकाशहरूको विषयमा खूबै चर्चा गर्न खोज्छन्। अनि मलाई के लाग्छ भने,

तिनीहरूको यो उत्सुकताचाहिँ तिनीहरूका यी दर्शन र प्रकाशहरू प्रभु येशूबाट नभएका प्रमाणित गर्छ। किनभने जब परमेश्वरले दर्शन र प्रकाशहरू दिनुहुन्छ – अनि विशेष परिस्थितिहरूमा परमेश्वरले आफ्ना दासहरूलाई अवश्य दर्शन र प्रकाशहरू दिनुहुन्छ, यो सुनिश्चित छ, तब ती दर्शन र प्रकाशहरूले दर्शकहरूमा श्रद्धालु मौनता सृजना गर्छन्। किनकि ती दर्शन र प्रकाशहरू यति गम्भीर, यति भययोग्य, यति महान् छन्, कि हल्का पाराले तिनको चर्चा वा तिनको छलफल गर्न सकिँदैन; तर यी दर्शन र प्रकाशहरूको प्रभाव दर्शकहरूको सारा जीवन र सेवकाइमा देखा पर्छ।' 45)

**२ कोरिन्थी १२ः५ः** आफ्ना कमजोरीहरूको विषयमा गर्व गर्दा प्रेरित पावलले आफ्नो नाम लिनुमा कुनै आपत्ति देख्दैनथिए; तर जब तिनले प्रभुका दर्शनहरू र प्रकाशहरूको कुरा गरे, तब तिनले ती दर्शन र प्रकाशहरूको सम्बन्ध सीधा आफूसँग जोड्न चाहँदैनथिए, तर यो त तिनी आफूले चिनेको कुनै व्यक्तिको अनुभव थियो भनेर व्यक्तिगत तुल्याउँदैनथिए। तिनले चिनेको व्यक्ति, जसले यो दिव्य अनुभव गरेको थियो, त्यो व्यक्ति तिनी स्वयम् थिए भन्ने कुरा तिनले इन्कार गर्दैनथिए, तर तिनले यी दर्शन र प्रकाशहरूको सम्बन्धमा आफ्नो नाम लिइएको वा यिनका निम्ति व्यक्तिगत श्रेय पाउन चाहँदैनथिए।

**२ कोरिन्थी १२ः६ः** प्रेरित पावलले आफ्ना महान्-महान् अनुभवहरूको विषयमा गर्व गर्न सक्नेथिए। अनि निश्चय यस प्रकारको गर्वगराइमा तिनी मूर्ख ठहरिनेथिएनन् नै। किनभने तिनले जे भन्नेथिए, त्यो बिलकुल सत्य हुनेथियो। तर तिनले यसो गर्दैनथिए। किनभने कसैले पनि तिनको विषयमा आफूले तिनमा देखेको वा अरूबाट सुनेको भन्दा बढ़ी नसम्झोस्।

**२ कोरिन्थी १२ः७ः** यहाँसम्म यस खण्डले ख्रीष्टको दासले आफ्नो जीवनमा गरेको यथार्थ अनुभवको वर्णन दिएको छ; किनभने प्रभुको हरेक दासको जीवनमा पावलले दमस्कसको बाटोमा गरेको विनम्र, उसको घुँड़ा टेकाउने दीन अनुभव पनि हुन्छ, साथै शिखर-आरोहण गरेको उच्च अनुभव पनि गरिन्छ, पावलले प्रकाश पाएको उल्लासित अनुभवजस्तो। तर प्रभुको कुनै दासले यस प्रकारका उच्च अनुभवहरू गरेपछि उसले

प्रायः आफ्नो शरीरमा काड़ा बिझेको अनुभव पनि गर्छ; यो उसका निम्ति प्रभुको देन हो। अनि ठीक त्यस्तै यहाँ यही कुरा रहेछ।

यस पदबाट हामीले धेरै बहुमूल्य पाठहरू सिक्न पाउँछौं। पहिलो पाठः प्रभुबाट पाइएका दिव्य प्रकाशहरूले हाम्रो पापी स्वभावमा कुनै परिवर्तन ल्याउँदैनन्। किनभने प्रेरित पावलले स्वर्गको भाषा सुनेर पनि तिनको पुरानो स्वभाव रहेको थियो; तिनी घमण्डको पासोमा पर्ने सम्भवना थियो। यस सम्बन्धमा श्री आर. जे. रीडले यसो भनेका छन्ः

> 'जुन ख्रीष्ट-विश्वासीले स्वर्गलोकमा उच्चरण गर्न नसकिने शब्दहरू सुन्यो, त्यो ख्रीष्ट-विश्वासी परमेश्वरको उपस्थितिमा सुरक्षित थियो; तर पृथ्वीमा फर्केपछि उसलाई उसको शरीर घोच्ने काँड़ा चाहिएको थियो; किनभने उसको शारीरिक स्वभावले त्यस स्वर्गलोकको अनुभवको विषयमा गर्व गर्न खोज्यो।' [46)]

पावलको शरीर घोच्ने काँड़ा के थियो, के थियो? हामी यसको विषयमा निश्चित कुरा यति मात्र भन्न सक्छौंः यो पावलको शारीरिक कष्ट वा समस्या थियो, जुन कष्ट परमेश्वरले तिनको जीवनमाथि आइपर्न दिनुभयो। यो काँड़ा के थियो, सो कुरा प्रभुले बताउन चाहनुभएन; यसमा उहाँको उद्देश्य थियो; किनभने यसरी यस युगभरि परीक्षामा परेका र जाँचिएका पवित्र जनहरूले आफू दुःखकष्टमा पर्दा प्रेरित पावलसँग नजिकको सम्बन्ध रहेको महसुस गर्न सक्छन्। हुन सक्छ, पावललाई कुनै आँखाको रोग लागेको थियो, कि कसो हो [47)]? हुन सक्छ, तिनको कान दुःख्ने बिमार थियो कि? अथवा तिनलाई औलज्वरो भएको थियो कि? हुन सक्छ, तिनलाई माइग्रेन भएको थियो कि? हुन सक्छ, तिनको बोलीमा कुनै कमी थियो कि? यस विषयमा श्री विलियम सी. मूरहेडले यसो भनेका छन्ः

> 'हुन सक्छ, उक्त काँड़ा के थियो, सो यस हेतुले प्रकट गरिएन कि पावलको अपरिचित, कष्टदायक अनुभवबाट दुःखकष्टमा परेका सबैजनाले सान्त्वना र उत्साह पाऊन्।' [48)]

यसकारण बुझ्नुहोस्ः हामीमाथि आइपर्ने कष्ट र परीक्षाहरू पावलका भन्दा बेग्ला हुन सक्छन्, तर ती कष्टहरूले हामीमा त्यही काम गर्न सक्नुपर्छ र हामीमा उस्तै किसिमका फलहरू पैदा गर्न सक्नुपर्छ।

**२ कोरिन्थी १२ः८ः** पावलले प्रभु येशूलाई 'यो काँड़ा हटाइदिनुहोस्' भनेर तीनपल्ट विन्ती गरे ।

**२ कोरिन्थी १२ः९ः** अनि प्रभुले तिनको प्रार्थनाको उत्तर दिनुभयो, तर उहाँको उत्तर तिनले आशाले गरेको जस्तो भएन । परमेश्वरले पावललाई भन्न खोज्नुभएको कुरा यस प्रकारको छः 'हे पावल, म त्यो काँड़ा तिमी-बाट हटाउँदिनँ; तर म त्योभन्दा असल काम गर्छुः म आफ्नो अनुग्रहमा तिमीलाई यो काँड़ा सहने शक्ति दिन्छु । अनि हे पावल, यो पनि याद गर ! मैले तिम्रो मागअनुसार तिमीलाई तिम्रो विन्तीको कुरा नदिए ता पनि म तिमीलाई तिम्रो आवश्यकताअनुसार तिमीलाई बढ़ी जरुरत हुने कुरा दिन्छु । के तिम्रो प्रचारमाथि मेरो शक्ति रहेको तिमी चाहन्छौ ? तब तिमी दुर्बल हुनुपर्छ र दुर्बल रहनुपर्छ; किनकि यस अवस्थामा नै यो बढ़ी सम्भव हुन्छ ।'

पावलले आफ्नो प्रार्थना तीनपल्ट दोहोऱ्याए, अनि तीनैपल्ट परमेश्वरको उत्तर त्यही थियो । अनि संसारभरि परमेश्वरका दुःखकष्टमा परेका जनहरूका निम्ति त्यही नै उहाँको उत्तर हो । हाम्रा परीक्षाहरू र दुःखकष्टहरू हटाउनुभन्दा यी परीक्षा र कष्टहरूको बीचमा परमेश्वरको पुत्रको सङ्गत पाउनु उत्तम हो; किनभने उहाँको शक्ति पाउने प्रतिज्ञा हामीलाई दिइएको छ र हाम्रा निम्ति सबै दुःखकष्टहरू सहन सक्नलाई उहाँको अनुग्रह पाउने काबुल जारी रहेको छ ।

परमेश्वरको उत्तरमा *'मेरो अनुग्रह तिम्रा निम्ति प्रशस्त छ'* भन्ने शब्दमा ख्याल गर्नुहोस् ! उहाँको अनुग्रह पर्याप्त नहोला भन्ने चिन्ता नलिनुहोस् ! उहाँको अनुग्रह प्रशस्त छँदैछ । 'हे प्रभु, मेरा निम्ति आफ्नो अनुग्रह पर्याप्त तुल्याउनुहोस्' भन्ने विन्ती गर्न के खाँचो छ, जब हाम्रा निम्ति उहाँको अनुग्रह प्रशस्त हुन्छ ।

प्रेरित पावल प्रभु येशूको उत्तरमा सन्तुष्ट भए; किनभने तिनले यसो भनेः *'यसकारण ख्रीष्टको सामर्थ्य ममाथि रहोस् भन्ने हेतुले बरु म आफ्ना दुर्बलताहरूमा ज्यादै खुशीसित गर्व गर्नेछु ।'*

जब प्रभु येशूले पावललाई आफ्ना कारबाहीहरूमा लगाउनुभएको बुद्धि स्पष्ट पार्नुभयो, तब तिनले यसमा आफ्नो सन्तुष्टि यस प्रकारले

व्यक्ति गरेः 'हो, प्रभु, यस्तै भएको होस् !' तिनले यस काँड़ाको विषयमा गनगन गरेनन्, कचकच पनि गरेनन्; तर तिनले बरु आफ्ना दुर्बलताहरूको विषयमा गर्व पो गरे। तिनले घुँड़ा टेकेर ती कमजोरीहरूका निम्ति प्रभुलाई धन्यवाद चढ़ाए। यसरी ख्रीष्ट येशूको शक्ति तिनीमाथि रहनु हो भने, तिनी खुशीसित ती दुर्बलताहरू सहन तयार थिए। आउनुहोस्, हामी यस विषयमा श्री जे. ओस्वाल्ड स्यान्डर्सको कुरा सुनौं, जसले असल ढङ्गले यसो भनेका छन्ः

> ' "जुन रोग निको हुन सक्दैन, त्यस रोगको कष्ट हामीले सहनुपर्छ;" संसारको सिद्धान्त यही हो। तर पावलले आफ्नो तेजिलो साक्षी यस प्रकारले दिएका छन्ः "जुन रोग निको हुन सक्दैन, त्यस रोगबाट हामीले आनन्द उठाउन सक्नुपर्छ। म त कमजोरी, दुःखकष्टहरू, अभाव र कठिनाइहरूमा आनन्दित हुन्छु।" परमेश्वरको अनुग्रह कति अद्भुत छ, यो कुरा तिनको जीवनबाट प्रमाणित भएको छ; किनभने तिनले अनुग्रहको भरपूरी फेरि र फेरि अनुभव गर्न पाऊन् भन्ने हेतुले यस्ता परिस्थितिहरू निम्त्याए। "म खुशीसित स्वीकार गर्छुः मेरो काँड़ा मेरो गर्वको कारण, अँ, मेरो आनन्दको कारण पो हो।" ' 49)

पोल्याण्डको कुलीन व्यक्तिकी श्रीमती एम्मा पिएच्यन्स्काले हताश र निराशको लामो जीवन व्यतित गरिन्। तर तिनको जीवनीको लेखकले यिनको जयवन्त विश्वासको उच्च तारिफ गरेर यसो भनेः 'जुन-जुन कुराहरू परमेश्वरले यिनको जीवनबाट रोकिराख्नुभयो, ती कुराहरू लिएर यिनले कत्रो सुन्दर-सुन्दर गुच्छा बनाइदिन्थिन्।'

**२ कोरिन्थी १२ः१०ः** *'यसकारण ख्रीष्टका निम्ति म दुर्बलताहरूमा, निन्दाहरूमा, अभावहरूमा, सतवाटहरूमा, क्लेशहरूमा आनन्दित हुन्छु।'* स्वाभाविक दृष्टिकोणले गर्दा हामीले यहाँ, यस पदमा सूचित गरिएका प्रतिकूल अनुभवहरूबाट आनन्द लिन सक्दैनौं। तर यस पदको अर्थ खोल्ने चाबी 'ख्रीष्टका निम्ति' भन्ने शब्द हो। किनभने जुन कुराहरू हामी प्रायः आफ्ना निम्ति अथवा आफ्ना प्रिय जनहरूमध्ये कसैका निम्ति सहन तयार हुँदैनौं, ती कुराहरू हामीले प्रभु येशूका निम्ति र उहाँको सुसमाचारको प्रचार-प्रसारको खातिर सहन सक्नुपर्छ।

जब हामी आफ्नो कमजोरी, अँ, आफ्नो न्यूनता र हीनता महसुस गर्छौं, त्यस अवस्थामा हामी परमेश्वरको शक्तिमा बढ़ी भर पर्छौं। अनि जब यसरी नै हाम्रो पूरा भरोसा परमेश्वरमाथि निर्भर गर्छ, तब उहाँको शक्ति हामीमा बढ़ी उपलब्ध हुन्छ, बढ़ी काम गर्छ; तब हामी वास्तवमा बलिया हुन्छौं।

श्री विलियम विल्बरफोर्स ब्रिटिश साम्राज्यबाट दासप्रथा हटाउने क्रान्तिमा अग्रसर थिए। उनको शरीर दुर्बल थियो; तर परमेश्वरमा उनको विश्वास बलियो थियो। श्री जेम्स बोस्वेलले उनको विषयमा यसो भनेका छन्ः 'झिङ्गेमाछा सम्झेका यी मानिस विशाल व्हेलमाछा पो रहेछन्!'

यस पदमा पावलले मत्ती ५ः११-१२ पदमा प्रभु येशूले भन्नुभएको वचन पालन गरेका छन्; किनभने मानिसहरूले तिनको निन्दा गर्दा र तिनलाई सताउँदा तिनी रमाउँथे र खुशी हुन्थे।

## छ) २ कोरिन्थी १२ः११-१३ः पावलले देखाएका चिन्ह र आश्चर्यकर्महरूले तिनको प्रेरितिक सेवकाइ सिफारिस गर्छन्।

**२ कोरिन्थी १२ः११ः** आफ्नो गर्व-गराइबाट पावल यस ठाउँमा आएर पूरा थाके जस्तो लाग्छ; किनभने तिनको विचारमा, गर्व गरेर तिनी मूर्ख बने। तिनले कहिल्यै यसो नगरे असल हुनेथियो; तर के गर्ने ? कोरिन्थका विश्वासीहरूले तिनलाई करमा पारेका थिए। पावलका विरोधीहरूले तिनको विरोधमा आफ्ना तिक्त र क्रूर हमलाहरू लगाएको बेलामा उनीहरूले तिनको सिफारिस र प्रतिरक्षा गर्नुपरेको थियो। तिनी आफूमा केही पनि थिएनन्; तर तिनी सबैभन्दा मुख्य प्रेरितहरूभन्दा कम थिएनन्, जुन प्रेरितहरूको विषयमा उनीहरूले गर्व गर्थे; यसमा कुनै शङ्का थिएन।

**२ कोरिन्थी १२ः१२ः** *'साँच्ची नै तिमीहरूको बीचमा प्रेरितका लक्षणहरू प्रकट भएका थिए।'* जब पावल कोरिन्थमा पुगे र त्यहाँ सुसमाचार प्रचार गरे, त्यस बेलामा परमेश्वरले तिनको प्रचारमाथि प्रेरितिक लक्षणहरूद्वारा आफ्नो छाप लगाउनुभयो। तिनले यहाँ कोरिन्थका

विश्वासीहरूलाई यसको याद दिलाउँछन्। यी चिन्हहरू आश्चर्यकर्म गर्ने अलौकिक शक्ति थिए, जुन अलौकिक शक्तिहरू प्रभु येशूले आफ्ना प्रेरितहरूलाई यस उद्देश्यले दिनुभयो, कि उहाँले यी प्रचारकहरू पठाउनुभएको हो भन्ने कुरा यिनीहरूको मुखबाट सुसमाचार सुन्ने मानिसहरूले जानून्।

'चिन्हहरू, अचम्मका कामहरू र सामर्थ्यका कामहरू' भनेर तीन प्रकारका आश्चर्यकर्महरू बयान गरिएका होइनन्, तर यी आश्चर्यकर्महरू विभिन्न दृष्टिकोणले वर्णन गरिएका हुन्। चिन्हहरू यस्ता आश्चर्यकर्महरू बुझ्नुपर्छ, जसद्वारा परमेश्वरले कुनै विशेष अर्थ वा सन्देश मानिसहरूकहाँ पेश गर्न चाहनुहुन्छ, जुन सन्देश तिनीहरूले बुझ्नुपर्छ। अनि अचम्मका कामहरूचाहिँ मानिसहरूमा आश्चर्यचकित तुल्याउने र तिनीहरूको आवेग उत्तेजित पार्ने गर्छन्। अनि शक्तिका कामहरूचाहिँ अलौकिक शक्तिका प्रदर्शनहरू हुन्।

यसमा याद गर्नुपर्ने कुरा यस प्रकारको छः *'तिमीहरूको बीचमा प्रेरितका लक्षणहरू पूरा गरिएका थिए'* भन्ने वाक्यमा पावलले यसको क्रियापद कर्मवाच्यको रूपमा प्रयोग गरे। किनभने यी प्रेरितिक चिन्हहरूका निम्ति तिनले कुनै श्रेय लिन चाहँदैनथिए, तर त्यसको पूरा श्रेय परमेश्वरलाई नै दिन चाहन्थे, जसले तिनीद्वारा ती प्रेरितिक चिन्हहरू देखाइदिनुभयो।

**२ कोरिन्थी १२:१३:** कुनचाहिँ कुरामा कोरिन्थका विश्वासीहरू अरू मण्डलीहरूभन्दा कम थिए त? तिनले उनीहरूको बीचमा देखाएका आश्चर्यकर्महरूको सम्बन्धमा अवश्य होइन। किनभने उनीहरूले प्रेरित पावलको हातबाट धेरै आश्चर्यकर्महरू देख्न पाए, जसरी अरू मण्डलीहरूले पनि देख्न पाए। तब कुनचाहिँ कुरामा उनीहरू अरू मण्डलीहरूभन्दा कम थिए त? पावलले एउटै कुरामा त्यसको भिन्नता देख्न सके। तिनी कोरिन्थका विश्वासीहरूका निम्ति भार बनेका थिएनन्। तिनले उनीहरूबाट कुनै आर्थिक सहयोग लिँदैनथिए, त्यसको माग गर्दैनथिए। के यस कुराले उनीहरूलाई अरूभन्दा कम ठहराएको थियो?

तब उनीहरूले पावललाई यो गल्ती क्षमा दिऊन् – यो तिनको अनुरोध हो। प्रेरितका लक्षणहरूमध्ये केवल योचाहिँ प्रेरित पावलले दाबी गर्दैनथिए।

## ज) २ कोरिन्थी १२:१४-१३:१: कोरिन्थमा आउने पावलको भ्रमण

**२ कोरिन्थी १२:१४:** *'हेर, म तेस्रो पल्ट तिमीहरूकहाँ आउन तयार छु।'* यस वाक्य हामीले कुन प्रकारले बुझ्नु ठीक होला त? प्रेरित पावल कोरिन्थमा तीनपल्ट जान राजी थिए; तर तिनी वास्तवमा एकपल्ट मात्र त्यहाँ पुगेका थिए। दोस्रो पल्ट जान तयार हुँदा तिनी कोरिन्थमा गएनन्; किनभने तिनले यी ख्रीष्ट-विश्वासीहरूसँग कड़ा कारबाही गर्न चाहँदैनथिए। अनि अबचाहिँ तिनी तेस्रो पल्ट कोरिन्थमा जान तयार भए। तर वास्तवमा यो तिनको दोस्रो भ्रमण हुनेथियो।

तर तिनी तेस्रो भ्रमण गर्न तयार थिए भन्ने अर्थ पनि यहाँ सम्भव देखिन्छ। प्रेरित १८:१ पदमा तिनको पहिलो भ्रमणको वृत्तान्त लेखिएको छ। अनि तिनको दोस्रो भ्रमण निक्कै शोकपूर्ण भ्रमण थियो (२ कोरिन्थी २:१ र १३:१)। अनि अहिलेचाहिँ तिनको तेस्रो भ्रमण हुन लागेको थियो।

*'अनि म तिमीहरूका निम्ति भार बन्नेछैनँ।'* कोरिन्थको यस भ्रमणमा पनि तिनले उनीहरूबाट आर्थिक सहयोग नलिने अठोट गरेका छन्। आफ्नो भरणपोषणको सम्बन्धमा तिनले उनीहरूमाथि निर्भर गर्नेथिएनन्; किनभने तिनलाई उनीहरूको सम्पत्तिसित होइन, तर उनीहरूसँग सरोकार थियो। तिनलाई भौतिक कुराहरूसित होइन, तर मानिसहरूसित मतलब थियो।

कोरिन्थका विश्वासीहरूको सम्बन्धमा तिनले उनीहरूको बुबाको भूमिका खेल्न चाहन्थे; किनभने तिनले यसो भनेका छन्: *'छोराछोरीहरूले बुबाआमाका निम्ति जोहो गर्नुपर्दैन, तर बुबाआमाले छोराछोरीहरूका निम्ति गर्नुपर्छ।'* यो वाक्यचाहिँ जीवनको विषयमा व्यक्त गरिएको एक

सुविदित र सरल उक्ति हो। सामान्य अवस्थामा बुबाआमाले परिश्रम गरेर र लगनशील भएर आफ्ना छोराछोरीहरूलाई खानेकुरा र लाउने वस्त्रको प्रबन्ध गर्छन्। अनि ठीक त्यस्तै छोराछोरीहरूले बुबाआमा वृद्ध नभएसम्म तिनीहरूको हेरचाह गर्नुपर्दैन। यसकारण पावलले उनीहरूका निम्ति बुबाको भूमिका निर्वाह गर्ने अनुमति पाउन खोजे।

यस वाक्यको अर्थ हदबाट बाहिर लैजानदेखि हामी होशियार बस्नुपर्छ। बुबाआमाले आफ्ना छोराछोरीहरूको भविष्यका निम्ति धन-सम्पत्ति थुपार्नुपर्छ भन्ने गलत अर्थ यस वाक्यमा लगाउनुहुँदैन; किनकि छोराछोरीहरूको वर्तमान खाँचो यस पदको सन्दर्भ हो। पावलले कोरिन्थमा प्रभुको सेवा गर्न लागेका थिए; त्यस समयमा तिनलाई गाँस, वास र कपासको आवश्यकता हुनेथियो। तर तिनले यस सम्बन्धमा कोरिन्थका पवित्र जनहरूमाथि निर्भर गर्नेथिएनन्। यो वाक्य लेख्दाखेरि तिनले आफ्नो बुढ़ेसकालका निम्ति निर्वाह-भत्ता पाउने विचारले यो भनेनन्। उनीहरूले तिनका निम्ति वा तिनले उनीहरूका निम्ति यसो गर्नुपर्दैनथियो।

**२ कोरिन्थी १२ः१५ः** *'अनि तिमीहरूका निम्ति म ज्यादै खुशीसित खर्च गर्नेछु र खर्चिनेछु, चाहे मैले तिमीहरूलाई प्रशस्त प्रेम गरेर पनि मैले थोरै प्रेम किन नपाऊँ।'* यस पदमा हामीले प्रेरित पावलको चिरस्थायी प्रेमको सुन्दर झलक देख्न पाउँछौं, जुन अथक प्रेमले तिनले कोरिन्थमा भएका परमेश्वरका जनहरूलाई प्रेम गर्थे। उनीहरूको आत्मिक भलाइ र उन्नतिका निम्ति खुशीसाथ आफूलाई जिउँदो बलिदानको रूपमा दिइहाल्न र उनीहरूको अथक सेवा गर्न तिनी तत्पर थिए। कोरिन्थका विश्वासीहरूको बीचमा रहेका यी झूटा शिक्षकहरूले भन्दा तिनले उनीहरूलाई असाध्य प्रेम गर्थे; तर के गर्ने? उनीहरूले तिनलाई थोरै प्रेम गर्थे। तर यो तिनलाई केही पर्बाह लाग्दैनथियो। तिनले उनीहरूबाट आफ्नो प्रेमको साटफेर पाउँछु भन्ने आशा गर्दैनथिए; यसो भए पनि तिनले उनीहरूलाई प्रेम गर्न छोड्दैनथिए, तर उनीहरूलाई प्रेम गरिरहन्थे। यस कुरामा तिनले इमानदारीसाथ प्रभु येशूको देखासिकी गरे।

**२ कोरिन्थी १२:१६:** *'तर हुन सक्छ, मैले तिमीहरूलाई भार बोकाइनँ; तर पनि धूर्त भएर मैले तिमीहरूलाई छल गरेर फसाएँ।'* जुन शब्दहरू प्रेरित पावलका छिद्रान्वेषीहरूले तिनको विरोधमा प्रयोग गरे, ती शब्दहरू तिनले यहाँ आफ्नो तर्कको विषय तुल्याउँछन्। किनभने तिनीहरूले भन्न खोजेका कुरा यही होः 'हो, पावलले सीधा तिमीहरूबाट आर्थिक सहयोग लिँदैनथिए; तर यिनी चलाख, अँ, धूर्त छन्; यसकारण छल गरेर तिनले तिमीहरूको पैसा पाउन खोजे। यसकारण तिनले तिमीहरूकहाँ प्रतिनिधिहरू पठाए, र ती प्रतिनिधिहरूले नै यिनका निम्ति पैसा उठाए।'

**२ कोरिन्थी १२:१७:** 'मैले सीधा तिमीहरूबाट फाइदा उठाइनँ; तर के मैले तिमीहरूकहाँ पठाएकाहरू तिमीहरूबाट फाइदा उठाउने कामचोर थिए त?' यसो भनेर प्रेरित पावलले कोरिन्थका विश्वासीहरूलाई सीधा प्रश्न गर्छन्। के तिनीमाथि लगाइएका यी आरोपहरू सत्य थिए?

**२ कोरिन्थी १२:१८:** तिनले यहाँ उक्त प्रश्नको उत्तर आफूले दिन्छन्। 'मैले तीतसलाई विन्ती गरें' भन्ने वाक्य तिनले सायद 'मैले तीतसलाई तिमीहरूलाई भेट्न जाने विन्ती गरें' भन्ने अर्थमा लेखे होलान्। तर पावलले तीतसलाई एकलै पठाएनन्, तर उनको साथमा तिनले अर्को एकजना भाइलाई पठाए; किनभने पावलले तीतसलाई पठाएको सम्बन्धमा उनीहरूले तिनको अभिप्रायमा कुनै गलत अर्थ लगाउनुहुँदैनथियो।

अनि तीतस कोरिन्थमा पुगे। उनी त्यहाँ पुगेपछि के भयो त? के उनले 'मलाई यसो गर्नुपर्छ; मलाई यो र त्यो चाहिन्छ; मेरो आर्थिक सहयोग हुनुपर्छ' भन्ने अधिकार दाबी गरे? के उनले कोरिन्थीहरूबाट कुनै आर्थिक सहायता मागे? के उनले उनीहरूबाट केही फाइदा उठाउन खोजे? होइन नि! यस खण्डबाट स्पष्ट बुझिन्छ, कि तीतसले कुनै फाल्टो काम गरेर आफ्नो जीविका आफैले चलाएको हुनुपर्छ। यस प्रकारको सुझाउ निम्न प्रश्नमा लुकेको छः *'के हामी एकै आत्मामा हिँड़ेनौं र? के हामी एउटै कदममा चलेनौं र?'* पावल र तीतसले काम गर्दा एकै किसिमको नीति अपनाए; यसकारण कोरिन्थका विश्वासीहरूबाट तिनीहरूलाई कुनै आर्थिक सहयोग दरकार परेन।

**२ कोरिन्थी १२:१९:** पावलले यहाँसम्म यस विषयमा जेजति भने, त्यस कुराबाट कोरिन्थका विश्वासीहरू निष्कर्षमा पुगे, कि पावलले उनीहरूको सामु आफ्नो सफाइ मात्र गरेका हुन्। के तिनले उनीहरूलाई आफ्ना न्यायकर्ता ठाने त ? होइन, होइन ! ! किनभने तिनले जेजति लेखे, तिनले त्यो सबै परमेश्वरको उपस्थितिमा र उनीहरूको आत्मिक उन्नतिका निम्ति लेखे। तिनले उनीहरूलाई उनीहरूको ख्रीष्ट येशूमाथिको विश्वासमा बलियो पार्न खोजे। तिनले उनीहरूलाई विभिन्न खतराहरूको विषयमा चेताउनी दिन चाहे, जुन खतराहरूको सामना उनीहरूले गर्नुपरेको थियो। तिनले आफ्नो मर्यादा बचाउनुभन्दा उनीहरूलाई सहायता गर्नुमा चासो लिइराख्थे।

*'तर प्रियहरूहो, तिमीहरूकै उन्नतिका निम्ति **हामी** सबै कुरा **गर्दछौं**'* भन्ने वाक्यमा 'हामी गर्दछौं' भन्ने शब्द अनुवादकले थपेका शब्द हुन्। यसको सट्टामा 'हामी लेख्दछौं' भन्ने शब्द थप्न झन् राम्रो हुनेथियो कि कसो हो ? तब यो वाक्य यसरी पढ़िनेथियोः 'हामी यी सबै कुराहरू तिमीहरूको उन्नतिका निम्ति लेख्छौं' (२ कोरिन्थी १३:१०)।

**२ कोरिन्थी १२:२०:** पावल कोरिन्थको भ्रमण गर्दा त्यहाँका ख्रीष्ट-विश्वासीहरूलाई आपसमा मिलीजुली बसेको देख्न पाउने चाहना गरे। उनीहरूले यी झूटा शिक्षकहरूसित आफ्नो सम्बन्ध टुटाएर तिनको प्रेरितिक अधिकार पूरा स्वीकार गरेको तिनले चाहन्थे।

*'कहीं तिमीहरूको बीचमा झगड़ा, डाहा, क्रोध, विरोध, निन्दा, कानफुकाइ, अहङ्कार र अरू गड़बड़ीहरू पो पाइन्छन् कि ?'* तिनको कोरिन्थको भ्रमण आनन्दको भ्रमण होस्, हृदय गह्रौं पार्ने उदासको भ्रमण नहोस्। उनीहरूको बीचमा रगड़ाझगड़ाहरू, डाहा र ईर्ष्याहरू, रिसरागहरू, स्वार्थी भावनाहरू, साथै द्वन्द्व र विरोध पैदा गर्ने अन्य शारीरिक अवगुणहरू भेट्टाउँदा तिनी साह्रै दुःखित हुनेथिए।

**२ कोरिन्थी १२:२१:** आखिरमा कोरिन्थका विश्वासीहरू पावलको आनन्द र रमाहटको मुकुट थिए। उनीहरू तिनको गर्व गर्ने कारण थिए। यसकारण कोरिन्थमा आएर तिनले यी भाइबहिनीहरूको खातिर विलाप

गर्नु नपरोस्, जसले अघिबाट पाप गर्दै आएका थिए र आफ्नो अशुद्धता, आफ्नो व्यभिचार र कामुकताबाट पश्चात्ताप गरेका थिएनन्; त्यो तिनले पटक्क चाहँदैनथिए।

ती अघिदेखि पाप गर्दै आएका धेरैजनाहरू को थिए? पावलले यहाँ कसको विषयमा कुरा गरे? यी पाप गर्नेहरू कोरिन्थको मण्डलीका भएका हुनुपर्छ, नत्र ता तिनले कोरिन्थको मण्डलीको नाममा लेखिएको यस पत्रमा ती मानिसहरूको कुरा उठाएर किन लेखेका छन्? तर तिनीहरूलाई साँचो विश्वासीहरूको रूपमा लिन सकिँदैन; किनभने तिनीहरूको यी पापहरू गर्ने बानी रहेछ। तिनीहरू यी पापहरूमा जिउने गर्थे। अनि अर्को ठाउँमा पावलले यस्ता पाप गर्नेहरूको विषयमा स्पष्ट रूपले बताए, कि यस्ताहरू परमेश्वरको राज्यको हकदार हुनेछैनन् (१ कोरिन्थी ६:९-१०)। के हाम्रो जीवनमा यस्ता पापहरू छन् त? यस प्रकारको कुलतले ग्रस्त जीवन छ भने यसको विषयमा पश्चात्ताप गर्नुहोस्! प्रेरित पावलले ती पश्चात्ताप नगर्नेहरूको विषयमा विलाप गर्नुपर्नेथिए; किनभने यस्ताहरू मण्डलीबाट बहिष्कृत हुनेथिए।

आउनुहोस्, हामी यस विषयमा श्री जे. एन. डार्बीको कुरा सुनौं, जसले यसो भनेका छन्:

> 'यस अध्यायको शुरुमा हामीले तेस्रो स्वर्गको कुरा पढ्न पायौं र अहिले यस अध्यायको अन्तमा यस पृथ्वीमा पूरा गरिएका दुष्ट पापहरूको विषयमा पढ्छौं। अनि यी दुईवटा कुराहरूको बीचमा कसरी मेलमिलाप ल्याउन सकिन्छ? प्रेरित पावलले यसको एकमात्र उपाय के देखेका छन् भने, तिनको जीवनमाथि रहेको ख्रीष्टको शक्ति।' **50)**

**२ कोरिन्थी १३:१:** पावलले कोरिन्थको भ्रमण शुरु गर्न लागेका थिए। त्यहाँ पुगेपछि तिनले यी विश्वासीहरूको बीचमा भएका पापहरूसित कारबाही गर्नेथिए। व्यवस्था १९:१५ पदअनुसार तिनले खोजतलाश गरेर यी पापहरूसित व्यवहार गर्नेथिए, जहाँ यसो लेखिएको छ: *'दुई-तीनजना साक्षीहरूको मुखबाट प्रत्येक कुरा पक्का ठहराइनेछ।'* पावलले यो न्यायजाँच आफूले गर्नेथिएनन्। त्यो त स्थानीय मण्डलीको

काम र जिम्मा थियो। तर तिनले यस सम्बन्धमा उनीहरूको सल्लाहकारको भूमिका निभाउनेथिए।

## झ) २ कोरिन्थी १३ः२-६ः कोरिन्थीहरू आफै पावलको प्रेरितिक सेवकाइ पुष्टि गर्ने प्रमाण थिए।

**२ कोरिन्थी १३ः२ः** कोरिन्थको दोस्रो भ्रमणमा पावलले उनीहरूलाई यी पाप गर्नेहरूसित कड़ा व्यवहार गर्नेछु भन्ने विषयमा चेताउनी दिइसके। यस दोस्रो भ्रमणको विषयमा अरू बढ़ता केही जानकारी पाइँदैन। अनि अहिले अनुपस्थित भएर तिनले ती अघिबाट पाप गर्दै आएकाहरूलाई के लेख्छन् भने, 'म फेरि आएँ भने म तिमीहरूमध्ये कसैलाई पनि छोड्नेछैनँ।'

**२ कोरिन्थी १३ः३ः** कोरिन्थका विश्‍वासीहरू यी झूटा शिक्षकहरूको छल र बहकाउमा परे। पावल प्रभु येशूका साँचो प्रेरित हुन् भन्ने कुरामा यी विचराहरूले शङ्का गरे। यति मात्र होइन, तर त्यहाँका विश्‍वासीहरूले तिनी परमेश्‍वरको मुखपात्र हुन् र ख्रीष्ट येशू तिनीद्वारा बोल्नुहुन्छ भन्ने प्रमाण खोजे र तिनलाई यस विषयमा चुनौती गरे। तब ख्रीष्ट येशू तिनीद्वारा बोल्नुभएको प्रमाण के थियो ? प्रेरित पावलले उनीहरूको यस असङ्गत प्रश्‍नको जवाफ यस प्रकारले शुरु गर्छन्ः 'ठिक्कै छ, तिमीहरूले ख्रीष्ट येशू मद्वारा बोल्नुहुन्छ भन्ने प्रमाण खोजेका छौ; यसकारण ...।'

त्यसपछि तिनले निम्न कुरा बीचमा हालिहाल्छन्ः बितेको समयमा ख्रीष्ट येशूले तिनीद्वारा आफूलाई शक्तिको साथ उनीहरूकहाँ प्रकट गर्नुभयो। जब उनीहरूले मुक्तिको सुसमाचारमाथि विश्‍वास गरे, तब उनीहरूको जीवनमा अपूर्व, आमूल परिवर्तन आएको थियो; त्यसमा कमजोर भएको कुनै कुरा थिएन।

**२ कोरिन्थी १३ः४ः** 'कमजोर' र 'शक्तिशाली' भन्ने शब्दहरू पत्रमा लेख्नेबित्तिकै मुक्तिदाता प्रभुको जीवन पावलको सम्झनामा आयो, जसको कमजोर जीवनबाट शक्तिको ठूलो प्रदर्शन देखिन्थ्यो, कत्रो विरोधाभास ! ! अनि कमजोरताबाट शक्ति देखा पर्नु – योजस्तो आपसमा

नमिल्ने कुरा उहाँका सेवकहरूको जीवनमा पनि देखिन्छ। *'किनकि आफ्नो दुर्बलताको कारणले प्रभु येशू क्रूसमा टँगाइनुभयो; तर परमेश्वरको शक्तिको कारणले उहाँ जिउनुहुन्छ।'* अनि उहाँका चेलाहरू पनि आफूमा कमजोर हुन्छन्; तर प्रभु येशूले तिनीहरूद्वारा आफ्नो शक्तिको प्रदर्शन गर्नुहुन्छ। 'तिमीहरूतर्फ हामी परमेश्वरको शक्तिद्वारा उहाँसँग अर्थात् ख्रीष्टसँग जिउनेछौं' भनेर जब पावलले भन्छन्, तब तिनले हाम्रो बौरिउठाइको विषयमा कुरा गरेका छैनन्, तर कोरिन्थमा आइपुगेपछि तिनले परमेश्वरको शक्तिमा यी पाप गर्दै आएकाहरूसित कारबाही गर्नेछु भनेर भनेका छन्। उनीहरूको भनाइअनुसार तिनी कमजोर र तुच्छ थिए; तर तिनले मण्डलीको अनुशासनको सम्बन्धमा उनीहरूलाई आफ्नो शक्ति देखाउनेथिए।

**२ कोरिन्थी १३ः५ः** अबचाहिँ बीचमा हालिएको कुरा छोड़िन्छ। यस पदले तीन पदसँग आफ्नो सम्बन्ध जोड्छ, जस्तैः 'तिमीहरूले ख्रीष्ट येशू मद्वारा बोल्नुहुन्छ भन्ने प्रमाण खोजेको हुनाले ... तिमीहरू विश्वासमा छौ कि छैनौ, आफूलाई जाँच, आफूलाई प्रमाण गर!' कोरिन्थका विश्वासीहरू स्वयम् पावलको प्रेरितपनाको पक्का प्रमाण थिए। तिनी उनीहरूलाई मुक्तिदाता प्रभुकहाँ पुऱ्याउने माध्यम थिए। तिनको सिफारिस-पत्र देख्न चाहेमा उनीहरूले आफूलाई हेर्नुपरेको थियो।

'मुक्तिको निश्चयता तिमी आफूभित्र खोज' भन्ने शिक्षा दिएर २ कोरिन्थी १३ः५ पदको बेप्रयोग गरिएको छ। तर आफूभित्र खोजिहेर्ने विश्वासी निराश हुन्छ र मुक्ति पाएको कुराको विषयमा शङ्कामा पर्न सक्छ। मुक्तिको निश्चयता परमेश्वरको वचनबाट आउँछ; मुक्तिको निश्चयता पाउने प्रमुख र पक्का तरिका यही हो। जुन घड़ीमा हामीले ख्रीष्ट येशूमाथि विश्वास गऱ्यौं, त्यस घड़ीमै हामीले पवित्र बाइबलको सत्‌आधारमा आफ्नो नयाँ जन्म भएको कुरा जान्न सक्छौं। समय बित्दै जाँदा हामीले नयाँ पाएका थप प्रमाणहरू पाउँदै जान्छौं, जस्तैः पवित्रता-प्रतिको अभिरुचि, पापप्रतिको घृणा, भाइबन्दुहरूप्रतिको प्रेम, व्यावहारिक धार्मिकता, आज्ञाकारिता र संसारबाट अलग रहेको जीवन आदि।

पावलले यहाँ कोरिन्थका विश्वासीहरूलाई उनीहरूले मुक्ति पाएको प्रमाण आफूमा खोज भन्ने आदेश दिएनन्, तर 'तिमीहरूले पाएको मुक्तिमा मेरो प्रेरितपनाको पक्का प्रमाण देख' भनेर तिनले उनीहरूलाई विन्ती पो गरे।

उनीहरूको विषयमा दुईवटा कुराहरू सम्भव थिएः कि त येशू ख्रीष्ट उनीहरूमा हुनुहुन्थ्यो, कि त उनीहरू निकम्मा थिए, नकल विश्वासी थिए। निकम्मा भनेर अनुवाद गरिएको शब्दचाहिँ धातुको जाँच-पड़तालको शब्द हो। जब कुनै धातु जाँचेर खोटा भएको भेट्टाइयो, तब त्यस खोटा मालको निम्ति यो निकम्मा शब्द प्रयोग गरिन्थ्यो। यसकारण कोरिन्थका विश्वासीहरू कि त सकल विश्वासी, कि त नकल विश्वासी थिए; यो कुरा यस आत्म-जाँचले प्रमाणित गर्नुपर्नेथियो।

**२ कोरिन्थी १३ः६ः** उनीहरूले मुक्ति पाएको कुरा प्रमाणित भयो भने प्रेरित पावल पनि निकम्मा होइन, तर बिलकुल सच्चा प्रमाणित भइ-हाल्नेथिए। निश्चय नै कोरिन्थका विश्वासीहरूको जीवनमा भएको अद्‌भुत, आमूल परिवर्तन कुनै झूटो शिक्षकको सेवकाइको फल हुन सक्नेथिएन।

## ञ) २ कोरिन्थी १३ः७-१०ः कोरिन्थीहरूलाई भलाइ गर्ने पावलको इच्छा।

**२ कोरिन्थी १३ः७ः** कोरिन्थको मण्डलीमा पाप गर्ने सदस्यहरूलाई अनुशासन गर्नुपर्छ भन्ने विषयमा पावल यहाँ, यस खण्डमा अगाड़ि बढ्छन्। परमेश्वरलाई चढ़ाइएको पावलको प्रार्थना यस प्रकारको थियोः 'हे प्रभु, उनीहरूले आफ्नो माझमा पाप सहेर खराबी नगरेका होऊन्! तर उनीहरूले पाप गर्ने सदस्यहरूलाई अनुशासनमा राखेर र पश्चात्ताप गरेमा तिनीहरूलाई सङ्गतिमा पुनर्स्थापना गरेर फेरि ग्रहण गरिदिऊन्; त्यसमा उनीहरूले भरसक प्रयास गरून्।' तिनले आफू योग्य देखा परून् वा अरूको दृष्टिमा सत्य ठहरिऊन् भन्ने हेतुले यसो प्रार्थना गर्दैनथिए। उनीहरूतिर औंलाएर 'हेर, यिनीहरू कति आज्ञाकारी रहेछन्' भन्ने कुराबाट आफ्नो श्रेय पाउने तिनको चेष्टा अलिकति पनि थिएन। यसका निम्ति

उनीहरूले केही पनि गर्नुपर्दैनथियो; यस प्रकारको विचार पर जाओस् ! जस्तो भए पनि, जुन कुरा उचित र न्यायसङ्गत थियो, त्यो उनीहरूले गर्नुपर्नेथियो । तिनी निकम्मा किन देखा नपरून्, तर यसका निम्ति श्रेय उनीहरूले पाउनुपर्नेथियो ।

पावल कति निःस्वार्थी मानिस थिए ! यहाँ फेरि पनि हामी यसको प्रमाण पाइरहेका छौं । तिनको प्रार्थना सधैं अरू मानिसहरूको भलाइमा केन्द्रित रहन्थ्यो, आफ्नो सम्मान र इज्जत पाउनुमा होइन । पावल छड़ी लिएर कोरिन्थमा आएका भए र आफ्नो अधिकार काममा लगाएका भए अनि मण्डलीको अनुशासनको सम्बन्धमा दिएको आफ्नो शिक्षाप्रति उनीहरूको आज्ञाकारिता प्राप्त गरेका भए तिनले यो कुरा ती झूटा शिक्षकहरूको विरोधमा प्रमाणस्वरूप पेश गर्न सक्नेथिए । तिनले यसरी आफ्नो अधिकार न्यायसङ्गत अधिकार हो भन्ने पक्का प्रमाण दिन सक्नेथिए । तर यस सम्बन्धमा तिनी आफूले यसो गर्नु नपरोस्, तर तिनको अनुपस्थितिमा कोरिन्थका विश्वासीहरू स्वयम्‌ले समुचित कारबाही गरून् भन्ने इच्छा गरे । यसरी यहूदीवादीहरूको दृष्टिमा तिनको इज्जत झरेमा तिनलाई के पर्बाह !

**२ कोरिन्थी १३ः८ः** *'किनकि सत्यताको विरोधमा हामी केही गर्न सक्दैनौं, तर केवल सत्यताको पक्षमा गर्न सक्छौं ।'* हुन सक्छ, यस पदमा प्रयोग गरेको एक पुरुष, त्यस 'हामी' भन्ने शब्दको सन्दर्भ प्रभु येशूका प्रेरितहरू हुन् होलान् । तिनीहरूले जे गर्थे, त्यो सबै परमेश्वरको सत्यताको पक्षमा र त्यसको विस्तारका निम्ति गरिएको हुनुपर्थ्यो । त्यसमा कुनै स्वार्थी भावनाका निम्ति कुनै ठाउँ थिएन । अनि मण्डलीको अनुशासनको कार्यदेखि पनि व्यक्तिगत बदला लिने भावना टाढ़ा रहनुपर्थ्यो । सारा कारबाहीबाट परमेश्वरको महिमा हुनुपर्थ्यो र ख्रीष्ट-विश्वासीहरूको भलाइ हुनुपर्थ्यो ।

**२ कोरिन्थी १३ः९ः** *'जब हामी कमजोर, तर तिमीहरू बलिया छौ, तब हामी आनन्दित हुन्छौं'* भन्ने वाक्यमा कोरिन्थीहरूप्रति फेरि पावलको निःस्वार्थी भावना देखा परेको छ । तिनको कमजोरता, तिनको अपमान र

निन्दा भएर उनीहरूको बीचमा परमेश्वरको काम मजबुत हुनु हो भने, तिनी आनन्दित हुनेथिए। आफ्नो हर्ष यसरी प्रकट गर्दै तिनले उनीहरूका निम्ति प्रार्थना गरेः 'उनीहरू सिद्ध भएका होऊन् !' सन्दर्भअनुसार पाप गर्ने भाइबहिनीहरूसित उनीहरूको कारबाही थियो; अनि पावलको प्रार्थना-अनुसार यस सम्बन्धमा उनीहरू सिद्ध र सम्पूर्ण हुनुपरेको थियो। परमेश्वरको सिद्ध इच्छा उनीहरूको जीवनमा पूरा भएको होस् – योचाहिँ पावलको तीव्र चाहना थियो । हामी यस विषयमा श्री चार्लस हड्‌चको कुरा सुनौं, जसले यसो भनेका छन्ः

> 'जुन अन्योल, झगड़ा र खराबीमा परेर उनीहरू पतित भएका थिए, त्यस अन्योल, झगड़ा र खराबीको अवस्थाबाट उनीहरू सम्पूर्ण रूपले पुनर्स्थापित भएका होऊन् भन्ने विषयचाहिँ पावलको प्रार्थनाको अनुरोध थियो ।' [51)]

**२ कोरिन्थी १३ः१०ः** *'यसकारण उपस्थित हुँदाखेरि प्रभुले मलाई विनाशका निम्ति होइन, तर तिमीहरूको उन्नतिका निम्ति दिनुभएको अधिकारअनुसार कड़ा व्यवहार काममा लगाउनु नपरोस् भन्ने हेतुले अनुपस्थित हुँदा नै म यी कुराहरू लेख्छु ।'* अनि उनीहरूलाई सिद्धता र सम्पूर्णतामा ल्याइपुर्‍याउन खोजेर तिनले यो पत्र उनीहरूलाई लेखेका हुन् । उपस्थित भएर प्रभुले तिनलाई दिनुभएको अधिकारअनुसार तिनले उनी-हरूसित कड़ा कारबाही गर्नुभन्दा अनुपस्थित भएर तिनले उनीहरूलाई यो पत्र लेख्न रुचाए र उनीहरूबाट यस प्रकारका असल नतिजाहरू प्राप्त गर्ने आशा गरे । तर उपस्थित भएर तिनले उनीहरूसित कड़ा व्यवहार गर्नु-परे पनि त्यो कारबाही उनीहरूको उन्नतिका निम्ति हुनेथियो, उनीहरूको विनाशको निम्ति होइन ।

## ट) २ कोरिन्थी १३ः११-१४ः त्रिएक परमेश्वरको नाममा पावलको अनुग्रहले पूर्ण बिदाको अभिवादन ।

**२ कोरिन्थी १३ः११ः** अबचाहिँ प्रेरित पावलले आवेगमा लेखेको आफ्नो यो पत्र अन्त्याउन लागेका छन् । बिदाको अभिवादन टक्राएपछि

तिनले उनीहरूलाई चारवटा अर्तीहरू लेखिदिन्छन्। किनभने 'आनन्दित होओ' भनेर तिनले यहाँ ग्रीक भाषाको अभिवादन प्रयोग गरेका छन्। पहिले, उनीहरू सिद्ध हुनुपरेको थियो। मत्ती ४:२१ पदमा जाल तुन्नका निम्ति यो शब्द प्रयोग गरिएको छ, जसको अर्थ होः 'आफ्ना चाल तुनतान गर!' कोरिन्थका विश्वासीहरूले झगड़ा गर्न र पाप गर्न छोड्नुपरेको थियो; उनीहरू आपसमा मेलजोल राखेर जिउनुपरेको थियो।

*'साहसी होओ!'* यस शब्दको अनुवाद ठाउँ हेरी 'उत्सहित होओ' र 'अर्ती ग्रहण गर' पनि हुन सक्छ। प्रेरित पावलबाट उनीहरूले कड़ा आदेशहरू पाए। अनि यहाँ आएर तिनले उनीहरूलाई 'यी आदेशहरू सकारात्मक रूपले ग्रहण गर र तीअनुसार गरिदेओ' भन्ने सल्लाह दिन्छन्।

*'एकै मनका होओ!'* ख्रीष्ट-विश्वासीहरू कसरी एकै मनका हुन सक्छन्? तब तिनीहरूसँग ख्रीष्टको मन हुनुपर्छ। एकै मनको हुनको निम्ति यो यसको एकमात्र उपाय हो। ख्रीष्टको मन हुनु भनेको उहाँ जस्तो विचार गर्नुहुन्छ, ठीक त्यस्तै विचार गर्नु हो। हामीले आफ्ना सबै विचार र कल्पनाहरू उहाँको अधीनतामा ल्याएर राख्नुपर्छ।

*'मेलमिलापमा बस!'* २ कोरिन्थी १२:२० पदबाट कुरा स्पष्ट हुन्छ, कि उनीहरूको बीचमा रगड़ाझगड़ा र बहसहरू चल्थे। अनि जहाँ-जहाँ व्यवस्थावादले ठाउँ पाउँछ, त्यहाँ-त्यहाँ झगड़ा र बहसहरू त्यसका नमीठा फल हुन्छन्-हुन्छन्। यसकारण पावलले यहाँ उनीहरूलाई के भनेका छन् भने, 'पहिले पाप गर्नेहरूलाई अनुशासनमा राख र त्यसपछि आफ्ना सङ्गी-विश्वासीहरूसित मेलमिलापमा बस!'

*'... अनि प्रेम र शान्तिका परमेश्वर तिमीहरूको साथमा रहनुहुनेछ।'* मेलमिलापमा बसेको मीठो फल यही हुनेछ। एक प्रकारले प्रभु सधैं आफ्ना जनहरूको साथमा रहिरहनुहुन्छ; तर यहाँ यस वाक्यको अर्थ अर्कै हुन्छ। उनीहरू यी कुराहरूको सम्बन्धमा आज्ञाकारी भए भने परमेश्वरले आफूलाई अझ नजिक र अझै घनिष्ठ रूपले उनीहरूकहाँ प्रकट गर्नुहुनेछ।

**२ कोरिन्थी १३:१२:** प्रभु येशूका प्रेरितहरूको जमानामा ख्रीष्ट-विश्वासीहरूको बीचमा चुम्बन गर्ने प्रचलित चलन थियो। तर त्यो चुम्बन

पवित्र हुनुपरेको थियो। त्यो चुम्बन तब पवित्र हुन्थ्यो, जब तिनीहरूको मनभित्रको प्रेमको भावनाले त्यससित मेल खान्थ्यो, नत्र त्यो खोक्रो रीति मात्र हुनेथियो। त्यो चुम्बन गर्ने चलन इमानदार र शुद्ध हुनुपरेको थियो। वर्तमान समयमा पनि धेरै देशका इसाईहरूले चुम्बन गर्ने चलन जारी राखेका छन्। तर यस्ता देशहरू पनि छन्, जुन देशहरूमा मानिसहरूले पुरुषले पुरुषलाई चुम्बन गर्ने चालमा पुरुषगामीको लक्षण देख्छन्। यसकारण यस किसिमको वातारवणमा यस प्रकारको प्रथाबाट ख्रीष्ट-विश्वासीहरूको गवाहीमा बाधा आयो र तिनीहरूको निन्दाको कारण बन्यो भने यस प्रकारको प्रथा कायम राख्नु के काम? यस परिस्थितिमा बरु पवित्र हातमिलाइ वा दुई हात जोरेर देखाएको सम्मान सुहाउँछ। यस सन्दर्भमा श्री चार्लस हड्‌चले यसो भनेका छन्ः

> ' "पवित्र चुम्बनले एक-अर्कालाई अभिवादन गर" भन्ने आदेश नभई नहुने, अनिवार्य चिरस्थायी आदेश होइन। तर हामीले यस आदेशको मनसाय बुझ्नुपर्छ, जुन मनसायअनुआर ख्रीष्ट-विश्वासीहरूले आफ्नो समयअनुसार र आफू जिइरहेको समाजमा सुहाउँदो रीतिले आपसी प्रेम प्रकट गर्नुपर्छ।' 52)

**२ कोरिन्थी १३ः१३ः** 'सबै पवित्र जनहरूले तिमीहरूलाई अभिवादन गर्दछन्।' यही कुराले कोरिन्थका विश्वासीहरूलाई उनीहरू विशाल, विश्वव्यापी सङ्गतमा ल्याइएको कुरा याद दिलाएको छ। उनीहरूले विश्वासमा उन्नति गरे-गरेनन्, र उनीहरू प्रभुप्रति आज्ञाकारी थिए-थिएनन् भन्ने कुरा देख्ने र त्यसमा चासो राख्ने अरू मण्डलीहरू पनि थिए भन्ने कुरा उनीहरूले जान्नुपरेको थियो।

**२ कोरिन्थी १३ः१४ः** *'प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको सङ्गति तिमीहरू सबैसँग रहून्! आमेन!!'* नयाँ नियमको एक परम सुन्दर आशीर्वाद यहाँ प्रस्तुत गरिएको छ। अनि यस आशीर्वादमा त्रिएक परमेश्वरको एक-एक व्यक्तिको नाम लिइएको छ।

श्री आर. सी. एच. लेन्स्कीका शब्दहरूमा हामी यस पत्रको टिप्पणी लेख्ने काम यहाँ टुङ्ग्याउँछौंः

‘कोरिन्थीका विश्वासीहरूमाथि आफ्ना हातहरू फैलाएर पावलजस्ता महान् प्रेरितले नयाँ नियमको यो गहन आशीर्वाद उच्चरण गरे; त्यसपछि तिनी चुप रहे। तर यस आशीर्वादको गहिरो छाप हाम्रा हृदयमा लागि-रहेको छ।’ 53)

***‘प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको सङ्गति तिमीहरू सबैसँग रहून् !
आमेन ! !’***

## ENDNOTES:

1) **1:2:** James Denney, *The Second Epistle to the Corinthians*, p. 11.
2) **1:10:** The critical (NU) text has one past and two future tenses.
3) **1:20:** H. W. Cragg, *The Keswick Week*, p. 126.
4) **2:11:** J. Sidlow Baxter, *Awake My Heart*, taken from the Nov. 10 reading: “Intoxication with Error.”
5) **2:14:** A. T. Robertson, *The Glory of the Ministry*, p. 32.
6) **2:14:** F. B. Meyer, *Paul*, p. 77.
7) **2:15:** *Ibid.,* p. 78.
8) **2:17:** The majority text is worded very strongly: “as the rest”; no doubt this is hyperbole, as so often is the case in 2 Corinthians.
9) **2:17:** A. T. Robertson, *the Glory of the Ministry*, p. 47.
10) **3:6:** J. M. Davies, *The Epistles to the Corinthians*, pp. 168, 169.
11) **3:9:** Charles Hodge, *A Commentary on the Second Epistle to the Corinthians*, p. 61.
12) **3:10:** A. T. Robertson, *the Glory of the Ministry*, p. 70.
13) **3:10:** James Denney, *The Second Epistle to the Corinthians*, p. 123.
14) **3:13:** F. W. Grant, “2 Corinthians,” *The Numerical Bible*, VI:547.
15) **3:14:** Charles Hodge, *A Commentary on the Second Epistle to the Corinthians*, p. 71.
16) **3:17:** The NKJV translators took this as a reference to the Holy Spirit, and so capitalized it. The original was in *all* capitals (uncials), hence either is possible.
17) **3:18:** James Denney, *The Second Epistle to the Corinthians*, pp. 139, 140.
18) **3:18:** J. N. Darby, *Notes on I and II Corinthians*, pp. 189, 190.
19) **4:7:** J. H. Jowett, *Life in the Heights*, p. 65.
20) **4:12:** A. T. Robertson, *the Glory of the Ministry*, p. 157.
21) **4:16:** H. A. Ironside, further documentation unavailable.

**22) 4:17:** In Hebrew the word for “glory” is derived from the root “to be heavy,” which probably suggested Paul’s wording.

**23) 4:17:** William C. Moorehead, *Outline Studies in the New Testament: Acts to Ephesians,* p. 191.

**24) 4:17:** F. E. Marsh, *Fully Furnished*, p. 103.

**25) 4:18:** J. H. Jowett, *Life in the Heights*, pp. 68, 69.

**26) 5:15:** James Denney, *The Second Epistle to the Corinthians*, p. 199.

**27) 5:16:** David Smith; further documentation unavailable.

**28) 5:18:** A New and Concise Bible Dictionary, p. 652.

**29) 6:4:** James Denney, *The Second Epistle to the Corinthians*, p. 230.

**30) 6:9:** “As unknown and yet well known” is fittingly inscribed on the tombstone of John Nelson Darby (1800-1882), who had a worldwide ministry not unlike that of Paul.

**31) 6:10:** A. T. Robertson, *the Glory of the Ministry,* p. 238.

**32) 6:11:** A. W. Tozer, *The Root of the Righteous*, 1955.

**33) 6:16:** James Denney, *The Second Epistle to the Corinthians*, p. 246.

**34) 7:8:** George Williams, *Student’s Commentary on the Holy Scriptures*, p. 904.

**35) 7:9:** Charles Hodge, *A Commentary on the Second Epistle to the Corinthians,* p. 182.

**36) 8:7:** James Denney, *The Second Epistle to the Corinthians*, p. 267.

**37) 8:9:** William G. Moorehead, *Outline Studies in the New Testament: Acts to Ephesians*, pp. 179, 180.

**38) 8:15:** Charles Hodge, *A Commentary on the Second Epistle to the Corinthians*, p. 206.

**39) 8:21:** G. Campbell Morgan, *Searchlights from the Word*, p. 345.

**40) 9:7:** J. H. Jowett, *Life in the Heights*, p. 78.

**41) 11:17:** Charles C. Ryrie, The Ryrie Study Bible, N.K.J. V., p. 1797.

**42) 11:20:** J. N. Darby, *Notes on I and II Corinthians*, p. 236.

**43) 11:27:** Charles Hodge, *A Commentary on the Second Epistle to the Corinthians*, p. 275.

**44) 11:33:** J. B. Watson; further documentation unavailable.

**45) 12:4:** G. Campbell Morgan, *Searchlights*, p. 346.

**46) 12:7:** R. J. Reid, *How Job Learned His Lesson*, p. 69.

**47) 12:7:** See Galatians 4:15 and 6:11.

**48) 12:7:** William G. Moorehead, *Outline Studies in the New Testament: Acts to Ephesians*, p. 197.

**49) 12:9:** J. Oswald Sanders, *A Spiritual Clinic*, pp. 32, 33.

**50) 12:21:** J. N. Darby, *I and II Corinthians*, p. 253.

**51) 13:9:** Charles Hodge, *A Commentary on the Second Epistle to the Corinthians*, p. 309.

**52) 13:12:** *Ibid*., p. 312.

**53) 13:14:** R. C. H. Lenski, *The Interpretation of St. Paul's First and Second Epistles to the Corinthians*, p. 1341.

## BIBLIOGRAPHY


Darby, J. N. *Notes on I and II Corinthians*. London: G. Morrish, n.d.

Davies, J. M. *The Epistles to the Corinthians*. Bombay: Gospel Literature Service, 1975.

Denney, James. *The Second Epistle to the Corinthians*. London: Hodder & Stoughton, 1894.

Erdman, C. R. *Second Epistle of Paul to the Corinthians*. London: Philadelphia: Westminster Press, 1929.

Grant, F. W. "2 Corinthians," *The Numerical Bible*. Vol. 6, Acts – 2 Corinthians. New York: Loizeaux Brothers, 1901.

Hodge, Charles. *The Second Epistle to the Corinthians*. London: The Banner of Truth Trust, 1959.

Hughes, Philip E. *Commentary on the Second Epistle to the Corinthians*. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1962.

Kelly, William. Notes on the Second Epistle to the Corinthians. London: G. Morrish, 1882.

Lenski, R. C. H. The Interpretation of St. Paul's First and Second Epistles to the Corinthians. Columbus: Wartburg Press, 1937.

Luck, G. Coleman. *Second Corinthians*. Chicago: Moody Press, 1959.

Robertson, A. T. *The Glory of the Ministry*. New York: Fleming H. Revell Co., 1911.

Wilson, Geoffrey B. *2 Corinthians: A Digest of Reformed Comment*. London: The Banner of Truth Trust, 1973.

विलियम म्याक डोनाल्डका अन्य टिप्पणीहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू तपाईंले हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्न सक्नुहुन्छः www.nbcinepal.org

हामीसित सम्पर्क गर्न हाम्रो ठेगानाः nbcinepal@gmail.com

यी किताबहरू तपाईंले निम्न ठेगानाबाट पाउन सक्नुहुन्छः

Maranatha Books and Stationaries
Chabahil Chowk
P.O. Kathmandu
Nepal
Phone No. 00977/9841275267 or 00977/14478738

विलियम म्याक डोनाल्डका अन्य किताबहरू यस प्रकारका छन्ः

**१) साँचो चेलापन**
**२) मामुली जीवनभन्दा उच्च जीवन**
**३) आफ्नो भविष्यको विषयमा सोच्नुहोस् !**
**४) प्रश्नमाथि प्रश्न - जवाफ कसले दिने ?**
**५) अब यो परमेश्वरको अचम्मको अनुग्रह**
**६) मेरो हृदय, मेरो जीवन र मेरो सबै थोक**
**७) त्यो बिर्सेको आज्ञाः पवित्र होओ !**

विलियम म्याक डोनाल्डका अन्य टिप्पणीहरू

**१) मत्तीको सुसमाचारको टिप्पणी**
**२) मर्कूसको सुसमाचारको टिप्पणी**
**३) लूकाको सुसमाचारको टिप्पणी**
**४) यूहन्नाको सुसमाचारको टिप्पणी**
**५) प्रेरितको पुस्तकको टिप्पणी**
**६) रोमीको पुस्तकको टिप्पणी**
**७) पहिलो कोरिन्थीको पुस्तकको टिप्पणी**
**८) गलातीको पुस्तकको टिप्पणी**
**९) एफेसीको पुस्तकको टिप्पणी**
**१०) फिलिप्पीको पुस्तकको टिप्पणी**
**११) कलस्सी र फिलेमोनका पुस्तकको टिप्पणी**
**१२) थेस्सलोनिकीहरूका पहिलो र दोस्रो पत्रको टिप्पणी**
**१३) तिमोथीलाई लेखिएको पावलको पहिलो पत्रको टिप्पणी**

१४) तिमोथीलाई लेखिएको पावलको दोस्रो पत्रको टिप्पणी
१५) तीतसको पुस्तकको टिप्पणी
१६) पास्टरीय पत्रहरूको टिप्पणी
१७) हिब्रूहरूको पुस्तकको टिप्पणी
१८) याकूबको पुस्तकको टिप्पणी
१९) पहिलो र दोस्रो पत्रुसका पत्र र यहूदाको पत्रको टिप्पणी
२०) १-३ यूहन्नाका पत्रहरूको टिप्पणी
२१) प्रकाशको पुस्तकको टिप्पणी